*न्यायप्रशासनको कार्यमा संलग्न कर्मचारीका लागि*

# मानवअधिकार दिग्दर्शन

**कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड)**

## दिग्दर्शन तयारी कार्यसमूह

| | |
|---|---|
| किशोर सिलवाल | निर्देशक, सेलर्ड (कार्यक्रम संयोजक) |
| तिलप्रसाद श्रेष्ठ | रजिस्ट्रार, पाटन पुनरावेदन अदालत |
| कृष्णकमल अधिकारी | स्रेस्तेदार, काठमाडौँ जिल्ला अदालत |
| सुदीप गौतम | असिस्टेन्ट प्रोफेसर काठमाडौँ स्कुल अफ ल |

## सल्लाहकार

| | |
|---|---|
| प्रा. माधवप्रसाद आचार्य | अध्यक्ष, काठमाडौँ स्कुल अफ ल |
| युवराज संग्रौला | एसोसिएट प्रोफेसर, काठमाडौँ स्कुल अफ ल |
| गीता पाठक संग्रौला | संयोजक, एलएल.एम. कार्यक्रम, काठमाडौँ स्कुल अफ ल |

## विशेष सहयोग

| | |
|---|---|
| कृष्णराम कोइराला | उप-रजिस्ट्रार, पाटन पुनरावेदन अदालत |

## भाषा-सम्पादन

| | |
|---|---|
| रवीन्द्र भट्टराई | असिस्टेन्ट प्रोफेसर, काठमाडौँ स्कुल अफ ल |

## लेआउट-डिजाइन

श्री महेश्वर फुयाल
श्री विनोद शिवभक्ति

प्रकाशक/सचिवालय : **कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड)**
**Center for Legal Research and Resource Development (CeLRRd)**
शान्तिनगर, तीनकुने, काठमाडौँ, पो.व.नं. ६६१८
दधिकोट-९, भक्तपुर, फोन : ६६३४४५५, फ्याक्स नं. ६६३४८०१ (फिल्ड अफिस)
इमेल : celrrd@wlink.com.np
सहयोगी संस्था : **डानिडा/ह्युगो**
बालुवाटार, काठमाडौँ, नेपाल, इमेलः hugou@hugou.org.np
सर्वाधिकार© : सेलर्ड
संस्करण : २०६० माघ
प्रति : १००० प्रति

## मन्तव्य

# सर्वोच्च अदालत



मन्तव्य

राज्य संरचनाका प्रत्येक अंग एवं निकायहरु विश्वव्यापी मानव अधिकार तथा मानवताको मापदण्ड अनुकूल परिचालित हुनु आजको आवश्यकता हो । मानव अधिकार समसामयिक विश्वको विशेष चासो, सरोकार र चिन्ताको विषय भएकाले यसलाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक आदि विविध अधिकारको आधारभूत मापदण्डको रुपमा आत्मसात गर्नु पर्ने अपरिहार्यता रहेको छ । मानव अधिकार आधुनिक जीवनशैली, जीवन पद्धति र पारस्परिक अन्तर सम्बन्धको विषय पनि बन्न गएको छ । यस्तो अवस्थामा न्यायिक काम कारवाही, न्यायिक प्रक्रिया, न्याय प्रतिको अपेक्षा र न्यायिक संरचनाद्वारा संचालित समग्र कियाकलाप मानव अधिकार सम्बन्धी विश्वव्यापी अवधारणाबाट अछुत र विमुख रहन सक्तैन । तसर्थ न्यायपालिकाका समग्र क्रियाकलापलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने हेतुले परिचालित गर्नु सामयिक आवश्यकता बनेको छ ।

नेपालको न्याय प्रणालीमा सुधारका विविध पक्षहरु र प्रशस्त सम्भावनाहरु रहेका छन् । त्यस मध्ये मानव अधिकारको संरक्षण गर्ने हेतुले न्यायिक जनशक्तिलाई क्रमशः दीक्षित गर्दै लैजानु पनि एक हो । यसै सन्दर्भमा मानव अधिकार सम्बन्धी विषयवस्तुको अवधारणागत दृष्टिकोणमा स्पष्टता कायम गर्दै प्रयोग र पालन गर्ने सुस्पष्ट मार्ग निर्देशित गर्न आवश्यक सन्दर्भ सामग्रीहरुको निर्माण गरी प्रशिक्षण दिलाउनु पर्ने टड्कारो अवाश्यकता रहेको छ । अदालतका कर्मचारीहरुलाई विशेषतः मानव अधिकारको संरक्षण गर्ने कुरालाई केन्द्रविन्दु मानेर प्रशिक्षण दिने हेतुले तयार गरिएको प्रस्तुत सन्दर्भ ग्रन्थको प्रकाशनले एउटा खाँचो पुरा गर्ने आशा राख्न सकिन्छ । अदालतको दैनिक कार्य संचालनमा अपनाईने कार्यविधि तथा सो सम्वन्धी सैद्धान्तिक अवधारणा सम्वन्धमा स्पष्ट दिशाबोध गराउने कार्यमा यो सन्दर्भ ग्रन्थ उपयोगी सिद्ध हुने विश्वास राखेको छु ।

अन्तमा, प्रस्तुत सन्दर्भ ग्रन्थ निर्माण गर्ने कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) लाई हार्दिक धन्यवाद दिन चाहान्छु । सन्दर्भ पुस्तिका निर्माण कार्यमा योगदान दिने सबैलाई सहाहना गर्दै यस प्रकाशन आफ्नो उद्देश्य प्राप्त गर्न सफल होओस भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

मिति: २०६०।१०।२७३

श्रीप्रसाद पण्डित
रजिष्ट्रार
सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं, नेपाल टेलिफोन: ९७७-१-४२६२८४५ फ्याक्स: ९७७-१-४२६२८७८
पोष्ट बक्स: २०४३८ इमेल: supcourt@enet.com.np वेब साइट: www.supremecourt.gov.np

## प्रकाशकीय

स्वतन्त्र एवं सक्षम न्यायप्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणालाई साकार पार्ने नेपाल अधिराज्यको संविधानको घोषित लक्ष्य रहेको छ । यसलाई कार्यान्वयन तहमा पुऱ्याउने जिम्मेवारी हरेक विवेकशील नेपालीको हो भने न्यायपालिकाको संस्थागत विकासमा सक्रियतापूर्वक संलग्न रहनु न्यायप्रणालीमा संलग्न सबै संस्थाहरुको दायित्व हो । कानुनअन्वेषण तथा स्रोतविकास केन्द्र (सेलर्ड) यस दायित्वको सम्पादनमा सम्बद्ध सबैलाई सहयोग पुऱ्याउन विगत धेरै वर्षदेखि निरन्तर क्रियाशिल रहेको छ ।

यसै क्रममा सेलर्डले सर्वप्रथम “नेपाली फौजदारी न्यायप्रणालीको विश्लेषण र सुधार” विषयक अनुसन्धान कार्य सम्पन्न गरी यसको प्रतिवेदन अंग्रेजी एवं नेपाली दुवै भाषामा प्रकाशन गरी नेपाली न्यायप्रणालीको अवस्था र सुधारका सम्भावनाहरुको बारेमा महत्वपूर्ण निष्कर्षहरू अगाडि ल्याएको थियो । उक्त प्रतिवेदनले औँल्याएका सुधारका आवश्यकताका आधारमा नेपाल अधिराज्यको महान्यायाधिवक्ताको कार्यालय, नेपाल प्रहरी, नेपाल बार एवं न्यायाधीश समाज नेपालको सहकार्यमा सचिवालयको हैसियतले फौजदारी कार्यविधि-दिग्दर्शन निर्माण गर्ने जिम्मेवारी पनि यो संस्थाले जिम्मेवारीपूर्वक वहन गरेको थियो । सो दिग्दर्शन निर्माणपश्चात् करिब दुई वर्षको अवधिमा अधिराज्यभरका ५४ जिल्लालाई समेटी २४ वटा अनुशिक्षण कार्यक्रमका माध्यमबाट न्यायक्षेत्रका जनशक्तिलाई यसबारेमा अभिमुख गर्ने काम पनि यसले सम्पन्न गरिसकेको छ । यस माध्यमबाट यस संस्थाले फौजदारी न्यायको विकासमा खेलेको भूमिका सबैका नजरमा स्थापित छ ।

दिग्दर्शनको अनुशिक्षणमा सहभागीका रूपमा प्रहरी अधिकृत, सरकारी वकिल, निजी कानुनव्यवसायी एवं पर्यवेक्षकको रूपमा माननीय जिल्लान्यायाधीशहरू संलग्न रहनुभएको थियो । अनुशिक्षणका क्रममा सहभागीहरूबाट मानवअधिकारको विषयलाई लक्षित गरी न्यायप्रशासनको कार्यमा संलग्न विभिन्न निकायमा कार्यरत कर्मचारीहरूको लागि दिग्दर्शन निर्माण गर्ने सुझाव प्राप्त भएअनुसार यो मानवअधिकार दिग्दर्शन निर्माण गरिएको छ ।

न्यायिक प्रक्रिया र कारबाईमा विश्वास गरी आफैं अदालतको सहारा खोज्न आउने र अदालतका आदेशको सम्मान गरी विवादको निरूपणका लागि अदालत आउने मुद्दाका पक्षहरूलाई झगडिया भनिने गरे पनि वास्तवमा उनीहरू झगडिया नभई न्यायका उपभोक्ता हुन् । यस्ता उपभोक्ताको आधारभूत मानवअधिकारलाई सम्मान र संरक्षण गरिएमा अदालतप्रतिको जनविश्वास अरू सुदृढ हुने कुरामा दुई मत रहँदैन । यसर्थ मुद्दाको कारबाईका क्रममा अदालतमा आउने पक्षका के-कस्ता अधिकारप्रति अदालतका कर्मचारीलगायत न्यायप्रप्रक्रियाका कार्याधिकारीहरू संवेदनशील हुनुपर्छ भन्ने

कुरा यस सन्दर्भमा महत्त्वपूर्ण हुन्छ । यही संवेदनशीलताको अभिबृद्धि नै यो दिग्दर्शनको प्रमुख उद्देश्य हो ।

हाम्रा विगतका कार्यशैलीमा पक्षका पीडा कर्मचारीले बुझ्ने परिपाटी थिएन भन्ने कुरा आदिकवि भानुभक्त आचार्यको निम्न श्लोकले दर्साइआएको कुराप्रति हामी प्राय: सबै परिचित छौं :

**बिन्ती डिठ्ठा बिचारीसित म कति गरुँ चुप् रहन्छन् न बोली ।**

**बोल्छन् ता ख्याल् र गऱ्याझैं अनि पछि दिनदिन भन्दछन् भोलि भोली ॥**

**कि ता सक्तीन भन्नू कि ता छिनि दिनू क्यान भन्छन् इ भोली ।**

**भोलीभोली हुँदैमा सब घर बितिगो बक्सियोस् आज झोली ॥ १ ॥**

उक्त अभिव्यक्ति राणाकालका अदालतका कर्मचारीहरूको कार्यशैलीको चित्रण थियो र प्रजातान्त्रिक कालका कर्मचारीको चरित्र यस्तो हुनुहुँदैन भन्ने मान्यतालाई व्यवहारमा उतार्न यो दिग्दर्शनको तयारी गरिएको हो । छिटोछरितो एवं सर्वसुलभ न्यायप्रणालीको सञ्चालनमा अदालतका कर्मचारीको अहम् भूमिका हुन्छ । अदालतमा आउने पक्ष सर्वप्रथम अदालतका कर्मचारीको सम्पर्कमा नै आइपुग्छन्; त्यसपछि मात्र न्यायाधीशसमक्ष पुग्छन् । यसैले न्यायको लागि अदालतलगायत न्यायिक निकायमा आएका नागरिकहरुको सम्बन्धित न्यायिक निकायप्रतिको धारणा सकारात्मक बनाउन कर्मचारीवर्गले प्रभावकारी भूमिका खेल्नुपर्ने हुन्छ । नागरिकहरुको मानवअधिकारलाई संरक्षण गर्ने सोचका साथ परिवर्तित भूमिका निर्वाह गर्न र मानवअधिकारअनुकूल व्यवहारको वातावरण बनाउने कार्यमा सघाउनका लागि नै यो दिग्दर्शन तयार गरिएको हो ।

यो दिग्दर्शन अदालतका कर्मचारीलाई वर्तमान संविधानले आत्मसात् गरेको मान्यतालाई व्यवहारमा कार्यान्वयन गर्न सरल र उपयोगी सामग्रीको रूपमा तयार भएको छ । सकारात्मक सोचका साथ यसको उपयोग गर्न चाहेमा यसको प्रयोगबाट व्यवहारमा आशातीत परिवर्तन आउनेछ भन्ने कुरामा हामी पूरै विश्वस्त रहेका छौं । *निदाएको बहाना गर्नेलाई यसले बिउँझाउन नसके पनि साँच्चै निदाएकालाई बिउँझाउन* यो सामग्री सहायक भयो भने यो प्रकाशन सार्थक रहेछ भन्ने निचोडमा पुग्न सकिएला ।

यो दिग्दर्शनमार्फत् छुट्टै कार्यविधिको तर्जुमा गर्न खोजिएको होइन । अत: दिग्दर्शनमा खासै नयाँ कुरा केही छैनन् तथापि यसको प्रस्तुतिमा नवीनता ल्याउने प्रयास गरिएकोछ । यसमा पक्षका मानवअधिकारको संरक्षण गर्न विशेषत: न्यायप्रशासनको कार्यमा संलग्न कर्मचारीवर्गले निर्वाह गर्नुपर्ने भूमिकालाई सूत्रबद्ध रूपमा उल्लेख गर्ने प्रयत्न गरिएको छ । यसले ती कर्मचारीको जानकारीमा रहनुपर्ने सबै कुरा समेट्न त नसकेको होला तथापि मानवअधिकार संरक्षणको मूलभूत पक्षमा मार्गदर्शन गर्न सक्ने कुरामा भने हामी विश्वस्त छौं । प्रयोगकर्ताले यसका गुणात्मक पक्ष ग्रहण गर्नुभयो भने निश्चय नै यसबाट लाभान्वित हुनुहुनेछ भन्ने हाम्रो निचोड रहेको छ ।

यो दिग्दर्शनको निर्माणमा सेलर्डले विभिन्न क्षेत्र र व्यक्तिहरूबाट प्रेरणा र सहयोग दुवै पाएको छ । यो दिग्दर्शनको निर्माण गर्न पहल गर्ने सर्वोच्च अदालतका रजिस्ट्रार श्री श्रीप्रसाद पण्डित र यसको निर्माणको लागि कार्यसमूहको गठन गर्ने “फौजदारी न्याय समन्वय समिति” प्रति सर्वप्रथम हार्दिक आभार व्यक्त गर्दछु । यसको निर्माणमा हरहमेसा दत्तचित्त रहने माननीय पुनरावेदन न्यायाधीश केशरीराज पण्डित तथा माननीय जिल्ला न्यायाधीश डा.हरिवंश त्रिपाठी एवं कार्यसमूहका अन्य

सदस्यहरूको योगदानका लागि सेलर्ड परिवारको तर्फबाट आभारसाथ धन्यवाद ज्ञापन गर्दछु । दिग्दर्शन निर्माण गर्ने कार्यमा अमुल्य सल्लाहसुझाव दिनुहुने सबै सल्लाहकार एवं यस परियोजना परिकल्पना गरी साकार पार्न गहन भूमिका खेल्ने यस संस्थाका संयोजक एवं काठमाडौं स्कूल अफ लका एसोसिएट प्रोफेसर युवराज संग्रौलाले पुऱ्याउनुभएको योगदानका लागि हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

यसको मस्यौदालाई परिमार्जन गर्ने सिलसिलामा आयोजित दुई दिने परामर्श बैठकका विभिन्न सत्रमा सहजकर्ताको भूमिका निर्वाह गर्ने माननीय जिल्लान्यायाधीशहरू सर्वश्री ईश्वर खतिवडा, जनार्दन खड्का, शम्भुबहादुर कार्की र डा. हरिवंश त्रिपाठी; अधिवक्ता डा. शङ्करकुमार श्रेष्ठ, न्यायपरिषद्का सहसचिव श्री प्रकाशकुमार ढुङ्गाना, काठमाडौँ स्कुल अफ लका एलएल.एम. कार्यक्रमसंयोजक श्री गीता पाठक संग्रौलाको योगदान त्यत्तिकै मूल्यवान् छ । यसका लागि उहाँहरू सबैप्रति कृतज्ञतासाथ आभार प्रकट गर्दछु । परामर्श बैठकमा सहभागीको रूपमा उपस्थित भएर परिमार्जनका लागि सहयोग गर्ने सबै तहका अदालतका कर्मचारी एवं विभिन्न निकायका प्रतिनिधिहरूले पुऱ्याउनुभएको सहयोगको लागि कृतज्ञतापूर्ण धन्यवाद ज्ञापन गर्दछु । दिग्दर्शन मस्यौदालाई मिहिन तबरमा हेरी परिमार्जन गर्न सहयोग पुऱ्याउने सर्वोच्च अदालतका उप-रजिस्ट्रार दीपेन्द्र अधिकारीलाई समेत धन्यवाद व्यक्त गर्दछु ।

दिग्दर्शनमा सकेसम्म आवश्यक कुरा नछुटून भनेर यसको मसौदादेखि पुनरावलोकनसम्म विशेष योगदान गर्ने पुनरावेदन अदालत पाटनका उपरजिस्ट्रार श्री कृष्णराम कोइरालाको यसमा अमूल्य सहयोग रहेको छ । मिहिन तबरले दिग्दर्शनको भाषिक सम्पादन गर्ने काठमाडौँ स्कूल अफ लका असिस्टेन्ट प्रोफेसर रवीन्द्र भट्टराईको सहयोग पनि बिर्सन सकिने खालको छैन । उहाँहरू दुवैको सहयोगका लागि म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

डेनिडा/ह्युगोबाट सहयोग नपाएको भए दिग्दर्शन सम्भवतः यस रूपमा आउन सक्ने थिएन । दिग्दर्शन निर्माणको परियोजनालाई प्राथमिकता दिई कार्यान्वयनको लागि आर्थिक एवं प्राविधिक सहयोग उपलब्ध गराउने डेनिडा/ह्युगो नेपालका कार्यक्रम संयोजक नुड ओलान्डर तथा वरिष्ठ कार्यक्रमअधिकृत सन्दीप विष्टलगायत डेनिडा/ह्युगो परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

दिग्दर्शनलाई यो रूपमा ल्याउन काठमाडौँ स्कूल अफ लका शिक्षक तथा कर्मचारीको विशिष्ट सहयोग रहेको छ । सेलर्डका प्रशासन शाखा, आर्थिक शाखा तथा कम्प्युटर टाइप कार्य गर्ने जिम्मेवारी बहन गर्ने धेरै सहकर्मी र सहयोगी यसको पूर्णता ल्याउन धेरै खट्नुभएको छ । उहाँहरू सबैले पुऱ्याउनुभएको योगदानको लागि सम्बद्ध सहयोगी सहकर्मीहरूलाई धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, दिग्दर्शनका अपेक्षित उद्देश्य पूरा गराउने/नगराउने यसका मुख्य लक्षित पाठक र प्रयोगकर्ता न्याय प्रशासनमा संलग्न कर्मचारी मित्रहरूकै हातमा छ । यसको प्रयोगकर्ताका हैसियतले यसमा रहेका कमीकमजोरी औँल्याइदिनुभए आगामी संस्करणमा त्यस्ता सुझावलाई समाविष्ट गरिने विश्वास दिलाउन चाहान्छु । यो दिग्दर्शन मानवअधिकारको संरक्षणमा लक्ष्यित भएर प्रयोग होस् भन्ने आग्रह दोहोऱ्याउन चाहन्छु ।

धन्यवाद !

मिति : २०६० माघ १५

**किशोर सिलवाल**

निर्देशक

# संक्षिप्त रूप र अर्थ

| | |
|---|---|
| अ. बं. | मुलुकी ऐन अदालती बन्दोबस्त |
| अ.दु.अ.आ. ऐन | अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ |
| अपराधपीडितहरूका लागि न्यायको घोषणापत्र | अपराध तथा अख्तियार दुरुपयोगपीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५ |
| आतङ्ककारी तथा विध्वंसात्मक ऐन | आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण) ऐन, २०५८ |
| आर्थिक, सामाजिक...प्रतिज्ञापत्र | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ |
| आर्थिक तथा सामाजिक परिषद् | संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद् |
| औद्योगिक प्रशिक्षार्थी ऐन | औद्योगिक प्रशिक्षार्थी ऐन, २०३९ |
| कम्पनी ऐन | कम्पनी ऐन, २०५३ |
| कानुनव्यवसायीको भूमिकासम्बन्धी सिद्धान्त | कानुनव्यवसायीको भूमिकासम्बन्धी आधारभूत सिद्धान्त, १९९० |
| कोर्ट फि ऐन | कोर्ट फि ऐन, २०१७ |
| छापाखाना ऐन | छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ |
| ज. क. | मुलुकी ऐन जवरजस्ती करणीको महल |
| जि.अ.नि. | जिल्ला अदालत नियमावली, २०५२ |
| टोकियो नियम | गैरहिरासतीय उपायसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको नियमावली, १९९० |
| द. स. | मुलुकी ऐन दण्डसजायको महल |
| नागरिक अधिकार ऐन | नागरिक अधिकार ऐन, २०१२ |
| नागरिक अधिकार प्रतिज्ञापत्र | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ |
| नि.से.ऐन | निजामती सेवा ऐन, २०४९ |
| नि.से.नि. | निजामती सेवा नियमावली, २०५० |
| ने.का.प. | नेपाल कानुन पत्रिका |
| नेपालको संविधान | नेपाल अधिराज्यको संविधान, २०४७ |
| न्या.प्र.ऐन | न्यायप्रशासन ऐन, २०४८ |
| प्रमाण ऐन | प्रमाण ऐन, २०३१ |

| | |
|---|---|
| बालबालिकासम्बन्धी ऐन | बालबालिकासम्बन्धी ऐन, २०४८ |
| बालअधिकारसम्बन्धी महासन्धि | बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ |
| भ्र.नि. ऐन | भ्रष्टाचार निवारण ऐन, २०५९ |
| मानवअधिकार घोषणापत्र | मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ |
| महिलाविरुद्धका भेदभावसम्बन्धी महासन्धि | महिलाविरुद्धका सबै किसिमका भेदभावको उन्मूलनसम्बन्धी महासन्धि, १९७९ |
| यातनाबाट संरक्षण प्रदान गर्ने घोषणापत्र | सबै व्यक्तिलाई यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट संरक्षण प्रदान गर्ने घोषणापत्र १९७५ |
| यातनाविरुद्धको महासन्धि | यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार तथा सजायविरुद्धको महासन्धि, १९८४ |
| यातना क्षतिपूर्ति ऐन | यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ |
| वातावरण संरक्षण ऐन | वातावरण संरक्षण ऐन, २०५३ |
| विशेष अदालत ऐन | विशेष अदालत ऐन, २०५९ |
| सन्धि ऐन | नेपाल सन्धि ऐन, २०४७ |
| स.मु.स.ऐन | सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ |
| सवारी ऐन | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ |
| सार्वजनिक अपराध ऐन | सार्वजनिक अपराध र सजाय ऐन, २०२७ |
| सार्वजनिक सडक ऐन | सार्वजनिक सडक ऐन, २०३१ |
| संक्षिप्त कार्यविधि ऐन | संक्षिप्त कार्यविधि ऐन, २०२८ |
| स.अ.नि. | सर्वोच्च अदालत नियमावली, २०४९ |
| पु.अ.नि. | पुनरावेदन अदालत नियमावली, २०४८ |
| स.अ.बु. | सर्वोच्च अदालत बुलेटिन |
| मध्यस्थता नियमावली | मध्यस्थता (अदालती कार्यविधि) नियमावली, २०५९ |
| स.मु.स. नि | सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ |
| सं.रा.सङ्घ | संयुक्त राष्ट्रसङ्घ |
| स्वैच्छिक उपलेख | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र प्रथम स्वैच्छिक उपलेख, १९८४ |

# नजिरहरूको सूची

१. अधिवक्ता लवदेव भट्ट वि. रूपन्देही जिल्ला अदालतसमेत ने.का.प. २०३०, नि.नं. ७५८, पृ. २३०

२. उमादेवी वि. वैजनाथ शाह, स.अ.बु., पूर्णाङ्क २१७, पृ. २१

३. कुम्भसिंह गुरूङ वि. जेगुनाथ पहिया, ने.का.प. २०१८, नि.नं. १६७, पृ. २१५, फु.वे.

४. केशव खड्काको हकमा अधिवक्ता आशिष अधिकारी विरूद्ध पुनरावेदन अदालत धनकुटा समेत सम्बत् ०५७ सालको रिट नं. ३६८५, मुद्दा–बन्दीप्रत्यक्षीकरण, श्री सर्वोच्च अदालत आदेश मिति ०५८/०१/२८

५. गणेशप्रसाद कोइराला वि. श्री ५ को सरकार, ने.का.प. २०४५, पृ. ५१८, नि.नं. ३४७४

६. तारा बहादुर वि. अर्जुन गिरी समेत ने.का.प. २०५४, पृ. १२४, नि.नं. ६३२७

७. दुर्गाबहादुर राणा वि. श्री ५ को सरकार, ने.का.प. २०३१, नि.नं. ८३४, पृ. १८५, फु.वे.

८. देवीमाया श्रेष्ठ वि. पदमनारायण श्रेष्ठ, ने.का.प. २०२४, नि.नं. ३६७, पृ. २८

९. प्रभाकर मोक्तानको हकमा बसन्ती मोक्तान, स.अ.बु. २०५०, वर्ष २, अंक ३, पृ. ८

१०. पोषणनाथ विरुद्ध अम्बिकादेवी, ने.का.प. २०४४, नि.नं. २८८८, पृ. २०५

११. बब्लु गोडीयाको हकमा आशिष अधिकारी विरूद्ध श्री ५ को सरकार गृह मन्त्रालय समेत २०५७ सालको रिट नं. ३३८०, श्री सर्वोच्च अदालत आदेश मिति ०५७/१२/०२

१२. बल्लभ सम्शेर वि. आनन्द सम्शेर, ने.का.प. २०२७, नि.नं. ५४१, पृ. १०४

१३. ढालप्रसाद वि. श्री ५ को सरकार, ने.का.प. २०५१, पृ. ४७३

१४. यज्ञमूर्ति बन्जाडे वि. वाग्मती बिशेष अदालत समेत, ने.का.प. २०२७ पृ. १५७, नि.नं. ५४७

१५. राधेश्याम अधिकारी वि. श्री ५ को सरकार, ने.का.प.२०४८, पृ. ८१०, नि.नं. ४४३०

१६. राजमान वि. भु.सु.का. धनुषा समेत ने.का.प. २०४२, पृ. ८५५, नि.नं. २५२४

१७. रामविलास वि. पु.वे.अ. जनकपुर समेत ने.का.प. २०५१ पृ. १२५, नि.नं. ४८७१

१८. लीलामणि पौडेल विरूद्ध मन्त्रीपरिषद सचिवालयसमेत, सवैधानिक विवादमा सर्बोच्च अदालतका फैसला, भाग २ (२०६०) पृ. २०

१९. सच्चिदानन्द वि. मोहनलालसमेत, ने.का.प. २०५२ पृ. ३६, नि.नं. ५०३२

२०. श्यामबहादुर वि. रूपबहादुर ने.का.प. २०४८, पृ. ४३१, नि.नं. ४३४५

२१. हेमन्त शमशेर ज.ब.रा. वि. सूर्यकुमारी पाण्डे, ने.का.प. २०५८, नि.नं. ७०३२, पृ. ५४०

# विषयसूची


| | | |
|---|---|---|
| परिच्छेद १ | : मानवअधिकारको अवधारणा र संरक्षणको व्यवस्था | १ |
| परिच्छद २ | : स्वच्छ सुनुाइ र न्यायपालिका | २१ |
| परिच्छेद ३ | : न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी अवधारणा | ३५ |
| परिच्छेद ४ | : अदालतका कर्मचारीले पालना गर्नुपर्ने सामान्य कुरा | ४३ |
| परिच्छेद ५ | : मुद्दाको दायरीपूर्व कर्मचारीको भूमिका | ५१ |
| परिच्छेद ६ | : मुद्दा दर्ताको सन्दर्भमा निर्वाह गरिनुपर्ने भूमिका | ५९ |
| परिच्छेद ७ | : मुद्दा दर्ता भएपछिको कारबाई | ७१ |
| परिच्छेद ८ | : प्रमाण बुझ्नेसम्बन्धी कारबाई | ७९ |
| परिच्छेद ९ | : मुद्दा सुनुवाइको प्रक्रिया | ८७ |
| परिच्छेद १० | : फैसला कार्यान्वयनसम्बन्धी कारबाई | ९७ |
| परिच्छेद ११ | : अपराधपीडितको संरक्षणसम्बन्धी व्यवस्था | १०७ |


**अनुसुचीहरू:**


| | | |
|---|---|---|
| अनुसूची १ | मानवअधिकारको विश्वव्यापी घोषणापत्र | ११६ |
| अनुसूची २ | अपराध र अख्तियारको दुरुपयोगपीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र | १२० |
| अनुसूची ३ | सुरु एवं पुनरावेदकीय क्षेत्राधिकार तथा तिनमा अवलम्बित कार्यविधिसम्बन्धी व्यवस्था | १२३ |

## प्रयोगकर्ताका लागि प्रवेशबुँदा

**यो दिग्दर्शन तीन महलको ढाँचामा बनेको छ :**

(१) बायाँतर्फको महलमा छोटकरी टिपोट राखिएको छ ।

(२) बीचको महलमा कार्यविधिसम्बन्धी व्यवस्थाहरूलाई सरल भाषामा उल्लेख गरिएको छ ।

- बक्सभित्र कार्यविधिबारे ध्यान दिनुपर्ने सुझाउ वा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय अध्यालेखमा रहेका व्यवस्था बारेमा उल्लेख गरिएको छ ।
- सर्वोच्च अदालतबाट प्रतिपादित महत्त्वपूर्ण सिद्धान्त तथा अन्य आवश्यक सहायक स्रोतसामग्री तथा आधिकारिक व्यवस्थाहरू उल्लेख गरिएका छन् ।
- छायाभित्र सम्बन्धित मुख्य-मुख्य कानुनी व्यवस्थाहरू राखिएका छन् ।

(३) दायाँतर्फको महलमा कार्यविधि उल्लेख भएको कानुन र दफा खुलाइएको छ ।

# परिच्छेद १

# मानवअधिकारको अवधारणा र संरक्षणको व्यवस्था


| | | |
|---|---|---|
| १. | सामान्य परिचय | २ |
| २. | मानवअधिकारको भूमिका र महत्त्व | ३ |
| ३. | मानवअधिकारको प्रकृति र क्षेत्र | ३ |
| ४. | मानवअधिकारको विविध स्वरूप | ५ |
| ५. | मानवअधिकार र राष्ट्रिय कानुन | ७ |
| ६. | नेपाल अधिराज्यको संविधानमा प्रत्याभूत मानवअधिकार | ८ |
| ७. | मानवअधिकारका स्रोत | १० |
| ८. | अदालती कारबाईसँग सम्बद्ध मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अध्यालेखहरू | १० |
| ९. | न्यायिक प्रक्रियामा संलग्न पदाधिकारीका आचरणसम्बन्धी अन्तर्राष्ट्रिय अध्यालेखहरू | १५ |
| १०. | मानवअधिकारको कार्यान्वयन एवं संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय प्रणाली | १६ |

## १. सामान्य परिचय

*मानिसले मानिस भएका कारणले प्राप्त हुने हुनाले मानवअधिकारहरू अनुल्लङ्घनीय हुन्छन् ।*

"मानवअधिकार" भन्नाले मानवसमुदायका प्रत्येक सदस्यमा अन्तर्निहित नैसर्गिक अधिकारहरूलाई बुझाउँछ । मानवअधिकार प्रत्येक मानिसमा जाति, भाषा, धर्म, लिङ्ग, राष्ट्रियता, उत्पत्ति, सामाजिक र आर्थिक स्थिति, राष्ट्रिय सिमाना आदिको भेदभावविना प्राप्त हुने अधिकार हुन् । मानव हुनुकै कारणले प्राप्त हुने अधिकार मानवअधिकार हो । मानिसको जीवन, मर्यादा र समानतासम्बन्धी अधिकारहरू अहरणीय मानिन्छन् । स्वतन्त्रतासम्बन्धी अधिकारहरू भने अपवादका रूपमा निलम्बन वा समर्पण गर्न सकिने प्रकृतिका मानिन्छन् ।

मानवपरिवारका सबै सदस्यमा अन्तर्निहित मर्यादा र समान तथा अहरणीय अधिकारको मान्यता नै स्वतन्त्रता, न्याय र शान्तिको आधार हो ।

*मानवअधिकार घोषणापत्रको प्रस्तावना*

मानव हुनासाथ यही हैसियतले मान्यता पाउने अधिकार भएकाले मानवअधिकारको स्वरूप विश्वव्यापी प्रकृतिको हुन्छ । मानवअधिकार शासक वा राज्यले प्रदान गर्ने नभई संरक्षण र व्यवस्थित गर्नुपर्ने कुरा हो । मानवअधिकारहरूमध्ये कुनै एक अधिकारलाई बढी र अर्को अधिकारलाई कम महत्त्वको भनी अलग्याउन नमिल्ने भएकोले यिनीहरू अविभाज्य र अन्तर्निर्भर हुन्छन् ।

*मानवअधिकार समयसापेक्ष कुरा भएकोले यसको परिभाषामा समय अनुसार भिन्नता र व्यापकता आउन सक्छ ।*

समय र विकासको क्रमसँगै मानवअधिकारको क्षेत्र विकसित हुँदै आएकोले यसको अवधारणाजस्तै क्षेत्र पनि व्यापक रहेको छ । निरन्तर विकासको क्रममा अन्तर्राष्ट्रिय कानुनले जेजस्ता अधिकारहरूलाई मानवअधिकारको रूपमा मान्यता प्रदान गर्दछ, त्यस्ता अधिकारहरू क्रमशः मानवअधिकारको रूपमा राष्ट्रिय क्षेत्राधिकारभित्र संस्थापित हुँदै जान्छन । यी अधिकारहरूलाई मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले समेत समेटेका छन । जस्तै नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले "स्वच्छ सुनुवाइ तथा गोपनीयताको हक" एवं सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले 'स्वच्छ वातावरण र विकासलाई" समेत व्यक्तिका मानवअधिकारको रूपमा स्थापित गरेका छन् ।

## २. मानवअधिकारको भूमिका र महत्त्व

*मानवअधिकारको संरक्षणले हत्या, शोषण, हिंसा, अपमान तथा यातना जस्ता क्रियाकलापबाट*

*मानवसमुदायलाई संरक्षण गर्न महत्त्वपूर्ण भूमिका खेल्दछ ।*

समस्त मानवसमुदायलाई शोषण, हिंसा, अपमान, यातना आदिबाट संरक्षण गर्नमा मानवअधिकारको भूमिका महत्त्वपूर्ण रहन्छ । मानवसभ्यताको विकासका अनेक चरणमा अनेक किसिमका मानवशोषणका स्वरूपले मानवजातिलाई सताइआएको देखिन्छ । मानवशोषण र अन्याय विरुद्धको मानवीय अभियान र प्रयासबाटै मानवअधिकारको विकास भएको हो ।

यसको परिणामस्वरूप शोषण, अत्याचार र अमानवीय व्यवहारका अनेक रूपहरू प्रतिबन्धित हुँदै गएका छन् । उदाहरणको रूपमा दासत्व र दासव्यापारको विश्वव्यापी उन्मूलनलाई लिन सकिन्छ ।

मानवशोषण र अन्यायका पुराना स्वरूप समाप्त हुँदै गए पनि यिनका नयाँनयाँ स्वरूप पनि विकास भइआएका छन् । मानवअधिकारको आन्दोलनले यस्ता नयाँ स्वरूपका शोषण र अन्यायका विरुद्धमा पनि मानिसलाई परिचालित गर्ने हुनाले यसले न्याय क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ । न्यायका सिद्धान्तलाई पनि मानवअधिकारले प्राण भर्ने गरेको छ ।

मानवअधिकारप्रतिको अवहेलना तथा अनादरको परिणामबाट नै बर्बर काम भई मानवजातिको आस्थामा चोट पुऱ्याइएको हुनाले, र मानवजातिले वाक तथा निष्ठाको स्वतन्त्रताको उपभोग गर्न पाउने एवं भय र अभावबाट मुक्त हुने संसारको उदय नै सर्वसाधारणको सर्वोच्च आकाङ्क्षा घोषित भएकाले मानवअधिकारको घोषणापत्र जारी भएको हो ।

*मानवअधिकार घोषणापत्रको प्रस्तावना ।*

## ३. मानवअधिकारको प्रकृति र क्षेत्र

सामान्य अर्थमा मानवलाई मानव भएका कारणले प्राप्त हुने सबै अधिकार मानवअधिकार हुन् । तर मानिस भएका कारणले स्वाभाविक र प्राकृतिक रूपमा प्राप्त हुनुपर्ने अधिकार केके र कति हुन् भन्ने कुरा ठ्याक्क भन्न सजिलो छैन । मानवअधिकारको अन्तर्निर्भरता र अविभाज्यताजस्ता गुणका कारणले पनि मानवअधिकारको स्वरूलाई बुँदा वा सङ्ख्यामा भन्न सकिन्न ।

मानवअधिकारलाई निर्धारण गर्न अन्तर्राष्ट्रिय स्तरमा न्यूनतम मापदण्ड तयार गरिएका छन् । तिनै मापदण्डमा आधारित भएर मानवअधिकारको विषयवस्तुको मात्रा र गुणात्मकताको आकलन गर्नुपर्ने भएकाले मानवअधिकारको क्षेत्र अत्यन्त व्यापक छ । मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनको विकास बढ्दो छ । यस कारण नयाँनयाँ प्रकृतिका अधिकारहरूले मान्यता पाउने क्रम पनि बढ्दो छ ।

संयुक्त राष्ट्रसङ्घको स्थापनाकालमा विश्वसमुदाय मानवअधिकारको प्रकृति र क्षेत्र निर्धारणमा विभाजित थियो । राजनीतिक र नागरिक अधिकारहरूलाई मात्र मानवअधिकारका रूपमा एक थरीले हेर्दथे भने अर्को थरी सामाजिक, आर्थिक, सांस्कृतिक अधिकारलाई मात्र मानवअधिकार मान्न तयार थिए ।

यो विभाजित मानसिकताको असर अझै यदाकदा विश्वसमुदायमा झल्कने गरेको छ तापनि अहिले यी दुवै किसिमका अधिकारको संयोजनमा मात्र मानवअधिकार जीवन्त हुने मान्यता विश्वसमुदायले ग्रहण गरेको छ । यसअतिरिक्त प्राकृतिक सम्पदा र वातावरणीय संरक्षणजस्ता विषय पनि यसमा थपिएका छन् ।

अन्तर्राष्ट्रिय कानुनअनुरूप सन्धिमहासन्धि अङ्गीकार गर्ने राज्यले ती सन्धिमहासन्धिमा रहेका व्यवस्था कार्यान्वयन गर्ने दायित्व हुन्छ । यस्ता सन्धिमहासन्धि स्वीकार, अनुमोदन वा अङ्गीकार गर्ने नगर्ने भन्ने कुरा राज्यको इच्छामा निर्भर हुने भए तापनि तिनको अनुमोदन वा स्वीकार गरेपछि राज्यले त्यस्तो सन्धिबाट उब्जने दायित्वबाट अलग रहन भने पाउँदैनन् । यसै कारणले गर्दा मानवअधिकारसम्बन्धी महासन्धिहरूलाई अनुमोदन गरिसकेपछि महासन्धिका व्यवस्थालाई पालना गर्न सम्बन्धित राज्य बाध्य बन्छ ।

मानवअधिकारसम्बन्धी कुनै पनि महासन्धिलाई अनुमोदन गरेपछि त्यस्तो महासन्धिले निश्चित पारेका मानवअधिकारका व्यवस्थाको कार्यान्वयनका लागि राज्यले नयाँ कानुनको निर्माण वा भइरहेकै कानुनमा संशोधन गरेर आफ्नो कानुनी प्रावधानलाई ती महासन्धिका प्रावधानअनुरूप बनाउनुपर्छ ।

*नेपालले अनुमोदन गरेको सन्धिसँग नेपाल कानुनको कुनै प्रावधान बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुन्छ र सन्धिको व्यवस्था लागू हुन्छ ।*

आफूले अनुमोदन गरेको सन्धिको कुनै व्यवस्था राष्ट्रिय कानुनको प्रावधानविपरीत छ वा त्यस्तो कानुनसँग बाझिएको छ भन्ने आधारमा सन्धि-दायित्वको पालना गर्नबाट कुनै पनि राज्य उम्कन पाउने स्थिति हुँदैन । सन्धिको कुनै प्रावधानसँग राष्ट्रिय कानुन बाझिएको अवस्थामा बाझिएको हदसम्म राष्ट्रिय कानुन अमान्य भई सन्धिको प्रावधान लागू हुन्छ ।

**संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल अधिराज्य वा श्री ५ को सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुनसरह लागू हुनेछ ।**

*सन्धि ऐन, दफा ९(१)*

**राज्यले राष्ट्रिय कानुनको आधार लिई सन्धिबाट सिर्जित दायित्व वहन गर्न असफल रहेको पुष्ट्याइँ गर्न मिल्दैन ।**

राष्ट्रिय कानुनको व्यवस्थासँग बाझिएको आधारमा अन्तर्राष्ट्रिय सन्धिलाई अवैध घोषित गर्न पाइनेछैन ।

*सन् १९६९ को भियना महासन्धिको धारा २७ र ४६*

## ४. मानवअधिकारको स्वरूप

सामान्यतया मानवअधिकारका सबै स्वरूपको समान महत्त्व र भूमिका हुन्छ । मानवअधिकारका स्वरूप र सामाजिक जीवनमा तिनको प्रचलन र सम्बन्धलाई सरल तरिकाले बुझ्न मानवअधिकारहरूलाई वर्गीकरण गर्ने गरिएको पाइन्छ । संयुक्त राष्ट्रसङ्घले मानवअधिकारलाई माथिल्लो श्रेणी र तल्लो श्रेणीका भनेर होइन यसका विविध स्वरूप र प्रकृतिका आधारमा विभिन्न मानवअधिकारसम्बन्धी फरकफरक अन्तर्राष्ट्रिय अध्यालेखहरू विकास गरेको छ । यही विविध अध्यालेखले समेटेका विषयवस्तुको आधारमा मानवअधिकारलाई विविध स्वरूपमा वर्गीकरण गरी हेर्न सकिन्छ ।

मानिसको जीवन, मर्यादा, समानता र स्वतन्त्रता मानवअधिकारको संरक्षणका मुख्य क्षेत्र हुन् । यसलाई ध्यानमा

राखेर मानवअधिकारलाई मूलतः नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार भनी दुई स्वरूपमा वर्गीकरण गर्ने गरिएको छ। यस्तै वातावरण तथा विकासका अधिकार, स्वच्छ न्यायिक प्रत्याभूतिका अधिकारजस्ता मानवअधिकारका थप वर्गीकरण पनि गरिएका छन्। अन्तर्राष्ट्रिय अध्यालेखहरूमा निर्धारण गरिएका स्वरूपका आधारमा मानवअधिकारलाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

*मानवअधिकारको क्षेत्र दिनानुदिन व्यापक हुँदै गइरहेको छ।*

| अधिकारको स्वरूप | स्रोत |
|---|---|
| • आत्मनिर्णयको अधिकार | - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र* |
| • राजनीतिक अधिकार | - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र* |
| • आर्थिक अधिकार | - *मानवअधिकार घोषणापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र* |
| • सामाजिक अधिकार | - *मानवअधिकार घोषणापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र* |
| • सांस्कृतिक अधिकार | - *मानवअधिकार घोषणापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र* |
| • बाल अधिकार | - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र बालअधिकारसम्बन्धी महासन्धि* |
| • महिलाहरूको अधिकार | - *मानवअधिकार घोषणापत्र, महिलाविरुद्धका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि* |
| • अल्पसंख्यकको अधिकार | - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, अल्पसङ्ख्यकसम्बन्धी घोषणापत्र* |
| • अपाङ्गहरूको अधिकार | - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, आर्थिक, सामाजिक... प्रतिज्ञापत्र* |
| • श्रमिकहरूको अधिकार | - *नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, आर्थिक, सामाजिक... प्रतिज्ञापत्र, अन्तर्राष्ट्रियश्रम सङ्गठनका महासन्धिहरू* |
| • राष्ट्रियताको अधिकार | - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र* |
| • शान्तिको अधिकार | - *शान्तिको अधिकारसम्बन्धी घोषणापत्र* |

*मानवअधिकारको क्षेत्र दिनानुदिन व्यापक हुँदै गइरहेको छ ।*

- स्वच्छ सुनुवाइको अधिकार - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र*
- गोपनीयताको अधिकार - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र*
- शोषणविरुद्धको अधिकार - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, आर्थिक, सामाजिक... प्रतिज्ञापत्र*
- रङ्गभेदविरुद्धको अधिकार - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, आर्थिक, सामाजिक... प्रतिज्ञापत्र*
- भोकविरुद्धको अधिकार - *आर्थिक, सामाजिक... प्रतिज्ञापत्र*
- भेदभावविरुद्धको अधिकार - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, आर्थिक, सामाजिक... प्रतिज्ञापत्र*
- दासत्वविरुद्धको अधिकार - *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र*
- क्रूरता/यातनाविरुद्धको अधिकार- *मानवअधिकार घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, यातनाविरुद्धको महासन्धि*

## ५. मानवअधिकार र राष्ट्रिय कानुन

*मानवअधिकारको कार्यान्वयन र संरक्षणमा राष्ट्रिय कानुनले नै मुख्य भूमिका निर्वाह गरेको हुन्छ । यस्तो भूमिका अन्तर्राष्ट्रिय कानुनसँग मेल खाने किसिमको हुनुपर्दछ ।*

मानवअधिकार अन्तर्राष्ट्रिय कानुनको विषय हो । यसै गरी यो राष्ट्रिय कानुनको पनि विषय हो । राष्ट्रिय कानुन मानवअधिकारलाई व्यवहारमा सार्थक बनाउने साधन हो । मानवअधिकारको उल्लङ्घन राज्यको क्षेत्रभित्र हुने भएकाले यसको संरक्षण र उपचारको काम पनि राष्ट्रिय कानुनले व्यवस्थित गर्नुपर्छ । त्यस कारण राष्ट्रहरूले आ-आफ्ना संविधान र विभिन्न ऐन, कानुनहरूमा आफ्ना नागरिकहरूका लागि विभिन्न अधिकारको व्यवस्था गरेका हुन्छन् । राजनीतिक अधिकारबाहेक आफ्ना नागरिकहरूलाई उपलब्ध गराइएका त्यस्ता अधिकार गैरनागरिक (विदेशी, शरणार्थी आदि) लाई पनि उपलब्ध गराइएका हुन्छन् । राष्ट्रिय कानुनद्वारा व्यवस्थित गरिएका त्यस्ता मानवअधिकारलाई नागरिक अधिकार, मौलिक अधिकार, संवैधानिक अधिकार आदि नामले पनि चिनिन्छ ।

*अन्तर्राष्ट्रिय सन्धिहरूले प्रत्याभूत गरेको आधारभूत मानवअधिकारको संरक्षण प्रत्येक राष्ट्रको राष्ट्रिय कानुनको अपरिहार्य सरोकारको विषय हो ।*

अन्तर्राष्ट्रिय सन्धि/महासन्धिको अनुमोदन वा सम्मिलन गरेर यस्ता सन्धिबाट निर्दिष्ट गरिएका र सोबाट निर्देशित गरिएबाहेकका मानवअधिकारको पनि सम्मान र पालन गर्नुगराउनु राज्यको दायित्व हुन्छ । अन्तर्राष्ट्रिय परम्परा र प्रथाबाट यसरी राज्यले संरक्षण गर्नुपर्ने मानवअधिकारमा जीवन र मर्यादासम्बन्धी सबै अधिकार पर्दछन् । जीवनको अधिकार, यातनाविरुद्धको अधिकार, बाँधा वा दासत्वविरुद्धको अधिकार यस खालका मानवअधिकार हुन् । सांस्कृतिक भिन्नताका कारण सबै मुलुकको परिवेश एक नास नभए पनि आधारभूत रूपमा मानवको जीवन र मर्यादाको अधिकार सर्वव्यापक हुने भएकाले यिनलाई अन्तर्राष्ट्रिय समुदायले पनि समान रूपमा स्वीकार गरेका छन् ।

*सभ्य राष्ट्रले आफूले पालन गर्न स्वीकार गरेको सन्धिलाई सम्मानजनक रूपमा पालन गर्दछन् ।*

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिलाई अनुमोदन गर्ने राष्ट्रले त्यस्ता सन्धिहरूमा उल्लेख भएका सबै अधिकार आफ्नो संविधान वा राष्ट्रिय कानुनहरूमा समावेश गर्न सक्दछ । कतिपय राष्ट्रहरूले आफ्नो संविधानमा नै आफूले अनुमोदन गरेका सन्धिहरूको व्यवस्थाले राष्ट्रिय कानुनसरहको मान्यता प्राप्त गर्ने प्रावधान राखेका हुन्छन् । कतिपय राष्ट्रहरूले त्यस्तो प्रावधान छुट्टै ऐनमा समावेश गर्ने गरेका पनि छन् ।

पुरातन परम्पराबाट मुक्त नभइसकेका मुलुकमा मानवअधिकार पश्चिमका विकसित मुलुकहरूमा मात्र लागू हुने विषय हो भन्ने सोच राख्ने मानिस पनि भेटिन्छन्। मानवअधिकार मानवमर्यादाको सम्मान गर्ने व्यवस्था हो र मानवमर्यादाको आवश्यकता संसारका कुनै पनि ठाउँमा तलमाथि हुँदैन। अतः मानवअधिकारको सम्मान गर्नु सबै समाजको नैतिक एवं कानुनी दायित्व हो।

## ६. नेपाल अधिराज्यको संविधानमा प्रत्याभूत मानवअधिकार

नेपाल अधिराज्यको संविधान, २०४७ ले मानवअधिकारलाई विभिन्न मौलिक अधिकारका रूपमा प्रत्याभूत गरेको छ। संविधानको धारा ११ देखि धारा २३ सम्म समेटिएका यस्ता मानवअधिकारसँग सरोकार राख्ने मौलिक हकका रूपमा निम्नानुसारका अधिकार रहेका छन् :

*धारा ११ : समानताको हक*

- समानताको अधिकार,
- महिला र पुरुषबीच समान पारिश्रमिक पाउने हक,
- कानुनको समान संरक्षण पाउने अधिकार,
- धर्म, वर्ण, जात, जाति वा वैचारिक आस्थाको आधारमा भेदभावविरुद्धको अधिकार,
- छुवाछुतको आधारमा भेदभावविरुद्धको अधिकार,

*धारा १२: स्वतन्त्रताको हक*

- कानुनबमोजिम बाहेक वैयक्तिक स्वतन्त्रताको अपहरण नहुने अधिकार,
- मृत्युदण्डको सजायविरुद्धको अधिकार,
- वैयक्तिक स्वतन्त्रता :
  - क) विचार तथा अभिव्यक्तिको स्वतन्त्रता,
  - ख) विनाहातहतियार शान्तिपूर्वक भेला हुन पाउने अधिकार,
  - ग) अधिराज्यभर आवतजावत तथा बसोवास गर्न पाउने अधिकार,
  - घ) सङ्घ-संस्था खोल्न पाउने अधिकार,
  - ङ) पेसा/व्यवसाय गर्न पाउने अधिकार,

*धारा १३ : छापाखाना र पत्रपत्रिकासम्बन्धी हक*

- कुनै पनि पाठ्यसामग्री मुद्रण गरेबापत छापाखानालाई बन्द वा जफत गर्न नपाइने व्यवस्था,
- कुनै पाठ्यसामग्री प्रकाशित गरेबापत पत्रिकाको दर्ता खारेज गर्न नपाइने व्यवस्था,

- फौजदारी न्यायसम्बन्धी अधिकार :
  - क) विनाकसुर सजाय भोग्न नपर्ने अधिकार,
  - ख) कानुनद्वारा तोकिएको भन्दा बढी सजाय गर्न नपाइने व्यवस्था,
  - ग) एउटै कसुरमा एक पटकभन्दा बढी मुद्दा चलाउन वा सजाय गर्न नपाइने व्यवस्था (दोहोरो सजायविरुद्धको अधिकार),
  - ध) अभियुक्तलाई आफूविरुद्ध बयान गर्न बाध्य गराउन नपाइने व्यवस्था (साबितीविरुद्धको अधिकार),
  - ङ) थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिन वा निजसँग निर्दयी, अमानवीय वा अपमानजनक व्यवहार गर्न नपाइने व्यवस्था (यातनाविरुद्धको अधिकार),
  - च) थुनामा रहँदा यातना अथवा निर्दयी, अमानवीय र अपमानजनक व्यवहार सहनु परेमा सोबापत क्षतिपूर्ति पाउने अधिकार,
  - छ) पक्राउको कारणसहितको सूचनाबिना थुनामा राख्न नपाइने व्यवस्था (पक्राउको कारण थाहा पाउने अधिकार),
  - ज) थुनामा रहेको व्यक्तिले कानुनव्यवसायीसँग सल्लाह लिन र निजद्वारा पुर्पक्ष गर्न पाउने अधिकार,
  - झ) पक्राउ परेको व्यक्तिलाई बाटाको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराइनु पर्ने व्यवस्था (गैरकानुनी थुनाविरुद्धको अधिकार),
  - ञ) सक्षम अधिकारीबाट पुर्पक्ष गरी पाउने अधिकार ।

*धारा १४: फौजदारी न्यायसम्बन्धी हक,*

- निवारक नजरबन्दविरुद्धको अधिकार,
- कानुनविपरीत वा बदनियतपूर्वक निवारक नजरबन्दमा राखिएको व्यक्तिले क्षतिपूर्ति पाउने अधिकार,

*धारा १५ : निवारक नजरबन्द विरूद्धको हक*

- सार्वजनिक महत्त्वको विषयमा सूचना माग्ने र पाउने अधिकार,

*धारा १६:*

- आफ्नो परम्परादेखि चलिआएको धर्म पालना गर्न पाउने हक,

*धारा १९: धर्मसम्बन्धी हक,*

- शोषणविरुद्धको अधिकार:
  - मानिसको बेचबिखन गर्न नपाइने व्यवस्था,
  - दासदासी बनाउन नपाइने व्यवस्था,
  - व्यक्तिको इच्छाविरुद्ध काममा लगाउन नपाइने व्यवस्था,

*धारा २०: शोषण विरूद्धको हक*

- देशनिकालाविरुद्धको अधिकार,

*धारा २१:*

- कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पति, लिखत, पत्राचार, सूचना आदि माथि अतिक्रमण गर्न नपाइने व्यवस्था, (गोपनीयताको अधिकार), र

*धारा २२ गोपनीयताको हक*

- संवैधानिक उपचारको अधिकार ।

*धारा २३ :*

## ७. मानवअधिकारका स्रोत

मानवअधिकारका स्रोतमा मुख्यतया निम्न अध्यालेखहरूलाई लिइन्छः

- संयुक्त राष्ट्रसङ्घको बडापत्र, १९४५,
- मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८,
- संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा जारी भएका अनुबन्ध वा प्रतिज्ञापत्रहरू,
- संयुक्त राष्ट्रसङ्घको महासभाद्वारा जारी भएका महासन्धिहरू,
- संयुक्त राष्ट्रसङ्घीय सम्मलेनद्वारा पारित दस्तावेजहरू,
- अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरू,
- क्षेत्रीय तथा बहुराष्ट्रिय सन्धि-सम्झौताहरू,
- मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनद्वारा पारित घोषणापत्रहरू,
- राष्ट्रिय कानुनहरू,
- अदालतका निर्णयहरू ।

## ८. न्यायिक कारबाईसँग सम्बद्ध मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अध्यालेखहरू

मानवअधिकारको विकासक्रममा अन्तर्राष्ट्रिय क्षेत्रमा विकास गरिएका मान्यताहरूलाई अनेक अन्तर्राष्ट्रिय लिखतहरूमा अभिलेखबद्ध गरिँदै आएको छ । हालसम्मका यस्ता अध्यालेखहरूलाई छोटकरीमा यसपछि चर्चा गरिएको छ ।

१. **मानवअधिकारको विश्वव्यापी घोषणापत्रः** मानवअधिकारको विश्वव्यापी घोषणापत्र कानुनी अर्थमा बन्धनकारी नभए पनि संसारका सबै क्षेत्रमा मानवअधिकारको अभियानलाई गति दिने मुख्य सामग्री हो । यसमा मानवअधिकारको समग्र पक्षहरूलाई संक्षिप्त रूपमा राखिएको छ । यो आधारभूत अन्तर्राष्ट्रिय मानवअधिकार अध्यालेख हो । यसमा अदालती कारबाईसम्बन्धी अनेक सिद्धान्त उल्लेख गरिएका छन् । अदालती कारबाईका सिलसिलामा मानवअधिकारको सन्दर्भमा यसमा रहेका सबै व्यवस्था ध्यान दिनलायक छन् । मानवअधिकारको विश्वव्यापी घोषणापत्रको नेपाली अनुवाद अनुसूची १ मा दिइएको छ । त्यसमध्ये अदालती कामकारबाईसँग सम्बन्धित मुख्य प्रावधानहरू निम्नानुसार छन् :

| | |
|---|---|
| हरेक मानिसलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार छ । | *धारा ३* |
| बाँधा वा दास बनाई कसैलाई पनि राखिने छैन । दासत्व र दासदासीको व्यापारका सबै स्वरूपलाई निषेध गरिनेछ । | *धारा ४* |
| कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन । | *धारा ५* |
| प्रत्येक मानिसलाई कानुनका सामुन्ने व्यक्तिको रूपमा मान्यता पाउने अधिकार छ । | *धारा ६* |

| | |
|---|---|
| कानुनको दृष्टिमा सबै समान र कुनै भेदभावविना कानुनको समान संरक्षणका हकदार छन् । यस घोषणापत्रको उल्लङ्घन हुने गरी वा त्यसको उक्साहटमा गरिएको जुनसुकै भेदभावविरुद्धको संरक्षण प्राप्त गर्ने सबैको समान हक छ । | *धारा ७* |
| प्रत्येक मानिसलाई संविधान वा कानुनद्वारा प्रदत्त मौलिक अधिकारहरूको उल्लङ्घन गर्ने कार्यका विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी उपचार पाउने अधिकार छ । | *धारा ८* |
| कसैलाई पनि जथाभावी पक्राउ, थुनछेक वा देशनिकाला गरिनेछैन । | *धारा ९* |
| प्रत्येक मानिसलाई उसका अधिकार र कर्तव्य तथा उसविरुद्ध कुनै फौजदारी अभियोगको निर्धारणका लागि स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट पूर्ण समानतामा स्वच्छ र खुला सुनुवाइ गरी पाउने हक प्राप्त छ । | *धारा १०* |
| दण्डनीय कसुरको आरोप लागेको प्रत्येक मानिसलाई उसको प्रतिरक्षाका आवश्यक सबै प्रत्याभूतिसहितको कानुनअनुसारको खुला पुर्पक्षबाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार छ । | *धारा ११ (१)* |
| कसैलाई पनि निजले कुनै कार्य गरेको वा नगरेको बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनले सो कार्य वा अकार्यलाई दण्डनीय अपराध कायम नगरेको अवस्थामा दण्डनीय कसुरको दोषी बनाइनेछैन । कसुर गर्दाको समयमा कायम रहेको भन्दा बढी सजायको भागिदार पनि बनाइनेछैन । | *धारा ११ (२)* |
| कसैको पनि गोप्यता, घर, परिवार वा पत्राचारमा जथाभावी हस्तक्षेप गरिनेछैन र उसको सम्मान र ख्यातिमा पनि आक्रमण गरिनेछैन । हरेक मानिसलाई यस्तो हस्तक्षेप वा आक्रमणविरुद्ध कानुनको संरक्षण पाउने अधिकार छ । | *धारा १२* |
| प्रत्येक मानिसलाई आफ्नो राज्यको सिमानाभित्र स्वतन्त्रतापूर्वक आवतजावत गर्ने र बसोबास गर्ने स्वतन्त्रताको अधिकार छ । | *धारा १३ (१)* |
| प्रत्येक मानिसलाई आफ्नो लगायत जुनसुकै मुलुक छाड्ने र आफ्नो मुलुकमा फर्किआउने अधिकार छ । | *धारा १३ (२)* |
| प्रत्येक मानिसलाई उत्पीडनको बचाउमा अर्को मुलुकमा शरण खोज्ने र लिन पाउने अधिकार छ । | *धारा १४ (१)* |
| हरेक मानिसलाई राष्ट्रियताको अधिकार छ । | *धारा १५ (१)* |
| कसैलाई पनि उसको राष्ट्रियताबाट वञ्चित गरिने छैन र निजको राष्ट्रियता परिवर्तन गर्न इन्कार गरिनेछैन । | *धारा १५ (२)* |

| | |
|---|---|
| प्रत्येक मानिसलाई एक्लै वा अरूसँग मिलेर सम्पत्तिको स्वामित्व लिने अधिकार छ । | *धारा १७ (१)* |
| कसैलाई पनि उसको सम्पत्तिबाट जथाभावी वञ्चित गरिनेछैन । | *धारा १७ (२)* |
| प्रत्येक मानिसलाई विचार तथा अभिव्यक्तिस्वतन्त्रताको अधिकार छ । यस अधिकारले सिमानाको हदविना जुनसुकै सञ्चारमाध्यमबाट विनाहस्तक्षेप विचार वा राय राख्ने, खोजी गर्ने, प्राप्त र ग्रहण गर्ने तथा सोको जानकारी र विचारभावको प्रसार गर्ने, बिना कुनै हस्तक्षेप मत माग्ने र बिनारोकटोक कुनै माध्यमद्वारा मत प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार हुनेछ । | *धारा १९* |
| प्रत्येक मानिसलाई शान्तिपूर्ण सभा र सङ्गठन गर्ने अधिकार छ । | *धारा २० (१)* |
| प्रत्येक मानिसलाई उसको मुलुकको सार्वजनिक सेवामा समान पहुँच वा सुलभताको अधिकार छ । | *धारा २१ (२)* |
| प्रत्येक मानिसलाई विनाभेदभाव समान कार्यको समान तलब पाउने अधिकार छ । | *धारा २३ (२)* |
| २. **नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रः** यो प्रतिज्ञापत्र संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९६६ डिसेम्बर १६ मा पारित गरी हस्ताक्षर वा अनुमोदन वा सम्मिलनको लागि खुला गरेको थियो । यो सन् १९७६ मार्च २३ देखि लागू भएको हो । | *यो प्रतिज्ञापत्र १४ मे १९९१ मा नेपालले सम्मिलन गरेको छ ।* |
| ३. **नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको ऐच्छिक उपलेखः** यो उपलेख महासभाले प्रतिज्ञापत्र सँगसँगै पारित गरी राज्यपक्षहरूको हस्ताक्षर, अनुमोदन वा सम्मिलनका लागि खुला गरेको थियो । यो सन् १९७६ मार्च २३ देखि लागू भएको हो । | *यो उपलेख १४ मे १९९१ मा नेपालले सम्मिलन गरेको छ ।* |
| ४. **मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो ऐच्छिक उपलेखः** यस उपलेखको मुख्य उद्देश्य मृत्युदण्डलाई समाप्त पार्नु रहेको छ । | *यो प्रतिज्ञापत्र ४ जुन १९९८ मा नेपालले सम्मिलन गरेको छ ।* |
| ५. **जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायमा रहेका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रह :** जुनसुकै किसिमले थुना वा कैदमा रहेका व्यक्तिहरू उपर उनीहरूलाई हिरासतमा राख्दा अपनाउनुपर्ने आधारभूत सिद्धान्तहरूको सङ्ग्रहको रूपमा यो अध्यालेख रहेकोछ । | *सं.रा.सङ्घको. महासभाबाट १९८८ डिसेम्बर ९ मा पारित ।* |

६. **सबै व्यक्तिलाई यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डबाट सरक्षंण गर्नेसम्बन्धी घोषणापत्र**ः यो घोषणपत्र थुना वा कैदमा रहेका व्यक्तिहरूलाई यातना, निर्दयी, अमानवीय वा अपमानजनक व्यवहार वा सजायको सिकार बन्नबाट बचाउने उद्देश्यले जारी गरिएको हो ।

*सं.रा.सङ्घको. महासभाबाट ९ डिसेम्बर, १९७५ मा पारित ।*

७. **यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि**, १९८४ः यो महासन्धि महासभाबाट सन् १९८४ डिसेम्बर १० मा पारित भई राज्यपक्षहरूबाट हस्ताक्षर, अनुमोदन वा सम्मिलनका लागि खुला गरिएको थियो । यो महासन्धि सन् १९८६ जुन २६ देखि लागू भएको हो ।

*यो महासन्धि १४ मे १९९१ मा नेपालले सम्मिलन गरेको छ ।*

८. **बन्दीप्रति गर्नुपर्ने व्यवहारका न्यूनतम मापदण्डको नियमावली**ः यो नियमावली बन्दीहरूप्रति गरिने व्यवहारका सम्बन्धमा मार्गनिर्देशन गर्ने प्रयोजनको लागि आर्थिक तथा सामाजिक परिषद्द्वारा स्वीकृत भएको हो । यसले बन्दीहरूप्रति गरिने व्यवहारको अतिरिक्त बन्दीहरूलाई दिइनुपर्ने न्यूनतम सेवा तथा सुविधा समेतको बारेमा व्यवस्था गरेको छ ।

*सं.रा.सङ्घको आर्थिक तथा सामाजिक परिषद्द्वारा १३ मे १९७७ मा पारित ।*

९. **यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायका विरुद्ध बन्दी र थुनुवाको सुरक्षामा स्वास्थ्यकर्मी खास गरी चिकित्सकको भूमिकासम्बन्धी चिकित्साआचारसंहिता**ः थुनुवा वा बन्दीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यको हेरचाह र उनीहरूको रोगको उपचार गर्दा चिकित्सकहरूले पूरा गर्नुपर्ने दायित्वका सम्बन्धमा यस सिद्धान्तमा व्यवस्था छ ।

*सं.रा.सङ्घको महासभाबाट १९ डिसेम्बर १९८२ मा पारित ।*

१०. **मृत्युदण्ड पाएका व्यक्तिहरूको अधिकारको सुरक्षालाई प्रत्याभूत गर्ने संरक्षात्मक उपायहरू**ः यो अध्यालेख मृत्युदण्डलाई उन्मूलन नगरेका देशहरूमा मृत्युदण्ड कार्यान्वयन गर्दा व्यक्तिको अधिकार पूर्ण स्थापित गराउने उद्देश्यले संयुक्त राष्ट्रसङ्घको आर्थिक तथा सामाजिक परिषद्बाट जारी भएको हो ।

*आर्थिक तथा सामाजिक परिषद्बाट २५ मई १९८४ मा पारित ।*

११. **अपराध र अख्तियारको दुरुपयोगपीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र**ः यस घोषणापत्रले पीडितको हित संरक्षण गर्ने, शक्तिको दुरुपयोग रोक्ने तथा उनिहरूलाई न्याय प्रदान गर्ने सम्बन्धमा व्यवस्था गरेको छ । यस घोषणापत्रको पूरा पाठ अनुसूची २ मा दिइएको छ ।

*सं.रा. सङ्घीय महासभाबाट सन् २९ नोभेम्बर १९८५ मा पारित ।*

१२. **बालन्यायप्रशासनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय न्यूनतम मापदण्डको नियमावली** (बेइजिङ नियमावली)ः यी नियमहरूले कानुनसँगको द्वन्द्वमा रहेका वालवालिकाको लागि अपनाउनुपर्ने न्यायप्रशासनका सम्बन्धमा आधारभूत मापदण्ड निर्धारण गरेको छ ।

*२९ नोभेम्बर १९८५ मा पारित ।*

१३. **सबै प्रकारका जातीय भेदभावको उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५**: जात, वर्ण वा जातीय उत्पत्तिको आधारमा हुने सबै किसिमको भेदभावलाई उन्मूलन गरी भेदभावरहित समाजको निर्माण गर्ने उद्देश्यले यो महासन्धिको घोषणा गरिएको हो ।

*यो महासन्धि ३० जनवरी १९७१ मा नेपालले सम्मिलन गरेको हो ।*

१४. **रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९७३**: यो रङ्गभेदलाई मानवताविरुद्धको अपराध घोषण गरी यस्ता अमानवीय कार्यहरू हुन नदिन पक्ष राष्ट्रहरूलाई प्रतिबद्ध राख्न गरिएको महासन्धि हो ।

*यो महासन्धि १२ जुलाई १९७७ मा नेपालले सम्मिलन गरेको हो ।*

१५. **महिलाविरुद्धका सबै किसिमका भेदभावको उन्मूलनसम्बन्धी महासन्धि, १९७९** : यो महिलाविरुद्ध गरिने सबै प्रकारको भेदभावलाई उन्मूलन गर्ने विश्वव्यापी मान्यतालाई व्यवहारमा अवलम्बन गर्न गराउन पारित गरिएको महासन्धि हो ।

*यो महासन्धि २२ अप्रिल १९९१ मा नेपालले सम्मिलन गरेको हो ।*

१६. **बालअधिकारसम्बन्धी महासन्धि, १९८९**: यो बालबालिकाको अधिकारको संरक्षण तथा कल्याणसँग सम्बन्धित विश्वव्यापी मान्यतालाई व्यवहारमा उतार्न एवं राज्य पक्षका प्रत्येक अङ्ग एवं समुदायलाई यस्तो अधिकारप्रति सजग राख्ने महासन्धि हो ।

*यो महासन्धि १४ सेप्टेम्बर १९९० मा नेपालले अनुमोदन गरेको हो ।*

## ९. न्यायिक प्रक्रियामा संलग्न पदाधिकारीका आचरणसम्बन्धी अन्तर्राष्ट्रिय अध्यालेखहरू:

शान्तिसुरक्षा कायम राख्ने, मानिसका अधिकारहरूको कार्यान्वयनको व्यवस्था मिलाउने, अपराधको अनुसन्धान, अभियोजन र पुर्पक्ष गर्ने राज्यका अधिकारीले मानवअधिकारको संरक्षणका लागि आचरणयुक्त काम गर्नुपर्छ भन्ने मान्यता पनि अन्तर्राष्ट्रिय स्तरमा विकास भएको छ। मुख्य रूपमा यसका लागि निम्नानुसारका सिद्धान्त र आचारसंहिता न्यायसम्पादनका प्रक्रियामा आकर्षित हुन्छन् ।

क) **कानुनको कार्यान्वयन गर्ने पदाधिकारीको आचारसंहिताः** राज्यका तर्फबाट काम गर्ने कानुनको कार्यान्वयन गर्ने अधिकारीले पालन गर्नुपर्ने आचरणको यसमा व्यवस्था रहेको छ। यसले "कानुन कार्यान्वयन गर्ने पदाधिकारी" भन्नाले मूलतः कुनै व्यक्तिलाई पक्राउ गर्ने वा हिरासतमा लिने प्रहरीको अधिकार प्रयोग गर्ने अधिकारीलाई मानेको छ। यस आचारसंहिताका अनुसार कुनै व्यक्तिलाई पक्राउ गर्दा वा थुनामा राख्दा मुख्य गरी निम्न कुरा पालना गर्नुपर्दछ :

*१९७९ मा सं.रा. सङ्घबाट पारित कानुनको कार्यान्वयन गर्ने विभिन्न पदाधिकारीहरूले पालना गर्नु पर्ने आचारसंहिता १९७९ ।*

- o कर्तव्यको पालना गर्दा मानवीय मर्यादा तथा व्यक्तिको मानवअधिकारको आदर तथा संरक्षण,
- o कर्तव्यपालनका सिलसिलामा अत्यावश्यक भएका अवस्थामा मात्र शक्ति वा बलको सकेसम्म न्यूनतम मात्रामा मात्र प्रयोग गर्न पाउने,
- o हिरासतमा रहेका व्यक्तिको स्वास्थ्यको पूर्ण सुरक्षालाई सुनिश्चित गर्नुका साथै आवश्यक परेको बेलामा चिकित्सासेवासमेत उपलब्ध गराउनुपर्ने।

ख) **अभियोजनकर्ताको भूमिकासम्बन्धी मार्गदर्शनः** यस अध्यालेखले अभियोजन गर्दा अभियोजनकर्ताले निर्वाह गर्नुपर्ने भूमिकाको सम्बन्धमा महत्त्वपूर्ण निर्देशनहरूको बारेमा उल्लेख गरेको छ।

*सं.रा. सङ्घको सन् १९९० मा हवाना सम्मेलनबाट पारित ।*

ग) **कानुनव्यवसायीको भूमिकासम्बन्धी आधारभूत सिद्धान्तः** यस अध्यालेखले पक्षको प्रतिनिधित्व गर्दा कानुनव्यवसायीले निर्वाह गर्नुपर्ने भूमिकाका सम्बन्धमा उल्लेख गर्नुको अलावा मानवअधिकारको संरक्षणमा उनीहरूले बहन गर्नुपर्ने दायित्वको बारेमा समेत व्यवस्था गरेको छ।

*सं.रा. सङ्घको सन् १९९० मा हवाना सम्मेलनबाट पारित ।*

घ) **स्वतन्त्र न्यायपालिकासम्बन्धी आधारभूत सिद्धान्त** : यस अध्यालेखले स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणालाई सङ्गृहीत गरेको छ। स्वतन्त्र न्यायपालिकाको अवधारणालाई व्यवहारमा उतार्न राज्यले गर्ने व्यवस्था र कामकारबाई यसमा उल्लेख भएका छन् ।

*सं.रा. सङ्घको सन् १९८५ मा महासभाबाट पारित ।*

माथि उल्लिखित अन्तर्राष्ट्रिय अध्यालेखहरूले न्यायको अन्तर्राष्ट्रिय मापदण्डको स्तर निर्धारण गरेका छन्। यी मापदण्ड मानवमर्यादाको आधारभूत मान्यता हुन्। न्यायव्यवस्थामा यी मापदण्डको पालना गर्न सकिए मात्र मानवमर्यादाको आदर गरिएको हुन जान्छ। अतः न्यायव्यवस्थामा संलग्न हरेक व्यक्तिले यी मापदण्डको समग्र कार्यान्वयनमा चनाखो हुनुपर्दछ भन्ने मान्यता वर्तमान सभ्यताको चाहना हो।

## १०. मानवअधिकारको कार्यान्वयन एवं संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय प्रणाली

मानवअधिकारको कार्यान्वयन र संरक्षणका लागि संयुक्त राष्ट्रसङ्घले आफ्नो क्षेत्रमै विस्तृत प्रणालीहरूको विकास गरेको छ। यी प्रणालीलाई मूलतः निम्न भागमा राख्न सकिन्छ :

### क) संयुक्त राष्ट्रसङ्घीय विषयगत संयन्त्र

*नियोजित र क्रमबद्ध रूपमा मानवअधिकारको उल्लङ्घन भएको बेलामा यस्तो संयन्त्रले कार्य गर्दछ ।*

- विषयगत संयन्त्र मानवअधिकार उल्लङ्घनका एकएक घटनाभन्दा मानवअधिकारको उल्लङ्घनको विषयमा केन्द्रित रहन्छ।
- यो प्रणाली मानवअधिकार उल्लङ्घनको कुनै खास घटनाको अनुसन्धानमा भन्दा पनि क्षेत्रगत रूपमा वा समस्त विश्वभरि नै प्रभावकारी हुन सक्छ।
- विषयगत संयन्त्रअन्तर्गत विशेष प्रतिवेदक वा कार्यसमूहको नियुक्ति संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार आयोगले गर्दछ।
- भिन्नाभिन्नै विषयका लागि भिन्नाभिन्नै प्रतिवेदक तथा कार्यसमूहको नियुक्ति हुने गर्दछ।
- विशेषज्ञ प्रतिवेदक तथा कार्यसमूहलाई मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान गर्ने अख्तियार प्राप्त हुन्छ।
- अनुसन्धानको क्रममा उनीहरूले मानवअधिकारवादीहरू, पीडित वा कानुनको कार्यान्वयन गर्ने अधिकारीहरूसँग कुराकानी गर्न र घटनास्थलको भ्रमण गर्न सक्तछन्।
- यातना, भेदभाव, मानवअधिकारको उल्लङ्घनआदि विषयसम्बन्धी अन्तर्राष्ट्रिय कानुनका प्रावधानहरूको कार्यान्वयनका सम्बन्धमा विशेषज्ञहरूले आवश्यक मार्गनिर्देशन प्रदान गर्दछन्।
- यो व्यवस्था राष्ट्रले कुनै सन्धिअन्तर्गत दायित्व स्वीकार गरेको वा नगरेको अवस्थामा पनि लागू हुन्छ।

मानवअधिकार र आधारभूत स्वतन्त्रताको उल्लङ्घनसम्बन्धी सवालमा छानबिन गर्ने अधिकार संयुक्त राष्ट्रसङ्घ मानवअधिकार आयोगलाई प्राप्त छ। यसअन्तर्गत आयोगले मानवअधिकारको निरन्तर उल्लङ्घनका घटनाहरू र उजुरीहरूको छानबिन गर्ने, ती सूचनाहरूको बारेमा वार्षिक बैठक आयोजना गरी सरकारी प्रतिनिधिहरूसँग सो विषयमा सूचना माग्ने र ती सूचनाका विषयमा गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग समेत छलफल गरी मानवअधिकार उल्लङ्घन भए नभएको ठहर गर्ने गर्दछ।

*सं.रा. सङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक परिषद्को प्रस्ताव नं. १२३५ र १६६७ बाट ।*

**प्रतिवेदक वा कार्यसमूहलाई आफ्नो कार्यसम्पादनको क्रममा निम्न अख्तियारहरू समेत प्राप्त हुन्छ :**

- घटनाका सम्बन्धमा जाँचबुझ गर्ने,
- आवश्यक परे कुनै खास घटनाको बारेमा स्थलगत अनुसन्धान गर्ने,
- प्रतिवेदन तयार गर्ने र तत्सम्बन्धमा सम्बन्धित सरकारले के गर्नुपर्नेछ सो को सिफारिस गर्ने, र
- आयोगमा प्रत्येक वर्ष प्रतिवेदन पेस गर्ने ।

संयुक्त राष्ट्रसङ्घीय विषयगत संयन्त्रअन्तर्गत निम्न विषयमा प्रतिवेदक वा कार्यसमूह कार्यरत रहेका छन् :

१. स्वेच्छाचारी थुनासम्बन्धी कार्यसमूह,
२. बेपत्ता पार्ने कामविरुद्धको कार्यसमूह,
३. गैरन्यायिक, संक्षिप्त वा स्वेच्छाचारी कानुन कार्यान्वयन-सम्बन्धी विशेष प्रतिवेदक,
४. यातनासम्बन्धी विशेष प्रतिवेदक, र
५. न्यायाधीश तथा कानुनव्यवसायीको स्वतन्त्रतासम्बन्धी विशेष प्रतिवेदक ।

**ख) सन्धिसंयन्त्र**

कुनै पनि राष्ट्रले मानवअधिकारका अन्तर्राष्ट्रिय सन्धिहरूको अनुमोदन गरिसकेपछि सोअनुकुल हुने गरी राष्ट्रिय कानुनमा परिवर्तन गर्नुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय कानुनप्रदत्त मानवअधिकारको उल्लङ्घन भएको अवस्थामा सम्बन्धित विषयमा सोही राष्ट्रको राष्ट्रिय कानुनले प्रभावकारी उपचार प्रदान नगरेमा वा गर्न नसकेमा त्यस्तो सन्धिले प्रदान गरेको अधिकारको पालना तथा सम्मान हुन सकोस् भनी सन्धिमै उपचारको व्यवस्था गरिएको हुन्छ। सामान्य अवस्थामा मानवअधिकारको उल्लङ्घन भएको अवस्थामा सर्वप्रथम राष्ट्रिय कानुनद्वारा प्रदान गरिएको उपचार खोज्नुपर्दछ।

राष्ट्रिय कानुनअन्तर्गत प्राप्त हुने उपचारभन्दा सन्धिको माध्यमबाट प्राप्त हुने उपचार माथिल्लो स्तरको होइन । यस्ता सन्धिहरूले सिर्जना गरेको दायित्वको परिपालना र कार्यान्वयन गर्न सदस्य राष्ट्रले सन्धिको अनुगमन गर्ने समितिलाई प्रतिवेदन गर्नुपर्छ । सन्धिअन्तरगतका दायित्व निर्वाह गरेको विषयमा प्रस्तुत प्रतिवेदन बारे ती समितिहरूमा छलफल हुन्छ ।

यस क्रममा सन्धिको कार्यान्वयन गर्दा कार्यपालिकाको महत्त्वपूर्ण भूमिका हुन्छ । राज्यको एउटा प्रमुख निकायको रूपमा न्यायपालिकाले पनि सन्धिबाट सिर्जित दायित्वहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने हुन्छ । अदालतका कर्मचारीहरू न्यायसम्पादनमा संलग्न हुने भएकाले न्यायसम्पादन प्रक्रियामा पूर्ण न्याय प्रदान गर्ने काममा तिनीहरूको भूमिका महत्त्वपूर्ण रहन्छ । सन्धिसंयन्त्रले अन्तर्राष्ट्रिय स्तरबाट व्यक्तिहरूलाई न्यायको पहुँचमा सहयोग गर्दछन् । राष्ट्रबाट प्राप्त हुने उपचार सबै अवस्थामा प्रभावकारी हुन नसक्ने वा पीडितलाई सन्तुष्टि दिलाउन नसक्ने अवस्था भएमा सो कुराको निरूपण गर्न सन्धिसंयन्त्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । न्यायप्रशासनसँग सम्बन्धित सन्धिसंयन्त्रमध्ये केही महत्त्वपूर्ण संयन्त्रको व्यवस्था गर्ने अध्यालेखहरू निम्नबमोजिम रहेका छन् :

१. **नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र :**

यस प्रतिज्ञापत्रको प्रभावकारी कार्यान्वयनका लागि १८ जना विशेषज्ञ रहेको "मानवअधिकार समिति" रहने व्यवस्था छ । सो समितिले प्रतिज्ञापत्रको कार्यान्वयनको अनुगमन गर्दछ । समितिले दिएका मार्गनिर्देशनहरूले प्रतिज्ञापत्रको व्याख्यामा महत्त्वपूर्ण भूमिका खेल्दछन् । प्रतिज्ञापत्रका साथै समितिले प्रतिज्ञापत्रअन्तर्गतका दुइटा ऐच्छिक उपलेखको कार्यान्वयनको समेत अनुगमन गर्दछ । *धारा २८*

राज्यपक्षले मानवअधिकार समितिसमक्ष प्रतिवेदन पेस गर्नुपर्दछ । *धारा ४० (१)*

राज्यपक्षले पेस गरेको प्रतिवेदन समितिले अध्ययन गरी आफ्नो प्रतिवेदन तथा आफूले उचित ठानेका सामान्य टिप्पणी राज्यपक्षलाई पठाउनेछ । समितिले यी टिप्पणीहरू एवं आफूले प्रतिज्ञापत्रका राज्यपक्षबाट प्राप्त गरेका प्रतिवेदनहरूका प्रतिलिपि आर्थिक तथा सामाजिक परिषद्लाई पनि पठाउन सक्नेछ । *धारा ४० (४)*

यस धाराको प्रकरण ४ बमोजिम गर्न सकिने कुनै टिप्पणीबारे आफ्नो राय यस प्रतिज्ञापत्रका राज्यपक्षले समितिलाई पेस गर्न सक्नेछन् । *धारा ४० (५)*

मानवअधिकार समितिलाई व्यक्तिले मानवअधिकार उल्लङ्घनका विषयमा राज्यविरुद्ध दिएको उजुरीमा समेत छानबिन गर्ने अख्तियार प्राप्त हुन्छ । *स्वैच्छिक उपलेखको धारा २*

समितिले दिएको सुझावअनुसार राज्यपक्ष मानवअधिकार उल्लङ्घनमा न्याय गर्न बाध्य छ ।

२. **यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धि**

यस महासन्धिअन्तर्गत राज्यहरूले स्वीकार गरेका दायित्वको पालना गराउन र सोको अनुगमन गर्नका लागि १० जना सदस्य रहने "यातनाविरुद्धको समिति" रहने व्यवस्था छ । यस समितिले अनुगमनको क्रममा निम्न कार्यहरू गर्दछ :

- राज्यपक्षहरूबाट महासन्धि-कार्यान्वयनको अवस्थाका सम्बन्धमा आवधिक प्रतिवेदन माग गर्ने,
- कुनै राज्यपक्षले महासन्धिअनुरूपको दायित्व निर्वाह गरेको छैन भन्ने उजुरी वा जानकारी समितिसमक्ष आएमा सो सम्बन्धमा अनुसन्धान गर्ने र त्यस्ता अनुसन्धानबाट प्राप्त जानकारी सार्वजनिक गर्ने, *धारा १७*
- राज्यले यातना दिएमा वा यातनाविरुद्ध प्रभावकारी कदम नचालेमा सो कार्यका विरुद्ध व्यक्तिगत यातनाका घटनाहरूको छानबिन गर्ने ।

३. **बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९**

यस महासन्धिले कसुरमा आरोपित बालबालिकालाई स्वच्छ न्यायिक कारबाईको अधिकारको प्रत्याभूति प्रदान गरेको छ। त्यस्ता अधिकारको कार्यान्वयन गर्न १० जना विशेषज्ञ रहेको "बालबालिकाको अधिकारसम्बन्धी समिति" रहने व्यवस्था छ। यस समितिसमक्ष राज्यपक्षले आवधिक प्रतिवेदन पेस गर्नुपर्छ। यस्तो प्रतिवेदन देहायबमोजिम प्रस्तुत गर्नुपर्छ : *धारा ४३ र ४४*

- सम्बन्धित राज्यपक्षको सम्बन्धमा महासन्धि लागू भएको दुई वर्षभित्र, र
- त्यसपछि प्रत्येक पाँच वर्षमा ।

४. **महिलाविरुद्धका सबै किसिमका भेदभावको उन्मूलन गर्ने महासन्धि, १९७९**

यस महासन्धिले महिलाविरुद्धका सबै प्रकारका भेदभावलाई उन्मूलन गर्न तथा राज्यपक्षले सो सम्बन्धमा गरेका दायित्व निर्वाहसम्बन्धी कार्यको मूल्याङ्कन गर्न यथेष्ट व्यवस्था गरेको छ। यसको लागि २३ जना विशेषज्ञहरू रहेको "महिलाविरुद्धका भेदभावउन्मूलन समिति" गठन हुन्छ। यस्तो समितिमा राज्यपक्षले देहाय बमोजिम आवधिक प्रतिवेदन पेस गर्नुपर्दछ : *धारा १७ र १८*

- सम्बन्धित राष्ट्रको हकमा महासन्धि प्रारम्भ भएको मितिले एक वर्षभित्र,
- तत्पश्चात् कम्तीमा प्रत्येक चार वर्षमा, तथा
- समितिले अनुरोध गरेको समयमा ।

## ग) अन्तर्राष्ट्रिय फौजदारी अदालत

*सुरक्षा परिषद्का अङ्गको रूपमा हाल रुआन्डाको सन् १९९२ - ९४ सम्मको नरसंहारविरूद्ध कारबाई गर्न र युगोस्लाभियामा भएको जाति हत्या तथा मानवअधिकारको अति उल्लङ्घनका दोषीहरूलाई कारबाई गर्न यसै प्रकृतिका तदर्थ अन्तर्राष्ट्रिय अदालतहरू स्थापना भएका छन् ।*

मानवअधिकारको गम्भीर उल्लङ्घन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनमा राज्यले उपयुक्त उपचार प्रदान गर्न नसकेमा वा नगरेमा त्यसको विरुद्ध अन्तर्राष्ट्रिय स्तरबाट न्यायका मान्य सिद्धान्तअनुरूप मुद्दा चलाउने निकायको रूपमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना भएको छ। मानवअधिकार र मानवीय कानुनको उल्लङ्घन गर्ने जोसुकै पक्ष (नेता वा विद्रोही) पनि यसको कार्यक्षेत्रभित्र पर्छन्। यिनीहरूको कार्यविधिसम्बन्धी आधारभूत व्यवस्था १९९८ मा १२० राज्यको बहुमतबाट पारित भएको अन्तर्राष्ट्रिय फौजदारी अदालत ऐनले गर्दछ। अन्तर्राष्ट्रिय फौजदारी अदालतले जहाँसुकै भएका मानवअधिकार र मानवीय कानुनको उल्लङ्घनमा कारबाई गर्न सक्ने अधिकार राख्दछ। सो अदालतसम्म पहुँचको लागि नियुक्त गरिएका अभियोजकमार्फत मुद्दा दायर गरिन्छ। यस्तो अभियोजकले जुनसुकै स्रोतलाई मुद्दाको लागि सूचनाको स्रोत मान्न सक्दछ। यस अदालतको एउटा महत्त्वपूर्ण विशेषता भनेको यसमा अपवादसर्त राख्न पाइँदैन। अतः जुनसुकै राष्ट्रका विरुद्धमा उजुरी परेमा अदालतको क्षेत्राधिकार सिर्जना हुन्छ।

●

# परिच्छेद २

# स्वच्छ सुनवाइ र न्यायपालिका


| | | |
|---|---|---|
| १. | स्वतन्त्रताको अधिकार | २२ |
| २. | गिरफ्तारी र थुनछेक स्वेच्छाचारी हुने अवस्था | २३ |
| ३. | मुद्दाको पुर्पक्ष र थुना | २४ |
| ४. | कानुनको उल्लङ्घनविना सजायभागी बनाउन नहुने | २७ |
| ५. | कसैलाई पनि आफैविरुद्ध साक्षी हुन कर नलाग्ने | २७ |
| ६. | हिरासत वा थुनामा रहेकालाई यातना दिन नहुने | २८ |
| ७. | कानुनले तोकेभन्दा बढी सजाय नहुने | २९ |
| ८. | समानता, खुलापन तथा पीडितको व्यक्तिगत हितको रक्षा | २९ |
| ९. | अभियोगको जानकारी बुझ्ने गरी तुरुन्त पाउनुपर्ने | ३० |
| १०. | प्रतिरक्षाको अधिकारको जानकारी पाउनुपर्ने | ३० |
| ११. | कानुनी सहायता प्राप्त गर्ने अधिकार | ३० |
| १२. | अनुचित ढिलाइविनाको सुनवाइ | ३३ |
| १३. | सुनवाइमा उपस्थित हुन पाउने | ३४ |
| १४. | आफूविरुद्धका साक्षीको परीक्षण (जिरह) गर्न पाउने | ३४ |
| १५. | दोभाषेको सुविधा उपलब्ध गराउनुपर्ने | ३४ |
| १६. | मुद्दा हेर्ने अधिकारीको आदेशबेगर थुनामा राख्न नहुने | ३४ |
| १७. | म्याद थप र कानुनी प्रतिनिधित्व | ३४ |

अन्यायबाट हुने पीडाभन्दा कठोर पीडा अरू हुँदैन । यो पीडाको उपचारका लागि स्वच्छ न्यायबाहेक अर्को विकल्प हुँदैन । स्वच्छ सुनुवाइ सभ्य न्यायप्रणालीको आधारस्तम्भ हो । न्याय गरेर मात्र हुँदैन, यसको अनुभूति पनि पक्षले गर्ने अवस्था बन्नुपर्छ भन्नुको तात्पर्य पनि यही हो । न्याय स्वच्छ भएन भने स्वेच्छाचारी देखिन्छ, जसले गर्दा समग्र न्यायप्रणालीप्रति जनआस्था र सम्मान घट्न जान्छ । सफल स्वच्छ न्यायले अरूमाथि थिचोमिचो गर्नेलाई कारबाईको भागी हुनुपर्दछ भनी सचेत गराउँछ र पीडितलाई संरक्षणको अनुभव पनि गराउँछ ।

विलम्बविना सुनुवाइ, पक्षहरूलाई आफ्ना कुरा भन्ने अवसर, आफूविरुद्धको साक्षीलाई जिरह गर्ने, कानुनले तोकेभन्दा बढी सजाय बेहोर्नु नपर्ने, स्वतन्त्र र निष्पक्ष न्यायिक निकायबाट न्यायसम्पादन गरिने, मुद्दाका प्रक्रिया र चरणचरणमा त्यसको विकास थाहा पाउने अवस्थाको सुनिश्चितताजस्ता कुरा स्वच्छ सुनुवाइका आधारभूत अवधारणा मानिन्छन् । स्वच्छ सुनुवाइ फौजदारी र देवानी दुवै खालका मुद्दामा अत्यावश्यक हुन्छ । यसो भए पनि धेरैजसो फौजदारी मुद्दा मानिसको जीवन, स्वतन्त्रता र मर्यादाको अधिकारसँग बढी नजिक हुने र मुद्दाको एक पक्ष सरकारजस्तो सबल निकाय हुने हुनाले स्वच्छ सुनुवाइको महत्त्व यसमा बढी हुन पुग्छ ।

"**दस जना अपराधी छुटून् तर एक जना निर्दोषले सजाय नपाओस्**" भन्ने कुरालाई फौजदारी न्यायसम्पादनको महत्त्वपूर्ण सिद्धान्त मानिएको छ । यसैले कुनै पनि व्यक्तिलाई लागेको अभियोग वा आरोपका सम्बन्धमा उसको दायित्व निश्चित गर्नुअगाडि स्वच्छ र स्वतन्त्र रूपमा अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइसाथ मुद्दाको पुर्पक्ष गरिनुपर्छ । स्वच्छ सुनुवाइमा एकातिर अभियुक्त वा शङ्कित व्यक्तिको मानवीय मर्यादाको प्रश्न हुन्छ भने अर्कातिर अपराधपीडितको न्यायको कुरा हुन्छ । स्वच्छ सुनुवाइले अपराधपीडित तथा अधिकारको दुरुपयोगका पीडित दुवैको न्यायको प्रत्याभूतिलाई रक्षा गर्न सक्नुपर्छ । यी कुरालाई नेपाल अधिराज्यको संविधान तथा विभिन्न अन्तर्राष्ट्रिय सन्धिसम्झौताले सुनिश्चित गरेका छन् । सुनुवाइ स्वच्छ के भए हुन्छ र के भए हुँदैन भन्ने कुराको निर्क्योल गर्ने आधारका लागि केही सिद्धान्त विकास भएका छन् । मुख्य रूपमा यससम्बन्धी सिद्धान्तहरूलाई निम्नानुसार हेर्न सकिन्छ :

## १. स्वतन्त्रताको अधिकार

| | |
|---|---|
| • हरेक मानिसलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार छ ।<br>• कसैलाई पनि जथाभावी पक्राउ, थुनछेक वा देशनिकाला गरिनेछैन ।<br>• कानुनबाट निर्धारित आधारमा वा कार्यविधिबमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिनेछैन । | *मानवअधिकार घोषणापत्रको धारा ३ र ९ एवं नागरिक अधिकार प्रतिज्ञापत्रको धारा ९(३)* |

नेपाल अधिराज्यको संविधान २०४७ ले "फौजदारी न्यायसम्बन्धी हक" अन्तर्गत स्वच्छ सुनुवाइका सम्बन्धमा निम्नानुसारको व्यवस्था गरेको छ :

- कानुनद्वारा निर्दिष्ट अवस्थामा कानुनद्वारा तोकिएको प्रक्रिया पूरा गरेर अधिकारप्राप्त निकायले मात्र कसैलाई गिरफ्तार गर्न वा निजको वैयक्तिक स्वतन्त्रतामा हस्तक्षेप गर्न पाउँछ ।

*कानुनको उल्लङ्घन नगरी कसैलाई पनि गिरफ्तार गर्न पाइँदैन ।*

*नेपालको संविधान, २०४७ को धारा १४*

- कसैले कुनै कसुर गरेको हो भन्ने शङ्का गर्ने उचित र पर्याप्त आधार र कारण नभई कसैलाई पनि गिरफ्तार गर्नु हुँदैन ।
- कुनै पनि व्यक्तिलाई गिरफ्तार गर्दा वा निजको वैयक्तिक स्वतन्त्रता हरण गर्दा संविधान, कानुन तथा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अध्यालेखहरूले तोकेको सारभूत र कार्यविधिगत प्रक्रिया अनिवार्य रूपमा पूरा गरेको हुनुपर्दछ ।
- कानुनले तोकेको प्रक्रिया पूरा नगरी कसैलाई गिरफ्तार वा थुनछेक गर्ने कार्य स्वेच्छाचारी हुन जान्छ ।

## २. गिरफ्तारी र थुनछेक स्वेच्छाचारी हुने अवस्था

निम्न किसिमको गिरफ्तारी र थुनछेक स्वेच्छाचारी हुन जान्छ :

*अधिकारविहीन निकायको आदेशमा वा अनिवार्य कार्यविधि पूरा नगरी तथा कानुनले तोकेको हद नाघी गरिएको गिरफ्तारी र थुनछेक स्वेच्छाचारी मानिन्छ ।*

- कुनै पनि व्यक्तिलाई जुन कानुनको उल्लङ्घन गऱ्यो भनी गिरफ्तार गरिएको हो, त्यो कानुन आफैमा अस्पष्ट, बहुअर्थी वा संविधानप्रदत्त मौलिक हकको प्रयोगमा अनुचित रोक लगाउने प्रकृतिको छ भने;
- अधिकारविहीन निकाय वा अधिकारीबाट गरिएको वा त्यस्ता निकाय वा अधिकारीको आदेशमा गरिएको गिरफ्तारी र/वा थुनछेक;
- अनिवार्य रूपमा पूरा गर्नुपर्ने कार्यविधि पूरा नगरी गरिएको गिरफ्तारी र/वा थुनछेक; र
- कानुनले तोकेको सीमा वा म्याद नाघेर गरिएको गिरफ्तारी र/वा थुनछेक ।

## ३. मुद्दाको पुर्पक्ष र थुना

*मुद्दाको पुर्पक्षको क्रममा यथाशक्य थुनामा राख्नु हुँदैन ।*

मानवअधिकारका अन्तर्राष्ट्रिय अध्यालेखहरूले मुद्दाको पुर्पक्षका सिलसिलामा सकेसम्म थुनामा नराखी सुनुवाइ गर्ने कुरा सिफारिस गरेका छन् । अपराध गरेको भन्ने आरोप लागेको व्यक्तिलाई मुद्दा हेर्ने निकायले दोषी प्रमाणित नगर्दासम्म निर्दोष मान्नुपर्ने हुन्छ । थुनामा राखिएको आरोपित व्यक्ति निर्णय हुँदा निर्दोष साबित हुन पनि सक्दछ ।

*टोकियो नियम, मानवअधिकार घोषणापत्रको धारा ११ (१) र नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४ (२)*

कुनै मानिस थुनामा रह्यो र पछि निर्दोष ठहऱ्यो भने उसको त्यसबीचको समय र स्वतन्त्रता राज्यले फिर्ता गर्न सक्दैन । उसको खोसिएको स्वतन्त्रताको क्षतिपूर्ति दिएर पनि पूर्णतः प्रतिपूर्ति हुन सक्दैन । यसैले सुनुवाइ वा पुर्पक्षको सिलसिलामा थुनछेक गर्ने कुरालाई अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गर्नुपर्ने मान्यता कायम भएको छ ।

फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको जुनसुकै व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीसमक्ष तुरुन्त उपस्थित गराउनुपर्दछ । त्यस्तो व्यक्तिलाई उचित समयावधिभित्र सुनुवाइ गरी पाउने वा छुटकारा पाउने अधिकार हुन्छ । पुर्पक्षमा रहेका व्यक्तिलाई थुनामा राख्नु सामान्य नियम नभएर अपवादको रूपमा मात्र लिनुपर्छ । न्यायिक कारबाईको कुनै पनि चरणमा आवश्यक भएमा फैसला कार्यान्वयनको लागि उपस्थित हुने प्रत्याभूतिमा अभियुक्तलाई छाड्नुपर्दछ ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा ९ (३)*

**बालबिज्याइँसम्बन्धी व्यवस्था**

बालबालिकालाई कानुनतः पुर्पक्षको क्रममा थुनामा राख्ने मान्यता र दृष्टिकोणमा परिवर्तन भएको छ र नयाँ मान्यता स्थापित भएको छ । सो मान्यतालाई मानवअधिकार तथा अपराध रोकथामसम्बन्धी अन्तर्राष्ट्रिय अध्यालेखहरूमा समेत समेटिने गरेको पाइन्छ ।

बालबालिका उमेर र विकासक्रमका कारण निर्णय क्षमतामा अपरिपक्व हुने हुँदा उनीहरूलाई वयस्क व्यक्तिको तुलनामा कानुनले नै केही बढी सहुलियत र सुविधा प्रदान गरेको छ । बालबालिकाले कुनै पनि कार्य गर्दा त्यसको परिणामको ख्याल नगरी वा असावधानीवश गरेका हुन्छन् । उनीहरूमा आपराधिक कार्य गर्ने दुषित मनसाय रहेको हुँदैन भन्ने मानिन्छ ।

उनीहरूले गर्ने त्यस्ता कानुनविपरीतका कार्यमा उनीहरूलाई सजाय नगरी समाजमा पुनःस्थापित गरी सुधिने मौका दिई जिम्मेवार नागरिक बनाउने वातावरणतर्फ विश्वसमुदाय प्रयत्नशील रहेको पाइन्छ। यस मान्यतालाई न्यायिक कार्यमा संलग्न कर्मचारीहरूले पनि मनन गरी कार्यान्वयन गर्ने तर्फ प्रेरित हुनुपर्ने भएकोले नेपालको परिप्रेक्ष्यमा निम्न प्रावधाहरूलाई ख्याल गर्नुपर्ने हुन्छ।

बालअभियुक्तलाई बयस्कहरूबाट अलग राखिनेछ र जति सक्दो चाँडो तिनीहरूको मुद्दा किनारा लगाइनेछ।

थुनछेक प्रणालीमा सुधार र सामाजिक पुनःस्थापनाको लक्ष्य रहेको बन्दीप्रति गरिने व्यवहार समावेश हुनेछ। बालअपराधीलाई बयस्कबाट अलग राखिनेछ र उनीहरूको उमेर तथा कानुनी अवस्थासुहाउँदो व्यवहार गरिनेछ।

*नागरिक अधिकार प्रतिज्ञपत्र*

*धारा १०(२)(ख) र १०(3)*

राज्य पक्षहरू निम्न कुरा निश्चित गर्दछन्:

बालबालिकालाई यातना दिइने वा अन्य कुनै क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन। १८ बर्षभन्दा कम उमेरका व्यक्तिद्वारा गरिएको अपराधका लागि मृत्युदण्डको सजाय गरिनेछैन र रिहाई पाउन नसक्ने किसिमको आजीवन कारावासको सजाय पनि दिइनेछैन।

उनीहरूको स्वतन्त्रताबाट बालबालिकालाई गैरकानुनी रूपमा वा जथाभावी वन्चित गरिनेछैन। बालबालिकाको गिरफ्तारी, थुनछेक वा कैदसजाय कानुनअनुरूप मात्र हुनेछ र सो पनि अन्तिम उपायको रूपमा सम्भव भएसम्म उपयुक्त छोटो अवधिको लागि मात्र अपनाइनेछ।

*बालअधिकार-सम्बन्धी महासन्धिको धारा ३७ (क) (ख) र (ग)*

स्वतन्त्रताबाट वञ्चित प्रत्येक बालबालिकालाई मानवीयता र मानवव्यक्तिको अन्तरर्निहित मर्यादाको आदर गरेर र उमेरलाई ख्याल गरेर व्यवहार गरिनेछ। खास गरी, स्वतन्त्रताबाट वञ्चित प्रत्येक बालबालिकालाई निजको सर्वोपरि हितका दृष्टिले अन्यथा आवश्यक भएमा बाहेक बयस्कबाट अलग्गै राखिनेछ र अपवादजनक परिस्थितिमा बाहेक निजलाई पत्राचार र भेटघाटको माध्यमबाट आफ्ना परिवारसँग सम्पर्क राख्ने अधिकार हुनेछ।

बालकप्रति क्रूर वा यातनापूर्ण व्यवहार गर्न हुँदैन।

*बालबालिका-सम्बन्धी ऐनको दफा ७*

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बालकलाई नेल हतकडी लगाउन, एकान्त कारावासमा राख्न वा कुनै अपराध गरेबापत कैदको सजाय पाएमा उमेर पुगेका कैदीको साथमा राख्नु हुँदैन ।

*बालबालिका-सम्बन्धी ऐनको दफा १५*

(१) श्री ५ को सरकारले आवश्यकतानुसार बालसुधारगृहको स्थापना गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको बालसुधारगृहमा देहायका बालकहरूलाई राखिनेछ :

(क) कुनै कसुरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानुनबमोजिम थुनामा बस्नुपर्ने बालक,

(ख) प्रचलित कानुनबमोजिम कैदको सजाय पाएकोमा सो बमोजिम कैदमा जानुपर्ने बालक

*बालबालिका-सबन्धी ऐनको दफा ४२ (१) र (२)(क)(ख)*

बालबालिकासम्बन्धी ऐन २०४८ मा भएको व्यवस्थाअनुसार १६ बर्ष उमेर नपुगेका नाबालकको हकमा सोही ऐन लागू हुने स्पष्ट कानुनी व्यवस्था भएको पाइन्छ। बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ४२ को उपदफा (२) (क) ले कुनै कसुरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानुनबमोजिम थुनामा बस्नुपर्ने बालकलाई बालसुधारगृहमा राखिने स्पष्ट व्यवस्था भइरहेको देखिएकाले मुलुकी ऐन अ.बं. को ११८ (२) बमोजिम पुर्पक्षका लागि कारागार शाखामा थुनामा राख्ने गरेको बाँके जिल्ला अदालतको मिति २०५७/७/२७ को आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको आदेशसमेत कानुनसम्मत नदेखिँदा बदर भई बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा निज बब्लु गोडिया केन्द्रीय कारागार शाखा नेपालगन्जको कारागारबाट मुक्त हुने ठहर्छ ।

*बब्लु गोडीयाको हकमा आशिष अधिकारी विरुद्ध श्री ५ को सरकार गृह मन्त्रालय समेत २०५७ सालको रिट नं. ३३८०, श्री सर्वोच्च अदालत आदेश मिति ०५७/१२/०२*

बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ४२ (१) अनुसार श्री ५ को सरकारले आवश्यकताअनुसार बालसुधारगृहको स्थापना गर्ने र ऐ. को दफा ४२ (३) ले दफा ४२ (१) अनुसार बालसुधार गृह स्थापना नभएको अवस्थामा अन्य व्यक्ति वा निकायद्वारा सञ्चालित गरिएको बालकल्याणगृह, अनाथालय वा केन्द्रलाई श्री ५ को सरकारले त्यस्तो व्यक्ति वा निकायले स्वीकृति लिई अस्थायी रूपमा बालसुधारगृहको रूपमा उपयोग गर्न सक्नेछ भन्ने व्यवस्था पनि भएको पाइन्छ। निवेदकलाई प्रचलित कानुनबमोजिम फौजदारी अभियोग लागि मुद्दामा पुर्पक्षको लागि थुनामा राख्नुपर्ने अवस्थामा उक्त ऐनको दफा ४२ (३) मा भएको व्यवस्था अनुसारको बालसुधारगृहमा राख्न लगाउने व्यवस्था गर्नू भनी विपक्षी बाँके जिल्ला अदालत र श्री ५ को सरकार गृहमन्त्रालयसमेतका नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

...अन्तर्राष्ट्रिय अभिसन्धि बालबालिकासम्बन्धी ऐन तथा प्रतिपादित नजिरसमेतले अरू बयस्क साथमा कारागारमा बालबालिकालाई थुना वा कैदमा राख्न मिल्ने देखिएन... । अत : बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ४२ (१) बमोजिम बालसुधारगृह स्थापना गरी ऐ. उपदफा (२) बमोजिम गर्नुपर्ने र सोअनुरूप नभएमा ऐ. दफा ४२(३) बमोजिम गर्नुपर्नेमा सोअनुरूप नगरी कारागारमा कैदको सजाय भोग्नुपर्ने गरी गरेको धनकुटा जिल्ला अदालतको ०५७/०३/०६ को फैसलाको तपसिल खण्ड कानुनसङ्गत नदेखिँदा निवेदकलाई कारागारबाट मुक्त गरी भइरहेको कानुनी व्यवस्थाअनुरूप गर्नुगराउनुपर्ने दायित्व श्री ५ को सरकारको भएकोले निवेदक केशव खड्काको हकमा बालबालिकासम्बन्धी ऐन २०४८ को दफा ४२(१) अनुरूप र सो नभएमा ऐ को दफा ४२(३) बमोजिम गर्नू-गराउनू भनी श्री ५ को सरकार गृहमन्त्रालय तथा जिल्ला प्रशासन कार्यालय, कारागार शाखा धनकुटासमेतका नाउँमा परमादेश जारी हुने ।

*केशव खड्काको हकमा अधिवक्ता आशिष अधिकारी विरुद्ध पुनरावेदन अदालत धनकुटा समेत, सम्बत् ०५७ सालको रिट नं. ३६८५, मुद्दा- बन्दीप्रत्यक्षीकरण, श्री सर्वोच्च अदालत आदेश मिति ०५८/०१/२८*

## ४. कानुनको उल्लङ्घनविना सजायभागी बनाउन नहुने

*कानुनको स्पष्ट उल्लङ्घन भएमा मात्र सजाय गर्न सकिन्छ ।*

कानुनी राज्यको अवधारणाअनुरूप कसैलाई पनि सजाय गर्दा उसले कानुनको स्पष्ट उल्लङ्घन गरेको प्रमाणित हुनुपर्दछ। कानुनले किटान गरी *'गर्नू भनेको कार्य नगरे वा नगर्नू भनेको गरेको'* अवस्थामा मात्र कसुर गरेको कुरा स्थापित हुन सक्छ। कसैले कसैलाई हानि पुऱ्याएको ठान्दैमा वा कसैले गरेको काम कसैलाई गलत हो भन्ने लाग्दैमा मात्र पक्राउ गर्ने, थुनछेक गर्ने वा सजाय गर्ने कुरा होइन। नेपाल अधिराज्यको संविधानले तत्काल प्रचलित कानुनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी नहुने प्रत्याभूत गरेको छ। कसैलाई पनि सजाय गर्न उसले कानुनले स्पष्ट रूपमा नगर्न भनेको कार्य गरेको वा गर्न भनेको कार्य नगरेको निसन्देह स्थापित हुनुपर्छ।

*नेपालको सविधानको धारा १४(१)*

## ५. कसैलाई पनि आफै विरुद्ध साक्षी हुन कर नलाग्ने

कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफूविरुद्ध हुने गरी कुनै कुरा गर्न कर लाउन हुँदैन। अपराध गरेकै भए पनि यस्तो कुराको सबुतप्रमाण र अन्य साक्षीहरूको मद्दतले निधो गर्नुपर्छ। कसैले आफ्नो स्वेच्छाले आफूविरुद्ध केही भन्छ भने त्यो उसको कुरा हो तर कुनै पनि अभियोगको निरूपणका लागि आफ्नै खिलाफमा बोल्न वा अपराध स्वीकार गर्न तथा सोका लागि प्रमाण दिन बाध्य गराउनु भनेको अख्तियारीको दुरुपयोग गर्नु हो। यसबाट एउटा अन्यायको निदान गर्ने नाममा अर्को अन्याय सुरु हुन्छ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४(३)(छ)*

कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइनेछैन । *नेपालको संविधान को धारा १४(३)*

## ६. हिरासत वा थुनामा रहेकालाई यातना दिन नहुने

*यातना मानवताविरुद्धको अपराध हो ।*

विश्वसमुदायले यातनालाई मानवताविरुद्धको अपराध मानेको छ । यातनाले मानिसको शारीरिक, मानसिक तथा सामाजिक क्षमताको तेजोबध गर्छ । सभ्य मानवसमाजका लागि यो अशोभनीय कार्य भएको र यसको असर लामो समयसम्म रहिराख्ने भएकाले यसलाई निषिद्ध कार्य मानिएको हो । यसैले यातना दिएर गरिएको सोधपुछबाट उठान गरिएको अभियोजन स्वच्छ न्यायको अवधारणाप्रतिकूल हुन्छ ।

*यातनाबाट संरक्षण प्रदान गर्ने घोषणापत्रको धारा २*

*यातना दिन, वा सो दिने उद्योग गर्न, मतियार हुन वा दिइएको यातना लुकाइदिन समेत हुँदैन*

यातनासम्बन्धी महासन्धिले राज्यपक्षलाई यातनाका सबै स्वरूपलाई फौजदारी कसुर घोषित गरी दण्डनीय बनाउनुपर्ने जिम्मेवारी दिएको छ । यसअनुसार यातना दिनुभनेको फौजदारी अपराध गर्नु हो । यातना दिन आदेश दिने, यातना दिने वा त्यसमा मतियार बन्ने सबै कार्य फौजदारी कसुर हुन्छन् । कुनै अपराधको अनुसन्धान वा पुर्पक्षका क्रममा कसैलाई यातना दिनु भनेको एक अपराधको निदान गर्ने नाममा अर्को कसुर गरेर अख्तियारीको दुरुपयोग गर्नु हो । आपराधिक कामबाट न्याय सम्पादन होइन स्वेच्छाचारी कारबाई हुन्छ ।

*यातनाविरुद्धको महासन्धिको धारा ४*

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले पनि कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिने छैन भन्ने प्रत्याभूति प्रदान गरेको छ ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा ७*

गैरकानुनी थुनामा रहेको प्रत्येक व्यक्तिलाई क्षतिपूर्ति पाउने अधिकार हुनेछ ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा ८(५)*

अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिनेछैन । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारित गरेबमोजिम क्षतिपूर्ति दिइनेछ ।

*नेपालको संविधानको धारा १४ (४)*

कसैलाई यातना दिएको प्रमाणित भएमा एक लाख रुपैयासम्म क्षतिपूर्ति भराई दिने व्यवस्था यातनासम्बन्धी क्षतिपूर्ति ऐनमा छ ।

*यातनासम्बन्धी क्षतिपूर्ति ऐनको दफा ६(१)*

## ७. कानुनले तोकेभन्दा बढी सजाय नहुने

जुन कुरा गर्दा कानुनअनुसार अपराध हुन्छ र त्यसका लागि सो कानुनले जति सजाय तोकेको हुन्छ त्योभन्दा बढी सजाय कसैले पनि पाउनु हुँदैन। कुनै कसुर गर्दाको समयमा बहाल रहेको कानुनले तोकेको भन्दा बढी सजाय हुन सक्दैन। कसुर गर्दाको समयको कानुनले बढी सजाय राखेकोमा पछि कानुन बदलिएर कम सजायको व्यवस्था भयो भने यस्तो फाइदा लिन कसुरदारलाई दिनुपर्छ तर कानुनले पछि सजाय बढायो भने बढी सजाय गर्न पाइँदैन।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १५(१)*

...कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानुनमा तोकिएभन्दा बढी सजाय दिइनेछैन।

*नेपालको संविधानको धारा १४ (१)*

## ८. समानता, खुलापन तथा पीडितको व्यक्तिगत हितको रक्षा

*खुला इजलासमा पुर्पक्ष हुनु स्वच्छ सुनुवाइको सामान्य नियम हो तर अपवादस्वरूप सीमित अवस्थामा मात्र बन्द इजलासबाट सुनवाइ गरिन्छ ।*

अदालत वा न्याय निरूपण गर्ने निकायका लागि सबै बराबर हुन्। बराबर मानिएका पक्षको सुनुवाइ खुला रूपमा भएमा नै दुवै पक्षले समान व्यवहार गरेको अनुभव गर्न सक्छन्। मानवअधिकारका अन्तर्राष्ट्रिय सिद्धान्तले कुनै अभियोगमा कसैको अधिकार र कर्तव्यको निदान गर्ने काम खुला अदालतबाट गरिनुपर्ने व्यवस्था गरेका छन्।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४(१)*

खुलापन स्वच्छ सुनुवाइको आधारभूत नियम नै हो तापनि यसमा सीमित अपवाद पनि रहेका छन्। सार्वजनिक वा खुला रूपमा पुर्पक्ष गर्नाले कुनै पक्षलाई बाँकी जीवनमा थप पीडा वा हैरानी नथपोस् वा पीडितले न्यायिक प्रक्रियामा आफू पुनःपीडित भएको अनुभव गर्नु नपरोस् भन्ने हिसाबले यस्ता अपवाद स्वीकार गरिएका हुन्। बालबालिकासँग सम्बन्धित, जवर्जस्ती करणी, जीउ मास्ने बेच्ने, नाताकायम, सम्बन्धविच्छेदसम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाइ गर्न मनासिव नभएको भनी अदालतले बन्द इजलासबाट हेर्न आदेश भएका मुद्दाको सुनुवाइ बन्द इजलासमा हुन्छ।

*जि.अ.नि.को नियम ४६ख (१)*

## ९. अभियोगको जानकारी बुझ्ने गरी तुरुन्त पाउनुपर्ने

कुनै पनि कसुरको अभियोग लागेको व्यक्तिलाई आफूविरुद्ध लगाइएको अभियोगको कारण र प्रकृति जान्न पाउने अधिकार हुन्छ। यस्तो जानकारी उसले बुझ्ने भाषामा पाउनुपर्छ। यस्तो जानकारी उसले अभियोग लगाइनासाथ पाउनुपर्छ। लागेको अभियोगबारे अलमलमा राखेर कसैको स्वतन्त्रताबाट वञ्चित गर्नु हुँदैन।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४(३)(क)*

पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिनेछैन।

*नेपालको संविधानको धारा १४(५)*

आफूउपर लगाइएको कसुरको कारण र प्रकृतिका सम्बन्धमा विस्तारपूर्वक जानकारी पाएमा आरोपित कसुर गरेको हो होइन वा त्यसमा उसको दायित्व के छ भन्ने बारेमा शङ्कित व्यक्तिले प्रतिरक्षाको तयारी गर्न सक्छ, आफ्ना भन्ने कुरा तयार गर्न सक्छ र समानतामा आधारित भएर सुनुवाइ हुन सक्छ।

## १०. प्रतिरक्षाको अधिकारबारे जानकारी पाउनुपर्ने

अभियोग लागेको कुनै पनि व्यक्तिलाई आफूउपर लागेको आरोपमा आफ्नो बचाउ खोज्ने अधिकार हुन्छ। यो अधिकारको सम्मान नगरी गरिएको सुनुवाइ स्वच्छ मानिन सक्दैन। अभियुक्तलाई प्रतिरक्षाको तैयारी गर्न पर्याप्त समय र सुविधा पाउने अधिकार भएकाले यस्तो समय र सुविधा उसलाई उपलब्ध नगराई मुद्दा चलाएको अवस्थामा सो कारबाई स्वच्छ हुँदैन।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४(३)(ख)*

## ११. कानुनी सहायता प्राप्त गर्ने अधिकार

अभियोग लागेको कुनै पनि व्यक्तिलाई आफूले रोजेको कानुनव्यवसायीसँग परामर्श गर्ने अधिकार हुन्छ। कसैलाई गिरफ्तार गरेर थुनामा लिएपछि उसको कानुनव्यवसायीसित सम्पर्क गर्न नदिनुभनेको उसको मानवअधिकारको हनन गर्नु हो। कानुनव्यवसायीसँग सम्पर्क गर्न नपाएमा अभियुक्तकै उपस्थितिमा सुनुवाइ नभएमा वा कानुनी प्रतिरक्षा गर्ने अवसरबाट वञ्चित गरिएमा पुर्पक्षको कारबाई स्वच्छ मानिन सक्दैन।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४(३)(ख) र (घ)*

यति मात्र होइन स्वच्छ सुनुवाइका लागि त कानुनव्यवसायी राख्ने र प्रतिरक्षा गर्ने उसको अधिकारबारे उसलाई सूचित गर्नुपर्छ । ऊ आफै कानुनव्यवसायी राख्न सक्ने अवस्थामा भए-नभएको पनि सोधिनुपर्छ । आफै कानुनव्यवसायी राख्न असमर्थ छ भने उसलाई कानुनव्यवसायीको सहयोग निःशुल्क उपलब्ध गराउने जिम्मेवारी राज्य र अदालतमा रहन्छ ।

निःशुल्क कानुनी सहायता पनि अनुभवी तथा दक्ष कानुनव्यवसायीबाट प्रदान गरिनुपर्दछ ।

*कानुनव्यवसायीको भूमिकासम्बन्धी सिद्धान्तको नं. ६*

पक्राउ भएको व्यक्तिलाई आफूले रोजेको कानुनव्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिनेछैन ।

कानुनी राज्यको सिद्धान्तअनुरूप सबैलाई समान रूपमा न्याय उपलब्ध गराउन असमर्थ पक्षको प्रतिनिधित्वका लागि निःशुल्क कानुनी सेवा उपलब्ध गराउने नीति राज्यले अवलम्बन गर्नेछ ।

*नेपालको संविधानको धारा २४(५) र धारा ५१ (१४)*

कानुनी सहायतासम्बन्धी ऐन, २०५४ बमोजिम तोकिएको वार्षिक आयभन्दा कम आय भएको व्यक्तिले ऐन बमोजिम कानुनी सहायता प्राप्त गर्न सक्ने व्यवस्था छ ।

*कानुनी सहायतासम्बन्धी ऐनको दफा ३*

ऐनको दफा ३ को प्रयोजनका लागि कानुनी सहायतासम्बन्धी नियमावली, २०५५ ले वार्षिक चालिस हजार रुपैयाभन्दा कम आय भएको भन्ने व्यवस्था गरेको छ ।

राज्यको तर्फबाट कानुन कार्यान्वयन गर्ने निकायले फौजदारी मुद्दाको अनुसन्धान सुरु गर्नासाथ शङ्कित व्यक्तिलाई निजले रोजेको कानुनव्यवसायीसँग सल्लाह लिन दिनुपर्छ। यसरी शङ्कित व्यक्तिलाई निजले रोजेको कानुनव्यवसायीसँग सल्लाह लिन अवरोध खडा भएमा वा नदिइएमा प्रतिरक्षाको अधिकारलाई पूर्ण रूपमा कुण्ठित गर्दछ। यस्तो अधिकार प्रदान नगर्दा दोषी प्रमाणित नभएसम्म निर्दोष मान्नु पर्ने एवं निष्पक्ष सुनुवाइ गरी पाउने अधिकारको उल्लङ्घन भएको मानिन्छ ।

कानुनी सहायतासम्बन्धी नियमावली २०५५ को नियम ६ को उपनियम २ मा कानुनी सहायता नदिने मुद्दाहरूको नाम किटान गरी भविष्यमा अरू मुद्दा पनि केन्द्रीय समितिले समयसमयमा किटान गर्ने प्रावधान सोही उपनियममा गरिएको देखियो । कानुनी सहायतासम्बन्धी ऐन २०५४ ले त्यस प्रकार खुल्ला र अनियन्त्रित रूपले नियम बनाउने अधिकार केन्द्रीय कानुनी सहायता समितिलाई प्रत्यायोजन गरिएको देखिँदैन । ...कानुनी सहायतासम्बन्धी ऐन, २०५४ ले प्रत्यायोजित गरेभन्दा बढी अधिकार ग्रहण गरी ऐनको उद्देश्य र भावनाविपरीत व्यवस्था गरेको देखिन आएको हुँदा संविधानको धारा ८८(१) अनुसार कानुनी सहायतासम्बन्धी नियमावली २०५५ को नियम ६ को उपनियम २ अमान्य र बदर घोषित गरिएको छ ।

*लीलामणी पौडेल विरुद्ध मन्त्रीपरिषद सचिवालयसमेत, संवैधानिक विवादमा सर्वोच्च अदालतका फैसला, भाग २ पृ २०*

कुनै पनि व्यक्ति र उसका कानुनव्यवसायीबीच भएको कुरा कसैका सामु पनि प्रकट गर्न सो व्यक्तिलाई कर गरिनेछैन ।

*कानुनव्यवसायीको भूमिकासम्बन्धी सिद्धान्त नं. २२*

थुनिएको वा कैद ठेकिएको व्यक्ति र निज कानुनी परामर्शदाताबीचको वार्तालाप कानुन कार्यान्वयन गर्ने अधिकारीले देख्ने गरी तर कुरा सुन्न नपाउने गरी हुन सक्छ ।

थुनिएको वा कैद ठेकिएको व्यक्ति र निजको कानुनी परामर्शदाताबीचको सञ्चारलाई अपराधको निरन्तरता दिने वा सोको इरादा नभएसम्म थुनिएको वा कैद ठेकिएको व्यक्तिविरुद्ध प्रमाणमा लिइनेछैन ।

*जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायमा रहेका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्तसङ्ग्रहको सि. नं. १८(४) र (५)*

*कानुनी सहायता पाउने जानकारी पाउनु पनि कानुनी सहायताभित्रकै अधिकार हो*

कानुनी सहायता पाउने अधिकार भित्र कुनै व्यक्तिले आफूले रोजेको कानुनव्यवसायीसँग सल्लाह लिन तथा निजद्धारा पुर्पक्ष गर्न पाउँछ भन्ने अधिकारको बारेमा थाहा नभएको व्यक्तिलाई निजले त्यस्तो अधिकारको उपभोग गर्न पाउँछ भन्ने कुराको जानकारी पाउने अधिकारसमेत पर्दछ ।

*यज्ञमूर्ति बन्जाडे वि. वाग्मती बिशेष अदालत समेत, ने.का.प. २०२७ पृष्ठ १५७*

**कानुनव्यवसायीले आफ्नो पक्षले दिएको जानकारी प्रकट गर्न नहुने :** कानुनव्यवसायीले आफूलाई नियुक्त गर्ने पक्षको लिखित अनुमति नलिई आफ्नो नियुक्तिको अवस्थामा वा सो गर्ने उद्देश्यले आफ्नो पक्ष वा निजको वारिसले दिएको कुनै जानकारी वा आफूलाई थाहा भएको कुनै लिखत व्यहोरा वा आफूले दिएको कुनै सल्लाह प्रकट गर्नु हुँदैन ।

*प्रमाण ऐनको दफा ४५*

*थुनुवाको बाहिरीया व्यक्तिसँगको पहुँचमा हस्तक्षेप हुनु हुँदैन ।*

थुनुवालाई उसको आफन्त, चिकित्सक, कानुनव्यवसायीहरू जस्ता नियमित सम्पर्कमा रहनुपर्ने व्यक्तिहरूसँग समय-समयमा भेटघाट गर्न दिइरहनुपर्दछ। यसरी भेटघाट गर्न नदिनाले थुनुवाको स्वास्थ्य, प्रतिरक्षा जस्ता अधिकारको हनन हुन्छ। लामो समयसम्म यसरी सम्पर्कविहीन अवस्थामा कसैलाई राख्नु नै आफैमा एक क्रूर, अमानवीय एवं अपमानजनक व्यवहार हो। कुनै पनि व्यक्तिलाई थुनामा राख्नासाथ वा एक स्थानमा थुनामा राखिएको व्यक्तिलाई अर्को स्थानमा स्थानान्तरण गर्नासाथ उसको परिवारलाई सो कुराको जानकारी दिनुपर्दछ।

*जुनसुकै स्वरूपको थुनछेक वा कैदसजायमा रहेका सबै व्यक्तिको संरक्षणसम्बन्धी सिद्धान्त सङ्ग्रहको सिद्धान्त नं. १६, १७, १८*

## १२. अनुचित ढिलाइविनाको सुनुवाइ

*"ढिलो न्याय दिनु न्याय नदिनु हो ।"*

अनुचित विलम्वविना सुनुवाइ गर्न पाउने अधिकार स्वच्छ सुनुवाइको सारपूर्ण कुरा हो। *"ढिलो न्याय दिनु न्याय नदिनु हो"* भन्ने सिद्धान्त न्यायको मान्य सिद्धान्त नै हो। छिटोछरितो तथा सर्वसुलभ न्यायिक कारबाईले स्वच्छ न्यायलाई स्थापित गर्दछ। सुनुवाइमा भएको अनुचित विलम्बले न्यायको मूलभूत उद्देश्य नै समाप्त गर्दछ। त्यसैले मुद्दाको सुनुवाइ गरिँदा न्यायका उपभोक्तालाई औचित्यविनाको ढिलासुस्ती र अलमलको सिकार बनाइनु हुँदैन। विलम्बरहित तबरले गरिएको सुनुवाइबाट मात्र स्वच्छ सुनुवाइ प्रत्याभूति हुने कुरा विश्वसमुदायले स्वीकार गरेको पाइन्छ।

प्रत्येक व्यक्तिविरुद्धको कुनै फौजदारी अभियोग निर्धारणमा समानताका आधारमा प्रदान गरिने न्यूनतम प्रत्याभूतिमध्ये अनुचित विलम्बविना सुनुवाइ गरिने कुरा त्यस्तो व्यक्तिको एउटा महत्त्वपूर्ण अधिकार हो।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४ (३) (ग)*

सुनुवाइमा हुने अनुचित विलम्बले जनमानसमा न्याय र अदालतप्रतिको विश्वासमा कमी ल्याउँछ। अदालतमा न्यायको आशा गर्नेहरूमा निराशा बढ्छ। पक्षका मानवअधिकार र स्वतन्त्रताहरू अनावश्यक रूपमा निलम्बित हालतमा रहने भएकाले यसबाट उनीहरूमाथि उल्टो अन्याय थपिएको अनुभव हुन थाल्छ। यस कारण न्याय क्षेत्रमा काम गर्ने सबैले आफ्नो कारणबाट हुन सक्ने ढिलाइको सम्भावनाप्रति सचेत भएर त्यसलाई टार्न संवेदनशीलतासाथ आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्छ।

## १३. सुनुवाइमा उपस्थित हुन पाउने

मुद्दाको सुनुवाइमा सम्बन्धित व्यक्तिलाई उपस्थित हुन पाउने अधिकार हुन्छ ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४(३)(घ)*

## १४. आफूविरुद्धका साक्षीको परीक्षण (जिरह) गर्न पाउने

मुद्दामा कुनै पनि व्यक्तिले आफूविरुद्धका साक्षीहरूको परीक्षण वा जिरह गर्न पाउँछ ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४ (३) (ङ)*

## १५. दोभाषेको सुविधा उपलब्ध गराउनुपर्ने

अभियुक्तले आफूविरुद्धको अभियोगको सुनुवाइमा अदालतमा प्रयोग भएको भाषा आफूले बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको सेवा निःशुल्क पाउँछ ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४ (३) (च)*

## १६. मुद्दा हेर्ने अधिकारीको आदेशबेगर थुनामा राख्न नहुने

कुनै पनि व्यक्तिलाई गिरफ्तार गर्नासाथ मुद्दा हेर्ने अधिकारीसमक्ष लगी उसको आदेशले मात्र थुनामा राख्नुपर्दछ। कसैलाई पनि मुद्दा हेर्ने अधिकारीको आदेशबेगर २४ घण्टाभन्दा बढी थुनामा राख्न हुँदैन ।

*नेपालको संविधानको धारा १४(६)*

यसरी मुद्दा हेर्ने अधिकारीसमक्ष पेस भएको अवस्थामा मुद्दा हेर्ने अधिकारीले निम्न कुराहरू विचार गरेर मात्र थुनामा राख्ने वा नराख्ने आदेश दिनुपर्दछ :

- थुनामा राख्न पर्याप्त कानुनी आधार छ, छैन ?
- मुद्दाको पुर्पक्षपूर्व थुनामा राख्नु जरुरी छ, छैन, पर्याप्त आधार र कारण छ,, छैन ?
- थुनुवाको सुरक्षाको उचित प्रवन्ध छ, छैन ?
- थुनुवाको मौलिक हकको रक्षा भएको छ, छैन ?

*स.मु.स.ऐनको दफा १५ (२)(४)*

## १७. म्याद थप र कानुनी प्रतिनिधित्व

कुनै पनि फौजदारी मुद्दामा अनुसन्धान गर्न अनुमति मागिएको अवस्थामा "थुनामा राखी अनुसन्धान" गरियोस् भन्ने प्रहरीको आग्रहलाई हिरासतमा रहेका बन्दीले चुनौती दिन पाउँछ। त्यस्तो अवस्थामा शङ्कित व्यक्तिले चाहेमा कानुनव्यवसायीको प्रतिनिधित्व गराई म्यादथपका आधार र कारणबारे सुनुवाइ गराइमाग्न पाउँछ ।

●

परिच्छेद ३

# न्यायपालिकाको स्वतन्त्रतासम्बन्धी अवधारणा


| | | |
|---|---|---|
| १. | सङ्गठनात्मक स्वतन्त्रता | ३६ |
| २. | कार्यगत स्वतन्त्रता | ३७ |
| ३. | परिस्थितिजन्य स्वतन्त्रता | ४२ |

न्याय, स्वतन्त्रता र समानता मानिसका आधारभूत मानवअधिकार हुन् । कानुनी शासनको अवधारणाअनुरूप राज्यव्यवस्था सञ्चालन भएमा मात्र यी अधिकारहरूको संरक्षण हुन सक्दछ । कानुनको शासन भन्नाले शासनको सञ्चालन कानुनअनुसार गर्नु हो । कानुन जायज र वैधतामा आधारित हुनुपर्छ । त्यस्तै सबै कार्यमा कानुनको सर्वोच्चता कायम भएको हुनुपर्छ, कानुनको प्रयोग स्वेच्छाचारी ढङ्गबाट भएको हुनु हुँदैन र कानुनको प्रयोगमा सबैलाई समान व्यवहार गरिनुपर्छ भन्ने सारभूत सिद्धान्त पनि कानुनको शासनका मान्यताभित्र पर्न आउँछन् ।

अझ महत्त्वपूर्ण कुरा कानुनी शासनको अवधारणाले स्वतन्त्र एवं सक्षम न्यायपालिकालाई अनिवार्य मान्दछ । कानुन र संविधान स्वयंको संरक्षण पनि न्यायपालिकाको स्वतन्त्रता र सक्षमतामा आधारित हुन्छ । त्यसैले कुनै मुलुक नागरिकको मौलिक हक एवं मानवअधिकारप्रति कति प्रतिबद्ध छ भन्ने कुरा त्यहाँको न्यायपालिका कति स्वतन्त्र र सक्षम छ भन्ने आधारमा हेर्ने गरिन्छ । मानवअधिकारको संरक्षणका लागि न्यायिक स्वतन्त्रतालाई पूर्वसर्तका रूपमा लिइन्छ । यस रूपले मानवअधिकारको संरक्षण र न्यायपालिकाको स्वतन्त्रताबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ ।

संयुक्त राष्ट्रसङ्घले सबै सदस्य राष्ट्रमा स्वतन्त्र न्यायपालिकाको स्थापना र सञ्चालन हुनुपर्ने मान्यता राखेको छ । यसका लागि सम्बन्धित सदस्यराष्ट्रको सरकारले संयुक्त राष्ट्रसङ्घद्वारा पारित मापदण्डका आधारमा कानुन निर्माण गर्ने र सोहीअनुरूपको आचरण र व्यवहार गर्नुपर्ने हुन्छ । नेपालमा नेपाल अधिराज्यको संविधान २०४७ द्वारा स्वतन्त्र एवं सक्षम न्यायप्रणालीको स्थापना गरी कानुनी राज्यको अवधारणालाई साकार पार्ने प्रतिबद्धता जाहेर गरिएको छ । संविधान एवं कानुनले उद्घोषण गर्दैमा न्यायपालिकाको स्वतन्त्रता कायम भइहाल्दैन । यसरी स्थापित न्यायपालिका न्यायिक स्वतन्त्रताका मान्यता आत्मसात गरी सञ्चालन पनि हुनुपर्दछ । न्यायिक स्वतन्त्रताका आधारभूत मान्यताहरूलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

## १. सङ्गठनात्मक स्वतन्त्रता

न्यायपालिकाको सङ्गठनात्मक स्वतन्त्रता भन्नाले यसको सङ्गठनात्मक संरचनाको निर्धारणमा सरकारी हस्तक्षेप हुन नहुने कुरालाई बुझिन्छ । सङ्गठनात्मक संरचनाभित्र कति तहका अदालतहरू राख्ने, कति संख्यामा राख्ने, कुनकुन ठाउँमा राख्नेजस्ता विषयवस्तु समावेश हुन्छन् । यसै गरी विभिन्न तहका अदालतमा रहने न्यायाधीशहरूको संख्या, तिनीहरूको नियुक्ति, सरुवा, बढुवा, योग्यता, पारिश्रमिक र सेवाका अन्य सर्त पनि यसअन्तर्गत पर्ने विचारणीय कुरा हुन् ।

जथाभावी गरिने अदालतको स्थापना र न्यायाधीशको नियुक्तिले न्यायपालिकाको समग्र काम कारबाई प्रभावित बन्न जान्छ । यसै गरी न्यायाधीशको सेवा र सुविधाको सुरक्षासम्बन्धी कुराले तिनीहरूको कार्यसम्पादनमा असर पर्दछ । न्यायाधीशहरूले खाइपाई आएको पारिश्रमिक र सुविधा घटाउने, तिनीहरूको सरुवा र बर्खास्ती सरकारी इच्छामा गर्ने तथा सेवाको अवधि पनि निश्चित नहुनेजस्ता कार्यबाट न्यायपालिका र यसमा कार्यरत न्यायाधीशहरूको स्वतन्त्रता सीमित हुन पुग्दछ । फलस्वरूप न्यायप्रतिको तिनीहरूको प्रतिबद्धता डगमगाउँछ र तिनको कार्यसम्पादनको निष्पक्षता पनि शङ्काको घेरामा पर्न जान्छ ।

न्यायपालिकाको यही सङ्गठनात्मक स्वतन्त्रताको मान्यतालाई आधार मानेर विश्वका धेरैजसो मुलुकमा अदालतको गठन, न्यायाधीश तथा कर्मचारीहरूको नियुक्ति, सेवासर्तजस्ता विषयमा विशेष व्यवस्था गरिएको पाइन्छ। नेपालमा पनि न्यायपालिकाको सङ्गठनात्मक स्वतन्त्रतालाई कायम राख्नका लागि विभिन्न संवैधानिक र कानुनी व्यवस्था भएका छन्।

अदालतमा रहने तहका सम्बन्धमा संविधानमै व्यवस्था गरेर सरकारी स्वेच्छामा थपघट गर्न नपाइने स्थिति बनाइएको छ। अदालतको सङ्ख्या र मुकाम पनि न्यायाधीशहरूको बाहुल्य रहेको निकाय न्यायपरिषद्को परामर्श लिएर श्री ५ बाट तोकिबक्सने प्रक्रिया अपनाइएको छ। न्यायाधीशहरूको योग्यता र नियुक्तिको प्रक्रिया संविधानमै उल्लेख गरिएको छ। पारिश्रमिकलगायत सेवाका अन्य सर्त ऐनद्वारा निर्धारण गर्ने गरी सुरक्षित तुल्याइएको छ। न्यायाधीशहरूको मात्र होइन न्यायसेवाका कर्मचारीमध्ये राजपत्राङ्कित तहका कर्मचारीको नियुक्ति, सरुवा, बढुवाजस्ता कार्यहरू न्यायप्रशासनबाट सम्पन्न हुने व्यवस्था छ।

नेपाल अधिराज्यमा निम्नलिखित तीन तहका अदालतहरू हुनेछन्:-

क) सर्वोच्च अदालत,

ख) पुनरावेदन अदालत, र

ग) जिल्ला अदालत।

*नेपालको संविधानको धारा ८५ (१)*

न्यायपालिकाको सबैभन्दा माथिल्लो तह सर्वोच्च अदालत हुनेछ। सैनिक अदालत बाहेक नेपालका अन्य सबै अदालत र न्यायिक निकायहरू सर्वोच्च अदालतका मातहतमा हुनेछन्। सर्वोच्च अदालतले आफ्ना मातहतका अदालत र न्यायिक निकायहरूको निरीक्षण एवं सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्नेछ।

*नेपालको संविधानको धारा ८६ (१)*

नेपाल अधिराज्यको प्रत्येक जिल्लामा एउटा जिल्ला अदालत रहनेछ।

*न्या.प्र.ऐनको दफा ३ (१)*

नेपाल अधिराज्यमा श्री ५ बाट मन्त्रिपरिषद्सँग परामर्श गरी तोकिबक्सेको संख्यामा पुनरावेदन अदालतहरू रहनेछन्। मन्त्रिपरिषद्ले यसरी श्री ५ मा परामर्श चढाउनुअघि न्याय परिषद्को परामर्श लिनुपर्नेछ।

*न्याय.प्रशासन. ऐनको दफा ५ (१)*

पुनरावेदन अदालतको प्रादेशिक अधिकारक्षेत्र र मुकाम श्री ५ बाट मन्त्रिपरिषद्सँग परामर्श गरी तोकिबक्सेबमोजिम हुनेछ।

*न्या.प्र.ऐनको दफा ५ (२)*

## २. कार्यगत स्वतन्त्रता

न्यायपालिकाको गठनप्रक्रिया स्वतन्त्र रूपमा भए पनि कार्यगत स्वतन्त्रताको अभावमा न्यायपालिका वास्तविक अर्थमा स्वतन्त्र हुन सक्दैन। न्यायसम्बन्धी सम्पूर्ण अधिकारको प्रयोग गर्ने अख्तियारी न्यायपालिकामा रहेन भने न्यायको सार्थकता रहन्न। न्यायपालिकाको कार्यगत स्वतन्त्रताभित्र न्यायसम्बन्धी अधिकारको प्रयोग गर्ने सामर्थ्य न्यायपालिकामा अन्तरनिहित रहने कुरा मुख्य रूपमा आउँछ।

न्यायसम्पादनको व्यावहारिकताका लागि केही न्यायिक अधिकार न्यायिक निकायले र केही न्यायिक अधिकार अर्धन्यायिक निकायले प्रयोग गर्ने गरी विधायिकाले कानुनद्वारा तोक्न सक्छ। यसरी न्यायिक अधिकार प्रदान गरिएमा पनि यस्तो अधिकारको प्रयोग गर्ने न्यायिक वा अर्धन्यायिक निकाय न्यायिक अधिकारको प्रयोगको प्रश्नमा न्यायपालिकाप्रति पूर्णतः जवाफदेही रहनुपर्ने कुरालाई स्वतन्त्र न्यायपालिकाको कार्यगत स्वतन्त्रताले औँल्याउँछ।

यही कारणले अदालतबाहेकका अन्य अर्धन्यायिक निकायले सुरु तहमा न्यायिक अधिकारको प्रयोग गरे पनि त्यस निकायको निर्णयउपरको पुनरावेदन न्यायपालिकामा गर्न सकिने गरिएको हुनुपर्छ। यसबाट यस्तो निकाय न्यायपालिकाको मातहतमा रहन पुग्दछ। यो कुरा राज्यको एक अङ्गको कार्यमा अर्को अङ्गको हस्तक्षेप रहनु हुन्न भन्ने शक्तिपृथकीकरणको सिद्धान्तमा पनि आधारित छ।

विश्वका अधिकांश मुलुकले न्यायपालिकाको कार्यगत स्वतन्त्रताको यो मान्यतालाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संवैधानिक व्यवस्थामा समावेश गरेर अवलम्बन गरेका छन्। युरोपियन मानवअधिकार अदालतले "**न्यायसम्पादनको कार्य अदालतको अन्तर्निहित अधिकार हो र यसले गरेका निर्णयहरू कुनै पनि गैरन्यायिक निकायले अन्यथा गर्नु हुँदैन**" भन्ने मान्यता कायम गरेको छ। दक्षिण अफ्रिकाको संविधानमा न्यायपालिकामा कसैको हस्तक्षेप हुन नहुने स्पष्ट प्रावधान राखिएको छ भने नेपाल अधिराज्यको संविधान, २०४७ को प्रस्तावनामा स्वतन्त्र न्यायपालिका तथा कानुनी अवधारणालाई भन्ने उल्लेख भएको छ।

*नेपालको संविधानको धारा ८४, ८६(१) र ८५*

नेपालमा पनि न्यायिक अधिकार अदालतमा रहने संवैधानिक व्यवस्था छ। सर्वोच्च अदालतका मातहतमा अन्य सबै अदालत र न्यायिक निकाय रहने पनि व्यवस्था छ। यसै गरी अदालतको कार्यसम्पादनका लागि श्री ५ को सरकारलगायत सबै कार्यालयले अदालतलाई सहयोग गर्नुपर्ने व्यवस्था गरेर न्यायपालिकाको कार्यगत स्वतन्त्रता कायम राख्ने प्रयास भएको पाइन्छ।

### क. अन्तिमताको सिद्धान्त

अन्तिमताको सिद्धान्तले अदालतबाट भएका फैसलाहरू सबैका लागि बन्धनकारी हुनुपर्ने तथ्यलाई बुझाउँछ। कानुनमा व्यवस्था भएबमोजिम तल्लो तहको अदालतबाट भएका फैसलाहरू माथिल्लो तहको अदालतले पुनर्विचार गर्न र अन्यथा भएको देखिएमा सच्याउन सक्छ। अदालतको संरचनाभन्दा बाहिरको कुनै निकाय वा अधिकारीलाई भने अदालतको कामकारबाई जाँच्ने र अन्यथा आदेश वा निर्देशन दिने अधिकार हुँदैन। न्यायपालिकाका तल्लो तह पार गर्दै माथिल्लो तहमा गएको जुनसुकै विषयमा माथिल्लो अदालतबाट भएको निर्णय सबैले मान्नुपर्छ। अदालतको निर्णय अन्तिम हुन्छ र सबैका लागि बन्धनकारी हुन्छ।

*नेपालको संविधानको धारा ८६*

## ख. न्यायिक पुनरावलोकन

न्यायिक पुनरावलोकन भन्नाले विधायिका तथा कार्यपालिकाद्वारा गरिएका कामकारबाईको वैधताको परीक्षण गर्ने अदालतको कार्य भन्ने बुझिन्छ। लिखित संविधान भएको मुलुकमा संविधानलाई देशको मूल कानुन मानिने हुँदा विधायिकाले संविधानसँग बाझिने गरी कुनै कानुन बनाउन पाउँदैन। यसै गरी कार्यपालिकाले पनि संविधान र ऐन कानुनविपरीत कुनै नीति नियम बनाउन तथा काम गर्न पाउँदैन। संविधानसँग बाझिने गरी विधायिकाले कुनै कानुन बनाएमा तथा संविधान र ऐन कानुनविपरीत कार्यपालिकाले कुनै काम गरेमा यिनको वैधानिकताको परीक्षण गरी न्यायपालिकाले बदर वा अमान्य घोषित गर्न सक्दछ। न्यायपालिकाको यही अधिकारलाई न्यायिक पुनरावलोकनको अधिकार भनिन्छ।

जनताको मौलिक हक-अधिकारको संरक्षण गर्न र संविधानको सर्वोच्चताको जगेर्ना गर्न न्यायपालिकाको न्यायिक पुनरावलोकनको अधिकारलाई महत्त्वपूर्ण मानिन्छ। न्यायपालिकालाई यस्तो अधिकार नहुने हो भने संविधानलाई मिच्ने गरी अन्य कानुन बनाएर जनताको हक र स्वतन्त्रता खोसिन सक्ने प्रबल सम्भावना रहन्छ। न्यायिक पुनरावलोकनको अधिकार भए नभएको आधारमा पनि न्यायपालिका स्वतन्त्र र सक्षम छ वा छैन भन्ने कुरा हेर्ने गरिन्छ।

न्यायपालिकाको स्वतन्त्रता र सक्षमता यसको न्यायिक पुनरावलोकनको अधिकारमा आधारित हुने भएकाले विभिन्न मुलुकमा संविधानमै यस्तो व्यवस्था गरेर न्यायिक स्वतन्त्रताको निश्चितता दिने गरिएको पाइन्छ। संविधानमा उल्लेख नभएको अवस्थामा पनि कतिपय मुलुकमा यो अधिकार न्यायपालिकामा अन्तर्निहित अधिकार हो भन्ने मान्यतालाई आत्मसात गरी अदालतबाट यसको प्रयोग गर्ने गराउने प्रचलन रहेको छ। उदाहरणका लागि अमेरिकाको संविधानमा न्यायिक पुनरावलोकनको अधिकारका बारेमा स्पष्ट व्यवस्था नरहेको भए पनि *मारबुरी विरुद्ध मेडिसन*को मुद्दामा सन् १८०३ मा अमेरिकी सर्वोच्च अदालतले आफूमा अन्तर्निहित अधिकारको रूपमा यसलाई ग्रहण गरी सर्वप्रथम न्यायिक पुनरावलोकनको सिद्धान्तलाई प्रयोगमा ल्याएको थियो।

नेपालमा न्यायिक पुनरावलोकनको अधिकार सर्वोच्च अदालतलाई रहने संवैधानिक व्यवस्था रहेको छ। संविधानको धारा १ र ८८ को व्यवस्थाको आधारमा अदालतले न्यायिक पुनरावलोकनको अधिकार प्रचलन गर्दछ।

यो संविधान नेपालको मूल कानुन हो। यस संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुनेछ।

*नेपालको संविधानको धारा १*

यस संविधानद्वारा प्रदत्त मौलिक हकउपर अनुचित बन्देज लगाइएकोले वा अन्य कुनै कारणले कुनै कानुन यो संविधानसँग बाझिएको हुँदा सो कानुन वा त्यसको कुनै भाग बदर घोषित गरी पाउँ भनी कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्नेछ र सो अनुसार कुनै कानुन संविधानसित बाझिएको देखिएमा सो कानुनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि अमान्य र बदर घोषित गर्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ। *नेपालको संविधानको धारा ८८(१)*

यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानुनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानुनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ। सो प्रयोजनको लागि पूर्ण रूपमा न्याय गरी उचित उपचार प्रदान गर्न सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण प्रतिषेध, अधिकारपृच्छालगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्नेछ। तर- *नेपालको संविधानको धारा ८८ (२)*

क) अधिकार क्षेत्रको अभाव भएको वा सेनासम्बन्धी अपराधबाहेक अन्य कुनै अपराधमा गैर-सैनिकउपर कारबाई चलाएको वा गैर-सैनिकलाई सजाय गरेको अवस्थामा बाहेक सैनिक अदालतको कारबाई वा निर्णयमा यस उपधाराअन्तर्गत सर्वोच्च अदालतले हस्तक्षेप गर्नेछैन।

ख) अधिकार क्षेत्रको अभाव भएकोमा बाहेक संसदले चलाएको विशेषधिकारको कारवाई र तत्सम्बन्धमा तोकेको सजायमा यस उपधारा अन्तर्गत सर्वोच्च अदालतले हस्तक्षेप गर्नेछैन।

### ग. पेसागत उन्मुक्तिको सिद्धान्त

सामान्य अर्थमा पेसागत उन्मुक्तिको सिद्धान्त भन्नाले कार्यप्रकृतिअनुरूप व्यावसायिक र पदीय निष्ठा राखी गरिएका कामकारबाईमा अन्य कसैप्रति उत्तरदायी हुनु नपर्ने कुरा बुझिन्छ। यसका लागि सम्पन्न गरिएको काम भने इमान्दारी र सद्नियतबाटै सम्पन्न गरिएको हुनुपर्छ। पेसागत उन्मुक्ति रहने काम त्यसको प्रकृति र परिणामबाटै इमान्दारी र सद्नियत पुष्टि हुने किसिमको पनि हुनुपर्छ।

न्यायपालिकाको स्वतन्त्रताका सन्दर्भमा पेसागत उन्मुक्ति भनेको न्यायाधीशले न्यायिक कर्तव्य पालनमा पाउने उन्मुक्ति हो। न्यायाधीशलाई न्यायिक काम निर्भयतापूर्वक सम्पन्न गर्न सबल बनाउनका लागि यो उन्मुक्ति आवश्यक मानिन्छ। आफूले सम्पादन गरेको न्यायिक काममा कसैको कारबाईको भागीदार बन्ने भय र त्रास सिर्जना गरिएमा निष्पक्ष र स्वच्छ न्यायिक कार्यको अपेक्षा गर्न सकिन्न। इमान्दारीपूर्वक सम्पादन गरिएको कानुन र कारणमा आधारित काममा पनि व्यक्तिगत रूपले कसैप्रति उत्तरदायी हुनुपर्ने भएमा अनिर्णयको स्थिति पैदा हुन्छ। यस कारण न्यायाधीशलाई न्यायिक काममा उन्मुक्ति रहने सिद्धान्तलाई मान्यता दिइएको पाइन्छ।

नेपालमा पनि स्वतन्त्र न्यायपालिकाको अवधारणअनुरूप न्यायाधीशलाई उन्मुक्ति प्रदान गरिएको छ। नेपाल अधिराज्यको संविधान र प्रमाण ऐनमा न्यायाधीशलाई रहने पेसागत उन्मुक्तिको व्यवस्था रहेको छ।

कुनै न्यायाधीशले आफ्नो कर्तव्य पालनको सिलसिलामा गरेको कुनै पनि कार्यको सम्बन्धमा संसदको कुनै सदनमा छलफल गर्न पाइनेछैन।

तर धारा ८७ को उपधारा (७) मा उल्लेख गरिएको अवस्थाको प्रस्तावमा छलफल गर्दा न्यायाधीशको आचरणको सम्बन्धमा कुनै कुरा व्यक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिनेछैन।

*नेपालको संविधानको धारा ५६(3)*

सर्वोच्च अदालत अभिलेख अदालत हुनेछ। यसले आफ्नो र आफ्ना मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारबाई चलाई कानुनबमोजिम सजाय गर्न सक्नेछ।

*नेपालको संविधानको धारा ८६ (२)*

**न्यायाधीशको हैसियतले गरेको कुनै कार्य प्रकट गर्न कर नलाग्ने** : माथिल्लो तहको अदालतबाट अन्यथा आदेश भएमा बाहेक अन्य कुनै व्यक्तिले अदालतमा न्यायाधीशको हैसियतले गरेको कुनै कार्य वा थाहा पाएको कुनै कुराका सम्बन्धमा सोधिएको कुनै प्रश्नको जवाफ दिन निजलाई कर लाग्नेछैन।

*प्रमाण ऐनको दफा ४२*

तर न्यायाधीशको हैसियतले काम गर्दा निजका समक्ष अदालतमा भएको कुनै घटना वा अन्य कुनै कुराका सम्बन्धमा निजलाई साक्षीको रूपमा बुझ्न हुन्छ।

## ३. परिस्थितिजन्य स्वतन्त्रता

आर्थिक तथा व्यवस्थापकीय आधारमा पनि न्यायपालिकालाई राज्यका अन्य अङ्गबाट स्वतन्त्र राख्नुपर्ने अवधारणा विकास भइरहेको छ। स्वतन्त्र न्यायपालिकाको स्थायित्व र विकासका लागि कूल राष्ट्रिय बजेटको निश्चित प्रतिशत नघट्ने गरी न्यायपालिकालाई स्थायी रूपमा बजेट विनियोजन गर्ने परिपाटी पनि विश्वका कतिपय मुलुकले अवलम्बन गर्न थालेका छन्।

*नेपालको संविधानको धारा ९२*

स्पष्ट रूपमा विधायिकाले बजेट सीधै अदालतका लागि निर्धारण गरी निकासा गराउने परिपाटीले न्यायपालिकाको स्वतन्त्रतालाई अझ सबल बनाउँदै लगेको छ। यसरी अदालतले बजेटको स्वायत्त उपभोग गर्न पाउने मान्यता पनि न्यायपालिकाको स्वतन्त्रताका लागि महत्त्वपूर्ण आधार बन्दै गएको छ।

यसै गरी अदालतबाट भएका फैसला र आदेशको पालन नगर्ने, न्यायाधीशलाई सहमतिबेगर न्यायिक कामबाट वञ्चित गरी अन्य काम लगाउनेजस्ता क्रियाकलापबाट न्यायिक स्वतन्त्रतामा आँच आउँछ। अदालतमा विचाराधीन विषयमा जथाभावी टीकाटिप्पणी गर्ने, फैसला गर्नमा दबाब दिने, लबिङ गर्ने र अन्य किसिमबाट प्रभावित गर्ने कार्य पनि परिस्थितिजन्य रूपमा उपस्थित हुन सक्छन्। यस्ता कुराबाट अदालत स्वतन्त्र रहनुपर्छ भन्ने मान्यता स्वतन्त्र न्यायपालिकाको अवधारणामा समेटिन्छ।

*सेलर्ड, जिल्ला अदालत सन्दर्भपुस्तिका, पृष्ठ 39*

●

# परिच्छेद ४

# अदालतका कर्मचारीले पालना गर्नुपर्ने सामान्य कुरा


| | | |
|---|---|---|
| १. | कार्यालय समयमा अनावश्यक कुरा गर्न र गर्न दिन नहुने | ४४ |
| २. | कार्यालयमा निर्धारित समयमा उपस्थित हुनुपर्ने | ४५ |
| ३. | अनुशासनमा रहनु तथा आज्ञा पालन गर्नुपर्ने | ४६ |
| ४. | कुनै पनि कर्मचारीले अख्तियारको दुरुपयोग गर्न नहुने | ४७ |
| ५. | दान, दातव्य, कोसेली, उपहार र चल-अचल सम्पत्ति लिन नहुने | ४७ |
| ६. | सरकारी कर्मचारीले प्रदर्शन, हडताल, थुनछेक वा घेराउ गर्न नहुने | ४८ |
| ७. | कर्मचारीले तोकिएको स्थानमा तोकिएको काम गर्नुपर्ने | ४९ |

अदालतका कर्मचारीहरूले सम्बन्धित अदालतको नियमावली एवं सेवासँग सम्बन्धित अन्य ऐन तथा नियमावलीले तोकेका अनुशासनसम्बन्धी नियमहरूको पालना गर्नुपर्छ। अनुशासनसम्बन्धी नियमहरूको पालनाले अदालतको काममा चुस्तता र दक्षता ल्याउँछ। यसबाट अदालतमा आउने मानिसले अदालती काम कारबाईमा हुने ढिलासुस्तीबाट पीडित हुनुपर्ने अवस्था आउँदैन। अनुशासनको पालनाले अदालतको काम कारबाईमा स्वच्छता र निष्पक्षता कायम गराउने र जनमानसमा अदालतप्रतिको सम्मानमा समेत बृद्धि गराउँछ। अदालतका कर्मचारीसमेतले पालना गर्नुपर्ने आचरण र अनुशासनसम्बन्धी नियमहरूको व्यवस्था गरिएको पनि यसैका लागि हो।

*तोकिएको आचरण पालन नगर्दा छिटो छरितो न्याय सम्पादनमा प्रतिकुल असर पर्नसक्छ ।*

अदालतका कर्मचारीले पालना गर्नुपर्ने आचरणसम्बन्धी नियमहरूमध्ये मुख्यतः निम्नलिखित नियमहरू अदालतमा आउने पक्षहरूको मानवअधिकारसँग सरोकार राख्दछन्।

प्रत्येक निजामती कर्मचारीले आफ्नो सेवा र पदअनुकूलको आचरणसमेत पालन गर्नुपर्नेछ।

*नि. से. ऐनको दफा ५५*

## १. कार्यालय समयमा अनावश्यक कुरा गर्न र गर्न दिन नहुने

*कार्यालय समयमा अनावश्यक काम वा ठट्टा मस्करी गरी बस्नाले काम विशेषका लागि आउने व्यक्तिको कार्य सम्पादनमा बाधा पुग्न जान्छ ।*

कार्यालयमा कार्यालयको कामबाहेक अन्य काम गर्दा जनसाधारणको कार्य सम्पादनमा बाधा पर्न जान्छ र समयमै काम सम्पन्न हुन सक्दैन। यसले गर्दा सम्बन्धित व्यक्तिको तत्काल काम सम्पन्न गरिपाउने अधिकार कुण्ठित हुन्छ। यस अर्थमा उसको मानवअधिकारकोसमेत उल्लङ्घन हुन जान्छ।

अड्डा बसेदेखि बन्द नभएसम्म अड्डामा आफूले गर्नुपर्ने अड्डासम्बन्धी काम कुराबाहेक अरू कुनै काम कुरा वा ठट्टा मस्करी गर्न र गर्न दिनसमेत हुँदैन।

*अ. बं. ३ नं.*

## २. कार्यालयमा निर्धारित समयमा उपस्थित हुनुपर्ने

*कार्यालयमा समयमा नआउनु भनेको सर्वसाधारणको काम समयमा नहुनु हो ।*

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले सबै व्यक्तिहरूलाई छिटो सुनुवाइको अधिकार प्रत्याभूत गरेको छ। कार्यालयमा समयमै उपस्थित नहुँदा कार्यालयमा काम विशेषले आएका व्यक्तिहरूको समयमै काम सम्पादन हुन सक्दैन, जसले गर्दा उनीहरू पीडित बन्न पुग्दछन्। यसबाट उनीहरूको समयमै काम गराइ पाउने मानवअधिकारको हनन हुन्छ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा ८ (३)*

१) **सर्वोच्च अदालतका अधिकृत र कर्मचारीहरू :**
   - क) तोकिएको समयमा अदालतमा उपस्थित हुनुपर्छ।
   - ख) अदालतमा हाजिर भएपछि अदालतसम्बन्धी कामबाहेक अरू कुनै कामको लागि आफूभन्दा माथिको अधिकृतलाई नसोधी आफ्नो काम छोडी कार्यालय समयमा अन्त जान हुँदैन।

*अदालतका कर्मचारीले आचरणसम्बन्धी व्यवस्थाको पालना गर्नुपर्दछ ।*

२) सर्वोच्च अदालतका अधिकृत र कर्मचारीले अदालतको काम गर्दा आफूलाई थाहा भएको गोप्य कुरा प्रकट गर्न हुँदैन। सोबमोजिम नगरी प्रकट गरेको ठहरेमा कानुनी कारबाई र सजाय हुनेछ।

*स. अ. नि.को नियम ११३*

३) कुनै कर्मचारीले आफूले पालन गर्नुपर्ने कर्तव्य पालन नगरेबाट मुद्दा मामिलामा छिटोछरितो न्यायसम्पादनमा प्रतिकूल असर परेको देखिन आएमा त्यस्तो कर्मचारीउपर विभागीय कारबाईका लागि इजलासले आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएमा त्यसको पालना गर्नु अख्तियारवालाको कर्तव्य हुनेछ।

**अदालतका कर्मचारीहरूले**

क. ठीक समयमा अदालतमा आउनुपर्छ।

ख. अदालतमा आउनासाथ ठेकिएको काममा लाग्नुपर्छ।

*पु.अ.नि. को नियम १०४ र*

*जि.अ.नि.को नियम ९८*

ग. अदालतमा हाजिर भएपछि अदालतसम्बन्धी कामबाहेक अरू कुनै काममा आफूमाथिको अधिकारीलाई नसोधी आफ्नो काम छोडी कार्यालय लागेको समयमा अन्यत्र जान हुँदैन।

घ. इजलास लागेको ठाउँमा कुनै अवस्थामा पनि धुम्रपान गर्नु हुँदैन।

**कामकारबाईप्रति कर्मचारीको उत्तरदायित्व र जवाफदेही**

- सम्बन्धित नियमावलीअन्तर्गत काम, कर्तव्य र अधिकार तोकिएका कर्मचारीहरू आफूले गरेका कामकारबाईका लागि आफू निकटस्थ माथिल्लो अधिकारीप्रति जवाफदेही हुन्छन् र आफूले गरेको सम्पूर्ण कामको पूर्ण उत्तरदायित्व निजमा रहन्छ ।
- सम्बन्धित नियमावलीअनुसार अधिकार प्राप्त अधिकारीले दिएको आदेश वा निर्देशन पालन नगर्ने वा तोकेको काम नगर्ने कर्मचारीउपर त्यस्तो आदेश, निर्देशन दिने वा काम तोक्ने अधिकारीले आवश्यक विभागीय कारबाई गर्न सिफारिस गर्न सक्छ र त्यस्तो पालना नगरेको देखिएमा प्रचलित कानुनबमोजिम विभागीय कारबाई हुन्छ ।
- आफूलाई काम गर्न खटाइएको शाखामा नियमित रूपमा गर्नुपर्ने कामका अतिरिक्त माथिल्लो अधिकारी वा शाखा प्रमुख वा रजिस्ट्रारबाट तोकिदिएबमोजिमका काम गर्नु कर्मचारीको कर्तव्य हुन्छ ।

*स.अ.नि.को नियम२४ (३) र २४क पु.अ.नि.को नियम १३घ र १३ ङ*

निजामती कर्मचारीले श्री ५ को सरकारबाट निर्धारित समयमा नियमित रूपले कार्यालयमा हाजिर हुनुपर्दछ र सकेसम्म पहिले विदाको स्वीकृति नलिई कामबाट अनुपस्थित हुनु हुँदैन ।

*नि. से. ऐनको दफा ४१*

## ३. अनुशासनमा रहनु तथा आज्ञा पालन गर्नुपर्ने

अदालत स्वयंमा अनुशासित तथा मर्यादित संस्था हो । यसको गरिमा अदालतका कर्मचारीहरूको नैतिकता, कर्तव्यपरायणता तथा अनुशासित व्यवहारमा आधारित हुन्छ । यस्तो अनुशासित व्यवहारले मानवअधिकारको संरक्षणमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ ।

१) निजामती कर्मचारीले अनुशासनमा रही आफ्नो कर्तव्य इमान्दारी र तत्परताको साथ पालन गर्नुपर्दछ ।

२) निजामती कर्मचारीले सरकारी कामसम्बन्धी कुरामा आफूभन्दा माथिको अधिकृतले दिएको आज्ञालाई शीघ्रताका साथ पालन गर्नुपर्नेछ ।

३) निजामती कर्मचारीले आफूभन्दा माथिका सबै कर्मचारीहरूप्रति उचित आदर देखाउनुपर्नेछ र आफूमुनिका कर्मचारीहरूप्रति उचित व्यवहार गर्नुपर्नेछ ।

*नि. से.ऐनको दफा ४२*

## ४. कुनै पनि कर्मचारीले अख्तियारको दुरूपयोग गर्नु नहुने

*अख्तियारको दुरूपयोगले जनताको स्तरीय सेवा र स्वच्छ व्यवहार पाउने अधिकारबाट वञ्चित गर्दछ ।*

कुनै पनि कर्मचारीले आफूलाई तोकिएको कर्तव्य पालना नगर्ने, आफूलाई प्राप्त अधिकारको स्वेच्छाचारी प्रयोग गर्ने तथा आफ्नो उत्तरदायित्व पन्छाउनेजस्ता अनुचित कार्यहरू र आफ्नो ओहोदासँग सम्बन्धित काम गर्दा कानुनविपरीत रिसवत लिनेजस्ता भ्रष्टाचारजन्य कार्यहरू गरी अख्तियारको दुरूपयोग गर्नु हुँदैन । यस्तो क्रियाकलापबाट राष्ट्र र जनताप्रति नै बेइमानी हुने हुनाले कडा दण्डसजायको कानुनी व्यवस्था गरिएको पाइन्छ ।

*अ.दु.अ.आ. ऐन, भ्र.नि. ऐन*

## ५. दान, दातव्य, कोसेली, उपहार र चल-अचल सम्पत्ति लिन नहुने

सरकारी कर्मचारीले सरकारी कार्यसँग प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध राख्ने कुनै पनि व्यक्तिबाट कुनै पनि प्रकारको दान, दातव्य, कोसेली, उपहार आदि स्वीकार गर्न सेवासम्बन्धी कानुनले रोक लगाएको छ ।

*सरकारी काममा असर पर्ने गरी दान, दातव्य र उपहार स्वीकार गर्दा काम, कारबाईको स्वच्छता र निष्पक्षता कायम रहँदैन ।*

१) सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि निजामती कर्मचारीले श्री ५ को सरकारको पूर्वस्वीकृतिविना आफूले वा आफ्नो परिवारको कुनै सदस्यद्वारा कसैबाट कुनै प्रकारको दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिन हुँदैन ।

२) निजामती कर्मचारीले कुनै विदेशी सरकार वा विदेशी सरकारको कुनै प्रतिनिधिबाट कुनै उपहार प्राप्त हुन आएमा निजले श्री ५ को सरकारलाई सो कुराको सूचना दिई निकासा भएबमोजिम गर्नुपर्छ ।

*नि. से.ऐनको दफा ४७*

*आफू बहाल रहेको अड्डामा परेको मुद्दासँग सम्बन्धित अचल सम्पत्ति खरिद गर्न हुँदैन ।*

सरकारी कर्मचारीले आफू बहाल रहेको अड्डामा परी रहेको वा पर्न आएको अचल सम्पत्तिसम्बन्धी मुद्दामा आफूले कारबाई गरी छिनेको जति मध्ये कुनै पनि आफू सोही अड्डामा वा सोही जिल्लाको अरू कुनै अड्डामा बहाल छउन्जेल र आफू अन्त अरू जिल्लामा सरुवा भई वा बर्खास्त भई सो अड्डा वा जिल्ला वा सरकारी सेवाबाट बहाल टुटेका दुई वर्षसम्म आफ्नो वा आफ्ना परिवारको कुनै व्यक्तिका नाममा श्री ५ को सरकारको पूर्वस्वीकृतिबेगर कुनै व्यहोरासँग लिन हुँदैन । लिएको भए पनि बदर हुन्छ । हक छुटाई लिएको रहेछ भने

*मुलुकी ऐन अदल को ४ नं.*

निजको थैली परेको भए सो थैली भूस गराई सो लिएको अचल सम्पत्ति निजबाट जफत गरी जग्गा भए कानुनको रीत पुऱ्याई पजनी गरिदिनुपर्छ। हक नछुटाई धितो बन्धकसम्म लेखाई लिएकोमा निजको परेको थैली श्री ५ को सरकारको हुन्छ। असामीले सो थैली बुझाउँदा श्री ५ को सरकारलाई बुझाउनुपर्छ। अड्डाबाट सूचना पाएको मितिले छ महिना भित्रमा फिर्ता थैली दिई निखनी लिन असामीले सकेन वा मन्जुर गरेन भने सोही जग्गा लिलाम बिक्री गरी आएको रुपैयाँमा थैलीसम्म जफत गरी बढी भए, बढी भए जति सो सम्पत्तिको धनीलाई फिर्ता गराई लिलाममा कबुल गर्नेका नाममा सो सम्पत्तिको बहाली गरिदिनुपर्छ।

## ६. सरकारी कर्मचारीले प्रदर्शन, हडताल, थुनछेक वा घेराउ गर्न नहुने

सरकारी कर्मचारीले आफ्नो कामकाज बन्द गरी प्रदर्शन, हड्ताल, थुनछेक वा घेराउ गर्दा सर्वसाधारणको अधिकार र स्वतन्त्रतामा प्रतिकूल असर पुग्दछ। जनसाधारणको अधिकार र स्वतन्त्रताको संरक्षण गरी सार्वजनिक सुव्यवस्था कायम गर्नका निमित्त सरकारी कर्मचारीहरूले यस्ता क्रियाकलापमा संलग्न हुन मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अध्यालेखहरू समेत रोक लगाएका छन्। यसैले कर्मचारीहरूले आफूलाई यस्तो कुनै पनि क्रियाकलापमा लगाउनु हुँदैन।

*आर्थिक, सामाजिक... प्रतिज्ञापत्रको धारा ८ (२)*

*कर्मचारीले प्रदर्शन हडताल आदि गर्दा कार्यालयबाट उचित समयमा सेवा पाउने सर्वसाधारणको अधिकारमा आघात पर्न जान्छ ।*

निजामती कर्मचारीले कुनै पनि कार्यालय वा अधिकृतको कानुनद्वारा निर्धारित कर्तव्य पूरा गर्नमा बाधाविरोध हुने गरी हडताल वा कलम बन्द गर्न तथा शारीरिक वा मानसिक उत्पीडन हुने गरी दबाब दिन वा सो गर्ने उद्देश्यले अरूलाई उक्साउनसमेत हुँदैन।

*नि.से.ऐनको दफा ५१*

*निजामती कर्मचारीले अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन ।*

निजामती कर्मचारीले आफूलाई मर्का परेको विषयमा आफैले वा वारेसद्वारा सम्बन्धित निकाय वा अधिकारीसमक्ष निवेदन दिनबाहेक अरू व्यक्ति वा समूहको तर्फबाट प्रतिनिधित्व गर्न हुँदैन।

*नि.से.ऐनको दफा ५२*

तर श्री ५ को सरकारबाट मान्यताप्राप्त निजामती कर्मचारीहरूको संस्थाको तर्फबाट गरिने प्रतिनिधित्व र निजामती कर्मचारीको पदीय दायित्वको आधारमा गर्नुपर्ने कुनै

कार्य गर्नमा यस ऐनले बाधा पुऱ्याएको मानिनेछैन ।

## ७. कर्मचारीले तोकिएको स्थानमा तोकिएको काम गर्नुपर्ने

*तोकिएको अदालतमा उपस्थित हुनु कर्मचारीको कर्तव्य हो ।*

अदालतको कुनै पनि कर्मचारी आफूलाई खटाइएको अदालतमा हाजिर भई कामकाज नगरेमा सम्बन्धित स्थानविशेषका व्यक्तिहरूले अदालतबाट प्राप्त गर्नुपर्ने सेवा पाउनबाट वञ्चित हुन पुग्दछन् । यसले गर्दा सम्बन्धित व्यक्तिहरूको उचित सेवा पाउने अधिकारको उल्लङ्घन हुन जान्छ ।

कुनै पनि निजामती कर्मचारीले आफूलाई पदस्थापन वा सरुवा गरिएको कार्यालय वा स्थानमा हाजिर भई तोकिएको कामकाज गर्नुपर्नेछ ।

*नि.से.नि. को नियम १२२*

●

"अदालतको फैसलाअन्तर्गत सजाय पाई कारागारमा रहेका कैदीहरूमध्ये शिक्षितलाई 'क' श्रेणीमा र अशिक्षितलाई "ख" श्रेणीमा राख्नु सरसर्ती हेर्दा नै मुनासिव देखिँदैन । जसरी कानुनले शिक्षित अशिक्षित भन्ने आधारमा नभै व्यक्तिको कसुरको आधारमा सजाय निर्धारण गर्दछ, त्यसरी नै सजायस्वरूप कारागारभित्र रहेका कैदीहरूलाई पनि शिक्षा वा रहनसहनको आधारमा तल्लो वा माथिल्लो श्रेणीमा वर्गीकरण गर्ने भन्ने कुरा मनासिव देखिँदैन । कसुरका आधारमा सजाय पाएका सबैले समान रूपमा त्यसलाई भोग्नुपर्ने हुन्छ । शिक्षित वा ठूलो औकातमा बस्ने वानी पर्दैमा त्यसले छुट वा सुविधा पाउने भन्ने हुँदैन ।"

*अधिवक्ता चन्द्रकान्त ज्ञवाली वि. म.प.स. समेत, ने.का.प. २०५७, नि.नं. ६८१४, पृ. ५०२*

परिच्छेद ५

# मुद्दाको दायरीपूर्व कर्मचारीको भूमिका


| | | |
|---|---|---|
| १. | पहिलो पटक म्याद थप गर्न ल्याउँदा २४ घण्टाभित्र उपस्थित गराए/ नगराएको हेर्नुपर्ने | ५२ |
| २. | मुद्दाका पक्षसँग मानवोचित व्यवहार गर्नुपर्ने | ५३ |
| ३. | बन्दी, थुनुवाको शारीरिक र मानसिक अवस्थाबारे जानकारी लिनुपर्ने | ५४ |
| ४. | पक्राउ गर्नाको कारणको सूचना दिए-नदिएको जानकारी लिने एवं रोजेको कानुनव्यवसायी राख्न पाउने अधिकारको बारेमा जानकारी गराउनु पर्ने | ५५ |
| ५. | पक्राउपुर्जी तथा थुनुवा पुर्जीसम्बन्धी जानकारी दिनुपर्ने | ५६ |
| ६. | थुनुवालाई यथाशक्य चाँडो इजलाससमक्ष पेस गर्नुपर्ने | ५७ |
| ७. | शारीरिक जाँचको लागि अनुरोध गरेमा त्यस्तो जाँचको लागि आवश्यक कारबाई गर्नुपर्ने | ५७ |
| ८. | घाउ वा नीलडाम देखाउन वा जँचाउन आएमा जँचाउन पठाउनुपर्ने | ५७ |

मुद्दाको प्रकृतिअनुसार कुनै विषयमा मुद्दा दायर गर्नुपर्दा एकै पटक फिरादपत्र वा नालिस दर्ता गर्ने गरिन्छ भने कुनै विषयमा मुद्दाको रूपमा दर्ता हुनु भन्दा पहिले नै केही कार्यविधिगत औपचारिकता पूरा भएको हुनुपर्ने हुन्छ। खास गरेर सरकारवादी फौजदारी मुद्दामा अपराध भएको सूचना प्राप्त हुनासाथ अभियुक्तलाई गिरफ्तार गरी हिरासतमै राख्नुपर्ने भए सो समेत राखी अनुसन्धान गर्न सकिने कानुनी व्यवस्था छ। अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको अवस्थामा पनि अभियुक्तलाई निश्चित मानवअधिकारहरू प्राप्त हुन्छन्। नेपाल अधिराज्यको संविधान, २०४७ र अन्य प्रचलित नेपाल कानुनले पनि हिरासतमा रहदाँको अवस्थामा प्राप्त हुने अधिकारहरूको व्यवस्था गरेको छ। अनुसन्धान वा कारबाईको चरणमा अदालतका कर्मचारीहरूद्वारा देखाइने व्यवहार, उनीहरूलाई गरिने सामान्य सोधपुछ एवं तिनीहरू प्रति देखाइने संवेदनशीलताबाट कानुनद्वारा व्यवस्थित यस्ता अधिकारहरूको संरक्षण र प्रचलनमा महत्त्वपूर्ण सघाउ पुग्न सक्दछ।

*हिरासतमा रहेका अभियुक्तहरूको मानवअधिकारको संरक्षणमा अदालतका कर्मचारीहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।*

## १. पहिलो पटक म्याद थप गर्न ल्याउँदा २४ घण्टाभित्र उपस्थित गराए/नगराएको हेर्नुपर्ने

कुनै पनि व्यक्तिलाई पक्राउ गरी थुनामा राख्दा उसको व्यक्तिगत स्वतन्त्रताको निलम्बन हुन्छ। त्यसैले यस्तो स्वतन्त्रताको निलम्बन स्वेच्छाचारी एवं गैरकानुनी तरिकाबाट हुन नपाओस् भनेर नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, नेपाल अधिराज्यको संविधान, सरकारी मुद्दासम्बन्धी ऐन एवं नागरिक अधिकार ऐनसमेतले कुनै पनि व्यक्तिलाई पक्राउ गर्नासाथ मुद्दा हेर्ने अधिकारीका समक्ष पेस गर्नुपर्ने र यस्तो अधिकारीको आदेशबेगर थुनामा राख्न नहुनेसम्बन्धी विभिन्न व्यवस्था गरेको छ।

कुनै फौजदारी अभियोगमा पक्राउ गरिएको वा थुनिएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानुनद्वारा न्यायिक शक्ति प्रयोग गर्न पाउने अधिकारप्राप्त अधिकारीसमक्ष तुरुन्त ल्याइनेछ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा ९(३)*

*थुनामा रहेको व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीको आदेशले बाहेक २४ घण्टा भन्दा बढी थुनामा बस्नु नपर्ने अधिकार प्राप्त छ ।*

पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाँउबाट बाटाको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्छ। कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक तोकिएको अवधिभन्दा बढी थुनामा राखिनेछैन ।

*नेपालको संविधानको धारा१४ (६)*

...कुनै पनि व्यक्तिलाई अपराधको तहकिकातको लागि चौबीस घण्टाभन्दा बढी थुनामा राख्नु हुँदैन ।

*स.मु.स. ऐनको दफा १५(१)*

तर थुनामा परेको व्यक्तिलाई अदालतमा उपस्थित गराउन प्रहरी कार्यालयमा ल्याउन वा प्रहरी कार्यालयबाट अदालतमा पुऱ्याउन बाटोमा लाग्ने अवधिलाई थुनाको अवधिमा गणना गरिनेछैन ।

*स.मु.स. ऐनको दफा १५(१) को स्पष्टीकरण*

...कुनै अपराधको तहकिकातको सिलसिलामा पक्राउ गरिएको र थुनामा राखिएको व्यक्तिको सम्बन्धमा चौबीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नुपर्ने देखिएमा तहकिकात गर्ने प्रहरी कर्मचारीले निजलाई अदालतसमक्ष उपस्थित गराई अदालतबाट अनुमति लिएर मात्र थुनामा राख्नुपर्नेछ। सोबमोजिम अदालतसँग अनुमति माग्दा थुनामा परेको व्यक्तिउपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नुपर्ने कारण र निजको बयान कागज भई सकेको भए बयान कागजको व्यहोरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।

*स.मु.स. ऐनको दफा १५(२)*

## २. मुद्दाका पक्षसँग मानवोचित व्यवहार गर्नुपर्ने

*जुनसुकै कसुरको अभियोग लागेको भए पनि मानवोचित व्यवहार पाउनु थुनुवाको अधिकार हुन्छ ।*

मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय अध्यालेखहरूले “मानिसमा अन्तर्निहित मर्यादा” माथि जोड दिएका छन्। त्यसैले जुनसुकै रूप र हैसियतमा भए पनि अदालतमा आउने सबै पक्षसँग उनीहरूको मर्यादा र प्रतिष्ठामा प्रतिकूल असर नपर्ने गरी सम्मानपूर्ण व्यवहार गर्नुपर्छ।

*मानवअधिकार घोषणापत्र, नागरिक अधिकार प्रतिज्ञापत्र एवं आर्थिक तथा सामाजिक ... प्रतिज्ञा पत्रको प्रस्तावना*

जो सुकै व्यक्तिलाई पनि अदालतमा म्याद थप लगायत जुनसुकै चरणमा ल्याउँदा अदालतका कर्मचारी एवं न्यायाधीश सबैले मानवोचित व्यवहार गर्नुपर्दछ। अपराध प्रमाणित भइसकेको अवस्थामा पनि त्यस्तो कसुरदारसँग मानवोचित व्यवहार गर्नु

सभ्य न्यायप्रणाली र सम्बन्धित निकायको जिम्मेवारी हो ।

दण्डनीय कसुरको आरोप लागेको प्रत्येक मानिसलाई उसको प्रतिरक्षाको आवश्यक सबै प्रत्याभूतिसहितको कानुनअनुसारको खुला पुर्पक्षबाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार छ ।

*मानवअधिकार घोषणापत्रको धारा ११(१)*

स्वतन्त्रताबाट वञ्चित गरिएका सबै व्यक्तिलाई मानवतासहित तथा मानिसको अन्तर्निहित मर्यादाप्रति सम्मान गर्ने किसिमले व्यवहार गरिनेछ ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १०(१)*

## ३. बन्दीको शारीरिक र मानसिक अवस्थाबारे जानकारी लिनुपर्ने

*पक्राउ परी अदालतमा ल्याएको व्यक्तिसँग निजको शारीरिक र मानसिक अवस्थाबारे जानकारी लिनाले यातनाबाट जोगाउन सघाउ पुग्दछ ।*

कुनै पनि व्यक्तिलाई पक्राउ गरी पक्राउ गर्ने निकायले निजलाई शारीरिक तथा मानसिक यातना दिन सक्ने पनि सम्भावना हुन्छ । त्यसैले अदालतमा कसैलाई पक्राउ गरी म्याद थपका लागि ल्याउँदा त्यस्तो व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइएको छ छैन भन्ने बारे जानकारी लिएर इजलाससमक्ष पेस गर्नुपर्दछ । सरसर्ती हेर्दा यो काम अदालतमा न्यायाधीशले गर्ने भन्ने जस्तो देखिए पनि अदालतका सम्बन्धित कर्मचारीसँग नै थुनुवाको पहिलो सम्पर्क हुने र त्यसपछि मात्र निजलाई न्यायाधीशसमक्ष उपस्थित गराइने हुनाले सम्बन्धित कर्मचारीले नै यस विषयमा पूर्ण जानकारी लिएर इजलासमा न्यायाधीशसमक्ष पेस गर्नु उपयुक्त हुन्छ । पक्राउ परेको व्यक्तिले "यातना पाएको" भन्ने कुरा व्यक्त गरे सोही कुरा इजलासलाई अवगत गराउनुपर्दछ ।

अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारित गरेबमोजिम क्षतिपूर्ति दिइनेछ ।

*यातनाविरुद्धको महासन्धिको धारा १४(१), नागरिक अधिकार प्रतिज्ञापत्रको धारा ७, तथा ९ (५), मानवअधिकार घोषणापत्रको धारा ५ तथा नेपालको संविधानको धारा १४ (४)*

थुनामा राख्ने अनुमतिको लागि अदालतमा उपस्थित गराउँदा वा प्रहरी कार्यालयबाट अदालतमा उपस्थित गराइएको व्यक्तिले

*स.मु.स.ऐनको दफा १५(3)*

त्यसरी अदालतमा उपस्थित हुँदा आफ्नो शारीरिक जाँचको लागि अदालतसमक्ष निवेदन दिन सक्नेछ ।

थुनामा रहेको व्यक्तिलाई यातना दिएको छ भन्ने लागेमा निजको परिवारको उमेर पुगेको कुनै व्यक्ति वा निजको कानुनव्यवसायीले सम्बन्धित जिल्ला अदालतमा निवेदन दिन सक्नेछ । यस्तो निवेदन परेकोमा अदालतले तीन दिनभित्र थुनामा रहेको व्यक्तिको शारीरिक वा मानसिक जाँच गराउन आदेश दिन सक्नेछ । यसरी जाँच गर्दा उपचार गर्नुपर्ने भएमा श्री ५ को सरकारको तर्फबाट उपचार गराइनेछ ।

*यातना क्षतिपूर्ति ऐनको दफा ५(३)*

## ४. पक्राउ गर्नाको कारणको सूचना दिए-नदिएको जानकारी लिने एवं रोजेको कानुनव्यवसायी राख्न पाउने अधिकारको बारेमा जानकारी गराउनु पर्ने

*पक्राउ परेको व्यक्तिलाई आफू पक्राउ परेको कारणको सूचना पाउने र रोजेको कानुनव्यवसायीद्वारा पुर्पक्ष गर्ने अधिकार हुन्छ ।*

नेपाल अधिराज्यको संविधान, स.मु.स. ऐन एवं नागरिक अधिकार ऐनले कुनै पनि व्यक्तिलाई कारणसहितको सूचनाबेगर थुनामा राख्न नहुने कुराको प्रत्याभूति दिएको छ । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ९(२) ले पनि पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गर्नुको कारणसहितको सूचना दिइने तथा निजविरुद्ध लगाइएको आरोपको जानकारी दिइने कुराको प्रत्याभूति दिएको छ ।

यसको साथै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, नेपाल अधिराज्यको संविधान तथा नागरिक अधिकार ऐनसमेतले कुनै पनि थुनुवा वा बन्दीलाई निजले रोजेको कानुनव्यवसायीसँग मुद्दाको सबै चरणमा सल्लाह लिने तथा निजद्वारा पुर्पक्ष गरिपाउने हकलाई प्रत्याभूति प्रदान गरेको छ । यस्तो अधिकार प्रहरीहिरासतमा रहँदाका अवस्थामा समेत प्राप्त हुन्छ ।

कुनै पनि व्यक्तिलाई आफू विरुद्धको अभियोगको प्रकृति तथा कारणको जानकारी पाउने, आफ्नो प्रतिरक्षाको तयारीका लागि पर्याप्त समय तथा सुविधा पाउने र आफूले रोजेको कानुनव्यवसायीसँग सल्लाह लिन पाउने अधिकार हुनेछ ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४ (३) (क) र (ख)*

पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन र त्यस्तो व्यक्तिलाई आफूले रोजेको कानुनव्यवसायीसँग सल्लाह लिने र निजद्वारा

*नेपालको संविधानको धारा १४ (५)*

पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिनेछैन ।

कुनै अपराधको सम्बन्धमा तहकिकात गर्ने प्रहरीकर्मचारीले त्यस्तो अपराधमा संलग्न रहेको छ भनी शङ्का गर्नुपर्ने मनासिब कारण भएको व्यक्तिलाई पक्राउ गर्न सक्नेछ र त्यसरी पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गरिएको कारणसहितको सूचना नदिई थुनामा राखिनेछैन ।

*स.मु.स. ऐनको दफा १४ (१)*

१. प्रचलित नेपाल कानुनले अन्यथा हुनेमा बाहेक गिरफ्तार भएको व्यक्तिलाई
   - क) गिरफ्तारीको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिनेछैन ।
   - ख) आफुले रोजेको कानुनव्यवसायी वा कानुनबमोजिमको वारेससँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट वञ्चित गरिने छैन ।

*नागरिक अधिकार ऐनको दफा १५*

२) प्रचलित नेपाल कानुनले अन्यथा हुनेमा बाहेक गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई बाटाको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्दछ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अबधिभन्दा बढी थुनामा राख्नु हुँदैन ।

## ५. पक्राउपुर्जी एवं थुनुवापुर्जीसम्बन्धी जानकारी दिनुपर्ने

*थुनामा रहेको प्रत्येक व्यक्तिले आफू कुन कारण र कुन कानुनबमोजिम थुनामा बस्नुपरेको हो सो को जानकारी पाउने अधिकार राख्दछ ।*

कुनै पनि व्यक्तिलाई पक्राउ गर्दा निजलाई के कारणले पक्राउ गरिएको हो सो को कारण खुल्ने गरी पक्राउपुर्जी दिनुपर्छ। साथै त्यस्तो व्यक्तिलाई थुनामा राख्नुपर्ने भएमा थुनामा राख्नुपर्ने कारणसहितको थुनुवापुर्जी दिनुपर्छ। त्यसैले पक्राउ पुर्जी र थुनुवापुर्जी दिए नदिएको सम्बन्धमा अदालतका कर्मचारीहरूले संवेदनशील भई हेर्नुपर्छ ।

मुद्दाको सम्बन्धमा जुनसुकै व्यहोराले थुनामा राख्दा यस्तो अभियोगमा यस कानुनको यो नं. दफाअनुसार थुनामा राखिएको हो भनी सो थुनामा राखिने व्यक्तिलाई कारण खोली पुर्जी नदिई थुनामा राख्नु हुँदैन ।

*अ.बं. १२१*

सरकारवादी हुने फौजदारी मुद्दाका अभियुक्त पक्राउ परेमा निजलाई पक्राउ पुर्जी दिनुपर्नेछ। यसरी पक्राउ परेको अभियुक्तलाई प्रहरीहिरासतमा राख्नुपरेमा थुनुवा पुर्जी दिई हिरासतमा राख्नुपर्नेछ।

*स.मु.स.नि.को नियम १ ए ३*

## ६. थुनुवालाई यथाशक्य चाँडो इजलाससमक्ष पेस गर्नुपर्ने

*अभियोग लागेको व्यक्तिलाई अविलम्ब सुनुवाइको अधिकार हुन्छ ।*

कुनै पनि व्यक्तिउपर कुनै फौजदारी कसुरको अभियोग लाग्नासाथ त्यसको अविलम्ब सुनुवाइ र परीक्षण गराइपाउनु उसको मानवअधिकार हो। साथै त्यस्तो सुनुवाइको लागि चाहिने आवश्यक व्यवस्था गर्नु सभ्य न्याय प्रणाली एवं त्यसका निकाय र कर्ताहरूको जिम्मेवारी पनि हो। यस जिम्मेवारीको पूर्ण पालना गर्नको लागि म्यादथप वा अन्य प्रयोजनको लागि कसैलाई पनि अदालतसमक्ष ल्याउँदा तत्काल सोको बारेमा आवश्यक जानकारी प्राप्त गरी इजलाससमक्ष प्रस्तुत गर्नुपर्दछ र निजको अवस्थाको बारेमा इजलासलाई अवगत गराउनुपर्दछ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४ (३) (ग)*

## ७. शारीरिक जाँचको लागि अनुरोध गरेमा त्यस्तो जाँचको लागि आवश्यक कारबाई गर्नुपर्ने

*थुनामा रहेको व्यक्तिलाई यातना दिनु गैरकानुनी कार्य हो ।*

थुनामा राख्न अनुमति वा म्यादथपको लागि ल्याइएको कुनै व्यक्तिले आफूलाई कुटपिट गरिएको छ भनी निवेदन दिएमा वा मौखिक रूपमा नै जानकारी गराएमा पनि सोही कुरा सम्बन्धित इजलास समक्ष प्रस्तुत गरी शारीरिक परीक्षणको लागि पठाउनुपर्दछ।

अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुँदैन।

**स्पष्टीकरण**: यस उपदफाको प्रयोजनको लागि “थुनामा रहेको” भन्ने शब्दले प्रचलित कानुनबमोजिम हिरासतमा रहेको अवस्थालाई समेत जनाउँछ।

*यातना तथा क्षतिपूर्ति ऐनको दफा ३(१)*

कुनै पनि व्यक्तिलाई थुनामा राख्दा र छोड्दा सम्भव भएसम्म सरकारी सेवामा रहेका चिकित्सक र चिकित्सक उपलब्ध हुन नसकेको अवस्थामा सम्बन्धित अधिकारी आफैले निजको शारीरिक स्थितिको जाँच गरीगराई सोको अभिलेख खडा गरी राख्नुपर्नेछ।

*यातना तथा क्षतिपूर्ति ऐनको दफा ३(२)*

## ८. घाउ वा नीलडाम देखाउन वा जँचाउन आएमा जँचाउन पठाउनुपर्ने

*यथाशीघ्र घा-जाँच गराउँदा प्रमाणको संरक्षण भई न्यायिक कार्यमा मद्दत पुग्दछ ।*

अर्काको कुटपिटमा परी घाउ जाँच गराउन उपस्थित भएको व्यक्तिलाई तत्काल घाउ जाँच गराउन नजिकको अस्पतालमा पठाउनुपर्छ । यसरी तत्काल घाउ जाँच नगराउँदा पीडित व्यक्ति उपचार पाउने हकबाट बन्चित हुनुको साथै चोटको प्रकृतिमासमेत फरक पर्न गई प्रमाण लोप हुन सक्छ ।

कुटपिट गर्दा नील घा चोट गैह्र भएकोमा नील घा चोट निको नहुँदै सकेसम्म चाँडो सो कुटपिट भएको इलाकाको नजिकको प्रहरी कार्यालय, गाउँ विकास समिति वा नगरपालिका वा सम्बन्धित मुद्दा हेर्ने अड्डामा गई जँचाउनुपर्छ । सो बमोजिम घा-नील देखाउन र जँचाउन आउनासाथ नजिक अस्पताल वा सरकारी डिस्पेन्सरीमा पठाई जँचाई उसको लेखोटबमोजिम र नजिकमा अस्पताल वा सरकारी डिस्पेन्सरी नभए त्यस ठाउँमा दुवै थरको नातेदार हकवाला भए तिनीहरू र सरजमिनका जानिफकार भलादमी कम्तीमा चारजनालाई समेत राखी हेर्न लगाई जाँची ठहराई सो ठहराएबमोजिम फलानाको यतिसम्म घा-चोट लागेको छ भनी घा जाँचको मुचुल्का गराई लिनुपर्छ । गाउँ विकास समिति वा नगरपालिकले जाँचेकोमा भने उसको अधिकारक्षेत्रको बाहिर भए मुद्दा हेर्ने अड्डामा बुझाई दिनुपर्छ ।

*मुलुकी ऐन कुटपिटको २० नं.*

●

परिच्छेद ६

# मुद्दा दर्ताको सन्दर्भमा निर्वाह गरिनुपर्ने भूमिका


| | | |
|---|---|---|
| १. | दर्ता गर्न ल्याएको रीत पुगेको लिखत तुरुन्त दर्ता गर्नुपर्ने | ६० |
| २. | दर्ता हुन आएका कागजहरू तुरुन्त हेरी कानुनबमोजिम निकासा दिनुपर्ने | ६० |
| ३. | दर्ता गर्न मिल्ने लिखत दर्ता र नमिल्ने लिखत दरपीठ गर्नुपर्ने | ६० |
| ४. | बेइलाकाको मुद्दा दर्ता गर्न ल्याएमा सम्बन्धित अड्डामा जानू भनी लेखी फिर्ता दिनुपर्ने | ६२ |
| ५. | हदम्याद सकिने दिन बिदा परेमा हदम्याद नगुज्रनेसम्बन्धी व्यवस्था | ६३ |
| ६. | अदालतका सबै सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्ने | ६३ |
| ७. | आफ्नो हक नपुग्नेले दिएको नालिस लिनु नहुने | ६३ |
| ८ | सार्वजनिक सरोकारको विषयमा जोसुकैले पनि नालिस दिन सक्ने | ६४ |
| ९. | नाबालक र असक्त व्यक्तिको हकमा निजको संरक्षकले फिराद गर्न सक्ने | ६४ |
| १०. | फिरादमा निर्णय गर्न नमिल्ने कुरा कैफियतमा भरपाई दिनुपर्ने | ६५ |
| ११. | सरकारवादी हुने मुद्दा सरकारी वकिलको निर्णयले मात्र दायर हुन सक्ने | ६६ |
| १२. | एक पटक अदालतबाट निर्णय भइसकेको विषयमा पुनः मुद्दा पर्न आएमा दर्ता गर्न नहुने | ६६ |
| १३. | कुनै व्यक्तिलाई त्यसै कसूरमा एक पटक भन्दा बढी मुद्दा चलाए नचलाएको हेर्नुपर्ने | ६७ |
| १४. | अभियोगपत्रसाथ दाखिल सामानहरू आम्दानी बाँधी प्रमाणित गराई राख्नुपर्ने | ६७ |
| १५. | कोर्ट फि पछि दाखिला गर्ने गरी मुद्दाको कारबाई र किनारा गर्न सकिने | ६७ |
| १६. | बन्दीप्रत्यक्षीकरणको निवेदन बन्दीको हकमा अन्य व्यक्तिले पनि दिन सक्ने | ६८ |
| १७. | मुद्दामा वारेसबाट प्रतिनिधित्व हुन सक्ने | ६९ |
| १८. | प्रतिवादीको स्पष्ट वतन खुलाए नखुलाएको हेर्नुपर्ने | ६९ |
| १९. | मुद्दामा सम्बन्धित पक्षको कानुनव्यवसायी भए/नभएकोबारे जानकारी राख्नुपर्ने | ७० |

*पक्षहरू प्रति कर्मचारीले आफूलाई वास्तविक सहयोगीको रूपमा प्रस्तुत गर्न सक्नुपर्दछ ।*

मुद्दासम्बन्धी कारबाईको प्रारम्भ मुद्दाको दर्ताबाट हुन्छ । मुद्दा दर्ता गर्ने भन्नाले अन्यायमा परेका, गैरकानुनी तबरबाट पीरमर्का सहनुपरेका एवं आफ्नो हक अधिकारको प्रचलनका लागि कानुनी उपचारको खोजीमा भौतारिएका पीडित व्यक्तिहरूले अदालतको सहारा लिने पहिलो कार्य बुझिन्छ । यस्ता पीडितहरूमा महिला, बालबालिका, वृद्ध असहाय एवं अशक्त जो पनि पर्न सक्दछन् र यस्तो पीडा कुनै व्यक्ति, समूह, समुदाय तथा राज्यसंयन्त्र समेतबाट भोग्नु परेको हुन सक्छ । यस अवस्थामा पाउने व्यवहारको आधारमा नै सम्पूर्ण न्यायपालिकाप्रति तिनीहरूको दृष्टिकोण बन्ने हुँदा मुद्दा दर्ताका अवस्थामा आउने सम्बन्धित पक्षहरूलाई कर्मचारीले अत्यन्तै संवेदनशील भई मित्रवत् व्यवहार गर्नुपर्छ ।

## १. दर्ता गर्न ल्याएको रीत पुगेको लिखत तुरुन्त दर्ता गर्नुपर्ने

कानुनबमोजिम रीत पुगेको आफ्ना अड्डामा दर्ता हुने फिरादपत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, निवेदनपत्र इत्यादि अड्डामा दाखिल हुनासाथ तुरुन्त दर्ता गरिदिनुपर्छ । अड्डामा दाखिल भएपछि रीत पुऱ्याई स्रेस्तामा नदरिएको कारणले मात्र म्याद जान सक्दैन ।

*अ.व. १८ नं.*

*अदालतमा मुद्दा दर्ता गर्न जानु भनी सुनाएको दिनलाई पनि गणना गरी म्याद कायम गर्नुपर्ने*

हदम्यादको गणना गर्दा सो (निर्णय) सुनाएको दिनलाई बाहेक गरी गणना गर्न मिल्ने देखिएन ।

*सच्चिदानन्द वि. मोहनलालसमेत, ने.का.प. २०५२ पृ. ३६*

## २. दर्ता हुन आएका कागजहरू तुरुन्त हेरी कानुनबमोजिम निकासा दिनुपर्ने

आफ्ना अड्डामा आएका कागजहरूको तुरुन्त मजबुन बुझी कानुनबमोजिम जो गर्नुपर्ने हो सो कुरा खोली लेखी र स्रेस्तामा दर्ता भएको मितिसमेत जनाई हाकिमले दस्तखत गर्नुपर्छ ।

*अ. वं. १८ नं.*

## ३. दर्ता गर्न मिल्ने लिखत दर्ता र नमिल्ने लिखत दरपीठ गर्नुपर्ने

अदालतमा दर्ता गर्न ल्याइएको लिखत कानुनबमोजिम दर्ता हुने भएमा दर्ता किताबमा लिखत दर्ता गर्न ल्याउनेको दस्तखत वा सहिछाप गराई त्यसको दर्ता नम्बर र मिति जनाई निजलाई दिनुपर्छ । तारिखमा रहने व्यक्तिलाई तारिख मात्र दिए पुग्छ ।

लिखत रीत नपुगेको वा कानुनविपरीत देखिएमा सो कुरा स्पष्ट रूपमा उल्लेख गरी लिखतको पहिलो पृष्ठको पछाडिपट्टिको शीरमा दरपीठ गरिएको छ भन्नेसम्मको व्यहोरा जनाई रजिस्ट्रार वा निजले अधिकार सुम्पेको अधिकृतको दस्तखत र अदालतको छाप लगाई छुट्टै कागजमा दरपीठको व्यहोरा उल्लेख गरी सोमा समेत दस्तखत गरी अदालतको छाप लगाई एक प्रति सम्बन्धित पक्षलाई फिर्ता दिनुपर्छ र एक प्रति अदालतमा राख्नुपर्छ ।

*स.अ.नि. को नियम २७(२)*

*अड्डामा कुनै पनि लिखत दर्ता गर्न ल्याएकोमा दर्ता हुन नसक्ने भए सोको कारण जान्न पाउने अधिकार सम्बन्धित व्यक्तिलाई हुन्छ ।*

हदम्याद वा म्याद गुजारी दर्ता गर्न ल्याएको लिखत वा अदालतले हेर्न नपर्ने वा नहुने लिखत वा कानुनविपरीत देखिएको लिखतको हकमा दर्ता गर्न नमिल्ने मनासिब कारण भए लिखतको पहिलो पृष्ठको पछाडिपट्टिको शीरमा 'यो लिखत दरपीठ गरिएको छ' भन्नेसम्मको व्यहोरा जनाई रजिस्ट्रार वा स्रेस्तेदारको दस्तखत र अदालतको छाप लगाई छुट्टै कागजमा दरपीठ गर्नुपर्ने आधार र कारण उल्लेख गरी सो प्रतिमा समेत रजिस्ट्रार वा स्रेस्तेदारको दस्तखत र अदालतको छाप लगाई एक प्रति सम्बन्धित पक्षलाई फिर्ता दिनुपर्छ र त्यस्तो लिखतको एक प्रति अदालतमा राख्नुपर्छ ।

*पु.वे.अ. नि. को नियम १८(१)(२)(३) तथा जि.अ.नि.को नियम, ७(१)(क), १५(१)(२) (३)*

अड्डामा दर्ता गर्न ल्याएको कागजपत्रमा अक्षर बुझिने गरी थपी केरी दर्ता गर्न ल्याएमा सहिछाप गराई लिदा यो पंक्तिमा यो अक्षर थपे वा केरेको छ भनी सोही कागजको किनारमा अड्डैबाट लेखी दर्ता गराउन ल्याउनेको सहीछाप गराई अड्डाको हाकिमले दस्तखत गरी दर्ता गर्ने गर्नुपर्छ। दर्ता गर्न नहुने भए जुन कारणले दर्ता गर्न नहुने हो सो कारण खुलाई सो कागजकै पीठमा लेखी मितिसमेत हाली अड्डाका हाकिमले दस्तखत गरी दर्ता गर्न ल्याउनेको भरपाई गराई कागज फिर्ता दिनुपर्छ ।

*अ.ब. २७ नं.*

फिरादपत्र दिन ल्याएमा ऐनबमोजिमको ढाँचा नमिलेकोमा यति रीत पुऱ्याई ल्याउनू भनी जति कुराको रीत पुऱ्याई ल्याउनुपर्ने हो सबै व्यहोरा एकै पटक पीठमा लेखी मिति समेत हाली अड्डाको छाप लगाई भरपाई गराई फिर्ता दिनुपर्छ। रीत पुगेकोमा अत्तो थापी फिर्ता दिन हुँदैन ।

*अ.ब. ८७ नं.*

प्रतिवादीको स्पष्ट वतन खुलाई नल्याएको अभियोगपत्र दर्ता गर्नु हुँदैन ।

तर एकभन्दा बढी प्रतिवादी भएको मुद्दामा कसैको वतन स्पष्ट खुलेको र कसैको वतन खुलाइएको रहेनछ भने वतन खुलाइएको प्रतिवादीका हकमा सम्म मुद्दामा कारबाई किनारा हुने, वतन नखुलाइएको हकमा मुद्दा दर्ता नै नहुने भनी कारणसहितको व्यहोरा जनाई दरपीठ गरी सो जनाउ सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयलाई दिनुपर्छ ।

*जि.अ.नि. को नियम १८क(3)*

रीत नपुगेको फिरादपत्रः यस नियमावली वा कुनै कानुन अनुसारको रीत नपुगेको फिरादपत्रको पीठमा रीत नपुगेको कारण खुलाई रीत पुऱ्याउनको लागि सात दिनसम्मको समय दिई स्रेस्तेदारको आदेशले फिर्ता दिनुपर्नेछ । रीत पुगेको रहेछ वा सात दिनभित्र रीत पुऱ्याई ल्याएछ भने स्रेस्तेदारले दर्ता गर्न आदेश दिनुपर्छ ।

*जि.अ. नि.को नियम २१*

## ४. बेइलाकाको मुद्दा दर्ता गर्न ल्याएमा सम्बन्धित अड्डामा जानू भनी लेखी फिर्ता दिनुपर्ने

*बेइलाकाको मुद्दा दर्ता गर्न हुँदैन ।*

मुद्दा दर्ता गर्नको लागि क्षेत्राधिकार रहेको अदालतमा जानुपर्ने गरी कानुनले व्यवस्था गरेको हुँदा क्षेत्राधिकार नपर्ने इलाकाको अदालतमा मुद्दा दर्ता गर्न ल्याएमा उक्त मुद्दा हेर्ने अधिकार भएको अदालतमा पठाइदिनु सम्बन्धित कर्मचारीको कर्तव्य हुन्छ ।

इलाकाबाहेक बेइलाकाको अड्डामा फिरादपत्र दिन ल्याएमा इलाका पर्ने फलाना अड्डामा जानू भनी सो फिरादपत्रको पीठमा लेखी छाप लगाई तुरुन्त फिर्ता दिनु पर्छ। ऐन बमोजिमको म्यदभित्र दिन ल्याएमा इलाकाका अड्डाबाट सो दरपीठ भएकै फिरादपत्र दिए पनि लिई मुद्दा हेरी दिनुपर्छ। फिरादपत्र दर्ता भइसके पछि माथि दफा-दफामा लेखिएबमोजिम अरू अड्डामा पठाउँदा पनि तारिखमा रहने झगडियालाई तारिख तोकी जुन अड्डाबाट सो मुद्दा हेर्नुपर्ने हो सो अड्डाबाट बुझी कानुनबमोजिम गर्नु भनी अड्डाको लेखोटसाथ पठाउनुपर्छ। अड्डाले पनि सो आएको मुद्दा बुझी आफूले हेर्नु नपर्ने भए तापनि फिर्ता गर्न हुँदैन। बाधा परे आफ्नो पुनरावेदन सुन्ने अड्डा मार्फत जाहेर गरी निकासा भई आएबमोजिम गर्नुपर्छ। निकासा दिने अड्डाबाट पनि ऐन बमोजिम जो मनासिब हो तोकी पठाई दिनुपर्छ ।

*अ.ब. २८ (७) नं.*

## ५. हदम्याद सकिने दिन बिदा परेमा हदम्याद नगुज्रनेसम्बन्धी व्यवस्था

*अड्डा बिदा परेको कारणले मात्र कसैको हदम्याद जाँदैन ।*

मुद्दा दर्ता गर्नको लागि तोकिएको हदम्यादभित्र अदालतमा प्रवेश गर्नुपर्छ। हदम्याद सकिने अन्तिम दिन बिदा परेको कारणले पक्षको हक प्रचलन गराई माग्ने अधिकार समाप्त हुँदैन । यस्तोमा बिदा सकिएपछि अदालत खुलेको पहिलो दिन सम्बन्धित पक्ष नालिस लिई उपस्थित भए दर्ता गरिदिनुपर्छ ।

हदम्याद पुग्ने वा म्याद तारेखमा हाजिर हुनुपर्ने वा कुनै कागज दाखिल गर्नुपर्ने दिन अड्डाको तातिल परे तातिलपछि अड्डा खुलेको पहिलो दिनमा हाजिर हुने वा दाखिल गर्नेको हदम्याद वा म्याद तारेख गुज्रन सक्दैन ।

*अ.ब. ४५ नं.*

## ६. अदालतका सबै सेवाग्राहीप्रति मर्यादित व्यवहार गर्नुपर्ने

*मर्यादित व्यवहारले अदालतप्रतिको आस्थामा अभिवृद्धि गराउँछ ।*

अदालतका कर्मचारीहरूले सेवाग्राहीहरू प्रति मर्यादित व्यवहार गर्नुपर्दछ। त्यसमा पनि जीउ मास्ने बेच्ने, जबरजस्ती करणीजस्ता मुद्दाका पीडितहरूको अवस्था अत्यन्त नाजुक रहेको हुन्छ। उनीहरूलाई जिस्काउने, ठट्टा गर्ने, खिस्यौरी गर्नेजस्ता कार्यहरूले उनीहरू अपहेलित भएको महसुस गर्दछन्। यस्तो स्थितिमा उनीहरू अदालतलाई सहयोग गरिरहन सक्ने अवस्थामा हुदैनन् र अपराधीहरू उम्किन सक्दछन्। यसबाट अदालतप्रतिको आस्थामा पनि आघात पुग्न जान्छ ।

*महिलाविरुद्धको भेदभाव उन्मुलनसम्बन्धी महासन्धिको धारा ५(क)*

महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिमा नेपालले प्रतिबद्धता जनाइसकेकोले लि□को आधारमा गरिने लघुताभास वा उच्चताभास सम्बन्धी सबै सांस्कृतिक ढाँचा परिवर्तन गर्ने राज्यको दायित्वमा अदालतका कर्मचारीले समेत सहयोग गर्नुपर्छ ।

## ७. आफ्नो हक नपुग्नेले दिएको नालिस लिनु नहुने

*जुन विषयमा जसको हक पुग्छ उसलाई मात्र मुद्दा दिने अधिकार हुन्छ ।*

जसको जुन विषयमा हक पुग्ने हो उसैले मात्र मुद्दा गर्न पाउँछ। आफ्नो हक नपुग्ने विषयमा मुद्दा गर्न पाइँदैन। त्यसैले अदालतमा कसैले मुद्दा दर्ता गर्न ल्याएमा त्यस्तो दर्ता गर्न आउनेको सो विषयमा हक पुग्छ पुग्दैन हेरी जाँची मात्र नालिस दर्ता गर्नुपर्छ। हकदैयाको विषयलाई नहेरी मुद्दा दर्ता गर्दा अनावश्यक रूपमा मुद्दाको संख्या बढ्ने मात्र होइन मुद्दामा विपक्षी बनाइएका व्यक्तिहरूले पनि अनाहकमा दुःख हैरानी व्यहोर्नुपर्ने हुन्छ ।

श्री ५ को सरकार वादी हुने मुद्दा र घुस खाने माग्ने सरकारी कर्मचारीकै हस्ताक्षरको लिखतको सबुद लिई नालिस गरेको घुस मुद्दामा जोसुकैले नालिस गरे पनि हुन्छ। सो बाहेक अरू गैह्र मुद्दामा जसको जुन कुरामा हक पुग्छ उसले सो कुरामा दाबी गरी नालिस दिए मात्र लाग्छ।

*अ.बं.८२ नं.*

## ८. सार्वजनिक सरोकारको विषयमा जोसुकैले पनि नालिस दिन सक्ने

*सार्वजनिक सरोकारको विषयमा अड्डाको अनुमतिले जो सुकैले पनि नालिस दिन पाउँछ।*

आफ्नो वैयक्तिक हित मात्र नभई सार्वजनिक हित वा सरोकार रहेको विषयमा जो कोहीले पनि नालिस गर्न पाउँछ। यस्तो विषयमा मुद्दा दायर गर्नुपर्दा अदालतको अनुमति लिनुपर्ने कानुनी व्यवस्था छ। अनुमतिको लागि अदालतमा निवेदन परेमा तत्काल सोही दिन अनुमतिको निकासा दिन अदालतका कर्मचारीले मद्दत गर्नुपर्दछ।

सार्वजनिक सरोकारको विवादमा जोसुकैले उजुर गर्न पाउँछ।

*राधेश्याम अधिकारी वि. श्री ५ को सरकार, ने.का.प. २०४८, पृ. ८१०*

प्रचलित कानुनमा श्री ५ को सरकार वादी हुने भनी लेखिएको मुद्दामा श्री ५ को सरकारलाई वादी कायम गरी मुद्दाको कारबाई गरिनेछ। सोबाहेक मुद्दाको विषय वा प्रकृतिबाट श्री ५ को सरकार वा सार्वजनिक हित वा सरोकार निहित रहेको मुद्दा श्री ५ को सरकारले वा अड्डाको अनुमति लिई सर्वसाधारण जोसुकैले पनि वादी भै चलाउन सक्नेछ। अनुमतिका लागि निवेदन दिँदा फिरादपत्र साथै दिनुपर्छ। त्यसरी फिरादपत्र साथै अुनमतिको निवेदन परेमा उसै दिन अनुमतिको निवेदनमा निर्णय गरी दिनुपर्छ। अनुमति नदिएमा पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सकिनेछ।

*अ. ब. १० नं.*

## ९. नाबालक र असक्त व्यक्तिको हकमा निजको संरक्षकले फिराद गर्न सक्ने

*आफै उपस्थित हुन नसक्नेले हकवाला वा संरक्षक मार्फत मुद्दा दर्ता गर्न पाउँछन् ।*

नाबालक, वृद्धावस्था, शारीरिक वा मानसिक अस्वस्थताजस्ता अवस्थाको कारण सम्बन्धित व्यक्ति स्वयं अदालतमा उपस्थित भई मुद्दा दर्ता गर्न नसक्ने अवस्था पनि पर्दछ । यस्तो स्थितिमा सम्बन्धित व्यक्ति स्वयं उपस्थित हुन नसकेको कारणबाट निजहरूको मुद्दा दर्ता हुन नसक्ने हो भने निजहरूलाई न्यायको पहुँचको अधिकारबाट वञ्चित गरेको हुन जान्छ । त्यसैले आफैं उपस्थित हुन नसक्ने अवस्थाका व्यक्तिहरूलाई आफ्नो हकवाला वा संरक्षक मार्फत मुद्दा गर्ने अधिकार प्राप्त हुन्छ । यसरी मुद्दा गर्नुपर्दा अदालतको अनुमति भने लिनुपर्ने हुन्छ ।

*मानवअधिकार घोषणापत्रको धारा १०*

बालकको हक पुग्ने जुनसुकै कुरामा नालिस उजुर वा प्रतिरक्षा गर्नु पर्दा निजको बाबु, आमा वा संरक्षकले नालिस, उजुर गर्न वा प्रतिरक्षा गर्न सक्नेछन् । बाबु, आमा वा संरक्षक नभएको बालकको सम्बन्धमा निजको हकवालालाई सो अधिकार प्राप्त हुनेछ ।

*बालबालिका सम्बन्धी ऐनको दफा ५१*

सोह्र वर्ष नपुगेका नाबालक वा उमेर पुगेको भए पनि वृद्धावस्था वा कुनै किसिमको कडा रोगले गर्दा होस ठेगानामा नभएको वा बौलाएको वा दुवै आँखा नदेख्ने अन्धा वा अन्धी वा वक्क लाटा लाटी मानिसहरूको र विदेशमा गई फर्की आउने ठेगान नभएका मानिसको हक पुग्ने जुनसकै कुरामा नालिस, प्रतिउत्तर, पुनरावेदन, निवेदन दिन वा मुद्दा मामिलासम्बन्धी अन्य कुनै काम कारबाई गर्नुपर्ने भएमा अड्डाको अनुमति लिई ती मानिसहरूको एकाघरसँग बसेका सोह्र वर्ष नाघेको हकवालाले हदम्यादभित्र गर्न पाउनेछ।

*अ. ब. ८३ नं.*

आफ्नो हकहितको सुरक्षा आफैं गर्न नसक्ने व्यक्तिको हकमा अ.बं. ८३ को व्यवस्था भएको हो ।

*श्यामबहादुर वि. रूपबहादुर ने.का.प. २०४८, पृ. ४३१*

## १०. फिरादमा निर्णय गर्न नमिल्ने कुरा कैफियतमा जनाई भरपाई दिनुपर्ने

आफूलाई अन्याय परेको व्यहोरा स्पष्ट रूपमा उल्लेख गरी फिरादपत्र दर्ता गर्नुपर्दछ । विषयवस्तुको प्रकृतिको आधारमा मुद्दाको कारबाई हुने हुँदा देवानी र फौजदारी मुद्दामा एउटै फिरादबाट कारबाई गर्न मिल्दैन । देवानी र फौजदारीका लागि अलग-अलग फिरादपत्र दिनुपर्छ । दुवै विषयको कुरा एउटै फिरादमा लेखी ल्याएमा त्यस्तो बढी लेखी ल्याएजतिमा कारबाई गर्न नपर्ने भनी फिरादको शीरमा लेखी पक्षलाई जानकारी समेत

दिनुपर्छ ।

फिरादपत्र लिँदा देवानी फौजदारी मुद्दाको छुट्टाछुट्टै लिनुपर्छ । सो बाहेक एउटै फिरादपत्रमा एउटै मानिसउपर जतिसुकै झगडाका विषयको कुरा लेखी ल्याएको र जतिसुकै मानिसले जतिसुकै मानिसउपर एउटै झगडाका विषयको कुरा लेखी ल्याएको भए पनि लिई सो बमोजिम सबै कुराको सोही फिरादपत्रबाट इन्साफ गर्नुपर्छ । लेखिएभन्दा बढ्ता कुरा एउटै फिरादपत्रमा लेखी ल्याएको रहेछ भने फिरादपत्र फिर्ता गर्न भने हुँदैन । बढी जति लेखी ल्याएको कुराको यस फिरादपत्रबाट इन्साफ गर्न नपर्ने अरू अड्डाबाट अर्को फिरादपत्र दिए मात्र इन्साफ गर्नुपर्ने भनी सो फिरादपत्रबाट जति कुराको इन्साफ गर्नु नपर्ने हो उति कुरा सोही फिरादपत्रका शिरमा लेखी हाकिमले दस्तखत गरी सो इन्साफ गर्नु नपर्ने भएको जति कुरा फिरादपत्रवालालाई थाहा हुना निमित्त सोही फिरादपत्रको भरपाईमा लेखी दिनुपर्छ ।

*अ.ब. ७२ नं.*

देवानी र फौजदारी दुई मुद्दाको एउटै नालिस दर्ता भएकोमा दुवै खारेज गर्न मिल्दैन, एक विषयमा कारबाई हुन्छ ।

*पोषणनाथ विरुद्ध अम्बिकादेवी, ने.का.प. २०४४, पृ. २०५*

## ११. सरकारवादी हुने मुद्दा सरकारी वकिलको निर्णयले मात्र दायर हुन सक्ने

सरकारवादी हुने मुद्दामा कुनै व्यक्ति उपर मुद्दा दर्ता गर्न ल्याएमा त्यस्तो व्यक्ति उपर मुद्दा चलाउने गरी सरकारी वकिलको निर्णय भएको छ-छैन सोसमेत हेर्नुपर्दछ । सरकारी वकिलको निर्णयविना मुद्दा दायर हुन आएमा व्यक्तिको मौलिक हकसम्बन्धी संवैधानिक सुरक्षाको उल्लङ्घन हुन जाने हुँदा अदालतका कर्मचारीहरू त्यसतर्फ विशेष सतर्क भई मुद्दा दर्ता गर्नुपर्दछ ।

*नेपालको संविधानको धारा ११० (२) तथा स.मु.स. ऐनको दफा १७(२), २२ (६)*

## १२. एक पटक अदालतबाट निर्णय भइसकेको विषयमा पुनः मुद्दा पर्न आएमा दर्ता गर्न नहुने

*एकै विषयमा एकै अदालतमा दोहोर्‍याएर मुद्दा चल्दैन ।*

जुन विषयमा एक पटक सक्षम अदालत वा निकायबाट उजुरी सुनी कारबाई चली निर्णय भइसकेको छ सो विषयमा पुनरावेदन सुन्ने अड्डामा पुनरावेदन मात्र लाग्न सक्छ । तर सोही विषयमा

*प्रा[illegible]न्यायको सिद्धान्त*

| | | |
|---|---|---|
| | सोही अड्डामा पुनः नालिस लाग्न सक्दैन । | |
| | अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसलाउपर ऐनबमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाका नाउँको फिरादपत्र लिई सुन्न हुँदैन । लिएको भए पनि खारिज गरिदिनुपर्छ । | *अ.ब. ८५ नं.* |

## १३. कुनै व्यक्तिलाई त्यसै कसूरमा एक पटक भन्दा बढी मुद्दा चलाए नचलाएको हेर्नुपर्ने

| | | |
|---|---|---|
| *एक व्यक्तिलाई एकै खतमा दुई पटक सजाय गर्न पाइँदैन ।* | कुनै पनि व्यक्तिले एउटा अपराधजन्य कार्य गरेकोमा उसमाथि एकपटक सक्षम निकायबाट कारबाई चलाइए पछि सोही कार्यका लागि अर्को पटक उसमाथि कारबाई चलाउन र सजाय गर्न पाइँदैन । त्यसरी कारबाई चलाइए वा सजाय गरेमा निजको मानवअधिकार हनन् हुन्छ । | |
| | कुनै पनि व्यक्तिलाई कुनै कसुरमा प्रत्येक देशको कानुन र दण्डविधानअनुसार अन्तिम सजाय दिइसकेपछि वा सोबाट निजले छुटकारा पाइसकेपछि सोही कसुरमा निजविरुद्ध पुनः मुद्दा चलाउन वा दण्ड दिन पाइनेछैन । | *नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४(७)* |
| | कुनै पनि व्यक्तिउपर अदालतमा त्यसै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय गरिनेछैन । | *संविधानको धारा १४(२)* |
| | कुनै व्यक्तिउपर एकै अपराधमा एक पटक भन्दा बढ्ता मुद्दा चलाइने र दण्डसजाय गरिनेछैन । | *नागरिक अधिकार ऐनको दफा ११(२)* |

## १४. अभियोगपत्रसाथ दाखिल सामानहरू आम्दानी बाँधी प्रमाणित गराई राख्नुपर्ने

| | | |
|---|---|---|
| *बरामदी सामान सुरक्षित राख्नुपर्छ ।* | अभियोगपत्रसाथ अदालतमा दाखिल हुन आएको नगद वा जिन्सी सामान मुद्दा किनारा हुँदा ठहरेबमोजिम व्यक्ति विशेषलाई फिर्ता दिनुपर्ने वा राजश्वमा दाखिल गर्नुपर्ने हुँदा त्यस्तो सामान वा नगद रीतपूर्वक अभिलेखमा जनाई सुरक्षित राख्नुपर्छ । | |
| | अभियोगपत्रसाथ दाखिल भएका अंश, सर्वस्व, रोक्का र जेथाजमानतको चल अचल धनमालको लगत तहसिल शाखामा दिनुपर्छ, तहसिल शाखाले पनि त्यसको छुट्टै लगत तयार गरी राखी पछि फैसला वा आदेश भएबमोजिम गर्नुपर्छ । | *जि.अ.नि. को नियम ६८(७)* |

## १५. कोर्ट फि पछि दाखिला गर्ने गरी मुद्दाको कारबाई र किनारा गर्न सकिने

*असमर्थ पक्षको हकमा पछि कोर्ट फी दाखिल गर्ने गरी मुद्दाको सुनुवाइ हुन सक्छ ।*

मुद्दा दायर गर्नुपर्दा कानुनले तोकेको कोर्ट फी अदालतमा दाखिल गर्नुपर्छ। तर कुनै पक्षले कोर्ट फी दाखिल गर्न नसकेको अवस्थामा मुद्दा दायर गर्न नपाउने हो भने गरिब, निमुखा र असहाय वर्गका व्यक्तिहरू अदालतसम्मको पहुँचबाट बञ्चित हुनुपर्ने स्थिति आउँछ। त्यसैले सम्बन्धित पक्षको असमर्थताको कारणबाट कोर्ट फी दाखिल गर्न नसकेको अवस्थामा कोर्ट फी पछि दाखिल गर्ने गरी मुद्दा दायर गर्न सकिने व्यवस्था छ। सरकारवादी मुद्दामा र फौजदारी मुद्दामा भने कोर्ट फी लाग्दैन।

...देहायमा लेखिएको अवस्थामा मुद्दा हेर्ने अधिकृत वा न्यायाधीशले कारण सहितको पर्चा खडा गरी केही वा सबै कोर्ट फी पछि लिने गरी नालिस, उजुर, पुनरावेदन वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउने निवेदन दर्ता गर्ने आदेश गर्न सक्नेछ : -

क) नालिस, उजुर वा पुनरावेदन गर्ने वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन दिने व्यक्ति नितान्त गरिब भई लाग्ने कोर्ट फि सबै वा केही बुझाउन असमर्थ छ भन्ने मुद्दा हेर्ने अधिकृत वा न्यायाधीशलाई विश्वास गर्नुपर्ने कुनै मनासिव आधार भएमा,

*कोर्ट फि ऐन, दफा २३*

ख) नालिस, उजुर वा पुनरावेदन गर्ने वा पुनरावलोकन वा मुद्दा दोहोऱ्याउन निवेदन दिने व्यक्तिको झगडा परेको वस्तु बाहेक अरू जायजेथा केही नभई कोर्ट फी दाखिल गर्न असमर्थ छ भनी सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट सिफारिस भई आएमा वा मुद्दा हेर्ने अधिकृत वा न्यायाधीशलाई सो कुराको विश्वास गर्नु पर्ने कुनै मनासिव आधार भएमा।

...अंशवन्डा गराउन लगाउँदा कोर्ट फी ऐन, २०१७ बमोजिम वादीबाट कोर्ट फी असुल गरी पछि प्रतिवादीबाट बादीलाई भराईदिनु पर्नेछ।

*जि.अ.नि. को नियम ८५क (४)*

## १६. बन्दीप्रत्यक्षीकरणको निवेदन बन्दीको हकमा अन्य व्यक्तिले पनि दिन सक्ने

*बन्दीको हकमा निज स्वयं उपस्थित हुन नसकेको कारणबाट न्यायको पहुँचबाट वञ्चित हुनु पर्दैन ।*

साधारणतया अदालतमा पर्ने निवेदनमा सम्बन्धित व्यक्तिले सहिछाप गरी दर्ता गराउनु पर्दछ । तर कुनै व्यक्तिलाई गैरकानुनी तवरबाट थुनामा राखिएको अवस्थामा निज स्वयंले अदालतमा उपस्थित भई निवेदन दिन सक्ने अवस्था नहुने र सोही कारणबाट निज लगातार रूपमा गैरकानुनी थुनामा रहनुपर्दा निजको वैयक्तिक स्वतन्त्रता उल्लङ्घन हुन जान्छ । त्यसैले गैरकानुनी थुनामा रहेका बन्दीहरूका हकमा जो सुकै व्यक्तिले पनि निवेदन गर्न सक्ने र त्यस्तो निवेदनको आधारमा अदालतबाट निजको थुनाको वैधता परीक्षण गरिने व्यवस्था हुन्छ ।

निवेदनपत्रमा बन्दीले सहीछाप गरेको हुनुपर्छ तर बन्दीले सहीछाप गर्न नसक्ने कारण भएमा अन्य कुनै व्यक्तिले निजको हकमा निवेदनपत्र दिन सक्नेछ । *स.अ.नि.को नियम ३१(२)*

निवेदनपत्रमा बन्दीको सहिछाप परेको हुनपर्छ । तर बन्दीले सहछािप गर्न नसक्ने कारण भएमा अन्य व्यक्तिले निजको हकमा निवेदनपत्र दिन सक्नेछ । *पु.वे.अ.नि.को नियम २७(२)*

## १७. मुद्दामा वारेसबाट प्रतिनिधित्व हुन सक्ने

*वारेसबाट प्रतिनिधित्व गराइपाउनु पक्षको अधिकार हो ।*

देवानी मुद्दा र दुनियाँवादी हुने फौजदारी मुद्दामा वारेसबाट प्रतिनिधित्व हुने व्यवस्था छ । अन्य फौजदारी मुद्दामा भने अदालतको अनुमतिले मात्र वारेस राख्न पाइन्छ । *अ.बं. ६५(१) नं.*

वारेसमार्फत् पनि मुद्दा सकार गराई प्रतिनिधित्व गराउन पाउने । *हेमन्त शमशेर ज.ब.रा. वि. सूर्यकुमारी पाण्डे, ने.का.प. २०५८, नि.नं. ७०३२*

कम्पनीको तर्फबाट मुद्दा गर्ने अख्तियारी पाएको व्यक्तिले वारेस नियुक्त गर्न पाउँछ । यसलाई प्रत्यायोजित अधिकारको प्रत्यायोजन भन्न हुँदैन । *दुर्गाबहादुर वि. श्री ५ को सरकार, ने.का.प. २०३१, नि.नं. ८३४, पृ. १८५, फु.बे.*

देवानी मुद्दामा रहेका पक्षहरूको पेटबोलीबाट अ.बं. १३९ नं. अनुसार बुझिएको व्यक्तिले अ.बं. ६५ नं. अनुसार वारेस राख्न सक्ने नै ऐनको मनसाय भएको । *उमादेवी वि. वैजनाथ शाह, स.अ.बु., पूर्णाङ्क २१७, पृ. २१*

## १८. वादी /प्रतिवादीको स्पष्ट वतन खुलाए नखुलाएको हेर्नुपर्ने

*स्पष्ट रुपमा पक्षको वतन खोल्न लगाउनाले न्याय सम्पादनमा शिघ्रता आउँछ ।*

अदालतमा मुद्दा दर्ता गर्न ल्याउँदा वादी /प्रतिवादीको नाम, थर, ठेगाना स्पष्ट रूपमा खुल्ने गरी उल्लेख गर्न लगाउनुपर्छ । स्पष्ट रूपमा वतन उल्लेख गर्न लगाउनाले निज उपर लागेको दाबी वा अभियोगका सम्बन्धमा निजलाई जानकारी दिन तथा अदालतमा उपस्थित गराउन मद्दत पुग्नुका साथै त्यसले छिटो न्याय सम्पादन गर्नमा समेत सहयोग पुऱ्याउँछ ।

श्री ५ को सरकार वादी भई दायर हुने अभियोगपत्रमा प्रतिवादीको र थाहा भएसम्म निजका बाबुको नाम, थर, वतन भए घर नम्बर, प्रतिवादीको उमेर, पेसा, हुलिया, अन्य परिचयात्मक विवरण (जस्तो नागरिकता, पासपोर्ट आदि खुल्न सकेसम्मका विवरण) तथा खुल्न आएसम्म ई-मेल, फ्याक्स, टेलिफोन नम्बरजस्ता अभिलेख हुनसक्ने बिद्युतीय संचारका माध्यमसम्बन्धी ठेगाना खुलाइएको हुनुपर्दछ ।

*जि.अ.नि. को नियम १८क(१)*

दर्ता गर्न ल्याउने व्यक्तिको नाम, थर, उमेर, ठेगाना (थाहा भएसम्म इ-मेल, फ्याक्स, विद्युतीय माध्यमको ठेगाना समेत) र घर नं. तथा प्रत्यर्थीको नाम, थर, उमेर, ठेगाना (थाहा भएसम्म इ-मेल, फ्याक्स, विद्युतीय माध्यमको ठेगाना समेत) र घर नं. एवं निज कुनै कार्यालय वा संस्थामा कार्यरत भएमा त्यस्तो कार्यालय वा संस्थाको नाम, ठेगान, निजको पद तथा उमेर र बाबुको नाम पनि उल्लेख हुनुपर्छ ।

*पु.अ.नि. को नियम १६(१) (ख), जि.अ.नि. को नियम १४ (१) (ख)*

## १८. मुद्दामा सम्बन्धित पक्षको कानुनव्यवसायी भए नभएको जानकारी राख्नुपर्ने

*असमर्थ पक्षले कानुनी सहायता पाउने अधिकार राख्दछ ।*

मुद्दाको कारबाईको क्रममा सम्बन्धित पक्षसँग निजले कानुनव्यवसायी राख्न सक्ने वा नसक्ने बारेमा सोध्नुपर्छ । कुनै पक्षको कानुनव्यवसायी राख्ने इच्छा भएर पनि राख्न नसक्ने अवस्था भएमा त्यस्तो पक्षलाई वैतनिक कानुनव्यवसायी वा अन्य निःशुल्क कानुनी सहायता प्रदान गर्ने निकाय वा संस्थाको बारेमा जानकारी दिई कानुनी प्रतिनिधित्व गर्न अदालतका कर्मचारीले समेत मद्दत गरी दिनुपर्छ ।

*नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४(3) (घ), जि.अ. नि.को नियम ८६, पु.वे.अ.नि.को नियम १०६*

●

# परिच्छेद ७

# मुद्दा दर्ता भएपछिको कारबाई


| | | |
|---|---|---|
| १. | प्रतिवादीलाई इजलाससमक्ष पेस गर्ने | ७२ |
| २. | जबरजस्ती वा इच्छाविरुद्ध बोल्न कर  लगाउन नहुने कुरा हेक्का राख्नुपर्ने | ७२ |
| ३. | वारेन्ट जारी गर्ने | ७३ |
| ४. | म्याद, समाह्वान, इतलायनामा जारी गर्ने | ७३ |
| ५. | म्याद तामेल गर्ने | ७३ |
| ६. | गुज्रेको म्याद थाम्न सकिने | ७५ |
| ७. | बाटोको म्यादसम्बन्धी व्यवस्था | ७६ |
| ८. | प्रतिउत्तरसम्बन्धी व्यवस्था | ७६ |
| ९. | मिसिल कागजात समयमै झिकाउनुपर्नेसम्बन्धी व्यवस्था | ७६ |
| १०. | कानुनव्यवसायीसम्बन्धी व्यवस्था | ७६ |
| ११. | प्रभावकारी निरीक्षण एवं अनुगमन गर्नुपर्नेसम्बन्धी व्यवस्था | ७७ |

*मुद्दामा सुनुवाइको मौका पाउनु पक्षको अधिकार हो ।*

अदालतमा मुद्दा दर्ता भएपछि पहिलो कारबाईको रूपमा प्रतिवादीलाई झिकाउने कार्यविधि अपनाइन्छ। यसका निम्ति देवानी मुद्दामा भए इतलायनामा र फौजदारी मुद्दामा भए मुद्दाको प्रकृतिअनुसार वारेन्ट, म्यादी पुर्जी वा समाह्वान जारी गरिन्छ। "सुनुवाइको मौका नदिई दोषी ठहराउनु हुँदैन" भन्ने प्राकृतिक न्यायको सिद्धान्त हो। सोहीअनुसार मुद्दामा विपक्षी बनाइएका व्यक्तिहरूलाई आफूलाई लागेको अरोप वा अभियोगका बारेमा प्रतिरक्षा गर्ने मौका दिन प्रतिवादीलाई झिकाइने हो। यस्तो म्याद सूचना आदिको तामेली रीतपूर्वक हुनु अत्यावश्यक हुन्छ। अन्यथा प्राकृतिक न्यायका सिद्धान्तको विपरीत हुनुका साथै प्रतिवादी बनाइएका व्यक्तिहरूको प्रतिरक्षा गरिपाउने अधिकारमा पनि आघात पुग्न जान्छ। जसले गर्दा न्यायिक कारबाई नै अपुरो भई विलम्बसमेत हुन जान्छ।

## १. प्रतिवादीलाई इजलास समक्ष पेस गर्ने

*अभियुक्तलाई बयानको लागि अबिलम्ब इजलास समक्ष प्रस्तुत गर्नुपर्छ ।*

सरकारवादी हुने फौजदारी मुद्दामा प्रतिवादी सहित अभियोगपत्र दायर हुन आएमा वा प्रतिवादी पक्राउ परी वा आफैं हाजिर हुन आएमा निजलाई अविलम्ब इजलाससमक्ष बयानका लागि पेस गर्नुपर्दछ। बयान गराउँदा निजलाई लागेको अभियोग समेतको सबै व्यहोरा खोली जवाफ लिनुपर्छ। बयान सम्पन्न भएपछि इजलासबाट भएका आदेशवमोजिम कारबाई गर्नुपर्दछ।

*न्या.प्र.ऐनको दफा २४ (१)*

*अ.बं. ११८, १२७, १४७, १५७ र १५८ नं.*

*आफूउपर लागेको आरोपको प्रतिवाद गर्न उचित मौका दिनुपर्छ ।*

कुनै प्रतिवादीले आफुउपर लागेको आरोपका सम्बन्धमा तत्काल प्रतिवाद गर्न असमर्थ छु भनी समय माग गरेमा र प्रतिवादी दिन मौका दिन हुने भए अदालतले सात दिनसम्मको म्याद दिने व्यवस्था भएको हुँदा त्यसरी इजलासबाट आदेश भएमा कर्मचारीले सो बमोजिम गर्नु गराउनु पर्छ।

*अ.व. १२७ नं.*

## २. जबरजस्ती वा इच्छाविरुद्ध बोल्न कर लगाउन नहुने कुरा हेक्का राख्नुपर्ने

*कसैलाई पनि आफ्नो इच्छाविरुद्ध बोल्न लगाउनु उसको मौलिक हकको हनन हो ।*

फौजदारी न्यायको सिद्धान्तअनुसार कुनै पनि अभियुक्तलाई लागेको अभियोग शंकारहित तबरबाट प्रमाणित नभएसम्म निजलाई दोषी ठहराउन मिल्दैन। साथै फौजदारी मुद्दामा शङ्कारहित तबरबाट अभियोग प्रमाणित गर्ने भार वादी पक्षमा रहन्छ। यसैले आफूलाई लागेको अभियोगको बारेमा सफाइ पेस गर्न पाउनु आभियुक्तको अधिकार भएपनि निजले त्यस सम्बन्धमा बोल्न इन्कार गरेको वा चूप लागी बसेकै कारणबाट मात्र अभियोग दाबी स्वीकार गरेको मान्न मिल्दैन। प्रत्येक व्यक्तिलाई

आफ्नै विरुद्धमा साक्षी हुन कर नलाग्ने अधिकार छ ।

कुनै कसुरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइनेछैन । *नागरिक अधिकार प्रतिज्ञापत्रको धारा १४ (३)(६) नेपालको संविधानको धारा १४(३)*

कुनै अपराधको बात लागेको मानिसलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्नेछैन । *नागरिक अधिकार ऐनको दफा ११(३)*

## ३. वारेन्ट जारी गर्ने

*अभियुक्त फरार हुँदैमा लागेको आरोपको सूचना पाउने निजको अधिकार समाप्त हुँदैन । वारेन्ट वा पुर्जी नपठाउँदा बेरीत हुने मात्र नभई सम्बन्धित पक्षलाई सही सूचना समेत नपुग्न सक्छ ।*

सरकारवादी हुने कतिपय फौजदारी मुद्दामा अभियोगपत्रसाथ प्रतिवादीलाई हाजिर गराइएको भने फरार प्रतिवादीका हकमा कानुनबमोजिम वारेन्टसहितको म्यादी पुर्जी जारी गर्नुपर्ने व्यवस्था छ । अ.ब. ९८ तथा ९९ मा दिइएको ढाँचामा वारेन्ट तथा म्यादी पुर्जी जारी गरिनुपर्दछ । यसरी तोकिए बमजिमको ढाँचामा वारेन्ट वा म्यादी पुर्जी जारी नभएमा के कस्तो आरोप वा अभियोग लागेको हो भन्ने थाहा हुन नसक्ने हुनाले प्रतिवादीले उचित प्रतिरक्षा गर्न सक्दैन ।

*अ.बं. ९४, ९८ र ९९ नं. एवं*

*आतङ्ककारी तथा विध्वंसात्मक ऐनको दफा १७(१)*

## ४. म्याद, समाह्वान वा इतलायनामा जारी गर्ने

*आफ्नोविरुद्धको मुद्दाको सम्बन्धमा जानकारी पाउने अधिकार प्रत्येक व्यक्तिलाई छ ।*

प्रचलित कानुनबमोजिम वारेन्ट जारी हुने मुद्दाबाहेकका अन्य मुद्दामा देवानी भए इतलायनामा र फौजदारी भए समाह्वान जारी गर्नुपर्छ । यसरी जारी भएको इतलायनामा र समाह्वानबाट प्रतिवादीउपर गरिएको दाबी वा निजउपर लागेको आरोपको सम्बन्धमा जानकारी प्राप्त गरी प्रतिरक्षा गर्न पाउने अधिकारलाई सुरक्षित गरिदिनुपर्दछ ।

*अ.बं. ९४,१०२, १०३, १०४ नं.*

*संक्षिप्त कार्यविधि, ऐनको दफा ७( १) विशेष अदालत ऐनको दफा १०*

## ५. म्याद तामेल गर्ने

*रीत नपुगी तामेल भएको म्यादबाट सम्बन्धित व्यक्तिले प्रतिरक्षाको मौका पाए नपाएको यकिन हुन*

अदालतसमक्ष फिराद वा अभियोगपत्र दर्ता भइसकेपछि प्रतिवादीका नाममा रीतपूर्वक म्याद तामेल गर्नुगराउनु अदालतका सम्बन्धित कर्मचारीको कर्तव्य हुन आउँछ । मुद्दाको प्रकृतिअनुसार जारी भएका समाह्वान इतलायनामा, वारेन्ट, म्यादीपुर्जी आदि कानुनमा व्यवस्था भएबमोजिम सम्बन्धित व्यक्तिलाई बुझाई वा घर दैलोमा टाँसी तामेल गर्नुपर्छ । सोबमोजिम तामेल हुन नसकेमा विद्युतीय माध्यमबाट वा राष्ट्रिय

*अ.बं. ११०,१११, ११२, ११३क, नं. पु. वे.अ.नि.को नियम १०१ग, कम्पनी ऐनको दफा १४, विशेष*

सक्दैन । | स्तरका पत्रपत्रिकामा सूचना प्रकाशित गरेर पनि म्याद तामेल गर्न सकिने व्यवस्था भएको हुँदा प्रक्रिया अपनाई म्याद तामेलीलाई प्रभावकारी बनाउनुर्छ । | *अदालत ऐनको दफा १० र जि.अ.नि.को नियम २२*

मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ११० नं. बमोजिम तोकिएको प्रक्रियाबाट म्याद तामेल हुन नसकेमा देहायबमोजिम म्याद तामेल गराउन सकिनेछ। यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(क) म्याद तामेल गरिनुपर्ने व्यक्तिको कुनै टेलेक्स, फ्याक्स, ई-मेल वा अभिलेख हुन सक्ने विद्युतीय माध्यमको ठेगाना भए सो माध्यमबाट, *स.अ.नि.को नियम १०४(च)*

(ख) मुद्दाको प्रकृति हेरी प्रतिवादीले म्याद तामेली भएको जानकारी सहज रूपमा पाउन सक्ने मनासिव आधार र कारण छ भनी रजिस्ट्रारबाट आदेश भएमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेर ।

यसरी म्याद तामेल गर्दा लाग्ने खर्च निवेदक, पुनरावेदक वा वादी पक्षबाट असुल गरी पछि कोर्टफी सरह भराई दिनुपर्नेछ ।

मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ११० नं. बमोजिम तोकिएको प्रक्रियाबाट म्याद तामेल हुन नसकेमा देहायबमोजिम म्याद तामेल गराउन सकिने छ। यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(क) म्याद तामेल गरिनुपर्ने व्यक्तिको कुनै टेलेक्स, फ्याक्स, ई-मेल वा अभिलेख हुन सक्ने विद्युतीय माध्यमको ठेगाना भए सो माध्यमबाट वा *पु.अ.नि.को नियम १०१(ग)*

(ख) मुद्दाको प्रकृति हेरी प्रतिवादीले म्याद तामेली भएको जानकारी सहज रूपमा पाउन सक्ने मनासिव आधार र कारण छ भनी रजिस्ट्रारबाट आदेश भएमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरेर ।

यसरी म्याद तामेल गर्दा लाग्ने खर्च निवेदक, पुनरावेदक वा वादी पक्षबाट असुल गरी पछि कोर्टफी सरह भराई दिनुपर्नेछ ।

(१) मुलुकी ऐन, अदालती बन्दोवस्तको महलको ११० नं. बमोजिम तोकिएको प्रक्रियाबाट म्याद तामेल हुन नसकेमा देहायबमोजिम म्याद तामेल गराउन सकिनेछ। यसरी तामेल भएको म्याद रीतपूर्वक तामेल भएको मानिनेछ । *जि.अ.नि.को नियम २२क*

(क) म्याद तामेल गरिनुपर्ने व्यक्तिको कुनै टेलेक्स, फ्याक्स, ई-मेल वा अभिलेख हुन सक्ने विद्युतीय माध्यमको ठेगाना भए सो माध्यमबाट,

(ख) मुद्दाको प्रकृति हेरी प्रतिवादीले म्याद तामेली भएको जानकारी सहज रूपमा पाउन सक्ने मनासिव आधार र

कारण छ भनी इजलासबाट आदेश भएमा कुनै राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरेर ।

यसरी म्याद तामेल गर्दा लाग्ने खर्च वादीबाट असुल गरी पछि कोर्टफी सरह भराई दिनुपर्छ ।

अदालत स्वयंले म्यादी पुर्जी वा समाह्वान तामेल गर्न सक्ने : मुलुकी ऐन, अदालती वन्दोवस्तको महलको ९४ नं. बमोजिम जारी हुने म्यादी पूर्जी सम्बन्धित प्रहरी कार्यालयबाट तामेल भई आएकोमा सो म्याद बेरीतको भएको वा अन्य कुनै कारणले पुन: म्यादी पूर्जी जारी गरी तामेल गराउनुपर्ने हुन आएमा अदालतकै कर्मचारीद्वारा पनि तामेल गराउन सकिनेछ ।

*जि.अ.नि.को नियम २२ख.*

स्पष्टीकरण: यसरी अदालतकै कर्मचारीबाट म्यादी पुर्जी तामेल गराइएको अवस्थामा पनि मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ९४ नं. बमोजिम जारी भएको वारेन्टबमोजिमको मानिसलाई पक्राउ गर्ने लगायतका प्रहरी कार्यालयले निर्वाह गर्नुपर्ने कर्तव्य सो कार्यालयले पूरा गर्नुपर्छ ।

एकाघरका जतिजना मानिसको नाउँमा मुद्दा दायर भएको छ प्रत्येकका नाउँमा म्याद नपठाए बेरित हुन्छ ।

*कुम्भसिंह वि. तेजनाथ, ने.का.प. २०१८, पृ. २१५*

म्याद तामेल गर्ने कर्मचारीले आफ्नो नामसहित सहीछाप नगरेको म्याद रितपूर्वकको नहुने ।

*राजमान वि. भु.सु.का. धनुषा समेत ने.का.प. २०४२, पृ. ८५५*

## ६. गुज्रेको म्याद थाम्न सकिने व्यवस्था

*काबुबाहिरको परिस्थिति परी म्याद गुज्रन गएमा थाम्न पाउँछन् ।*

अदालतमा तोकिएको तारेखमा काबुबाहिरको परिस्थिति परेको अवस्थामा म्याद तारेख थाम्न पाउनु व्यक्तिको अधिकार हो । यस्तो अधिकारको उपेक्षा गर्ने कार्य गैरकानुनी हुनुको अतिरिक्त व्यक्तिको न्यायमा पहुँचको अधिकार समेतको उल्लङ्घन हुन्छ ।

अदालतमा उपस्थित हुनुपर्ने पक्ष काबुबाहिरको परिस्थिति परी तोकिएको म्यादभित्र अदालतमा उपस्थित हुन नसकेको अवस्थामा निजको गुज्रेको म्याद कानुनबमोजिम थामिन सक्छ ।⊗

*अ.बं. ५८, ६२, १७५, संक्षिप्त कार्यविधि ऐनको दफा ८(१)(क),*

⊗ अ.बं. ५९ बमोजिम ३० दिन, संक्षिप्त कार्यविधि ऐन २०२८ दफा ८(१)(क) एवं विशेष अदालत ऐन २०५९ दफा ११ तथा अ.बं. ६२, बमोजिम १५ दिन, साथै अ.बं. १७५ बमोजिम ३५ दिन, स.मु.स. ऐनको अनुसूचीमा परेका मुद्दाको हकमा भने अ.व. ५९ बमोजिम ३० तथा स.मु.स. ऐनको दफा २६ बमोजिम ३० दिन गरी जम्मा ६० दिनसम्म म्याद थाम्न पाइन्छ ।

*विशेष अदालत ऐनको दफा ११, स.मु.स. ऐनको दफा २६(२) मध्यस्थता नियमावलीको नियम १४(3)*

## ७. बाटोको म्यादसम्बन्धी व्यवस्था

म्याद तारेख दिँदा बाटाको म्यादसमेत गणना गरेर दिनुपर्दछ। यसले गर्दा व्यक्तिको न्यायिक प्रक्रियामा पहुँच कायम हुन्छ। *अ.व. ८५ नं.*

## ८. प्रतिउत्तरसम्बन्धी व्यवस्था

*प्रतिउत्तरपत्रमा आफ्नो जिकिर स्पष्ट रुपमा उल्लेख गर्नुपर्छ ।*

देवानी तथा दुनियाँवादी हुने फौजदारी मुद्दामा वादी दाबीको सम्बन्धमा आफ्नो भनाई व्यक्त गर्ने माध्यम नै प्रतिउत्तरपत्र हो। यस्तो प्रतिउत्तरपत्रमा वादी दाबीको सम्बधमा सोको समर्थन वा खण्डन हुने गरी स्पष्टरूपमा आफ्नो व्यहोरा उल्लेख भएको छ/छैन हेरेर मात्र दर्ता गर्नुपर्दछ। यसबाट विवादको विषयमा इन्साफ गर्न मद्दत पुग्दछ।

सरकारवादी हुने देवानी मुद्दा र दुनियावादी हुने मुद्दाहरूमा आफैं वा वारेसद्वारा प्रतिउत्तर फिराउन सकिन्छ। *अ.बं. ६५ नं.*

## ९. मिसिल कागजात समयमै झिकाउनेसम्बन्धी व्यवस्था

*समयमै मिसिल झिकाइदा मुद्दाको कारबाईमा सिघ्रता आउँछ ।*

अदालतमा दायर हुन आएको मुद्दालाई जतिसक्यो चाडो अङ्ग पुऱ्याउनु कर्मचारीको कर्तव्य हुन्छ। मुद्दामा उल्लिखित मिसिल कागजातहरूलाई झिकाउने गरी आदेश भएपछि यथाशीघ्र झिकाउनुपर्दछ। प्रत्येक मिसिलमा आदेशअनुसारको काम सम्पन्न भए नभएको हेरी तरताकेता समेत गरी मिसिल कागजात झिकाइ पक्षको समयमै न्याय प्राप्त गर्ने अधिकारलाई सुरक्षित गर्न मद्दत पुऱ्याउनुपर्दछ।

*न्याय प्र. ऐ को दफा २८, मु.ऐ. अ.व. २१८क., जि.अ.नि. को नियम ११ (घ१)*

## १०. कानुनव्यवसायीसम्बन्धी व्यवस्था

*कानुनव्यवसायी द्वारा सल्लाह र सहयोग पाउनु व्यक्तिको मौलिक हक हो ।*

कानुन जटिल विषय भएकोले मुद्दामामिलाका पक्षहरूलाई यसको यथोचित जानकारी नहुन सक्ने हुन्छ । आवश्यक कानुनी ज्ञानको अभावको कारणले उचित न्याय वा प्रतिरक्षा प्राप्त नभएमा कुनै पनि पक्षउपर अन्याय हुन सक्छ । त्यसैले कुनै पनि मुद्दाका पक्षले चाहेमा कानुनव्यवसायीद्वारा प्रतिरक्षा गराउन पाउने हक राख्दछन् । यस्तो कानुनव्यवसायीको सहयोग लिन पाउने पक्षको हकप्रति कर्मचारीहरू संवेदनशील हुनुपर्दछ ।

*संविधानको धारा १४(५), जि.अ.नि.को नियम ८६, पु.अ.नि.को नियम ५४ तथा स.अ.नि. को नियम ६६*

अदालतहरूमा एक कानुनी सहायता शाखा रहने व्यवस्था छ र यस्तो शाखामा वैतनिक कानुनव्यवसायीको सहयोग उपलब्ध हुने व्यवस्था छ ।

*पु.अ.नि.को नियम १०५क र जि.अ.नि.को नियम ८५क*

बालबालिकाउपर लागेको फौजदारी अभियोगमा निजको प्रतिरक्षा गर्न कानुनव्यवसायी नभएमा त्यस्तो मुद्दाको कारबाई वा किनारा केही पनि गर्न हुँदैन । अदालतका कर्मचारीलाई यस्तो कानुनव्यवसायी नभएको कुरा थाहा हुनासाथ इजलाससमक्ष अवगत गराउनु पर्दछ ।

*बालबालिका सम्बन्धी ऐनको दफा १८*

यस्तो अवस्थामा वैतनिक कानुनव्यवसायी वा अन्य इच्छुक कानुनव्यवसायीको सेवा उपलब्ध गराउनुपर्छ ।

अधिवक्ताले तोकिएको म्याद वा तारेखका दिन अदालतमा उपस्थित भइ आफ्नो पक्षको तर्फबाट सो म्याद तारेखमा सो पक्षको तर्फबाट गर्नुपर्ने कामकारबाई गर्न माग गर्दछ भने सो पक्षको तारेख गुज्रेको भन्न नमिल्ने ।

*अधिवक्ता लवदेव भट्ट वि. रूपन्देही जि.अ.समेत ने.का.प. २०३०, पृ. २३०*

पक्षले तारेख गुजारे पनि कानुनव्यवसायीले बहस गर्न पाउँछ ।

*बल्लभ सम्सेर वि. आनन्द सम्सेर, ने.का.प. २०२७, पृ. १०४*

## ११. प्रभावकारी निरीक्षण एवं अनुगमन गर्नुपर्नेसम्बन्धी व्यवस्था

सर्वोच्च अदालतमा रहेका रिट शाखा, पुनरावेदन शाखा, निवेदन प्रतिवेदन शाखालगायत मुद्दाको कारबाईसम्बन्धी काम गर्ने शाखाहरूको कामलाई कारबाईको नियमित रूपमा निरीक्षण गर्ने, छिटोछरितो काम गर्न निर्देशन र प्रोत्साहित गर्ने, नियमित रूपमा अनुगमन गर्ने काम गर्नको लागि निरीक्षण तथा अनुगमन महाशाखाको स्थापना भएको र उक्त महाशाखाका सह-रजिस्ट्रारले मुद्दा एवं रिट निवेदनसम्बन्धमा भइरहेको कामकारबाईसम्बन्धमा नियमित रूपमा अनुगमन एवं निरीक्षण गरी देखा परेका समस्या र सुझावसहितको प्रतिवेदन आवश्यक देखिए जहिलेसुकै अन्यथा प्रत्येक पन्ध्र दिनमा रजिस्ट्रारसमक्ष र प्रत्येक महिना प्रधान न्यायाधीशसमक्ष पेश गर्नुपर्नेछ ।

*स.अ.नि.को नियम ११६ (ङ)*

*जोखिममा रहेका पक्षको मुद्दामा बढी संवेदनशील हुनुपर्छ ।*

विशेष प्रकृतिका मुद्दाहरूको कामकारबाईलाई प्रभावकारी बनाउन अलग्गै फाँट खडा गरी नियमित रूपमा अनुगमन एवं निरीक्षण गर्न विशेष ध्यान दिनुपर्छ ।

बालबालिका, वृद्ध, अशक्त, असहाय अवस्थाका मानिसको मुद्दा र थुनुवाको मुद्दाका लागि खडा भएका फाँटको कामकारबाई सम्बन्धमा प्रत्येक महिना अनुगमन र निरीक्षण गरी सोको प्रतिवेदन जिल्ला न्यायाधीशसमक्ष पेस गर्ने ।

*जि.अ. नि. ७ (ल)*

●

परिच्छेद ८

# प्रमाण बुझ्नेसम्बन्धी कारबाई


| | | |
|---|---|---|
| १. | साक्षी पहिचान गरेर मात्र बकाउनुपर्ने | ८० |
| २. | साक्षीप्रति उचित व्यवहार गर्नुपर्ने | ८० |
| ३. | साक्षीको योग्यताबारे ध्यान दिनुपर्ने | ८१ |
| ४. | साक्षी बकाउँदा तोकिएको कार्यविधि पूरा गर्नुपर्ने | ८१ |
| ५. | साक्षी बकाउँदा पक्षको रोहबरमा बकाउनु पर्ने | ८२ |
| ६. | पक्षहरूको अनुपस्थितिमा पनि साक्षीको बकपत्र गराउन सकिने अवस्था | ८२ |
| ७. | साक्षीलाई नबकाई नहुने भएमा मात्र ततिम्बा गराउनुपर्ने | ८३ |
| ८. | पक्षले निवेदन दिएमा अदालतबाटै सोधपुछ गरिदिनुपर्ने | ८३ |
| ९. | साक्षीसँग अनुचित प्रश्न सोध्न अदालतले मनाही गर्नुपर्ने | ८३ |
| १०. | तोकिएको तारेखमा अनुपस्थित हुने साक्षीको बकपत्र गराउनु नपर्ने | ८४ |
| ११. | साक्षी बुझ्नेसम्बन्धी अन्य व्यवस्था | ८५ |
| १२. | लिखत प्रमाण बुझ्नुपर्ने | ८६ |

*साक्षी न्याय सम्पादनको कार्यमा अदालतका सहयोगी हुन् ।*

प्रमाण बुझ्ने कार्यमा पनि कर्मचारीको गहन भूमिका छ। खास गरी साक्षी बुझ्ने कुरा बढी महत्त्वपूर्ण हुन्छ। साक्षी मुद्दाका पक्षहरूको प्रमाण मात्र नभएर न्याय सम्पादनको कार्यमा सहयोग पुऱ्याउने अदालतका सहयोगी पनि हुन्। विवादित विषयवस्तुका बारेमा देखे जानेको वास्तविक व्यक्ति नै साक्षी हुन्छन्। त्यसैले साक्षीहरू प्रति उचित व्यवहार गरी अदालतका कर्मचारीहरूले उनीहरूलाई आफ्नो भनाइ राख्न अनुकूल वातावरण बनाइदिनुपर्छ। यसका निम्ति साक्षीहरूसँग मित्रवत व्यवहार गर्ने, यथाशक्य चाँडो बकपत्र हुने प्रबन्ध मिलाउनु पर्दछ। अपमानजन्य एवं हैरानी हुने व्यवहार नगर्ने तथा हुन पनि नदिने र वकपत्रको समयमा अनुचित भय, त्रास एवं दबाबबाट मुक्त वातावरणको सिर्जना गर्नुपर्छ। यसो गरेमा उनीहरूका निमित्त बकपत्र गर्न परिस्थिति अनुकूल र सहज हुन सक्ने हुँदा यस्तो कार्यमा अदालतका कर्मचारीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ।

## १. साक्षी पहिचान गरेर मात्र बकाउनुपर्ने

साक्षी बुझ्ने दिन सर्वप्रथम मुद्दाका पक्ष विपक्षहरूसँग उनीहरूको साक्षीको नामावली लिनुपर्छ। त्यसपछि यी साक्षीहरू फिराद वा प्रतिउत्तरपत्रमा लेखिएका व्यक्ति हुन होइनन् भन्ने सम्बन्धमा एकिन गर्नु राम्रो हुन्छ। यसका निम्ति निजको नाम, थर र ठेगानासहितका आवश्यक विवरणबाट रुजु गर्न सकिन्छ। यसो गर्दा साक्षीको नाम, थर र ठेगाना नभिडेमा वा अन्य कुनै कारणबाट निजको उपस्थितिको बारेमा शङ्का गर्नुपर्ने मनासिव आधार भएमा व्यहोरा तुरुन्त इजलास समक्ष पेस गरी निकासा भएबमोजिम गर्नुपर्छ।

तारिखको दिन अदालत लाग्नासाथ सो दिन हाजिर रहेका पक्ष विपक्षसँग उनीहरूको साक्षीको नामावली लिई मिसिलसाथ राखी बकपत्र गराउनका लागि इजलास सहायकले न्यायाधीशसमक्ष पेस गर्नुपर्छ।

*जि.अ.नि.को नियम २८(१)*

## २. साक्षीप्रति उचित व्यवहार गर्नुपर्ने

*साक्षीहरू न्याय सम्पादनको लागि अदालतका सहयोगी भएकोले उनीहरूप्रति मर्यादित व्यवहार गरिनुपर्छ ।*

अदालतमा बकपत्रका लागि उपस्थित भएका पक्ष विपक्षका साक्षीहरू, विशेषज्ञहरू र बुझिएका अन्य व्यक्तिहरूलाई उचित र मर्यादित व्यवहार गर्नुपर्छ। अदालतमा उपस्थित भैसके पछि पनि तिनीहरूको कामप्रति बेवास्ता गर्ने, अनावश्यक रूपमा पर्खिन लगाउने, अपमानजनक भाषा प्रयोग गर्ने तथा कुनै कुरा सोधेकोमा झर्किने, फर्किनेजस्ता कार्य गर्नु हुँदैन। यस्तो व्यवहार गर्दा उनीहरूमा हीनताबोध हुन गई अदालतप्रति उनीहरूको धारणा नकारात्मक बन्न जान्छ।

## ३. साक्षीको योग्यताबारे ध्यान दिनुपर्ने

*सक्षम साक्षीले मात्र अदालतलाई मद्दत गर्न सक्छ ।*

साक्षीको रूपमा उपस्थित गराइएको व्यक्ति कलिलो उमेर, अति बृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा निजलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तिसँग जवाफ दिन नसक्ने अवस्थाको भएमा साक्षी हुन नसक्ने हुँदा सो अवस्थाको जानकारी इजलास समक्ष गराई, इजलासबाट भएको निकासाबमोजिम गर्नुपर्छ ।

*प्रमाण ऐनको दफा ३८*

बोल्न नसक्ने व्यक्तिको बयान, वकपत्र वा कागज गराउनुपर्दा त्यस्तो व्यक्तिको लेखाइ, इसारा वा सांङ्केत बुझेर निजको अभिव्यक्ति व्यक्त गर्न जान्ने जानिफकार व्यक्तिलाई साथमा राखेर त्यस्तो व्यक्तिले के भनेको हो सो बुझी सोहीअनुसार लेखबद्ध गरिदिनुपर्दछ । यस्तो कुरा लेखबद्ध नगरिएमा व्यक्तिको निष्पक्ष न्याय पाउने अधिकार नै कुण्ठित हुन पुग्दछ ।

बोल्न असमर्थ भएका व्यक्तिले अरूले बुझ्न सक्ने गरी लेखेर वा इसाराद्वारा गवाही दिन सक्नेछ ।

*प्रमाण ऐनको दफा ३९*

कुनै कारणवश त्यस्ता व्यक्तिको तत्काल बकपत्र नहुने भएमा त्यस्तो नहुँदाको अवस्थासम्मको लागि बस्ने उचित प्रबन्ध गर्नुपर्छ ।

## ४. साक्षी बकाउँदा तोकिएको कार्यविधि पूरा गर्नुपर्ने

*आफूले देखे, जाने, सुनेको कुरा इमान धर्म सम्झी साँचो बयान गरूंला भन्ने व्यहोराको शपथ लिन लगाई साक्षीको वकपत्र गराउनुपर्छ ।*

साक्षीपरीक्षणका लागि उपस्थित गराइएको व्यक्तिलाई सोधपुछ सुरु गर्नु अगाडि आफूले देखे, जाने, सुनेको कुरा **इमान धर्म सम्झी साँचो** बयान गरुँला भन्ने व्यहोराको **शपथ लिन लगाई** :

- साक्षीले झुटो बकेमा यो सजाय हुन्छ भन्ने कुरा,
- कुन विषयका लागि निजलाई अदालतमा उपस्थित गराइएको हो सो कुरा,
- विवादित विषयवस्तुका बारेमा साक्षी आफैले देखेको, जानेको, थाहा पाएको कुरा मात्र भन्नुहोस भन्ने कुरा बताउनुपर्छ, । आफ्नो विचार, राय वा धारणा बताउने होइन भन्ने कुरा सम्झाई बकपत्र गराउनुपर्छ ।

*प्रमाण ऐनको दफा ४९(१)*

*अ.बं. १५०,१५२*

कलिलो उमेरको बालकको बकाइलाई प्रमाणमा लिंदा बढी सतर्कतासाथ विचार गर्नुपर्ने हुन्छ ।

*बालप्रसाद वि. श्री ५ को सरकार, ने.का.प. २०५१, पृ. ४७३*

## ५. साक्षी बकाउँदा पक्षको रोहबरमा बकाउनुपर्ने

*पक्षको उपस्थितिबाट साक्षीको बकाइमा सत्यता आउन मद्दत मिल्दछ ।*

साक्षी बकाउँदा उपस्थित भएका पक्षको रोहबरमा बकाउनु पर्छ तर अदालतद्वारा साक्षी बकाउन तोकिएको तारिख र समयमा कुनै पक्ष अदालतमा उपस्थित नभए भएसम्मका पक्षको रोहबरमा साक्षी बकाउन हुन्छ ।

साक्षी बकाउँदा मुद्दाका सबै पक्षहरूको रोहवरमा बकाउनुपर्छ । *प्रमाण ऐनको दफा ४८(२)*

साक्षी वा सर्जमिनका मानिसलाई बुझ्दा पक्षहरूको रोहबरमा बुझ्नुपर्छ । *अ.व. १४३*

साक्षी बकाउँदा जसको साक्षी हो सो झगडिया रोहबरमा भए सो झगडियाको र झगडिया रोहवरमा नभए जुन झगडिया छ उसको सो साक्षीले बकेबमोजिम लेखेको दुरुस्त छ भन्ने साक्षीका बकपत्रका पुछारमा लेखी सहिछाप गराउनुपर्छ । दुई थर झगडिया नभए वा झगडियाले सहीछाप नगरे सोही कैफियत लेखी हाकिमले दस्तखत गर्नुपर्छ । *अ.बं. १५६ नं.*

## ६. पक्षहरूको अनुपस्थितिमा पनि साक्षीको बकपत्र गराउन सकिने अवस्था

*बिशेष परिस्थितिमा प्रतिवादीको अप्रत्यक्ष उपस्थितिमा साक्षी बकपत्र गराउन पाइन्छ ।*

सामान्यतया साक्षीको बकपत्र गराउँदा पक्षहरूको रोहबरमा गराउनुपर्छ । निम्न अबस्थामा भने पक्षहरूको उपस्थिति नभए पनि बकपत्र गराउन सकिन्छ : *अ. व. १४३ र प्रमाण ऐनको दफा ४८(२) को प्रतिबन्धात्मक वाक्यांश*

- बकपत्र गर्न तोकिएको तारिख र समयमा पक्ष हाजिर नभएकोमा,
- साक्षी बुझ्न तोकिएको दिन अपरान्ह १:०० बजेसम्म पनि कुनै पक्ष उपस्थित नभएमा, र *जि.अ.नि.को नियम, २८ (२)*
- कुनै साक्षीलाई बकपत्र गर्न अनुचित दबाब परेको वा पर्ने सम्भावना रहेमा ।

श्री ५ को सरकार वादी भएको गम्भीर प्रकृतिको फौजदारी मुद्दामा प्रतिवादीको उपस्थिति वा अन्य कुनै मनासिव कारणले कुनै साक्षीलाई बकपत्र गर्न अनुचित दबाव पर्ने प्रबल सम्भावना छ भन्ने कुरा अदालतलाई लागेमा त्यस्ता प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउने र निज प्रतिवादीको कानुनव्यवसायी तथा निजले रोजेको मानिसको रोहबरमा बकपत्र *जि.अ.नि.को नियम २८(५)*

गराउने गरी अदालतले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

## ७. साक्षीलाई नबकाई नहुने भएमा मात्र तितम्वा गराउनुपर्ने

*सामान्यतया एउटै साक्षीलाई पटक पटक बकपत्र गराउँन हुँदैन ।*

साक्षी बकाउँदा निजसँग सोध्नुपर्ने सबै कुरा स्पष्ट खुलाई बकपत्र गराउनु पर्छ । कुनै कुरा बाँकी रहेको भनी साक्षीलाई पटक पटक अदालतमा उपस्थित गराई रहनु हुँदैन । तर कुनै मनासिव कारण भई नबकाई नहुने भएमा मात्र ततिम्बा गराउनु हुन्छ ।

एक पटक बकाई सकेको साक्षीलाई कुनै मनासिब कारणबाट फेरि नबकाई नहुने देखिएमा अघि स्पष्ट नभएका कुराहरूका सम्बन्धमा मात्र ततिम्बा गरी बकाउनु हुन्छ ।

*प्रमाण ऐनको दफा ४८ (४)*

## ८. पक्षले निवेदन दिएमा अदालतबाटै सोधपुछ गरिदिनुपर्ने

*आफ्नो साक्षीलाई सोधपुछ गर्न पाउनु पक्षको अधिकार हो ।*

साधारणतया साक्षी जुन पक्षको हो त्यो पक्ष आफैंले सोधपुछ गर्न पाउँछ । तर पक्ष स्वयंले आफ्नो साक्षीलाई सोधपुछ नगरी अदालतकै तर्फबाट सोधपुछ गरी पाऊँ भनी निवेदन दिएमा अदालतबाटै सोधपुछ गरिदिनुपर्छ ।

कुनै साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले निजसँग सोधपुछ गर्न सक्नेछ ।

*प्रमाण ऐनको दफा ५०(१)*

...साक्षी बकाउँदा सो साक्षी जुन पक्षको हो, सो पक्षले निजसँग सोधपुछ नगरी अदालतबाट सोधपुछ गरियोस् भनी लिखित दरखास्त दिएमा अदालतले नै सो साक्षीसँग सोध्नुपर्ने प्रश्न सोधी जवाफ लिनेछ र त्यसपछि अर्को पक्षले चाहेमा सो साक्षीसँग जिरह गर्न सक्नेछ । तर,

क) यस उपदफाबमोजिम अदालतले कुनै साक्षीसँग सोधपुछ गरेकोमा जुन पक्षको साक्षी हो सो पक्षले सोधपुछ वा पुनः सोधपुछ गर्न पाउनेछैन ।

ख) कुनै पक्षले आफ्ना साक्षीहरूमध्ये कुनैसँग खण्ड (क) बमोजिम आफैले सोधपूछ गर्न र कुनैसँग यस खण्डअनुसार अदालतबाटै सोधपुछ गरियोस् भनी दरखास्त दिन पाउनेछैन ।

*प्रमाण ऐनको दफा ५०(६)*

## ९. साक्षीसँग अनुचित प्रश्न सोध्न अदालतले मनाही गर्नुपर्ने

कुनै पनि साक्षीलाई मुद्दासँग सम्बद्ध विषयबस्तुमा मात्र प्रश्न सोध्नुपर्दछ । साक्षीलाई बेइज्जत गर्ने, झिज्याउने, अपमान गर्ने वा मुद्दासँग असम्बद्ध प्रश्न सोधिएमा अदालतले त्यस्तो प्रश्न सोध्न तत्काल रोक लगाउनुपर्छ । यस्तो मनाही केवल पक्षको निवेदन

वा आपत्ति भएपछि मात्र गर्ने नभई अदालत स्वयंले त्यस्तो महसुस गरेमा पनि गर्नुपर्छ ।

कुनै साक्षीलाई अनावश्यक रूपमा बेइज्जत गर्ने वा झिज्याउने किसिमका प्रश्न सोध्न अदालतले मनाही गर्नेछ । *प्रमाण ऐनको दफा ५१*

साक्षीको बकपत्र गराउँदा कुनै साक्षीलाई अनुचित, असम्बद्ध वा बेइज्जत गर्न वा झिझ्याउने किसिमका प्रश्न सोधिएकोमा प्रतिपक्ष तर्फबाट आपत्ति नगरिएको अवस्थामा पनि अदालत स्वयंले त्यस्तो प्रश्न सोध्न मनाही गर्नुपर्दछ । *जि.अ.नि.को नियम २८ (४)*

## १०. तोकिएको तारेखमा अनुपस्थित हुने साक्षीको बकपत्र गराउनु नपर्ने

साधारणतया प्रमाण बुझ्ने तारेखमा उपस्थित नभएका साक्षीको बकपत्र गराउन पुनः समय दिनु पर्दैन । तर,

- श्री ५ को सरकारवादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने अवस्थाको साक्षीलाई इजलासको आदेशले समाह्वान जारी गरी बुझ्न हुन्छ ।
- प्राकृतिक कारण वा दैवी प्रकोप परी वा यातायात बन्द भई साक्षी उपस्थित गराउन नसकिएको कारण खुलाई सिफारिससहित पक्षको निवेदन पर्न आएमा अर्को तारेख दिई बकपत्र गराई दिनुपर्दछ ।

प्रमाण बुझ्न तोकिएको तारेखमा हाजिर नभएका साक्षीलाई वातिल गर्नुपर्छ तर श्री ५ को सरकार वादी हुने वा फौजदारी मुद्दामा नबुझी नहुने साक्षीका सम्बन्धमा समाह्वान जारी गरी बुझ्नु हुन्छ। मनासिव कारण भएमा बाहेक सो बमोजिम समाह्वान जारी गर्दा पनि हाजिर नहुने साक्षीलाई पचास रुपैयाँ जरिवाना गरी पक्राउ गर्न पठाई ल्याई बकाउनुपर्छ। पक्रन पठाउँदा पनि फेला परेन भने बाटाको म्यादबाहेक सात दिनको फेरि समाह्वान जारी गर्नुपर्छ। सो समाह्वान बमोजिम तोकिएको तारिखमा पनि हाजिर हुन आएन भने पक्राउ गर्न पठाई ल्याई बकाई पन्ध्र दिनदेखि पैतालीस दिनसम्म कैद गर्न सकिनेछ। त्यति गर्दा पनि पक्रिएन भने त्यस्तालाई सो बमोजिम सजाय गर्ने गरी बुझिएको प्रमाणबाट मुद्दा फैसला गरिदिनुपर्छ। *अ.वं. ११५ नं.*

| | |
|---|---|
| ...अड्डाले तोकेको तारिखमा खोलो, पहिरो वा हिउँले बाटो बन्द भई वा कफ्र्यु घोषणा भई वा अन्य कुनै व्यहोराबाट यातायातको साधन नचलेको वा भूकम्प जस्ता दैवी प्रकोप परी साक्षी उपस्थित गराउन नसकेकोमा बाटो बन्द भएको वा यातायातको साधन नचलेको र बाटो खुलेको वा यातायातको साधन चलेको मिति तथा दैवी प्रकोप परेको समेत व्यहोरा खुलाई सम्बन्धित गाउँ विकास समिति वा नगरपालिका वा सरकारी अड्डाबाट निस्सा लिई पुनः अर्को तारेख तोकी साक्षी बकाई पाउँ भनी पक्षले सो तारेख गुज्रेको मितिले बाटाको म्याद बाहेक १० दिन भित्र उपस्थित भई कारण खोली निवेदन दिएमा अर्को तारेख तोकी साक्षी बुझ्नुपर्छ । | *अ.बं. १४४ क. नं.* |

## ११. साक्षी बुझ्नेसम्बन्धी अन्य व्यवस्था

| | |
|---|---|
| ● नबुझी नहुने तर अड्डामा आउन नसक्ने साक्षीको सम्बन्धमा निजको घरमा गई बकपत्र गराउन हुन्छ । | *अ.बं. १४२ नं.* |
| ● पुर्पक्षका लागि थुनामा रहेको अभियुक्तले अनुरोध गरेमा निजको साक्षी अदालतको तर्फबाट बुझ्न हुन्छ । | *अ.बं. १४४ नं.* |
| ● साक्षी बकाउदा सकभर एउटा मुद्दाको साक्षी एकै दिन बकाउनुपर्दछ । | *अ.बं. १४६ नं.* |
| ● बकपत्र गराउँदा जसको इजलास हो उसैले गराउनुपर्छ । | *अ.बं. १४७ नं.* |
| ● अड्डामा हाजिर नगराए हुने वा टाढाका साक्षीलाई अर्को अड्डा मार्फत बन्द सवालद्वारा बुझ्न हुन्छ । | *अ.बं.१४१,१६० नं.* |
| ● देवानी मुद्दामा नाउँ नजानेको र जुनसुकै मुद्दामा भागी बेपत्ता भएको साक्षी लेखी ल्याए पनि बुझ्न हुँदैन । | *अ.बं. १६३ नं.* |
| ● साक्षी बकाउने काम समाप्त गर्ने अवस्थामा सो विषयमा अरू केही भन्न बाँकी छ/छैन सोध्नुपर्छ । | *अ.बं. १५४ नं.* |
| ● अड्डाले सोधेका कुनै प्रश्नको जवाफ नदिएकोमा सो कुरा जनाई प्रमाणित गराई राख्नुपर्छ । | *अ.बं. १५८ नं* |
| ● अदालतले साक्षीसँग आवश्यक देखेको जुनसुकै प्रश्न सोध्न सक्छ । | *प्रमाण ऐनको दफा ५३* |

- साक्षीको बकपत्रमा मुद्दाका पक्षहरूको पनि सहिछाप गराउनुपर्छ। कुनै पक्षले सहीछाप नगरे न्यायाधीशले सो व्यहोरा जनाई आफ्नो सहिछाप गर्नुपर्छ। *प्रमाण ऐनको दफा ४८(५) तथा अ.ब. १५६*
- साक्षी बकाउँदा एउटा साक्षीले बकेको अर्को साक्षीले सुन्न नपाउने गरी बकाउनुपर्छ। *प्रमाण ऐनको दफा ४८(३)*

## १२. लिखत प्रमाण बुझ्नुपर्ने

*लिखतको पक्का प्रमाण देखाई पक्षले बुझिपाऊँ भन्दा नबुझिएमा पक्षको अधिकार हनन हुन सक्छ ।*

लिखतको पक्का प्रमाण रहेछ भने र बुझीपाउँ भन्यो भने जुनसुकै तहका अड्डाले पनि मुद्दा नछिनिएसम्म बुझिदिनुपर्दछ।

*देवीमाया श्रेष्ठ वि. पदमनारायण, ने.का.प. २०२४, नि.नं. ३६७, पृ. २८*

●

# परिच्छेद ५

# मुद्दा सुनुवाइको प्रक्रिया


| | | |
|---|---|---|
| १. | मुद्दाको सुनुवाइ गर्दा दैनिक पेसीसूचीको प्राथमिकताअनुसार गर्नुपर्ने | ८८ |
| २. | पेसी तोकिएको दिन विचार गर्नुपर्ने कुरा | ९१ |
| ३. | कर्मचारीले इजलास व्यवस्थापन गर्नुपर्ने कुरा | ९२ |
| ४. | फैसला वा आदेशको बारेमा सम्बन्धित पक्षलाई जानकारी गराउनुपर्ने | ९३ |
| ५. | मुद्दाको मुल्तबी र तामेलीसम्बन्धी व्यवस्था | ९३ |
| ६. | प्रारम्भिक सुनुवाइको क्रममा पनि मुद्दा किनारा हुन सक्ने | ९४ |
| ७. | विशेष प्रकृतिका मुद्दा बन्द इजलासमा सुनुवाइ हुनसक्ने | ९५ |

*सुनुवाइ सहज र व्यवस्थित गराउन कर्मचारीको पनि महत्त्वपूर्ण भूमिका हुन्छ ।*

मुद्दाको सुनुवाइ इजलासबाट सम्पादन गरिने कार्य भए पनि यसलाई सहज र व्यवस्थित गराउन कर्मचारीहरूको महत्त्वपूर्ण भूमिका रहन्छ। मुद्दाको अङ्ग छिटो पुऱ्याउन, अङ्ग पुगेका मुद्दा मात्र पेसी चढाउन, पेसीका दिन मिसिलहरू इजलासमा पुऱ्याई समयमै सुनुवाइ हुने परिस्थिति सिर्जना गर्न तथा सुनुवाइका बखत इजलासको उचित मर्यादा कायम गर्न कर्मचारीहरू प्रयत्नशील रहनुपर्छ। सुनुवाइ सकिएपछि आदेश वा फैसला जे भए पनि सो को बारेमा सम्बन्धित पक्षहरूलाई जानकारी गराई तिनीहरूलाई मुद्दाको कारबाईको सम्बन्धमा सूचित हुने अवसर प्रदान गर्नुपर्दछ ।

## १. मुद्दाको सुनुवाइ गर्दा दैनिक पेसीसूचीको प्राथमिकताअनुसार गर्नुपर्ने

मुद्दाको सुनुवाइ हुने भनी पेसी तोकिएको दिन उक्त दिन सुनुवाइ हुने सबै मुद्दाको सूची तयार गरी सूचना पाटीमा राख्नुपर्दछ। यस्तो सूची तयार गर्दा कुन मुद्दा अगाडि र कुन पछाडि सुनुवाइ हुने हो भन्ने बारेमा कानुनले तोकेको प्राथमिकता क्रमअनुसार राख्नुपर्दछ ।

मुद्दा हेर्दा देहायको प्राथमिकताले कारबाई गर्दै जाँदा जुन मुद्दा पहिले छिन्न अङ्ग पुग्छ सोही मुद्दा पहिला किनारा गर्नुपर्छ :

- थुनुवा कैदीको थुना वा कैद परेको मुद्दा .................. १
- बेवारिसी सोह्र वर्ष मुनिको नाबालकको मुद्दा ............ २
- तारिखमा रहेको पचहत्तर वर्ष माथिको बूढाबूढीको र शारीरिक अशक्तता भएको व्यक्तिको मुद्दा ................. ३
- स्वास्नीमानिस वादी वा पुनरावेदक भएको न्वारान गराइपाऊँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दा ...... ४
- माथि लेखिएको र त्यसपछि अरू मुद्दाका हकमा पुरानोको क्रमले ............................................................. ५

*अ. बं. ११ नं.*

| | |
|---|---|
| इजलासबाट अन्यथा आदेश भएमा बाहेक मुलुकी ऐन अ.ब. ११ नं. को व्यवस्थाको अधीनमा रही मुद्दाहरू दर्ता भएको मितिको क्रमानुसार सुनुवाइको लागि साप्ताहिक मुद्दा पेसीसूचीमा चढाउनुपर्छ। तर देहायका मुद्दाहरूले देहायको क्रममा अग्राधिकार पाउनेछन् :<br>क) बन्दीप्रत्यक्षीकरण,<br>ख) हेर्दाहेर्दै बाँकी रहेको मुद्दा,<br>ग) पुनरावेदक वा अभियुक्त थुनामा वा कैदमा परेको मुद्दा,<br>ग१) महिला, बालबालिका, वृद्ध, अशक्त एवं असहाय व्यक्ति वादी भएको मुद्दा,<br>घ) संविधानको धारा ८८ अन्तर्गत परमादेश लगायतका अन्य आदेश माग गरी दायर भएको मुद्दा,<br>ङ) अंश वा मानाचामलसम्बन्धी मुद्दा,<br>च) विदेशी नागरिक पक्ष वा विपक्ष रहेको मुद्दा, र<br>छ) मुद्दाको प्रकृतिबाट चाँडो किनारा हुन आवश्यक छ भन्ने लागी प्रधान न्यायाधीश वा मुद्दा हेर्ने इजलासले अग्राधिकार दिई हेर्न आदेश भएका मुद्दा। | *स.अ.नि. को नियम ६३(३)* |
| ● मुद्दा वापस लिन वा मिलापत्र गर्नको लागि दरखास्त परेको मुद्दा अग्राधिकार दिई पेसी सूचीमा चढाउन हुन्छ। | *स.अ.नि.को नियम ६३(४)* |
| ● कुनै बालक वादी वा प्रतिवादी भएको मुद्दालाई प्राथमिकता दिई कारबाई र किनारा गर्नुपर्छ। | *बालबालिकासम्बन्धी ऐनको दफा ५७* |
| ● ...दैनिक मुद्दा पेसीसूची तयार गर्दा अघिल्लो दिन तोकिएको मुद्दा इजलासले हेर्दा हेर्दै नभ्याई बाँकी रहेको भए त्यस्तो बाँकी रहेको मुद्दा भोलिपल्ट सोही इजलास गठन भएमा सो इजलासलाई नै तोकिनेछ। भोलिपल्ट सो इजलास गठन नभएमा त्यस्तो मुद्दा र कुनै इजलासले हेर्न नभ्याएर बाँकी रहेको मुद्दालाई आगामी हप्ताको पहिलो दिन पेसी तोक्न सकिनेछ। | *स.अ.नि.को नियम ६४ (२)* |
| ● प्रधान न्यायाधीशले आवश्यक सम्झेमा हप्ताको कुनै खास दिन खास किसिमका मुद्दाहरू हेर्न छुट्याउन सक्नेछ। त्यसरी छुट्याइएमा सोहीअनुसार मुद्दाको दैनिक पेसी सूची तयार गरिनेछ। | *स.अ.नि.को नियम ६४(३)* |

अदालतको आदेश र मुलुकी ऐन अ.व. ११ नं. को अधीनमा रही मुद्दाहरू दर्ता मितिको क्रमानुसार साप्ताहिक मुद्दा पेसी सूचीमा चढाउनुपर्छ। तर देहायका मुद्दाहरूले देहायको क्रममा अग्राधिकार पाउँनेछन् :

क) बन्दीप्रत्यक्षीकरण,

ख) हेर्दा हेर्दै बाँकी रहेको मुद्दा,

ग) पुनरावेदक वा अभियुक्त थुना वा कैदमा परेको मुद्दा,

ग.१) महिला, बालबालिका, वृद्ध तथा असक्त एवं असहाय व्यक्ति बादी भएको मुद्दा, *पु.अ.नि.को नियम ५१(३)*

ग.२) संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तर्गतको मुद्दा,

घ) निषेधाज्ञा वा परमादेश माग गरी दायर भएको मुद्दा,

ङ) अंश वा मानाचामलसम्बन्धी मुद्दा,

च) विदेशी नागरिकसँग सम्बन्धित मुद्दा, र

छ) मुद्दाको प्रकृतिबाट चाँडो किनारा हुन आवश्यक छ भन्ने लागी मुख्य न्यायाधीश वा मुद्दा हेर्ने इजलासले अग्राधिकार दिई हेर्ने आदेश भएका मुद्दा।

- ...देहायका निवेदन साप्ताहिक वा दैनिक मुद्दा पेसी सूचीमा नचढेको भए पनि दर्ता भएकै दिन पनि आवश्यकताअनुसार इजलास तोकी पेसीमा चढाई कारबाई गर्न सकिनेछ :-

क) बन्दीप्रत्यक्षीकरणसम्बन्धी निवेदन, *पु.अ.नि.को नियम ५२(३)*

ख) निषेधाज्ञासम्बन्धी निवेदन,

ग) परमादेशसम्बन्धी निवेदन, र

घ) मिलापत्र गर्न वा मुद्दा वापस लिन दिइने दरखास्त।

- ...मुद्दाको दैनिक पेसीसूची तयार गर्दा अघिल्लो दिन तोकिएको मुद्दा इजलासले हेर्दाहेर्दै नभ्याई बाँकी रहेको भए सो इजलासलाई नै तोकिनेछ। तर सो दिन इजलास गठन नभएकोमा त्यस्तो मुद्दा र कुनै इजलासले हेर्न नभ्याएर बाँकी रहेको मुद्दालाई आगामी हप्ताको पहिलो दिन वा अन्य कुनै दिन पेस हुने गरी पेसी तोक्न सकिनेछ। *पु.अ.नि.को नियम ५२(४)*

- मुख्य न्यायाधीशले आवश्यक सम्झेमा हप्ताको कुनै दिन खास किसिमका मुद्दाहरू हेरिने गरी तोक्न सक्नेछ। त्यसरी दिन तोकिएकोमा सोही अनुसार दैनिक मुद्दा पेसी सूची तयार गरिनेछ। *पु.अ.नि.को नियम ५२(५)*

- दैनिक पेसी सूची तयार गर्दा मुद्दा दर्ताको मितिको आधारमा देहायको क्रममा तयार गर्नुपर्नेछ :
  - क) अघिल्लो दिन हेर्दा हेर्दै बाँकी रहेको मुद्दा,
  - ख) थुनवा भएका मुद्दा,
  - ग) सामान्य कार्यविधि प्रयोग हुने मुद्दाको लगाउबाहेकका संक्षिप्त कार्यविधि ऐन, २०२८ अन्तरगतको कार्यविधि प्रयोग हुने मुद्दा,
  - घ) बेवारिस बाल-बालिकाको मुद्दा,
  - ङ) पचहत्तर वर्षमाथिको बूढाबूढी वा शारीरिक अशक्तता भएको व्यक्ति तारेखमा रहेको मुद्दा,
  - च) स्वास्नीमानिस वादी भएको न्वारान गराई पाउँ वा नाता कायम गराई पाउँ भन्ने मुद्दा,
  - छ) पूर्व आदेशानुसार पेसीको निश्चित मिति तोकिएको मुद्दा,
  - छ१) अंश वा माना-चामलसम्बन्धी मुद्दा, र
  - ज) मुद्दा दर्ताको क्रमअनुसार अन्य मुद्दाहरू।

  *जि. अ. नि. को नियम ३१(२)*

- ...पेसीसूची तयार गर्दा मुल्तबीबाट जागेका मुद्दा तथा सर्वोच्च अदालत वा पुनरावेदन अदालतको निर्णयबमोजिम पुनः इन्साफको लागि दर्ता भएको मुद्दाको सुरु दर्ता मितिलाई नै आधार मानी क्रम निर्धारण गर्नुपर्छ। *जि. अ. नि. को नियम ३१(२क)*

- दायर हुन आएको अभियोगपत्र साथ वा अदालतबाट जारी भएको म्याद, पूर्जी, वारेन्टबाट हाजिर हुन वा पक्राउ भई आएको व्यक्तिको हकमा तत्काल बयान गराई थुनछेकको कारबाई गर्नुपर्ने मुद्दा भने दैनिक मुद्दा पेसी सूचीमा नचढेको भएपनि कारबाई गर्न सकिने छ। *जि. अ नि. को नियम, ३१(३)*

## २. पेसी तोकिएको दिन विचार गर्नुपर्ने कुराहरू

*पेसीसूचीको क्रमअनुसार बोलाई दिँदा समयमै सुनुवाइ हुन पाउँछ।*

इजलास बसेपछि इजलास सहायकले पेसीसूचीको क्रमानुसार पक्ष-विपक्षलाई बोलाउन लगाउनुपर्छ।

सुनुवाइको क्रममा कुन क्रम सङ्ख्याको मुद्दाको सुनुवाइ भइरहेको छ सोको जानकारी सूचना पाटीमा लेखी दिनुपर्छ ।

- मुद्दा पेस हुने दिन स्रेस्तेदारले अदालत खुलेको एक घण्टाभित्र मुद्दाको मिसिल न्यायाधीश छेउ वा इजलासमा पठाउन लगाउनुपर्दछ । *जि.अ.नि. को नियम ३१ (५)*

- इजलास सहायकले-
  - दैनिक पेसी सूचि प्रकाशित भईसकेपछि पेसीमा चढेका मिसिलहरूतारेख भपाईसँग भिडाई इजलास सहायकले जिम्मा लिनुपर्छ ।
  - त्यसरी जिम्मा लिएका मिसिलहरू पेसी सूचीसँग भिडाई अङ्ग पुगे नपुगेको हेरी इजलासलाई अवगत गराउनुपर्छ ।
  - इजलासमा पेस हुने मुद्दाका मिसिलहरू जिम्मा लिई मुद्दा सुनाउने,
  - फैसला भएका, फैसला सुनाउन तारिख तोकिएका र लगातार सुनुवाइ हुँदै गरेका मुद्दाका मिसिल आफ्नो जिम्मामा राख्ने,
  - सुनुवाइ भएका मुद्दाको फैसला आदेश तयार गर्ने कार्यमा न्यायाधीशलाई सहयोग गर्ने, र
  - रायकिताब जिम्मा लिने ।

## ३. कर्मचारीले इजलास व्यवस्थापन गर्नुपर्ने कुरा

- इजलास कक्षमा सम्बन्धित कानुनव्यवसायीहरू र मुद्दाका पक्षहरू बस्न पर्याप्त स्थान, टेबल, कुर्सीलगायतका भौतिक साधनहरू उपलब्ध भए नभएको हेरी उचित प्रबन्ध गर्नुपर्छ । साथै इजलासभित्र मुद्दाको सुनुवाइमा अवरोध पुऱ्याउने खालका गतिविधि नियन्त्रण गरी इजलासको मर्यादा कायम हुने अनुकुल वातावरण तयार गर्नुपर्छ ।

- पेसी स्थगित गरिपाऊँ भनी परेका निवेदनहरू हेरी इजलाससमक्ष पेस गर्नुपर्छ ।

- मुद्दाको पक्षले आफ्नो मुद्दाको सम्बन्धमा इजलाससमक्ष केही कुरा व्यक्त गर्न चाहेमा सोको प्रबन्ध मिलाइदिनुपर्छ ।

## ४. फैसला वा आदेशको बारेमा सम्बन्धित पक्षलाई जानकारी गराउनुपर्ने

*अ.बं. १८५ नं., जि.अ.नि.को.नियम ४६, पु.अ.नि. को नियम ६०, स.अ. नि.को नियम ६८*

- मुद्दामा वहस सकिएपछि त्यसमा अन्तिम आदेश वा फैसला जे हुन्छ सो को जानकारी सम्बन्धित पक्षलाई गराई निस्सा मिसिल सामेल गर्नुपर्छ ।
- थुनामा रहेको व्यक्तिले सफाई पाउने ठहरी फैसला भएमा निजलाई थुनाबाट मुक्त गरिदिनू भनी निज थुनामा रहेको निकायलाई तत्कालै लेखी पठाउनुपर्छ ।
- पुनरावेदन तहको अदालतबाट सुरुमा पुनः इन्साफका लागि जाने गरी फैसला भएकोमा सम्बन्धित पक्षलाई सो कुरा सुनाई तारेख तोकी पठाउनुपर्छ ।
- फैसला भइसकेपछि मनासिव कारण भएमा बाहेक सात दिनभित्र फैसला तयार गरिसक्नुपर्छ ।

*फैसला भइसकेपछि समयमै सो को जानकारी पाउनु सम्बन्धित पक्षको अधिकार हो ।*

*ताराबहादुर वि. अर्जुनबहादुरसमेत, ने.का.प. २०५२, पृष्ठ १२४*

- फैसला तयार गर्दा फैसलाकार्यान्वयनमा द्विविधा नपर्ने गरी तपसिल खण्ड लेख्नुपर्छ। ठहर खण्डसँग बाझिने गरी तपसिल खण्ड लेख्नु हुँदैन ।
- फैसलाको तपसिल खण्डमा उल्लेख भएबमोजिम कैद-जरिवाना समेतको लगत दुरुस्त राख्नुपर्छ ।
- पुर्पक्षका लागि थुनामा रहेको व्यक्तिलाई कैद जरिवाना हुने ठहरी फैसला भएमा तत्काल सो को जनाउ दिई फैसलाबमोजिमको कैदपुर्जी पठाउनुपर्छ ।
- फैसला तयार भएपछि फैसलाको व्यहोरा उल्लेख गरी पुनरावेदन लाग्नेमा पुनरावेदन सुन्ने अदालतको नामसमेत खुलाई पुनरावेदन म्याद जारी गर्नुपर्छ। पुनरावेदन नलाग्ने मुद्दाका हकमा भने फैसलाको व्यहोरासम्म उल्लेख गरी जनाउ पठाउनुपर्छ ।

*अ.बं. १८३ नं.*

## ५. मुद्दाको मुल्तबी र तामेलीसम्बन्धी व्यवस्था

*गम्भीर प्रकृतिका केही मुद्दामा प्रतिवादी अनुपस्थित हुँदैमा निजको प्रतिरक्षाको अधिकार समाप्त हुँदैन ।*

गम्भीर प्रकृतिका अपराधको अभियोग लागेको व्यक्ति मौकैमा अदालतमा हाजिर हुन नआए पनि निजको अनुपस्थितिमा मुद्दा फैसला गर्नु हुँदैन । निजको प्रतिरक्षा गर्ने अधिकार कुण्ठित नहोस् भन्नका लागि कानुनले तोकेको अवधिसम्म त्यस्ता मुद्दा मुल्तबी राख्नुपर्छ। त्यसै गरी अन्य सरकारवादी हुने फौजदारी मुद्दामा अभियोगपत्रमा स्पष्ट वतन उल्लेख नभएको कारणबाट म्याद तामेल हुन नसकेमा त्यस्ता प्रतिवादीको हकमा दायर भएको मुद्दा तामेलीमा राख्न सकिने व्यवस्था छ ।

वारेन्ट जारी हुने मुद्दामा ... अड्डामा हाजिर नभएको अभियुक्तको हकमा भएसम्मको साक्षी प्रमाण सर्जमिन बुझिराखी वारेन्ट जारी भएको छ महिनासम्ममा पनि हाजिर भएन वा पक्रिएन भने हाजिर भएका वा पक्रिएका बखतमा मुद्दा खडा गरी, बुझी कानुनबमोजिम गर्ने भनी मुल्तवी राखी सो मुल्तवी रहेका मुद्दाका अभियुक्त फेला परेन वा हाजिर भएन भने पनि सो अभियुक्तको अंश रोक्का भएको दुई वर्ष पुगेपछि मुद्दा खडा गरी बुझेसम्मको प्रमाणबाट ठहरेबमोजिम फैसला गरिदिनुपर्छ । *मु.ऐ. अ.व. १९० नं.*

डाँकाबाहेक अरू प्रकारका चोरी मुद्दामा कुनै अभियुक्तले म्याद गुजारी फरार रहेकोमा ... ती फरारी हाजिर वा पक्राउ भएका बखत कारबाई फैसला गर्ने गरी निजहरूका हकमा मुल्तबी राखी सो मुद्दामा अरू प्रतिवादीका हकमा म्यादभित्र ठहरेबमोजिम फैसला गर्नुपर्छ ... मुल्तबी रहेकाका हकमा अभियुक्त पक्राउ नपरे वा हाजिर भएन भने पनि एक वर्ष पुगेपछि मुद्दा खडा गरी बुझेसम्मको प्रमाणबाट ठहरेबमोजिम फैसला गरिदिनुपर्छ । *मु.ऐ. चोरीको १० नं.*

अदालतमा दायर भएको कुनै सरकारवादी हुने फौजदारी मुद्दामा अभियोगपत्रमा खुलाइएको वतन वास्तविक वतन नभएको कारणबाट म्याद तामेल हुन सकेको रहेनछ भने त्यस्ता प्रतिवादीका हकमा मुद्दा तामेलीमा राख्न सकिनेछ । पछि त्यस्तो प्रतिवादीको यकिन वतन स्पष्ट खुलाई मुद्दामा कारबाई किनारा गरी पाऊँ भनी सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयबाट निवेदन पर्न आएमा तामेलीबाट जगाई बाँकी कारबाई र किनारा गर्नुपर्छ । *जि.अ.नि.को नियम १९क (४)*

बन्दीप्रत्यक्षीकरण, निषेधाज्ञा र परमादेशको निवेदन गर्ने निवेदकले तारिख गुजारी बसेमा कानुनबमोमिज थाम्न पाउने म्याद गुज्रेपछि त्यस्तो निवेदन तामेलीमा राखिनेछ । *पु.अ.नि.को नियम ३७ ख*

## ६. प्रारम्भिक सुनुवाइको क्रममा पनि मुद्दा किनारा हुन सक्ने

प्रारम्भिक सुनुवाइको अवस्थामै फैसला गर्न सकिने अवस्था भए सो कुराको जानकारी इजलास समक्ष गराउनुपर्छ ।

पहिलो पटक इजलासमा मुद्दा पेस भएको अवस्थामा अभियोग दावी प्रमाणित हुनेसम्मको आधार र प्रमाण प्रस्तुत हुन आएको नदेखिएमा वा हदम्याद, हकदैया, अदालतको अधिकारक्षेत्र भएको नदेखिएमा वा थप प्रमाण बुझी रहनुपर्ने नदेखिएमा सोही पेसीकै दिन त्यस्तो मुद्दा किनारा गर्न सकिनेछ । *जि.अ.नि.को नियम ४६क.*

## ७. विशेष प्रकृतिका मुद्दा बन्द इजलासमा सुनुवाइ हुनसक्ने

सामान्यतया मुद्दाको सुनुवाइ खुला इजलासबाट हुन्छ। महिला, बालबालिका जस्ता संवेदनशील किसिमका पक्ष रहेका हुन्छन। यिनीहरूको मुद्दा खुला इजालसमा सुनुवाइ हुँदा उनीहरू थप पीडित हुन सक्ने भई न्यायमा नै नकारात्मक असर पर्न सक्छ। त्यस्ता मुद्दाहरूलाई बन्द इजलासबाट सुनुवाइ हुन सक्ने कानुनी व्यवस्था छ। तसर्थ सुनुवाइको क्रममा त्यस्ता प्रकृतिका मुद्दा आएमा तत्काल इजलासलाई सो विषयमा अवगत गराई बन्द इजलासबाट सुनुवाइ हुने आवश्यक व्यवस्था मिलाउन मद्दत गर्नुपर्दछ।

**बन्द इजलासको व्यवस्था र कार्यबिधि :**

बालबालिका, जबर्जस्ती करणी, जीउ मास्ने बेच्ने, नाताकायम, सम्बन्धविच्छेदसम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाइ गर्न मनासिव नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाइ बन्द इजलासमा हुनेछ।

...बन्द इजलासमा मुद्दाको कारबाई चल्दा सम्बन्धित कानुनव्यवसायी, सरकारी वकिल, विशेषज्ञ, अभियुक्त, पीडित व्यक्ति, निजको संरक्षक तथा अदालतले अनुमति दिएका प्रहरी र अदालतका कर्मचारी मात्र उपस्थित हुन सक्नेछन्।

*स.अ.नि. को नियम ६७क, पु.अ.नि.को नियम ४६ख(१) तथा जि.अ.नि. को नियम ४६ख(१)*

बन्द इजलासबाट हेरिएका मुद्दासम्बन्धी कागजातको प्रतिलिपि वादी, प्रतिवादी र पीडितबाहेक अरूलाई दिन हुँदैन।

बन्द इजलासबाट हेरिएका मुद्दाको तथ्य खुलाई कुनै पत्रपत्रिकामा समाचार सम्प्रेषण गर्नु हुँदैन। तर अदालतले अनुमति दिएमा पीडितको परिचय नहुने गरी समाचार सम्प्रेषण गर्न सकिनेछ।

●

**मनुष्यजातिमा पुरुष र महिला दुवै पर्दछन् अर्थात् पुरुष पनि मनुष्य नै हुन् महिला पनि मनुष्य नै हुन् त्यसैले मनुष्यको नाताबाट प्राप्त हुने सबै हक अधिकार समान रूपले महिला र पुरुषलाई उपलब्ध हुनुपर्दछ भन्ने कुरामा दुई मत हुन सक्दैन । यो नैसर्गिक अउल्लंघनीय नियम हो । तर विभिन्न मुलुकमा विभिन्न समयमा यस नियम सिद्धान्तको प्रयोग भने भिन्दाभिन्दै रूपले हुँदै आएको पाइन्छ । जुन मुलुक र युगमा यस शाश्वत नैसर्गिक सिद्धान्तको पालना भएको हुन्छ त्यो मुलुक र त्यस युग स्वर्णिम अवस्था अर्थात सभ्य मानवोचित रहन आएको हुन्छ ।**

*रिना बज्राचार्य वि. म.प.स. समेत, ने.का.प. २०५७, नि.नं. ६८८८, पृ. ३७६*

# परिच्छेद १०

# फैसलाको कार्यान्वयनसम्बन्धी कारबाई


| | | |
|---|---|---|
| १. | देवानी वा फौजदारी दुवै प्रकृतिका मुद्दाको फैसलाकार्यान्वयनमा ध्यान दिनुपर्ने कुरा | ९८ |
| २. | फौजदारी मुद्दामा भएको फैसलाको कार्यान्वयनमा ध्यान दिनुपर्ने कुरा | ९९ |
| ३. | देवानी मुद्दाको फैसलाको कार्यान्वयन | १०३ |

*फैसलाका र्यान्वयनको सिलसिलामा कर्मचारीको भूमिका महत्त्वपूर्ण हुन्छ ।*

कुनै पनि मुद्दामा भएको फैसलाको सार्थकता त्यसको कार्यान्वयनमा रहेको हुन्छ । कार्यान्वयनविनाको फैसला कागजी न्यायमा मात्र सीमित रहन्छ । त्यसैले फैसलाको कार्यान्वयन गराइपाउनु सम्बन्धित पक्षको अधिकार हो । फैसला गर्ने कार्यमा न्यायाधीशको प्रमुख भूमिका रहने भए पनि कार्यान्वयनमा कर्मचारीको भूमिका महत्त्वपूर्ण हुन्छ । बिगो भराउने, चलन चलाउने, अंशवन्डा छुट्याउने, कैद-जरिवाना असुलउपर गर्ने आदि सबै कार्यहरू मुख्यतः कर्मचारीबाट सम्पादन गरिन्छन् । मुद्दाको अन्य कारबाईमा जस्तै फैसलाकार्यान्वयनका बखत पनि कर्मचारीहरूले प्रचलित कानुनको अधीनमा रही मुद्दाका पक्षहरूप्रति मर्यादित र सम्मानपूर्ण व्यवहार गर्नुपर्दछ । यसो गर्न सकिएमा नै सम्बन्धित पक्षहरूको अदालतप्रति मर्यादापूर्ण दृष्टि रहिरहन्छ ।

*कार्यान्वयनको प्रकृतिको आधारमा फैसलाकार्यान्वयन लाई दुई भागमा विभक्त गर्न सकिन्छ ।*

फैसलाकार्यान्वयन सम्बन्धमा भएका व्यवस्थाहरूको अध्ययनबाट यसलाई “सम्बन्धित पक्षको अनुरोधमा गरिने” र “अदालत स्वयंले गर्नुपर्ने” गरी दुई भागमा विभाजन गरी हेर्न सकिन्छ । खास गरेर देवानी मुद्दामा भएको फैसलाकार्यान्वयन प्रक्रिया सम्बन्धित पक्षको निवेदन परेपछि प्रारम्भ हुन्छ भने फौजदारी मुद्दामा भएको फैसलाको कार्यान्वयनमा अदालत स्वयं सक्रिय हुनुपर्दछ ।

## १. देवानी वा फौजदारी दुवै प्रकृतिका मुद्दामा फैसलाकार्यान्वयनमा ध्यान दिनुपर्ने कुरा

देवानी वा फौजदारी जुनसुकै प्रकृतिको मुद्दा भए पनि फैसलाकार्यान्वयन गर्दा निम्नअनुसारका आधारभूत कुरामा ध्यान दिनुपर्छ :

- सामान्यतया मुद्दा अन्तिम नभै फैसलाको कार्यान्वयन गर्नु हुँदैन ।
- फैसलाको कार्यान्वयन गर्दा फैसलासँग नबाझिने गरी गर्नुपर्छ ।
- जरिवाना, कैद वा बिसौंद लागेको मानिस सो असुल नहुँदै मऱ्यो भने ऊ मरेपछि माफ हुन्छ । *द.स. को ३ नं.*
- पुनरावलोकन वा दोहोऱ्याई पाऊँ भनी निवेदन परेको कारणले मात्र त्यस्तो मुद्दामा भएको फैसलाकार्यान्वयन गर्न बाधा पर्दैन । *जि.अ.नि.को नियम ८० क.*

| | |
|---|---|
| ● अड्डामा बिगो दाखिल भएपछि र रोक्का गरेको वा धनजमानी लिएको मितिदेखिको ब्याज लाग्दैन । | *द.स. को २२नं.* |
| ● सजायबमोजिम लागेको सरकारी बिगो, दसौंद, बिसौंद फैसला गर्दा सजाय पाउने कसुरदार हाजिर रहे उसै बखत पक्री असुल गर्नुपर्छ । हाजिर नरहे सम्बन्धीत प्रहरी कार्यालयलाई आदेश गरी कारबाई चलाउनुपर्छ । | *द.स.को २३, २३ क नं.* |

## २. फौजदारी मुद्दामा भएको फैसलाको कार्यान्वयनमा ध्यान दिनुपर्ने कुरा

| | |
|---|---|
| ● फौजदारी मुद्दामा भएको फैसला भन्नाले मुलुकी ऐन, अ.ब. ९ नं.मा उल्लिखित मुद्दाहरूमा भएको फैसला सम्झनुपर्छ । फौजदारी मुद्दा आपराधिक क्रियाकलापसँग सम्बन्धित हुने हुनाले यस्ता मुद्दामा कैद वा जरिवाना हुने गरी फैसला भएको हुन्छ । त्यसैले यस्ता फैसलाको कार्यान्वयन कैद वा जरिवानाको असुलीसँग सम्बन्धित हुन्छ । यस अतिरिक्त कानुनले तोकेको केही अवस्थामा पीडितलाई क्षतिपूर्ति भराउने, सर्वस्व गर्ने, बिगो दाखेल गराउने जस्ता कारबाई पनि यसअन्तर्गत पर्दछ । यस्तो फैसला कार्यान्वयन गर्दा सानो पनि लापरबाही वा त्रुटी हुँदा प्रत्यक्ष रूपमा व्यक्तिको वैयक्तिक स्वतन्त्रता वा सम्पत्तिसम्बन्धी अधिकारमा आघात पर्न सक्ने हुँदा कर्मचारीले अत्यन्तै संवेदनशील भई काम गर्नुपर्ने हुन्छ । फौजदारी मुद्दाको फैसलाकार्यान्वयन गर्दा देहायबमोजिम प्रक्रिया अपनाउनुपर्छ : | |
| ● दण्ड-जरिवाना वा कैद असुल गर्नुपर्ने गरी फैसला भएकोमा सोको लगत दुरुस्त गरी राख्नुपर्छ । त्यस्तो सजाय अरू अड्डाबाट असुलउपर गराउनुपर्ने रहेछ भने लगत सम्बन्धित अड्डामा पठाउनुपर्दछ । | *द.स.को २३, जि.अ.नि.को नियम ६८ (४)* |
| ● लगत कस्दा जरिवानाको अङ्क र जरिवाना वापत हुने कैद म्याद समेत किटानी गरी कस्नुपर्छ । | *नियम ६८ (२ क.)* |
| ● जरिवाना वा कैद असुल गर्दा पुर्पक्षको निमित्त थुनामा रहेको अवधि कटाई बाँकी मात्र असुल गर्नुपर्छ । | *अ.व. १२० नं.* |
| ● कैदमा राख्दा कैदपूर्जी नदिई राख्नु हुँदैन । | *अ.व. १२१ नं.* |
| ● साधक जाँच्ने अड्डाले सो साधक सदर गरे बमोजिम थुनिएकालाई छाड्नुपर्ने भएकोमा सोबमोजिम गर्नु भनी थुनुवा रहेको कारागारमा तीन दिनभित्रै जनाउ पठाउनुपर्छ । | |

| | |
|---|---|
| ● पुर्पक्षका लागि थुनामा रहेको व्यक्तिले सफाइ पाउने गरी फैसला भएकोमा उक्त मुद्दामा पुनरावेदन लाग्ने अवस्था बाँकी भए पनि तुरुन्त थुनामुक्त गरिदिनुपर्छ । | |
| ● एक जनाले धेरैपटक सर्वस्वसहित जन्मकैद वा अरू सजाय हुने खत गरेकोमा ठूलो सजाय भए पछि सानो सजाय हुने खत खाप्नु हुँदैन । | *द.स. को ८ नं.* |
| ● ऐनमा पटक वा खत खाप्नु भनेकोमा बाहेक अरूमा दुई वा सोभन्दा बढी ऐन लगाई कैद गर्नुपर्दा ठूलो सजाय मात्र गर्नुपर्छ । अरू ऐनको खत खाप्न हुँदैन । | *द.स.को १० नं.* |
| ● सर्वस्व हुने वा सरकारी बिगो लाग्ने ठहरी फैसला भएपछि पुनरावेदनको म्याद नाघी वा पुनरावेदन फैसला भई नसकी जायजात सर्वस्व, लिलाम, बिक्री गर्नु हुँदैन । | *द.स. को ३३ नं.* |
| ● जायजात वा सर्वस्वमा आएको वा रोक्का भएको वा दसीको रूपमा प्राप्त हुन आएका मालसामान मुद्दा अन्तिम किनारा नहुँदासम्म त्यसै राख्दा सडीगली, बिग्री जाने रहेछ भने आवश्यकताअनुसार लिलाम गरी नगद पारी राख्नुपर्छ । पछि लिनुदिनु जे ठहर्छ नगदै लिनुदिनु गर्नुपर्छ । | *द.स.को ३४ नं. जि.अ.नि.को नियम ६० (क)* |
| ● फौजदारी मुद्दामा दसी स्वरूप प्राप्त हुन आएको कुनै मालसामान जफत गर्नुपर्ने दावी नभएको र सो सामानको स्वामित्वमा पनि विवाद नरहेको अवस्थामा मालधनीले फिर्ता पाऊँ भनी निवेदन गरेमा फिर्ता दिनुपर्छ । | *जि.अ.नि. को नियम ६०क. (१)* |
| **क) कैद दण्ड असुल गर्दा निम्न कुरामा ध्यान दिनुपर्छ :** | |
| o ऐनमा कैद भनी लेखिएको कलममा कैद नै हुन्छ । | *द.स. को ११ नं.* |
| o एकै जनाले सर्वस्वसहित जन्मकैद वा जन्मकैद वा अरू सजाय हुने खत गरेकोमा ठूलो खतमा सजाय भएपछि सानो सजाय हुने खत खाप्नु हुँदैन । | *द.स. ८ नं.* |
| o कैद लाग्ने गरी फैसला भएकोमा अ.ब. १९४ नं. बमोजिम सुविधा पाएकोमा बाहेक उसै बखत पक्री कैद असुल गर्न कारागारमा पठाइदिनुपर्छ । तत्काल हाजिर नरहेको भए गिरफ्तार गर्न सम्बन्धित प्रहरी कार्यालयमा आदेश गरी कारबाई चलाउनुपर्छ । | *द.स. को २३ नं.* |

| | |
|---|---|
| o कैद लागेको मानिस भागी गएकोमा भने कैदमा समेत जायजात गरी (१ दिनको ५० रूपैयाँका दरले) असुल गर्नुपर्छ। तोकिसकेको म्यादभित्र फेला परेमा भने कैद गरी सो वापत जायजातबाट आएको रुपियाँ फिर्ता दिनुपर्छ। | *द.स.को २५ नं.* |
| o कैदवापत जायजात गर्दा कसुरदारको अंशबाट मात्र असुल गर्नुपर्छ। जायजात भएपछि बढ्ता भए फिर्ता दिनुपर्छ। पुगेन भने पनि अरू जहानलाई पक्रन हुँदैन। | *२६ नं.* |
| o जायजात गर्दा दाइजो, विवाह खर्च, एकसरो ओड्नेओछ्याउने कपडा, भाँडा, हतियार र छ महिनासम्मलाई खानपुग्ने अन्न आदि पर सारी जायजात गर्नुपर्छ। | *द.स. को २६ नं.* |
| o एउटै मानिसलाई एकै वा धेरै मुद्दाको धेरै कलमको कैद ठेक्नुपरेमा सबै कसुर गरेर जुन कलममा कैदको सबभन्दा ठूलो हद छ, सो हद ननाघ्ने गरी मात्र कैद ठेक्नुपर्छ। | *द.स. को ४१* |
| o कैदको सजाय लागेको व्यक्ति फैसला भएको ६० दिनभित्र आफै हाजिर भई कैदमा बस्न मञ्जुर गरेमा २० प्रतिशत मिन्हा दिई बाँकीको मात्र कार्यान्वित गर्नुपर्छ। | *द.स. को ४१ (क)* |
| o कैद लागेको व्यक्तिलाई पक्राउ गरी दाखिल गर्न ल्याउँदा पक्राउ भएदेखि नै कानुनबमोजिमको सिधा खर्च दिनुपर्छ। यसरी ल्याउँदा बाटोमा लागेको खर्च पनि पाउँछन्। | *द.स.को ५३ ख* |
| ख) **जरिवाना असुल गर्दा निम्न कुरामा ध्यान दिनुपर्छ :-** | |
| o जरिवानाको सजाय पाउने एकै मुद्दामा दुई वा सो भन्दा बढी ऐन लगाई सजाय गर्नु परे पनि सबै ऐनको खत खापी सजाय गर्नुपर्छ। | *द.स. को १० नं.* |
| o जरिवाना भएकोमा सो तिर्न नसकी कैद हुने भयो भने जुन जरिवानावापत बढी कैद हुन्छ सो जरिवानाको मात्र कैद हुन्छ। | *द.स. ३८ नं.* |

| | |
|---|---|
| o एकै कागजको मुद्दा भए पनि नभए पनि सर्वस्व भएपछि सो हुनुभन्दा अघिको कसुरमा जरिवानाको खत खापिँदैन । | *द.स.को १० नं.* |
| o जरिवाना भएकोमा त्यस्तो जरिवाना नतिरेवापत समेत कैद गर्नुपर्छ । कैद भएपछि जायजात हुँदैन । | *द.स. को २५ नं.* |
| o जरिवाना लागेको मानिस भागी गएको अवस्थामा भने जायजात गरी असुल गर्नुपर्छ । | *द.स. को २५ नं.* |
| o जरिवानावापत जायजात गर्दा कसूरदारको अंशबाट मात्र पुगेसम्मको असुल गरी लिनुपर्छ । जायजात भएपछि बढ्ता भए फिर्ता दिनुपर्छ तर पुगेन भने पनि अरू जहानलाई पक्रन हुँदैन । | *द.स. को २६ नं.* |
| o जायजात गर्दा दाइजो, विवाह खर्च, एकसरो ओड्नेओछ्याउने कपडा, भाँडा, हतियार र छ महिनासम्मलाई खानपुग्ने अन्न आदि पर सारी छाडी जायजात गर्नुपर्छ । | *द.स.को २६ नं.* |
| o जरिवानावापत कैद ठेक्नुपर्दा ऐनमा लेखिएको कैदको हदमा नबढ्ने गरी कानुनमा तोकिएबमोजिम ठेक्नुपर्छ । | *द.स.को ३८ नं.* |
| o जरिवानाको सजाय लागेको व्यक्ति फैसला भएको ६० दिनभित्र आफै उपस्थित भई जरिवाना तिर्न मन्जुर गरेकोमा २० प्रतिशत मिन्हा दिई बाँकीको मात्र कार्यान्वित गर्नुपर्छ । | *द.स. को ४१ क.* |
| o जरिवानावापत कैद ठेक्नुपर्दा एक दिनको २५ रुपैयाँको दरले कैद ठेक्नुपर्छ । | *द.स.को ५३ नं.* |
| o तजबिजी विषयमा जरिवानाको सजाय हुने भएमा सो जरिवाना नतिरे वापत कति कैद बस्नुपर्ने हो सो कुरा पनि फैसलामा स्पष्ट तोकिएको हुनुपर्छ । | *द.स.को ५३ क. नं.* |
| o जरिवाना लागेकोमा सो जरिवानावापत कैद ठेक्नुपर्दा जरिवानाको अङ्क र जरिवाना वापत हुने कैद म्यादसमेत किटान गरी लगत किताबमा लगत कस्नुपर्छ । | *जि.अ.नि. को नियम ६८ (२क)* |

| | |
|---|---|
| जरिवानाको धरौट वा जेथा जमानत लिन मिल्छ । | *गणेशप्रसाद वि. श्री ५ को सरकार, ने.का.प. २०४५, पृ. ५१८* |

## ३. देवानी मुद्दाको फैसलाको कार्यान्वयन

| | |
|---|---|
| देवानी मुद्दामा सजाय गर्दा जहानका मुख्य कारणीलाई सजाय भएपछि अरूलाई सजाय गर्न हुँदैन । | *द.स. को ८ नं.* |
| जायजातबाट उपर नभएको बाँकी बिगो जरिवानाको लगत तुरुन्त काटी दिनुपर्छ । | *द.स. को २४ नं.* |
| जायजात गरी लिएपछि नपुगेको बाँकीमा अपुताली खानेलाई पक्रन हुँदैन । | *द.स. को ३* |
| अड्डाबाट भाखा गराई दिएको कागजपत्र दिलाइदिएको वा आसामी बन्डा गरिदिएकोमा दसौंद बिसौंद लाग्दैन । | *द.स. को ४९ नं.* |
| बिगो नभराई दसौंद बिसौंदमा पक्राउ हुन सक्तैन तर द.स.को ४८ नं. को अवस्थामा भने यो व्यवस्था लागू हुँदैन । | *द.स. को ४९ नं.* |
| देवानी फैसलाको कार्यान्वयन सामान्यतया सम्बन्धित पक्षको निवेदन परेपछि प्रारम्भ हुन्छ । | |
| फैसलाको कार्यान्वयनका लागि तोकिएको म्यादभित्रै निवेदन पर्नुपर्छ । म्याद नाघी परेको निवेदनबाट कारबाई हुन सक्तैन । | |
| फैसलाको जनाउ पाएको मितिले फैसलाको कार्यान्वयनको कारबाईमा वारेस राख्न पाउँछन् । भराइदिलाई छुट्टयाई दिनुपर्ने विषयमा भने इच्छापत्र पनि लिनुपर्छ । | *द.स. को ४७ नं.* |
| फैसलाबमोजिम गर्नुपर्ने काम गर्न गराउनलाई दरखास्त परेपछि दरखास्तवालालाई तारेखमा राखी अर्को पक्षलाई सूचना पठाउनुपर्ने हुन्छ । | |
| फैसला कार्यान्वयनको सिलसिलामा तारेखमा बसेको मानिसले तारेख गुजारे पनि कारबाई डिसमिस हुँदैन । थाम्न पाउने म्यादभित्र पनि दरखास्त दिन नआएमा भने दरखास्त तामेलीमा राखिन्छ । | *द.स.को ४८ नं.* |

फैसलाले फिर्ता पाउने भएको दण्ड, धरौटी, रोक्का रहेको सर्वश्व जायजात, कुनै सम्पत्ति वा लिलाम बिक्री भैरहेको नगद फिर्ता लिन फैसला अन्तिम भएको थाहा भएको एक वर्षभित्र नआए फिर्ता पाउँदैन । *द.स. ५१ नं.*

**क) बिगो भराउँदा अपनाउनुपर्ने कार्यविधि**

- बिगो भराउनेमा सो भरिपाउनेको दरखास्त नपरी भरिभराउ गर्नु हुँदैन । *द.स. को ४२ नं.*
- बिगो भरिपाउनलाई द.स. को ४२ नं. को म्यादभित्र दरखास्त पर्नुपर्छ ।
- अदालतबाट दिएको तारेख गुजारी बस्यो भने बिगो भरिभराउ हुन सक्तैन ।
- बिगो भरिपाउनेको दरखास्त परेपछि निजलाई बिगो भर्नुपर्नेको नाउँमा बिगो दाखेल गर्न ३५ दिनको म्याद दिई म्याद जारी गर्नुपर्छ ।
- म्यादभित्र बिगो दाखेल गरे सोही बिगोबाट र दाखिल नगरे जायजात गरी भराई दिनुपर्छ ।
- जायजातबाट पनि पूरा बिगो पुगेन भने नपुग बिगोमा कैद गराउन पाउनेमा कैद भराउन पाउँदछ ।
- कैद गराउन पाउने भन्नाले लेनदेनको १९ नं., दामासाहीको १० नं. बाँकी नतिर्नेको १० नं., चोरीको १० नं. र आगो लगाउनेको ९ नं. बमोजिम कैद गराउन पाउनेलाई सम्झनुपर्छ ।
- कैद गराउन चाहेमा लाग्ने सिधा खर्चसहित जायजात भएको सात दिनभित्र दरखास्त दिनुपर्छ ।
- जायजात भैसकेपछि दबाएछपाएकोमा बाहेक बिगो नपुगे पनि पुनः पक्राउ गर्न र दोहोरो जायजात गराउँन समेत पाइँदैन । बहिखाता तमसुक लिखत जो छ सो फट्टा गराइदिनुपर्छ ।
- बिगो भराई दिएकोमा ऐनबमोजिम उसैबखत दसौंद बिसौंद उपर गरी लिनुपर्छ ।

अदालतबाट लागेको दण्ड, जरिवाना कैद भुक्तान नगरी दर्ता गर्न ल्याएको निवेदन दर्ता गर्न हुँदैन ।

*निवेदक प्रभाकर मोक्तानको हकमा बसन्ती मोक्तान, स.अ.बु. २०५०, वर्ष २, अंक ३, पृष्ठ ८(१७ नं निबेदन)*

ख) **चलन चलाउँदा अपनाउनुपर्ने कार्यविधि**

*द.स. को ४३ नं.*

- म्यादभित्र दरखास्त पर्नुपर्छ ।
- म्यादभित्र दरखास्त परेमा निजलाई तारिखमा राखी तीन महिनासम्म चलन पाउने वस्तु चलन चलाई दिनुपर्छ ।
- चलन चलाउँदा उपलब्ध भएसम्मका मुद्दाका पक्षहरू, स्थानीय निकायका प्रतिनिधि तथा स्थानीय भलादमीसमेत साक्षी राख्नुपर्छ ।
- चलन चलाउनुपर्ने घर, पसल ताल्चा मारी राखेको भए ताल्चा खोली घर-पसल खाली गर्न १५ दिनको म्याद दिनुपर्छ ।
- म्यादभित्र ताल्चा खोले सोहीबमोजिम र नखोले ताला तोडेर भए पनि चलन चलाई दिनुपर्छ । घर, पसलभित्र रहेको धनमाल लिलाम बिक्री गरी राखी म्यादभित्र लिन आए फिर्ता दिनुपर्छ ।
- एक पटक चलन चलाई दिएकोमा खिचोला गरेमा फेरी नालिस गरिरहनु पर्दैन दरखास्तैबाट चलन चलाइदिनुपर्छ ।
- घरजग्गाको आंशिक दाबी भएकोमा सोको दिशा र तर्फ खुलाइएको रहेनछ भने सम्बन्धित पक्षलाई रोहबरमा राखी नरमगरम मिलाई छुट्टयाइदिनुपर्छ ।

ग) **लिखत रजिस्ट्रेसन वा दाखेल खारेज गर्दा अपनाउनुपर्ने कार्यविधि**

- फैसलाबमोजिम गराइमाग्नलाई म्यादभित्र दरखास्त दिनुपर्छ ।
- दरखास्त परेपछि निजलाई तारेखमा राखी १५ दिनभित्र रजिष्ट्रेसन वा दाखेलखारेज गरिदिनु भन्ने व्यहोराको पास वा पुर्जी सम्बन्धित अड्डामा पठाइदिनुपर्छ ।
- दरखास्तवाला लाई फैसला बमोजिम गरिदिइएको पास वा पुर्जी सम्बन्धित अड्डामा गइसकेको व्यहोरा जानकारी गराई ३५ दिनभित्र सोही अड्डामा हाजिर हुन जान पठाइदिनुपर्छ ।
- म्यादभित्र दरखास्त नपरे रजिष्ट्रेशन गर्न पुर्जी हुन सक्तैन । दाखिलखारेज नामसारीका हकमा भने तोकिएको जरिवाना तिरे म्याद नाघेपछि दरखास्त परे पनि गरिदिनुपर्छ ।

| | |
|---|---|
| o रजिष्ट्रेसन वा दाखिल खारेज हुने गरी मिलापत्र भएकोमा भने सम्बन्धित पक्षको दरखास्त नपरे पनि मिलापत्र गराउने अड्डाले ५ दिनभित्रै मिलापत्र बमोजिम गरिदिन सम्बन्धित अड्डालाई लेखी पठाइदिनुपर्छ । | *मु.ऐ.को अ.व. १८४ नं.* |
| घ) **अंश छुट्ट्याउँदा निम्नअनुसारको कार्यविधि पूरा गर्नुपर्छ :** | |
| o अंश छुटचाउनका लागि एक जनाको मात्र दरखास्त परेकोमा अन्य अंशियारहरूलाई पनि अंश छुटचाउनेसम्बन्धी जानकारी दिई अनुपस्थित अंशियारको पनि बन्डा छुटचाइदिनुपर्छ । | *द.स. को ४६(३)* |
| o अंश पाउने व्यक्तिले दरखास्त दिनु अगावै अंश दिनुपर्ने व्यक्तिको दरखास्त पर्न आए पनि वण्डा छुटचाइदिनुपर्छ । | *द.स. को ४६(४)* |
| o अंश छुट्याई पाऊँ भनी दरखास्त परेको मितिले सकभर तीन महिनाभित्र अंश छुटचाई सक्नुपर्छ । | *द.स. को ४६(६)* |
| o अंश दिनुपर्ने वा अंश जिम्मा लिने मानिस म्याद नाघेपछि तर अंश छुटचाउने काम सम्पन्न नहुँदै उपस्थित भएमा निजलाई समेत राखी वन्डा गरी दिनुपर्छ । | *द.स. को ४६(८)* |
| o अंश छुट्ट्याइपाऊँ भनी दरखास्त दर्ता भएपछि अंश पाउनेलाई झिकाई तारेखमा राखी अंश छुट्ट्याइदिनुपर्छ । | *द.स.को. ४६(५)* |
| o अंश छुट्याइ पाऊँ भनी प्रतिवादीको दरखास्त परेको अवस्थामा अंशियारहरू झिकाई अंश छुट्याइदिनुपर्छ । | *जि.अ.नि. को नियम ७८(ख) १* |
| o मुद्दा चलेको अवस्थामा धेरै अंशियार भएकोमा पछि अंशियार घटे बाँकी अंश दामासाहीले बन्डा गरी दिनुपर्छ । | *राम विलास वि. पु.वे.अ.जनकपुर समेत ने.का.प. २०५१ पृ. १२५* |
| o जबरजस्ती करणी मुद्दामा कुनै पनि दस्तुर नलिई अंश छुट्ट्याइदिनुपर्दछ । | |

●

# परिच्छेद ११

# अपराधपीडितको संरक्षणसम्बन्धी व्यवस्था


| | | |
|---|---|---|
| १. | अपराधपीडितप्रति गर्नुपर्ने व्यवहार | १०९ |
| २. | पीडित पक्षको सम्बन्धमा नेपाल कानुनमा रहेका केही व्यवस्था | ११० |

अपराध गर्नेलाई सजायका माध्यमबाट सुधार गर्नु र अपराधपीडितको संरक्षण र रेखदेख गर्नु राज्यको जिम्मेवारी हो। यसो भए पनि हाम्रो फौजदारी न्यायप्रणालीले अपराधपीडितको संरक्षण र उनीहरूलाई न्याय पार्नको लागि विशेष ध्यान दिने परिपाटी बसाल्न सकेको छैन। पुनर्लाभात्मक न्यायपद्धतिमा पीडितलाई केन्द्रविन्दु बनाउने सिद्धान्तको अवलम्बन गनुपर्ने मान्यता विकास भएको छ। अपराध र अख्तियार दुरुपयोगबाट पीडित भएका मानिसका लागि न्याय प्रदान गर्ने आधारभूत सिद्धान्तसम्बन्धी घोषणापत्र संयुक्त राष्ट्रसङ्घको महासभाबाट जारी भएपछि विश्वभरकै फौजदारी न्यायप्रणालीमा पीडितलाई संवेदनशीलतापूर्वक न्याय दिलाउने प्रयास सुरु भएका छन्। यो मान्यतालाई न्यायको मूल मान्यताको रूपमा नेपाल अधिराज्यको संविधानमा उल्लेख गरिएको नभए तापनि अन्य कतिपय कानुनमा यससम्बन्धी व्यवस्था भिनो र छिटपुट रूपमा रहेका छन्। अपराधपीडितले न्यायको अनुभूति गर्न पाउने वातावरण बनाउनका लागि अदालतमा कार्यसम्पादन गर्ने कर्मचारीको पनि गहन भूमिका हुन्छ। यसर्थ अदालतका कर्मचारीले यसतर्फ संवेदनशील भएर काम गर्नुपर्छ।

प्रमाण ऐन, २०३१ को दफा ३७ बमोजिम जाहेरी दिने व्यक्तिले अदालतमा साक्षीको रूपमा वकपत्र गर्न प्रस्तुत हुनुपर्ने व्यवस्था एवं निजलाई विपक्षीबाट जिरह गरिने व्यवस्था छ। जाहेरी दिने व्यक्ति सामान्यतया जाहेर गरिएको आपराधिक क्रियाकलापबाट प्रत्यक्ष रूपमा पीडा खप्नुपरेको व्यक्ति नै हुने गर्छ। यस्ता पीडित व्यक्तिबाट अदालतले लिने जानकारीले अपराधको निर्क्योल गरी कसुरदारलाई सजाय दिलाउन राम्रो सहयोग गर्छ। यसो भए पनि यस्ता पीडित व्यक्ति शारीरिक/मानसिक रूपमा कष्टकर अवस्थामा रहेका हुन सक्छन्। उनीहरूको अवस्था अरूको भन्दा नाजुक हुन्छ। यसैले यस्ता पीडितलाई गरिने बरव्यवहार अपराधबाट उसमा परेको चोटलाई बल्भाउने र उसलाई झन पीडित पार्ने खालको हुनु हुँदैन।

नेपालमा फौजदारी मुद्दाको सफलतालाई घटाउने एउटा कारण यस्ता पीडित जाहेरवालाहरूको अनुसन्धान र अभियोजनका पक्षमा हुने असहयोगी वा वैमनष्यपूर्ण व्यवहार पनि देखिएको छ। यसमा निम्न कारणहरू मुख्य रूपले जिम्मेवार रहेका देखिन्छन्:

- पीडित तथा पीडितका साक्षीले वादीका साक्षीको रूपमा उपस्थित हुँदा कानुनले पाउनुपर्ने भनी तोकिएको भत्ता समेत नपाउनु,
- घटना भएको एवं मुद्दा चलाइएको धेरै समयपछि मात्र साक्षीको बकपत्र गर्ने परिपाटी कायम रहनु,

- अदालतमा आउँदा पीडित तथा पीडितको कानुनी उपचारका लागि उपस्थित भएका सरकारी साक्षीलाई सामान्य साक्षीको रूपमा मात्र हेर्ने गरिनु,
- महिला, बालबालिका र अन्य लाभवञ्चित समुदायका अपराधपीडितले न्यायसम्बन्धी निकायमा गरिने व्यवहारमा पनि सामाजिक अपहेलनाको अनुभव गर्ने वातावरण कायम रहनु,
- बन्द इजलासमा सुनुवाई हुनुपर्ने कतिपय मुद्दा अद्यापि खुला इजलासमै हुनु, र
- बकपत्र गराउँदा न्यायाधीश सोधपुछमा सहभागी हुने वातावरण अझै बन्न नसक्नु ।

*अदालतमा आएका व्यक्ति न्यायको खोजीमा आएका हुन्छन् ।*

अदालतमा आउने व्यक्तिहरू आफूलाई परेको पीर-मर्का तथा समस्याको न्यायोचित उपचार पाउन आएका हुन्छन् । न्यायिक प्रक्रियाप्रति उनीहरूको सबल विश्वास रहेको हुन्छ । अपराधपीडितका पीरमर्का र मनोसामाजिक समस्या जटिल खालका हुन्छन् । यसर्थ उनीहरूप्रतिको व्यवहार बढी संवेदनशील र मानवीय किसिमका हुन जरुरी हुन्छ ।

## १. अपराधपीडितप्रति गर्नुपर्ने व्यवहार

*अपराधजन्य कार्यका पीडित व्यक्तिहरूलाई राम्रो व्यवहार नगर्नाले अपराधी तथा आपराधिक प्रवृती भएका व्यक्तिलाई अपराधगर्न दुरूत्साहन हुन जान्छ ।*

*अपराध पीडितहरूको लागि न्यायको घोषणापत्रको सिद्धान्त नं. ६*

- अपराधपीडित व्यक्तिहरूलाई सम्मानजनक व्यवहार गर्नुपर्दछ ।
- उनीहरूलाई परेको वास्तविक पीडाको यथोचित कानुनी उपचार प्रदान गर्न मद्दत गर्नुपर्दछ ।
- पीडितलाई आफ्नो पीडाको कारण बनेको अपराधसँग सम्बन्धित कानुनको बारेमा जानकारी दिनुपर्छ ।
- पीडितसम्बद्ध रहेको अपराधउपर कारबाई चलाइएको भए त्यसमा भएको प्रगति र कारबाईमा उनीहरूको भूमिका आदिको बारेमा जानकारी गराउनुपर्दछ ।
- सुनुवाइको कुनै चरणमा पीडितले आफ्नो पीडाको सम्बन्धमा केहि कुरा व्यक्त गर्न चाहेमा समय मिलाई त्यस्तो कुरा व्यक्त गर्ने अवसर दिलाउन मद्दत गरिदिनुपर्दछ ।
- मुद्दाको कारबाईका सिलसिलामा पीडित व्यक्तिले कुनै सहायता पाउने भए सो प्राप्त गर्नमा मद्दत गर्नुपर्दछ ।
- पीडितहरूको गोप्यता, सुरक्षाजस्ता विषयमा संवेदनशील भई तिनको संरक्षणमा यथाशक्य मद्दत गर्नुपर्दछ । त्यस्तो संरक्षण पीडितका साक्षी तथा परिवारलाई समेत आवश्यक रहेछ भने तिनलाई समेत मद्दत गर्नुपर्दछ ।

- पीडितको हकमा कुनै फैसला वा आदेश भएको रहेछ भने सोको समयमै पीडितलाई जानकारी गराई तिनको कार्यान्वयनमा कुनै विलम्ब नगरी मद्दत गर्नुपर्दछ ।

## २. पीडित पक्षको सम्बन्धमा नेपाल कानुनमा रहेका केही व्यवस्था

| | |
|---|---|
| गम्भीर प्रकृतिको फौजदारी अपराधको सम्बन्धमा पीडितले केवल प्रहरीमा जाहेरी दिए पुग्छ नियमित रूपमा तारेखमा बसिरहनु पर्दैन । त्यस्तो मुद्दा सरकारवादी भई चल्दछ । जाहेरवाला वादीको साक्षी मानिन्छ । | *स.मु.स. ऐन दफा २३ नं.* |
| श्री ५ को सरकारवादी भई दायर भएको कुनै मुद्दा सरकारवादी भई नचल्ने भएमा अदालतले पीडित (सरोकारवाला) लाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित कानुन बमोजिम कारबाई गर्नुपर्छ । | *स.मु.स ऐन दफा २७ नं.* |
| लुटपिटबाट पीडित हुनेलाई उसको लुटिएको धनमाल फिर्ता गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ । | लुटपिटको ३,४,५ र ६ नं. |
| ठगीबाट पीडित भई आफ्नो धनमाल गुमाउने पीडितलाई बिगो भराउनुपर्छ । | *ठगीको ४ नं.* |
| चोरीको अपराधबाट पीडित व्यक्तिले चोरबाट धनमाल बरामद भए सोही धनमाल र सो बरामद हुन नसके बिगो सम्बन्धित चोरको सम्पत्तिबाट भराई लिन पाउँछ । यस्तो भराई पाउँदा दसौँद लाग्दैन । | *चोरीको १० नं.* |
| आगलागीका पीडितले त्यस्तो आगो लगाउनेबाट नोक्सान भएको बिगो भराई पाउँछ । त्यसरी  बिगो भराउ हुन नसके पीडितले कैद समेत गराउन पाउछ । | *आगो लगाउनेको ४, ८ र १० नं.* |
| बेरीतसँग थुनिने व्यक्तिले त्यस्तो थुन्ने व्यक्तिबाट असुल भएको जरिवानाको अन्नपानी खान दिई थुनेको भए तीन खण्डको एक खण्ड र अन्नपानी खान नदिई थुनेको भए आधा भराई लिन पाउछ । | *बेरितसँग थुन्दाको ६ नं.* |
| अदालतमा मुद्दा लिई आउने व्यक्ति आफू कसैको गैरकानुनी कार्यबाट पीडित भएपछि मात्र आउने गर्दछन् । त्यसैले त्यस्ता पीडितले अदालतमा मुद्दा दर्ता गर्दा राखेको कोर्ट फि तथा अन्य खर्च जस्तै समाह्वान, इतालायनामा दस्तुर, नक्कल दस्तुर, कानुनव्यवसायीको फी, विशोषज्ञ साक्षी र वारेसको मनासिव खर्चसमेत जित्ने पक्षले हार्ने पक्षबाट भराई लिन पाउने व्यवस्था छ । | *कोर्ट फि ऐनको दफा १५ र १६ नं.* |
| असक्षम पक्षको हकमा कोर्ट फी तिर्न नसके पनि मुद्दा हेरिन सकिन्छ । | *कोर्ट फी ऐन, दफा ३२ नं.* |
| अचल सम्पत्ति अधिग्रहण ऐन, २०१३ अन्तर्गत जग्गा अधिग्रहण गर्दा श्री ५ को | *अचल सम्पत्ति* |

सरकारले क्षतिपूर्ति दिनुपर्छ । — *अधिग्रहण ऐन, २०१३*

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ बमोजिम निषेध गरिएको कुनै काम गरेको कारणबाट वा अन्य कुनै काम गर्नुपर्ने काम नगरेबाट स्वस्थ व्यक्ति अपाङ्ग हुन गएको रहेछ भने त्यस्तो व्यक्तिको औषधोपचारको लागि र पछि सामान्य रूपमा जीविकोपार्जन गर्न नसक्ने हुन जाने रहेछ भने त्यसवापत समेत विचार गरी मनासिव माफिकको क्षतिपूर्ति दिलाउनुपर्नेछ । — *दफा १७ (६)*

आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन, २०५८ अनुसार आतंककारी तथा विधवंसात्मक गतिविधिबाट प्रभावित वा पीडित व्यक्तिको आवश्यक स्वास्थ उपचार र त्यस्तो व्यक्तिलाई दिइने राहत सुविधा श्री ५ को सरकारले व्यवस्था गर्नुपर्छ ।

त्यस्तो गतिविधिमा संलग्न व्यक्ति वा सुरक्षाकर्मीको कारबाईको परिणामबाट मृत्यु भएको निर्दोष व्यक्तिका आश्रित परिवारलाई श्री ५ को सरकारले मनासिव माफिकको क्षतिपूर्ति समेत दिनुपर्छ ।

*आतङ्ककारी तथा विध्वंसात्मक कार्य ऐनको दफा १८ (२) (३) र (४)*

आतङ्ककारी तथा विध्वंसात्मक कार्यसम्बन्धी ऐनको प्रयोग बदनियतपूर्वक गरिएको प्रमाणित भएमा पीडितले क्षतिपूर्ति पाउछ ।

उपभोग्य वस्तु वा सेवा बिक्री-वितरण वा प्रदान गरेको कारणबाट कुनै उपभोक्तालाई कुनै किसिमको हानि-नोक्सानी हुन गएमा त्यस्तो उपभोक्ता वा त्यस्तो उपभोक्ताको तर्फवाट कुनै उपभोक्ता संस्थाले त्यस्तो उपभोग्य वस्तु वा सेवा बिक्री-वितरण वा प्रदान गर्ने व्यक्तिबाट क्षतिपूर्ति भराई पाऊँ भनी क्षतिपूर्ति समितिसमक्ष निवेदन दिन सक्नेछ। क्षतिपूर्तिका लागि परेको उजुरीउपर छानबिन गरी क्षतिपूर्ति समितिले उपभोक्तालाई हानि-नोक्सानी गरेको ठहर गरेमा हानि-नोक्सानीको आधारमा क्षतिपूर्ति वापतको रकम उपभोक्ता वा निजको हकवालाले पाउँछ । — *उपभोक्ता संरक्षणसम्बन्धी ऐन, २०५४ को दफा २२ र २४*

कसैको जीउधनमा क्षति पुग्न गएमा मनासिव क्षतिपूर्ति भराउनुपर्छ । — *खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा २५ (२)*

गाली-बेइज्जती गरेको ठहरिएमा पीडितलई मनासिव-माफिकको रकम क्षतिपूर्ति भराई दिनेछ। त्यस्तो अवस्थामा पीडित व्यक्तिले मुद्दा खर्चसमेत भराई लिन पाउँछ। मरिसकेको व्यक्तिको हकमा हकवालाले क्षतिपूर्ति लिन पाउँछ । — *गाली र बेइज्जती ऐन, २०१६ को दफा १२*

जफत गरिएको प्रकाशन निषेधित नठहरिएमा वा लागेको अभियोग प्रमाणित नभएमा क्षतिपूर्ति पाउछ । — *छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४८ को*

*दफा ३३*

कसैले नागरिक अधिकार ऐन, २०१२ द्वारा प्रदत्त अधिकारमा आघात गरेमा अदालतले ठहर गरेबमोजिमको क्षतिपूर्ति भराईदिनुपर्छ ।

प्रदूषण, ध्वनि, वा फोहरमैलाबाट कुनै व्यक्ति वा संस्थालाई प्रतिकूल प्रभाव परी हानि-नोक्सानी पर्न गएको प्रमाणित भएमा तोकिएको अधिकारीले मनासिव-माफिकको क्षतिपूर्ति भराई दिनुपर्छ ।

*वातावरण संरक्षण ऐनको दफा १७ (२)*

विद्युतसम्बन्धी ऐन र नियमको उल्लङ्घन गरी कुनै कसुर गरेमा तोकिएको अधिकारीले हानिनोक्सानी पुऱ्याउने व्यक्तिबाट पीडितलाई क्षतिपूर्ति भराइदिन सक्छ ।

*विद्युत ऐन, २०४९ को दफा ३८ (१)*

संरक्षित जलाधार क्षेत्रमा बाँध, तटबन्ध कूलो वा ढल आदि निर्माण गर्नु पर्दा व्यक्तिको जग्गा उपयोग गरेवापत प्रचलित दरभाउअनुसारको क्षतिपूर्ति दिनुपर्छ ।

*जलाधार संरक्षण ऐन, दफा ८*

मानवअधिकारको हनन भएको सम्बन्धमा आयोगले ठहर गरी पीडित व्यक्तिलाई आवश्यक क्षतिपूर्ति दिन आवश्यक देखेमा सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउनुपर्छ ।

*मानवअधिकार आयोग ऐन, २०५२ को दफा १३ (२)*

कसैको उपर झूटो उजुर गरेको ठहरेमा झूटो उजुर गर्ने व्यक्तिबाट अदालतले पीडितलाई क्षतिपूर्ति भराई दिन सक्छ ।

*दण्डसजायको १९ नं.*

सम्बन्धविच्छेद हुने अवस्था विद्यमान भै अंशवन्डा गर्नुपर्ने स्थितिमा सो अंशवन्डा नहुँदै, सम्बन्धविच्छेद गर्न चाहने स्वास्नीमानिसले :-

- आफूले पाउने अंशको अनुपातमा मासिक खर्च पाउँछिन ।
- अंश लिई मासिक वा वार्षिक खर्च भराउन चाहेमा मासिक वा वार्षिक खर्च भराउन पाउने ।

*मुलुकी ऐन, लोग्ने स्वास्नीको "४क" र "४ख" नं.*

कुटपिट भएको ठहर भएमा घाउखर्च भराई दिनुपर्छ ।

*कुटपिटको ३, ६ नं*

कमारा, कमारी, दास, तुल्याउने वा बाधा बनाएको ठहरेकोमा मनासिव-माफिकको क्षतिपूर्ति पाउछ ।

*जीउ मास्ने बेच्नेको ३ नं.*

जबरजस्ती करणी गरेको ठहरेमा करणी गर्नेको आधा अंश सर्वश्व गरी स्वास्नीमानिसलाई भराइदिनुपर्छ ।

*ज.क. को १० नं.*

कुनै स्वास्नीमानिसले आफूलाई करणी गर्ने मानिसलाई एक घण्टाभित्र मारेकोमा निजलाई सजाय हुदैंन ।

*ज.क.को ८ नं.*

सार्वजनिक अपराध तथा सजायसम्बन्धी मुद्दामा पीडित पक्षलाई कसुरदारबाट बिगोबमोजिम क्षतिपूर्ति भराईदिनुपर्छ ।

*सार्वजनिक अपराध ऐन*

श्री ५ को सरकारको कुनै कर्मचारीले कुनै व्यक्तिलाई यातना दिएको ठहरेमा जिल्ला अदालतले पीडित व्यक्तिलाई श्री ५ को सरकारबाट एक लाख रुपैयाँसम्म क्षतिपूर्ति भराई दिन सक्नेछ । त्यस्तो निवेदन प्रमुख जिल्ला अधिकारी समक्ष दिनुपर्छ । प्रमुख जिल्ला अधिकारीले निवेदन परेको ३५ दिनभित्र क्षतिपूर्ति दिनुपर्छ ।

*यातनासम्बन्धी क्षतिपूर्ति ऐनको दफा ४ र ६*

घा-खर्च र क्रिया खर्च पाउँछ ।

*रेल्वे ऐन, २०२५ को दफा ८*

चालक, परिचालक तथा अन्य सुरक्षाकर्मीको बीमा र क्षतिपूर्तिसम्बन्धी व्यवस्था सवारी तथा यातायात व्यवस्था ऐनले गरेको छ ।

*सवारी ऐनको दफा १४८-१५२*

सवारी ऐनअनुसार चालकलाई नियन्त्रणमा लिई निर्दिष्ट मार्ग परिवर्तन गर्न लगाई कुनै क्षति भएमा पीडितले क्षतिपूर्ति पाउने व्यवस्था छ ।

*सवारी ऐन दफा १६० (४)*

सवारी ऐनअनुसार दुर्घटनाबाट पीडितले घा-खर्च, क्रिया खर्च र क्षतिपूर्ति पाउने व्यवस्था गरेको छ ।

*सवारी ऐनको दफा १६३*

बदनियतपूवर्क नजरबन्दमा राखेकोमा पीडितले क्षतिपूर्ति पाउछ ।

*सार्वजनिक सुरक्षा ऐन २०४६ को दफा १२(क)*

सार्वजनिक सडक ऐनबमोजिम जग्गा अधिग्रहण गर्दा सडकमा पर्ने घर, जग्गा, टहरा आदिको क्षतिपूर्ति दिनुपर्छ ।

*दफा २७ (१)*

तालिमका सिलसिलामा प्रशिक्षार्थीको शरीरमा घाउचोट लागेमा, अङ्गभङ्ग भएमा त्यस्तो प्रशिक्षार्थी वा निजको संरक्षकले तोकिएबमोजिमको क्षतिपूर्ति पाउछ ।

*औद्योगिक प्रशिक्षार्थी ऐनको दफा १२*

आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री-वितरण नियन्त्रण) ऐन, २०४९ र सो अन्तर्गतको नियमले निषेध गरेका कुराहरू गरेमा पीडित तथा हकदारलाई अदालतले २५ हजारदेखि एक लाख रुपैयाँसम्म क्षतिपूर्ति भराई दिन सक्छ ।

*आमाको दूधलाई प्रतिस्थापन गर्ने (बिक्री वितरण तथा नियन्त्रण ऐन, २०४९)को दफा १६ (५)*

कुनै दूषित पदार्थ खानाले कुनै व्यक्तिको मृत्यु हुने सम्भावना भएमा वा मृत्यु भएमा वा शरीरलाई अपूरणीय क्षति भएमा वा हुने सम्भावना भएमा त्यस्तो दूषित खाद्य पदार्थ उत्पादन वा बिक्री-वितरण गर्ने व्यक्तिले सो दूषित पदार्थ सेवनबाट प्रभावित व्यक्ति वा निजको हकदारलाई २५ हजारदेखि देखि एक लाख

*खाद्य ऐन, २०२३*

रुपैयाँसम्म क्षतिपूर्ति दिनुपर्छ ।

# अनुसूचीहरू


| | | |
|---|---|---|
| अनुसूची १ | मानवअधिकारको विश्वव्यापी घोषणापत्र | ११६ |
| अनुसूची २ | अपराध र अख्तियारको दुरुपयोगपीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र | १२० |
| अनुसूची ३ | सुरु एवं पुनरावेदकीय क्षेत्राधिकार तथा तिनमा अवलम्बित कार्यविधिसम्बन्धी व्यवस्था | १२३ |

# मानवअधिकारको विश्वव्यापी घोषणापत्र

**प्रस्तावना**

मानवपरिवारका सबै सदस्यमा अन्तरनिहित मर्यादा र समान तथा अहरणीय अधिकारको मान्यता नै स्वतन्त्रता, न्याय र शान्तिको आधार भएकोले,

मानवअधिकारप्रतिको अवहेलना तथा अनादरको परिणामबाट नै बर्बर काम भई मानवजातिको आस्थामा चोट पुऱ्याइएको हुनाले, र मानवजातिले वाक तथा निष्ठाको स्वतन्त्रताको उपभोग गर्न पाउने एवं भय र अभावबाट मुक्त हुने संसारको उदय नै सर्वसाधारणको सर्वोच्च आकाङ्क्षा घोषित भएकाले,

निरङ्कुशता र दमनका विरुद्ध अन्तिम उपायका रूपमा विद्रोह गर्न मानिस बाध्य नबन्नुपर्ने हो भने कानुनको शासनद्वारा मानवअधिकारको संरक्षण हुनु अति आवश्यक भएकाले,

राष्ट्रहरूबीच मैत्रीसम्बन्धको विकासको प्रवर्द्धन गर्न आवश्यक भएकाले,

संयुक्त राष्ट्रसङ्घका जनताले बडापत्रमा आधारभूत मानवअधिकार, मर्यादा, मानवप्रतिको मूल्य र नरनारीको समान अधिकारप्रति निष्ठा पुनर्निश्चित गरी बृहत्तर स्वतन्त्रतामा सामाजिक उन्नति र उत्तम जीवनस्तरको प्रवर्द्धन गर्ने अठोट गरेकाले,

सदस्यराष्ट्रहरूले संयुक्त राष्ट्रसङ्घको सरसहयोगमा मानवअधिकार र मौलिक स्वतन्त्रताको विश्वव्यापी सम्मान तथा पालनाको प्रवर्द्धन गर्ने प्रतिज्ञा गरेकोले,

यो प्रतिज्ञालाई पूर्णतः साकार पार्नका लागि यी अधिकार र स्वतन्त्रताहरूको साझा सुझबुझ उच्चतम महत्त्वको कुरा भएकाले,

अहिले, तसर्थ,

यो महासभा,

हरेक व्यक्ति र समाजको अङ्गले घोषणापत्रलाई मनमा निरन्तर लिई यी अधिकार र स्वतन्त्रताको सम्मान बढाउनका लागि शिक्षण र शिक्षाको माध्यमबाट प्रयत्न गर्न र राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रगतिशील माध्यमबाट सदस्य राज्य र तिनीहरूको प्रादेशिक क्षेत्रका जनताबीच ती अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी मान्यता र पालना सुरक्षित पार्न मानवअधिकारको यो विश्वव्यापी घोषणापत्रलाई सबै मानिस र राष्ट्रको उपलब्धिको साझा मापदण्डका रूपमा उद्घोष गर्दछ ।

धारा १ सबै मानिस जन्मजात स्वतन्त्र मर्यादा र अधिकारमा समान छन् । उनीहरूमा चेतनाहेतु र सद्विचार भएकोले एकआपसमा भ्रातृत्वभावले व्यवहार गर्नुपर्छ ।

धारा २ जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनैतिक वा अरू विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति वा अरू कुनै हैसियतको भेदभाव नराखी प्रत्येक व्यक्ति यस घोषणामा उल्लेखित अधिकार र स्वतन्त्रताका हकदार छन् ।

यसअतिरिक्त, व्यक्तिको मुलुक वा भूभाग स्वतन्त्र वा संरक्षित, स्वशासनरहित वा अन्य स्वरूपको सीमित सार्वभौमिकता भएको भए पनि उसको मुलुकको राजनीतिक, क्षेत्रगत वा अन्तर्राष्ट्रिय हैसियतका आधारमा कुनै भेदभाव गरिने छैन ।

धारा ३ हरेक मानिसलाई जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको अधिकार छ ।

धारा ४ बाँधा वा दास बनाई कसैलाई पनि राखिनेछैन । दासत्व र दासदासीको व्यापारका सबै स्वरूपलाई निषेध गरिनेछ ।

धारा ५ कसैलाई पनि यातना दिइने वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय गरिनेछैन ।

धारा ६ प्रत्येक मानिसलाई कानुनसामुन्ने व्यक्तिको रूपमा सर्वत्र मान्यता पाउने अधिकार छ ।

धारा ७ कानुनको दृष्टिमा सबै समान छन् र कुनै भेदभावविना कानुनको समान संरक्षणका हकदार छन् । यस घोषणापत्रको उल्लङ्घन हुने गरी वा त्यसको उक्साहटमा गरिएको जुनसुकै भेदभावविरुद्धको संरक्षणमा सबैको समान हक छ ।

धारा ८ प्रत्येक मानिसलाई संविधान वा कानुनद्वारा प्रदत्त मौलिक अधिकारहरूको उल्लङ्घन गर्ने कार्यका विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी उपचार पाउने अधिकार छ ।

धारा ९ कसैलाई पनि जथाभावी पक्राउ, थुनछेक वा देशनिकाला गरिने छैन ।

धारा १० प्रत्येक मानिसलाई उसका अधिकार र कर्तव्य तथा उसविरुद्ध कुनै फौजदारी अभियोगको निर्धारणका लागि स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट पूर्ण समानतामा स्वच्छ र खुला सुनुवाइ गरिपाउने हक हुनेछ ।

धारा ११
१) दण्डनीय कसुरको आरोप लागेको प्रत्येक मानिसलाई उसको प्रतिरक्षाको आवश्यक सबै प्रत्याभूतिसहितको कानुनअनुसारको खुला पुर्पक्षबाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार छ ।
२) कसैलाई पनि निजले कुनै कार्य गरेको वा नगरेको बखत राष्ट्रिय वा अन्तराष्ट्रिय कानुनले सो कार्य वा अकार्यलाई दण्डनीय अपराध कायम नगरेको अवस्थामा दण्डनीय कसुरको दोषी बनाइनेछैन । कसुर गर्दाको समयमा कायम रहेको भन्दा बढी सजायको भागिदार पनि बनाइने छैन ।

धारा १२ कसैको पनि गोप्यता, परिवार, घर वा पत्राचारमा जथाभावी हस्तक्षेप गरिने छैन र उसको सम्मान र ख्यातिमा पनि आक्रमण गरिनेछैन । हरेक मानिसलाई यस्तो हस्तक्षेप वा आक्रमणविरुद्ध कानुनको संरक्षण पाउने अधिकार छ ।

धारा १३
१) प्रत्येक मानिसलाई आफ्नो राज्यको सिमानाभित्र स्वतन्त्रतापूर्वक आवतजावत गर्ने र बसोबास गर्ने स्वतन्त्रताको अधिकार छ ।
२) प्रत्येक मानिसलाई आफ्नो लगायत जुनसुकै मुलुक छाड्ने  र आफ्नो मुलुकमा फर्किआउने  अधिकार छ ।

धारा १४
१) प्रत्येक मानिसलाई उत्पीडनको बचाउमा अर्को मुलुकमा शरण खोज्ने र  लिन पाउने अधिकार छ ।
२) गैरराजनीतिक अपराधबाट उठेको कारबाईहरूमा वा संयुक्त राष्ट्रसङ्घका उद्देश्य र सिद्धान्तको प्रतिकूल  हुने कार्यहरूमा यो अधिकारको दावी गर्न सकिनेछैन ।

धारा १५
१) हरेक मानिसलाई राष्ट्रियताको अधिकार छ ।
२) कसैलाई पनि उसको राष्ट्रियताबाट वञ्चित गरिने छैन र निजको राष्ट्रियता परिवर्तन गर्न इन्कार गरिनेछैन ।

धारा १६
१) जाति, राष्ट्रियता वा धर्मको सीमाबन्दी  नराखीकन वयस्क नरनारीलाई आपसमा विवाह गर्ने र परिवार स्थापना गर्ने अधिकार छ । विवाहका लागि, वैवाहिक जीवन र त्यसको विच्छेदनमा समेत उनीहरू समान हकदार छन् ।

२) दम्पति बन्ने चाहमा रहेका नरनारी दुवैको स्वतन्त्र र पूर्ण सहमतिबाट मात्र विवाह हुनेछ ।

३) परिवार समाजको स्वाभाविक र आधारभूत सामूहिक एकाइ हो र समाज र राज्यबाट संरक्षित रहन पाउने यसको हक छ ।

धारा १७ १) प्रत्येक मानिसलाई एक्लै वा अरूसँग मिलेर सम्पत्तिको स्वामित्व लिने अधिकार छ ।

२) कसैलाई पनि उसको सम्पत्तिबाट जथाभावी वञ्चित गरिनेछैन ।

धारा १८ प्रत्येक मानिसलाई विचार, आस्था र धर्मको स्वतन्त्रताको अधिकार छ; यस अधिकारले धर्म वा विश्वास बदल्ने स्वतन्त्रता र सार्वजनिक वा व्यक्तिगत रूपमा एक्लै वा समूहमा आफ्नो धर्म वा विश्वासलाई शिक्षा, आचरण, पूजा र पालनद्वारा प्रकट गर्ने स्वतन्त्रतासमेत समेट्छ ।

धारा १९ प्रत्येक मानिसलाई विचार तथा अभिव्यक्तिस्वतन्त्रताको अधिकार छ; यस अधिकारले सिमानाको विनाहद जुनसुकै सञ्चारमाध्यमबाट विनाहस्तक्षेप विचार वा राय ग्रहण गर्ने, तिनको खोजी गर्ने, प्राप्त गर्ने र जानकारी र विचारभावको प्रसार गर्ने, बिना कुनै हस्तक्षेप मत ग्रहण गर्न र बिनारोकटोक कुनै माध्यमद्वारा मत प्राप्त गर्ने, खोज्ने र प्रसार गर्ने अधिकार निजलाई हुनेछ ।

धारा २० १) प्रत्येक मानिसलाई शान्तिपूर्ण सभा र सङ्गठन गर्ने अधिकार छ ।

२) कुनै सङ्गठनमा सम्बद्ध बन्न कसैलाई बाध्य गर्न सकिनेछैन ।

धारा २१ १) प्रत्येक मानिसलाई आफ्नो मुलुकको शासनमा प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधिमार्फत सहभागी हुने अधिकार छ ।

२) प्रत्येक मानिसलाई उसको मुलुकको सार्वजनिक सेवामा समान पहुँच वा सुलभताको अधिकार छ ।

३) शासनको आधिकारिकताको आधार जनताको इच्छा हुनेछ; यस्तो इच्छा सर्वव्यापक र समान मताधिकारद्वारा आवधिक तथा प्रत्यक्ष निर्वाचनमार्फत व्यक्त हुनेछ र गोप्य मतदान तथा सममूल्य स्वतन्त्र मतदान कार्यविधिद्वारा सम्पन्न हुनेछ ।

धारा २२ समाजको सदस्यको हैसियतले प्रत्येक मानिसलाई सामाजिक सुरक्षाको अधिकार छ र राष्ट्रिय प्रयास, अन्तर्राष्ट्रिय सरसहयोग र हरेक राज्यका सङ्गठन र स्रोतसाधनका माध्यमबाट उसको मर्यादा र स्वतन्त्र व्यक्तित्व विकासका निमित्त अपरिहार्य आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू साकार गराउने हक छ ।

धारा २३ १) प्रत्येक मानिसलाई काम गर्ने, इच्छाअनुसार रोजगारी खोज्ने र कामको न्यायोचित र अनुकूल अवस्था र बेरोजगारीविरुद्धको संरक्षणको अधिकार छ ।

२) प्रत्येक मानिसलाई विनाभेदभाव समान कार्यको समान तलब पाउने अधिकार छ ।

३) काम गर्ने प्रत्येक मानिसलाई ऊ र उसको परिवारका लागि मानवमर्यादाअनुकूल जीविका निश्चित गर्ने उचित पारिश्रमिक र आवश्यकताअनुसारको अन्य परिपूरक सामाजिक संरक्षणको अधिकार छ ।

४) प्रत्येक मानिसलाई आफ्नो हितको संरक्षणका निमित्त ट्रेड युनियन बनाउने र ट्रेड युनियनमा सम्मिलित हुने अधिकार छ ।

धारा २४ प्रत्येक मानिसलाई कार्यघण्टाको मुनासिब सीमा र वैतनिक आवधिक बिदालगायत विश्राम र फुर्सदको अधिकार छ ।

धारा २५ प्रत्येक मानिसलाई ऊ र उसका परिवारको खानपिन, लत्ताकपडा, आवास, स्वास्थ्योपचार र आवश्यक सामाजिक सेवालगायतको स्वास्थ्य र कल्याणको पर्याप्त जीवनस्तर र उसको नियन्त्रणबाहिरका बेरोजगारी, विरामी, अक्षमता, वैधव्य, बृद्धावस्था वा जीविकाका अन्य अभावका अवस्थामा सुरक्षाको अधिकार छ ।

धारा २६ १) प्रत्येक मानिसलाई शिक्षाको अधिकार छ । शिक्षा प्रारम्भिक र आधारभूत तहमा निःशुल्क हुनेछ । प्रारम्भिक शिक्षा अनिवार्य हुनेछ । प्राविधिक र व्यावसायिक शिक्षा सामान्यतया सुलभ हुनेछ र उच्च शिक्षा योग्यताको आधारमा सबैलाई समान रूपले उपलब्ध हुनेछ ।

२) शिक्षा मानवव्यक्तित्वको पूर्ण विकास र मानवअधिकार तथा मौलिक स्वतन्त्रताको सम्मानको सुदृढीकरणका लागि निर्दिष्ट हुनेछ । यसले सबै राष्ट्र, जातीय तथा धार्मिक समूहमा सुझबुझ, सहिष्णुता र मैत्रीको प्रवर्द्धन गर्नेछ र शान्ति कायम गर्नमा संयुक्त राष्ट्रसङ्घका क्रियाकलापलाई विस्तार गर्नेछ ।

३) आफ्ना बालबालिकालाई दिइने शिक्षा रोज्ने पहिलो अधिकार आमाबाबुलाई छ ।

धारा २७ १) प्रत्येक मानिसलाई समुदायको सांस्कृतिक जीवनमा स्वतन्त्रतापूर्वक भाग लिने, कलाको आनन्द लिने तथा वैज्ञानिक प्रगति र यसका लाभहरू उपभोग गर्ने अधिकार छ ।

२) प्रत्येक मानिसलाई आफू रचनाकार रहेको कुनै वैज्ञानिक, साहित्यिक वा कलात्मक कृतिबाट प्राप्त भएका नैतिक तथा भौतिक हितको संरक्षणको अधिकार छ ।

धारा २८ यस घोषणापत्रमा उल्लेख भएका अधिकार र स्वतन्त्रताहरू पूर्ण रूपले प्राप्त गर्नका लागि प्रत्येक मानिसलाई सामाजिक र अन्तर्राष्ट्रिय व्यवस्थाको अधिकार छ ।

धारा २९ १) प्रत्येक मानिसका त्यसैअन्तर्गत बसेर मात्र व्यक्तिको स्वतन्त्र र पूर्ण विकास हुने समुदायप्रति कर्तव्यहरू छन् ।

२) आफ्नो अधिकार र स्वतन्त्रताको अभ्यास गर्दा प्रत्येक मानिसलाई अरूको अधिकार र स्वतन्त्रताहरूप्रति पनि आदर र मान्यता दिने र प्रजातान्त्रिक समाजको नैतिकता, सार्वजनिक सुव्यवस्था र सर्वसाधारणको कल्याणको लागि चाहिने उचित आवश्यकताहरू प्राप्त गर्ने उद्देश्यले कानुनद्वारा कायम गरिएको सीमा लागू हुनेछ ।

३) संयुक्त राष्ट्रसङ्घको सिद्धान्त र उद्देश्यको विपरीत हुने गरी कुनै हालतमा पनि यी अधिकार र स्वतन्त्रताहरूको अभ्यास गर्न सकिने छैन ।

धारा ३० कुनै राष्ट्र, वर्ग वा व्यक्तिले यस घोषणापत्रमा उल्लेख गरिएका अधिकार र स्वतन्त्रताहरूलाई विनास गर्न कुनै क्रियाकलाप वा कार्यमा संलग्न हुने अधिकारका लागि यस घोषणापत्रको व्याख्या गर्न हुँदैन ।

●

# अपराध र अख्तियारको दुरूपयोगपीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र (२९ नोभेम्बर, १९८५)

**महासभाको २९ नोभेम्बर, १९८५ को प्रस्ताव ४०/३४ द्वारा जारी**

## (क) अपराधपीडित

१) 'पीडित' भन्नाले सदस्य-राज्यहरूमा लागू रहेका अख्तियारको आपराधिक दुरुपयोग निषेध गर्नेलगायतका फौजदारी कानुनको उल्लङ्घन हुने गरी गरिएको कार्य वा अकार्यबाट सामूहिक वा व्यक्तिगत रूपमा शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक क्षति वा आधारभूत मानवअधिकारको सारवान क्षतिलगायतको हानि बेहोराइएको व्यक्ति जनाउँछ ।

२) प्रपीडक पहिचान गरिएको, पक्राउ परेको, मुद्दा चलाइएको वा दोषी ठहराइएको भए वा नभए तापनि र पीडित र प्रपीडकबीच जस्तोसुकै पारिवारिक सम्बन्ध रहेभएको भए तापनि कुनै पनि व्यक्ति यस घोषणापत्रअन्तर्गत 'पीडित' मानिन सक्नेछ । 'पीडित' भन्ने शब्दले उपयुक्त भएसम्म प्रत्यक्ष रूपमा पीडित भएका व्यक्तिको परिवार र आश्रितहरू एवं दुखद अवस्थामा पीडितलाई सहायता पुऱ्याउने र पीडितीकरणको रोकथाममा संलग्न हुँदा क्षति बेहोरेका व्यक्तिहरूलाई समेत जनाउँदछ ।

३) यस घोषणापत्रमा उल्लेख गरिएका प्रावधानहरू जाति, वर्ण, लिङ्ग, उमेर, भाषा, धर्म, राष्ट्रियता, राजनीतिक वा अन्य विचार, सांस्कृतिक विश्वास वा अभ्यास, सम्पत्ति, जन्म वा पारिवारिक हैसियत, जातीय वा सामाजिक उत्पत्ति र असबलताजस्ता कुनै किसिमका भेदभावविना सबैका लागि लागू हुनेछन् ।

## न्यायमा पहुँच र स्वच्छ व्यवहार

४) पीडितसँग सहानुभूतिपूर्वक उनीहरूको मर्यादाप्रति आदरभाव राखेर व्यवहार गर्नुपर्दछ । आफूले भोग्नुपरेको क्षतिका निमित्त राष्ट्रिय कानुनले व्यवस्था गरेअनुसार उनीहरूलाई न्यायको संयन्त्र र तदारुक पुनरुद्धारको लागि पहुँचको हक छ ।

५) पीडितलाई छिटोछरितो, स्वच्छ, कम खर्चिलो र सुलभ औपचारिक तथा अनौपचारिक प्रक्रियाको माध्यमबाट पुनरुद्धार प्राप्त गर्न सक्षम तुल्याउन आवश्यकताअनुसार न्यायिक तथा प्रशासनिक संयन्त्रहरूको स्थापना र सुदृढीकरण गरिनुपर्छ । यस्ता संयन्त्रहरूको माध्यमबाट उपचार प्राप्त गर्न पाउने उनीहरूको अधिकारबारे पीडितलाई सूचित गरिनुपर्छ ।

६) पीडितका आवश्यकताप्रति न्यायिक र प्रशासनिक प्रक्रियाको उत्तरदायित्वलाई देहायका तरिकाबाट सहज पारिनुपर्छ :

   क) खास गरी गम्भीर प्रकृतिको अपराध समावेश रहेका र सूचनाका लागि उनीहरूलाई अनुरोध गरिएका अवस्थामा उनीहरूको भूमिका र क्षेत्र, कारबाईको समय र प्रगति तथा मुद्दाको स्वरूप वा प्रकृतिका बारेमा जानकारी गराउने;

ख) सम्बद्ध फौजदारी न्यायप्रणालीअनरूप र अभियुक्तप्रति पूर्वाग्रह नराखी कारबाईको उपयुक्त अवस्थामा उनीहरूको व्यक्तिगत हितमा असर परेको कुरामा तिनका सरोकार र दृष्टिकोण प्रस्तुत गर्न र विचार गर्न दिने;

ग) कानुनी प्रक्रियाको अवधिभर पीडितहरूलाई उचित सहायता उपलब्ध गराउने;

घ) पीडितलाई हुने असुविधा कम गर्न तथा आवश्यकताअनुसार तिनीहरूको गोपनीयताको संरक्षण गर्ने, बचाउ निश्चित गर्ने, साथसाथै धाकधम्की र प्रतिशोधबाट तिनीहरूका तर्फबाट तिनका परिवार र साक्षीहरूको सुरक्षाप्रत्याभूत गर्ने;

ङ) मुद्दाको फर्छ्चोट प्रक्रिया र पीडितका हकमा भएका आज्ञाप्ति र आदेशहरूको कार्यान्वयनमा अनावश्यक ढिलाइ हुन नदिने ।

७) उपयुक्त अवस्थामा मेलमिलाप र पीडितको पुनरुद्धारलाई सहज पार्न मध्यस्थता, मेलमिलाप र परम्परागत न्याय वा रैथाने प्रचलनलगायतका विवादसमाधानका अनौपचारिक संयन्त्रको सदुपयोग गर्नुपर्छ ।

## प्रतिपूरण

८) उपयुक्त भएसम्म अपराधी वा तिनको कार्यव्यवहारका लागि जिम्मेवार तेस्रो पक्षले पीडित, तिनका परिवार वा आश्रितहरूलाई स्वच्छ रूपमा प्रतिपूरण वा **हर्जाना** प्रदान गर्नुपर्छ । यस्तो **प्रतिपूरण**ले सम्पत्ति फिर्ता वा हानि वा बेहोरेको क्षतिको मूल्य भुक्तानी, पीडितीकरणको परिणामस्वरूप भएका खर्चहरूको सोधभर्ना, सेवाहरूको प्रावधान र अधिकारको पुनर्बहालीलाई समेट्नुपर्छ ।

९) अन्य आपराधिक दण्डभारका अतिरिक्त फौजदारी मुद्दामा सजायको उपलब्ध विकल्पका रूपमा प्रतिपूरणलाई विचार गर्न सरकारले आफ्ना अभ्यास, नियम र कानुनहरूको पुनरवलोकन गर्नुपर्छ ।

१०) वातावरणलाई ठूलो क्षति पुगेको मामिलामा प्रतिपूरणको आदेश भएमा सम्भव भएसम्म वातावरणको पुनःस्थापना, पूर्वाधारको पुनर्निर्माण, सामुदायिक सुविधाहरूको सट्टाभर्ना र यस्तो क्षतिबाट कुनै समुदाय विस्थापित भएको अवस्थामा विस्थापन हुँदा लागेको खर्चको सोधभर्ना समावेश हुनुपर्छ ।

११) अख्तियारप्राप्त वा अर्ध-अख्तियारप्राप्त हैसियतमा काम गर्ने कुनै सार्वजनिक कार्याधिकारी वा प्रतिनिधिले राष्ट्रिय फौजदारी कानुनको उल्लङ्घन गरेको अवस्थामा क्षति पुऱ्याउनमा जिम्मेवार भएका अधिकारी वा प्रतिनिधिको राज्यबाट पीडितले प्रतिपूरण पाउनुपर्छ । यसरी पीडित बनाउने कार्य वा अकार्य गर्ने अख्तियारी भएको सरकार अस्तित्वमा नरहेको अवस्थामा सोको सट्टामा उत्तराधिकार लिइआएको राज्य वा सरकारले त्यस्तो पीडितलाई प्रतिपूरण प्रदान गर्नुपर्छ ।

## क्षतिपूर्ति

१२) अपराधी वा अन्य स्रोतबाट पूरा क्षतिपूर्ति प्राप्त नहुने भएमा राज्यहरूले देहायमा उल्लेख भएकालाई आर्थिक क्षतिपूर्ति दिन प्रयास गर्नुपर्छ :

क) गम्भीर अपराधको परिणामस्वरूप ठूलो शारीरिक चोटपटक वा शारीरिक वा मानसिक स्वास्थ्यमा क्षति बेहोर्नुपरेका पीडित;

ख) खास गरी पीडितीकरणको नतिजास्वरूप मरेका वा शारीरिक वा मानसिक रूपले अक्षम बनेका व्यक्तिका परिवार ।

१३) पीडितका लागी क्षतिपूर्तिका निमित्त राष्ट्रिय कोषको स्थापना, सुदृढीकरण र विस्तारलाई प्रोत्साहित गर्नुपर्छ । यस प्रयोजनका लागि, उपयुक्त भएसम्म, पीडित नागरिक रहेको राज्यबाट क्षतिपूर्ति पाउन सक्ने अवस्था नभएको स्थितिसमेतलाई समेट्ने गरी अन्य कोषको स्थापना हुन सक्नेछ ।

**सहायता**

१४) पीडितले सरकारी, स्वयंसेवी, सामुदायिक एवं रैथाने माध्यमहरूबाट आवश्यक भौतिक, औषधोपचारसम्बन्धी, मनोवैज्ञानिक एवं सामाजिक सहायता प्राप्त गर्नुपर्दछ ।

१५) पीडितलाई स्वास्थ्य र सामाजिक सेवा एवं अन्य सहयोगहरूको उपलब्धताबारे सूचित गरिनुपर्दछ र यस्ता सेवा तथा सहयोग उनीहरूलाई सुलभ बनाइनुपर्दछ ।

१६) प्रहरी, न्याय, स्वास्थ्य, सामाजिक सेवा तथा सम्बन्धित क्षेत्रका अन्य कर्मचारीहरूलाई पीडितका आवश्यकता प्रति संवेदनशील तुल्याउन तथा उचित र शीघ्र सहायतालाई सुनिश्चित गर्न प्रशिक्षण र मार्गनिर्देशिका उपलब्ध गराउनुपर्दछ ।

१७) पीडितहरूलाई सेवा र सहयोग उपलब्ध गराउँदा तिनले बेहोरेको क्षतिको प्रकृति वा माथि अनुच्छेद ३ मा उल्लिखित कारकतत्त्वका कारण भएका विशेष खालका आवश्यकताहरूलाई ध्यान दिनुपर्दछ ।

**(ख) अख्तियार-दुरुपयोगका पीडित** :

१८) 'पीडित' भन्नाले राष्ट्रिय फौजदारी कानुनको उल्लङ्घन नभए पनि मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त मापदण्डको उल्लङ्घन हुने गरी गरिएको कार्य वा अकार्यबाट सामूहिक वा व्यक्तिगत रूपमा शारीरिक वा मानसिक चोट, भावनात्मक पीडा, आर्थिक क्षति वा आधारभूत मानवअधिकारको सारवान क्षतिलगायतको हानि बेहोरेका व्यक्तिलाई जनाउँछ ।

१९) राज्यहरूले अख्तियार-दुरुपयोग निर्धारण गर्ने मापदण्ड र यस्ता दुरुपयोगपीडितले प्राप्त गर्ने उपचारसम्बन्धी व्यवस्थालाई राष्ट्रिय कानुनमा समावेश गर्न ध्यान दिनुपर्दछ । खास गरेर यस्ता उपचारमा प्रतिपूरण र/वा क्षतिपूर्ति एवं आवश्यक सामग्री, औषधोपचार, मनोवैज्ञानिक र सामाजिक सरसहायता तथा टेवा समेटिनुपर्छ ।

२०) राज्यहरूले अनुच्छेद १८ मा परिभाषा गरिएअनुसारका पीडितसम्बन्धी बहुपक्षीय अन्तर्राष्ट्रिय सन्धिहरूमा सम्झौता गर्ने कुरामा ध्यान दिनुपर्छ ।

२१) राज्यहरूले बदलिँदो परिस्थितिप्रतिको जवाफदेही सुनिश्चित गर्न विद्यमान कानुन र अभ्यास वा प्रचलनबारे आवधिक रूपमा पुनरावलोकन गर्नुपर्छ । आवश्यक भए, राजनीतिक र आर्थिक अख्तियारीको गम्भीर दुरुपयोग मानिने कार्यहरू किटान गर्ने साथसाथै यस्ता कार्यहरूको रोकथाम वा निवारणका लागि नीति र संयन्त्रहरू प्रवर्द्धन गर्ने कानुन जारी तथा कार्यान्वयन गर्नुपर्छ, र यस्ता कार्यका पीडितहरूको मनासिब अधिकार र उपचारको विकास गरी तम्तयारीसाथ सहज रूपमा उपलब्ध गराउनुपर्छ ।

●

## नेपाल पक्ष रहेका सन्धि-महासन्धिहरूको सूची

| सि.नं | सन्धि-महासन्धिको नाम | पारित भएको मिति | नेपालले अनुमोदन/ सम्मिलन गरेको मिति |
|---|---|---|---|
| १. | दासत्व महासन्धि | २५ सेप्टेम्बर १९२६ | ७ जनवरी १९६३ |
| २. | २६ सेप्टेम्बर, १९२६ मा जेनेभामा हस्ताक्षर गरिएको दासत्व महासन्धिलाई संशोधन गर्ने प्रोटोकल पूरक महासन्धि | २३ सेप्टेम्बर १९५३ | ७ जनवरी १९६३ |
| ३. | दासत्व, दास व्यापार र दासत्व समान संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी पूरक महासन्धि | ७ सेप्टेम्बर १९५३ | ७ जनवरी १९६३ |
| ४. | महिलाको राजनीतिक अधिकारसम्बन्धी महासन्धि | २० डिसेम्बर १९५२ | २६ अप्रिल १९६६ |
| ५. | जाति हत्या अपराधको रोकथाम र सजाय गर्नेसम्बन्धी महासन्धि | ९ डिसेम्बर १९५८ | १७ जनवरी १९६९ |
| ६. | सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | २१ डिसेम्बर १९६५ | ३० जनवरी १९७१ |
| ७. | रङ्गभेद अपराधको दमन र दण्डसम्बन्धी अर्न्राष्ट्रिय महासन्धि | ३० नेभेम्बर १९७३ | १२ जुलाई १९७७ |
| ८. | खेलकुदमा रङ्गभेदविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि | १० डिसेम्बर १९८५ | १ मार्च १९८९ |
| ९. | बालअधिकारसम्बन्धी महासन्धि | २० नोभेम्बर १९८९ | १४ सेप्टेम्बर १९९० |

| | | | |
|---|---|---|---|
| १०. | महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धि | १८ डिसेम्बर १९७९ | २२ अप्रिल १९९१ |
| ११. | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि | १६ डिसेम्बर १९६६ | १४ मे १९९१ |
| १२. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १६ डिसेम्बर १९६६ | १४ मे १९९१ |
| १३. | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको प्रथम स्वैच्छिक प्रोटोकल | १६ डिसेम्बर १९८४ | १४ मे १९९१ |
| १४. | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्ध महासन्धि | १० डिसेम्बर १९८४ | १४ मे १९९१ |
| १५. | जीउ मास्नेबेच्ने तथा अरुको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि | २ डिसेम्बर १९४९ | २५ डिसेम्बर १९९५ |
| १६. | मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दोस्रो स्वेच्छिक प्रोटोकल | १५ डिसेम्बर १९८९ | ४ जुन १९९८ |
| १७. | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावहरूको उन्मूलनसम्बन्धी महासन्धिको ऐच्छिक सन्धिपत्र | ६ अक्टोबर १९९९ | ३१ जनवरी २००१• |

• श्री ५ को सरकारले अनुमोदन गर्ने प्रक्रिया अगाडि बढाउन निर्णय गरेको ।

## दिग्दर्शनमा प्रयुक्त केही नेपाली शब्दहरूको अंग्रेजी रूपान्तरण

| | |
|---|---|
| अन्तरनिर्भर | Interdependent |
| अन्तर्निहित | Inherent |
| अन्तर्राष्ट्रिय फौजदारी अदालत | International Criminal Court |
| अपवादसर्त | Reservation |
| अभिभाज्य | Indivisible |
| अहरणीय | Inalienable |
| आपराधिक दण्डभार | Criminal Sanction |
| कार्यसमूह | Working Group |
| न्यायमा पहुँच | Access to justice |
| ढिलो न्याय दिनु, न्याय नदिनु हो | Justice delayed is justice denied |
| प्रतिवेदक | Rapporteurs |
| प्रतिपूरण | Restitution |
| पुनर्लाभात्मक न्याय | Restorative Justice |
| मध्यस्थता | Arbitration |
| मेलमिलाप | Mediation |
| विषयगत संयन्त्र | Thematic Mechanism |
| सन्धिसंयन्त्र | Treaty-based Mechanism |

# Jurisdiction of Various Courts

## सुरु एवं पुनरावेदकीय क्षेत्राधिकार तथा तिनमा अवलम्बित कार्यविधिसम्बन्धी व्यवस्था

| क्र.सं. | सम्बन्धित ऐन | सुरु मुद्दा दायर हुने निकाय/अदालत | (पहिलो तह) पुनरावेदन सुन्ने निकाय/अदालत | अवलम्बन गरिने कार्यविधि | पुनरावेदन म्याद | थमाउने म्याद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ | तोकिएको अदालत (हाल विशेष अदालत) | सर्वोच्च अदालत | विशेष | ३५ | १५ | - भ्रष्टाचार सम्बन्धि मुद्दामा श्री ५ को सरकार वादी हुने ।<br>- ऐनको दफा ३५(ग) बमोजिमको आदेश वा अन्य आदेश उपर सम्बन्धित अदालतमा पुनरावेदन लाग्छ । |
| २. | अध्यागमन ऐन, २०४९ | अध्यागमन विभाग | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - श्री ५ को सरकार वादी भै चल्ने ।<br>- अनुसन्धान तहकिकात अध्यागमन अधिकृतले गर्छ । |
| ३. | अन्त:शुल्क ऐन, २०५८ | अन्तशुल्क अधिकृत, महानिर्देशक | राजश्व न्यायाधिकरण | संक्षिप्त | ३० | १५ | - दफा १९ बमोजिम अन्तशुल्क अधिकृतले गरेको निर्णय उपर पुनरावेदन दिएकोमा पुनरावलोकनको निवेदन दिन पाउँदैन । |
| ४. | अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - स.मु.स ऐन २०४९ को अनुसूची १ मा समाविष्ट भएकाले श्री ५ को सरकारवादी भै चल्ने । |
| ५. | आतङ्ककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐन, २०५८ # | तोकिएको अदालत (हाल पुनरावेदन अदालतलाई तोकेको) | सर्वोच्च अदालत | विशेष | ३५ | १५ | - श्री ५ को सरकार वादी हुने ।<br>- अनुसूचीमा समावेश ।<br>- यस्तो मुद्दाका फरार अभियुक्तलाई १५ दिनको वारेन्ट जारी गर्नुपर्छ । |
| ६. | आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - श्री ५ को सरकार वादी भई चल्ने ।<br>- अनुसन्धान तहकिकात निरिक्षकले गर्ने व्यवस्था । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७. | आयकर ऐन, २०५८ | जिल्ला अदालत<br>राजश्व विभाग | पुनरावेदन अदालत<br>राजश्वन्यायाधिकरण | सामान्य | ३५ | ३० | |
| ८. | आयोडिनयुक्त नुन (उत्पादन तथा विक्री वितरण) ऐन २०५५ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - अनुसन्धान तहकिकात निरीक्षकले गर्ने व्यवस्था ।<br>- श्री ५ को सरकारको वादी हुने । |
| ९ | आवश्यक पदार्थ (अधिकार) नियन्त्रण ऐन, २०१७ | जिल्ला प्रशासन कार्यालय | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | |
| १० | आवश्यक वस्तु संरक्षण ऐन, २०१२ | जिल्ला प्रशासन कार्यालय | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - स.मु.स. ऐनको अनुसूचि १ मा समाविष्ट भएकाले श्री ५ को सरकार वादी भै चल्ने मुद्दा हो । |
| ११. | उपभोक्ता संरक्षण ऐन, २०५४ | जिल्ला अदालत | पुनरावेदन अदालत | संक्षिप्त कार्यविधि | ३० | १५ | - क्षतिपूर्ति समितिले गरेको निर्णय उपर भने ३५ दिनभित्र पुनरावेदन अदालतमा लाग्छ । |
| १२. | औद्योगिक प्रशिक्षार्थी तालिम ऐन, २०३९ | सम्बन्धित विभाग | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - तालिमको विवादसम्बन्धी विषयमा तालिम परिषद्ले गरेको निर्णयउपर भने श्री ५ को सरकारमा पुनरावेदन लाग्छ । |
| १३ | औद्योगिक व्यवसाय ऐन, २०४९ | श्री ५ को सरकार | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १४ | औषधि ऐन, २०३५ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - मुद्दाको तहकिकात निरिक्षकले गर्ने । श्री ५ को सरकार वादी हुने |
| १५ | कम्पनी ऐन, २०५३ | जिल्ला अदालत/कम्पनी बोर्ड | पुनरावेदन अदालत | संक्षिप्त | ३० | १५ | - दफा १२७, १३० तथा यस ऐनमा जिल्ला अदालतले हेर्ने भनिएको विषयमा जिल्ला अदालतमा मुद्दा दायर हुन्छ ।<br>- दफा १२८ र १२९ सम्बन्धी विवाद कम्पनी बोर्डमा दायर हुने । |
| १६ | कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८ | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | - यस सम्बन्धमा उजुर गर्ने व्यक्ति पुपर्क्षको लागि तारेखमा बस्नु पर्दैन । पीडित परिवारको सदस्य वा सङ्घ संस्थाले पनि |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | यस विषयमा उजुर दिन सक्छ। |
| १७ | कर फछ्र्योट आयोग ऐन, २०३३ | कर फछ्र्योट आयोग | सर्वोच्च अदालत | सामान्य | ३५ | ३० | - ऐनको दफा १२(२) बमोजिम अनुमति दिएको अवस्थामा मात्र पुनरावेदन लाग्छ। |
| १८ | करार ऐन, २०५६ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - दफा ८७ बमोजिम निवेदनको हकमा पुनरावेदन अदालतमा उजुरी लाग्छ। |
| १९. | कारागार ऐन, २०१९ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - ऐनको दफा २५ बमोजिमको विषयमा मुद्दा हेर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुने। |
| २० | कालो बजार तथा अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ # | तोकिएको अदालत, अधिकारी वा प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | - अनुसूची १ मा समावेश भएकोले श्री ५ को सरकार वादी हुने। |
| २१ | केही सार्वजनिक (अपराध र सँजाय) ऐन, २०२७ | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | - श्री ५ को सरकार वादी हुने,<br>- अनुसूचीमा समावेश |
| २२ | खाद्य ऐन, २०२३ | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - श्री ५ को सरकार वादी हुने। |
| २३ | खानी तथा खनिज पदार्थ ऐन, २०४२ | खानी विभाग | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| २४ | गाली र बेइज्जती ऐन, २०१६ | जिल्ला अदालत | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | |
| २५ | गुठी संस्थान ऐन, २०३३ | प्रशासकीय प्रमुख | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - दफा ५४,५५,५६,५७,५८ बमोजिम प्रशासकले गरेको निर्णय उपर भने श्री ५ को सरकारमा पुनरावेदन लाग्छ। |
| २६ | गैर सैनिक हवाई उडान ऐन, २०१९ # | जिल्ला अदालत | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | - दफा ९(क) अन्तर्गतको कसुरमा विशेष अदालत पनि गठन गर्न सकिने। श्री ५ को सरकार वादी हुने। स.मु.स. ऐन २०१७ को अनुसूची १ मा समावेश। |
| २७ | घर जग्गा कर ऐन २०१९ | राजश्व न्यायाधिकरण | सर्वोच्च अदालत | सामान्य | ३५ | ३० | |
| २८ | चन्दा ऐन, २०३० | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - श्री ५ को सरकार वादी भई चल्नेछ। अनुसूचीमा समावेश |
| २९ | चलचित्र (निर्माण प्रदर्शन तथा वितरण) ऐन, २०२६ | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - प्रदर्शन बन्द गर्न दिएको प्रमुख जिल्ला अधिकारीको आदेश उपर भने ३५ दिन भित्र श्री ५ को सरकारमा पुनरावेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | लाग्छ । |
| ३० | चिठ्ठा ऐन, २०३५ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - श्री ५ को सरकार वादी हुने ।<br>- अनुसूचीमा समावेश । |
| ३१ | छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ | स्थानीय अधिकारी | तोकिएको अदालत | सामान्य | ७० | ६० | - दफा ७, १४ र १५ बमोजिमको मुद्दा अनुसूची १ मा समावेश<br>- श्री ५ को सरकार वादी हुने । |
| ३२ | छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - श्री ५ को सरकार वादी हुने । |
| ३३ | जग्गा (नाप जाँच) ऐन, २०१९ | मालपोत कार्यालय | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - यो व्यवस्था दफा १२ को हकमा मात्र लागू हुने ।<br>- हक-बेहकमा निर्णय गर्नुपरेमा जि.अ. मा मुद्दा लाग्छ । |
| ३४ | जग्गा प्राप्ति ऐन, २०३४ | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - श्री ५ को सरकार वादी भई चल्छ । |
| ३५ | जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०१७ | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | - दफा १३ बमोजिमको मुद्दा श्री ५ को सरकार वादी हुने । |
| ३६ | जलचर संरक्षण ऐन, २०१७ | स्थानीय अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ३७ | जलस्रोत ऐन, २०४९ | तोकिएको अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ३८ | जासुसी ऐन, २०१८ | श्री ५ को सरकारले तोकी दिएको अदालत (हाल जि.अ.लाई तोकिएको) | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - श्री ५ को सरकार वादी हुने ।<br>- अनुसूची १ मा समावेश । |
| ३९ | जीउ मास्नेबेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - श्री ५ को सरकार वादी हुने ।<br>- अनुसूची १ मा समावेश । |
| ४० | जीवनासक विषादी ऐन, २०४८ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - श्री ५ को सरकार वादी हुने<br>- तहकिकात निरीक्षकले गर्छ । |
| ४१ | जुवा ऐन, २०२० | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - श्री ५ को सरकार वादी हुने ।<br>- अनुसूची १ मा समावेश । |
| ४२. | झोरा क्षेत्रको जग्गा | तोकिएको अधिकारी | पुनरावेदन नलाग्ने | विशेष | ३५ | १५ | - यस ऐनले यस विषयमा पुनरावेदन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी ऐन, २०२८ | | | | | | नलाग्ने व्यवस्था गरेको छ। |
| ४३ | ट्रेड यूनियन ऐन, २०४९ | श्रम अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - पञ्जिकाधिकारीले गरेको आदेश उपर श्रम अदालतमा पुनरावेदन लाग्छ। |
| ४४ | तथ्याङ्क ऐन, २०१५ | प्रमुख जिल्ला अधिकारी, महानिर्देशक, जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - श्री ५ को सरकार वादी भई चल्छ।<br>- कर्मचारीका विरुद्ध उजुर गर्दा महानिर्देशक वा श्री ५ को सरकारको अनुमति लिनु पर्छ। |
| ४५ | दाना पदार्थ ऐन, २०३३ | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - अनुसन्धान तहकिकात जाँचकीले गर्छ। |
| ४६ | दूर संस्थान ऐन, २०५३ | दूरसंचार प्राधिकरण, जिल्ला अदालत | तोकिएबमोजिमको समिति पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - दफा ४७ (५) बमोजिम मुद्दा श्री ५ को सरकार वादी भै चल्ने।<br>- अनुसूची १ मा समावेश छ। |
| ४७ | दैवी प्रकोप उद्धार ऐन, २०३९ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - समितिले गरेको निर्णय उपर भने पुनरावेदन लाग्दैन।<br>- श्री ५ को सरकार वादी हुने। |
| ४८ | धितोपत्र कारोवार ऐन, २०४० | धितोपत्र बोर्ड | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ४९ | धितोपत्र लगानी कोष (ट्रस्ट) ऐन, २०५३ | धितोपत्र बोर्ड | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ५० | नगर विकास ऐन, २०४५ | नगर विकास समिति | पुनरावलोकन समिति | सामान्य | ३५ | ३० | |
| ५१ | नागरिक लगानी कोष ऐन, २०४७ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ५२. | निजामती सेवा ऐन, २०४९ | बढुवा समिति, सम्बन्धितअधिकारी - अख्तियारवाला) | लोक सेवा आयोग प्रशासकीय अदालत | सामान्य | ३५ | ३० | - न्याय सेवा आयोगअन्तर्गतका कर्मचारीको हकमा न्यायसेवा आयोगमा उजुरी दिनुपर्छ। |
| ५३ | निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३ | श्री ५ को सरकारले मुकरर गरेको अधिकृत | ट्राइबुनल | सामान्य | ३५ | ३० | - ट्राइबुनलले गरेको निर्णयउपर पुनरावेदन नलाग्ने। |
| ५४. | निजीकरण ऐन, २०५० | श्री ५ को सरकार | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ५५. | निर्वाचन (अपराध र सजाय ऐन, २०४७ | निर्वाचन अदालत | तोकिएको अदालत | संक्षिप्त | ३० | १५ | - श्री ५ को सरकार वादी हुने। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५६. | नेपाल अधिराज्यका व्यापारिक पानी जहाजसम्बन्धी ऐन, २०२७ | पानी जहाज कार्यालयको रजिस्ट्रार | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ५७. | नेपाल इन्जिनियरिङ परिषद् ऐन, २०५५ | | | | | | - कसुरको अनुसन्धान तहकिकात मुद्दा चलाउने अधिकारी र कार्याविधि सम्बन्धमा राजपत्रमा सूचना प्रकाशित गरी तोकिए बमोजिम हुने । |
| ५८. | नेपाल ऐजेन्सी ऐन, २०१४ | श्री ५ को सरकार | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ५९. | खानी ऐन, २०२३ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ६०. | नेपाल गुणस्तर (प्रमाणचिन्ह) ऐन, २०३७ | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - तहकिकात र दायरी निरीक्षकले गर्ने ।<br>- श्री ५ को सरकार वादी हुने । |
| ६१ | नेपाल नर्सिङ परिषद ऐन, २०५२ | राजपत्रमा तोकिए बमोजिम | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ६२ | नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ | प्राधिकरण | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ६३ | नेपाल नागरिकता ऐन, २०२० | जिल्ला अदालत श्री ५ को सरकार | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ६४ | नेपाल पानी जहाज (प्रमाणपत्र र रोजनामचा) ऐन, २०२७ | पानी जहाज कार्यालयको रजिस्ट्रार | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ६५ | नेपाल पेट्रोलियम ऐन, २०४० | तोकिएको अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ६६ | नेपाल फार्मेसी परिषद् ऐन, २०५७ | | | | | | - कसुरको अनुसन्धान तहकिकात तथा मुद्दा चलाउने अधिकारी वा तत्सम्बन्धी कार्यविधि राजपत्रमा प्रकाशित गरे बमोजिम हुने । |
| ६७ | नेपाल मेडिकल काउन्सिल ऐन, २०२० | मेडिकल काउन्सिल, जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - मुद्दा चलाउने अधिकार श्री ५ को सरकारले तोकेको अधिकारीलाई प्राप्त |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | हुने । |
| ६८. | नेपाल राष्ट्र बैंक ऐन, २०५८ | जिल्ला अदालत<br>बैंक स्वयं | पुनरावेदन अदालत | सामान्य | ३५<br>७० | ३०<br>६० | - दफा ९९ र १०० बमोजिम बैंकले गरेको सजाय उपरको पुनरावेदन पुनरावेदन अदालतमा लाग्छ । दफा ९५ बमोजिमको मुद्दामा भने श्री ५ को सरकार वादी भई अनुसूचीमा समावेश भएको मुद्दा सरह चल्ने । |
| ६९. | नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ | पुनरावेदन अदालत | सर्वोच्च अदालत | सामान्य | ३५ | ३० | |
| ७० | नेपाल विशेष सेवा ऐन, २०४२ | तोकिएको अदालत | सर्वोच्च अदालत | विशेष | ३५ | १५ | - यस ऐनअन्तर्गत खारेज भएको थुनुवापर्चा उपर उजुर गर्न पाइँदैन । |
| ७१ | नेपाल स्वास्थ्यव्यवसायी परिषद् ऐन, २०५३ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - अनुसन्धान तहकिकात तोकिएको अधिकृतले गर्ने,<br>- श्री ५ को सरकार वादी हुने । |
| ७२ | नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ | अख्तियारवाला | प्रशासकीय अदालत | सामान्य | ३५ | ३० | |
| ७३ | नेपाल भाषा प्रकाशन संस्था ऐन, २०२१ | पुनरावेदन अदालत | सर्वोच्च अदालत | सामान्य | ३५ | ३० | - संस्थान वादी वा प्रतिवादी भएको मुद्दाको सुरु कारबाही र किनारा पुनरावेदन अदालतले गर्ने ।<br>- यसमा मुलुकी ऐनको व्यवस्था उल्लेख गरिएको छैन । |
| ७४ | पर्यटन ऐन, २०३५ | श्री ५ को सरकार | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ७५ | पशुवधशाला र मासु जाँच ऐन, २०५५ | तोकिएबमोजिम | तोकिएको अदालत | सामान्य | ३५ | ३० | - कसुर तहकिकात मासु निरीक्षकले गर्ने ।<br>- श्री ५ को सरकार वादी हुने । |
| ७६ | पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ | कार्यालय प्रमुख, प्रमुख जिल्ला अधिकारी | महानिर्देशक<br>पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - श्री ५ को सरकार वादी हुने । |
| ७७. | पानी कर ऐन, २०२३ | तोकिएको अधिकारी | राजश्व न्यायाधिकरण | सामान्य | ३५ | ३० | |
| ७८ | पानी जहाज दर्ता ऐन, २०२७ | पानी जहाज कार्यालयको रजिस्ट्रार | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ७९. | पेटेन्ट डिजाईन र | सम्बन्धित विभाग | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ट्रेडमार्क ऐन २०२२ | | | | | | |
| ८०. | प्रतिलिपि अधिकार ऐन, २०५९ | जिल्ला अदालत<br>रजिस्ट्रार | पुनरावेदन अदालत | सामान्य | ३५<br>७० | ३०<br>६० | - दफा २७ र २८ अन्तर्गत सजाय हुने मुद्दा श्री ५ को सरकार वादी भै चल्ने ।<br>- अनुसूची १ मा समावेश । |
| ८१. | प्रहरी ऐन, २०१२ | प्रहरी विशेष अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - ऐनको दफा ३६(१) को अवस्थामा पुनरावेदन अदालतमा र ३६(२) को अवस्थामा श्री ५ को सरकारमा पुनरावेदन लाग्छ । |
| ८२ | प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ | सम्बन्धित विभाग | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ८३ | प्राचीन स्मारक संरक्षण ऐन, २०१३ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - श्री ५ को सरकार वादी हुने ।<br>- अनुसूची १ मा समावेश । |
| ८४ | फोहोर मैला प्रबन्ध तथा स्रोत परिचालन ऐन, २०४४ | निरीक्षण अधिकृत<br>उपसमिति | | उपयुक्त कार्यविधि अपनाउने । | | | |
| ८५ | वन ऐन, २०४९ | वनअधिकृत<br>जिल्ला अदालत | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | - श्री ५ को सरकार वादी हुने ।<br>- १० हजार रुपैयाँ जरिवाना र १ वर्ष सम्म कैद हुने मुद्दा वनअधिकृतले हेर्ने । |
| ८६ | वाणिज्य बैंक ऐन, २०३१ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - मुद्दा चलाउन राष्ट्र बैंकको स्वीकृती आवश्यक पर्ने । |
| ८७ | वातावरण संरक्षण ऐन, २०५३ | तोकिएको अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ८८ | बालश्रम (निषेध र नियमित गर्ने, ऐन, २०५६ | श्रम कार्यालय | श्रम अदालत | सामान्य | ३५ | १५ | |
| ८९ | बालबालिकासम्बन्धी ऐन, २०४८ | बालअदालत<br>(तर बालअदालत गठन नहुँदासम्म सम्बन्धित जिल्ला अदालतमा रहेको बालइजलासले हेर्ने व्यवस्था छ ।) | पुनरावेदन अदालत<br>(अनुसन्धान कार्यविधि नतोकिएसम्म संक्षिप्त कार्यविधि लागू हुने) | संक्षिप्त | ३५ | १५ | - बाल अदालत गठन नभएसम्म प्रस्तुत मुद्दा जिल्ला अदालतमा रहेको बालइजलासले हेर्ने छ ।<br>- पुनरावेदन म्याद ३५ दिन तोकेको छ । |
| ९० | बिर्ता उन्मुलन ऐन, २०१६ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | १५ | - ऐनको दफा ११ को क.ख. र ग. बमोजिमको मुद्दा जि.अ. ले सुरु कारबाई |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | र किनारा गर्छ। |
| ९१. | बित्त कम्पनी ऐन, २०४२ | सम्बन्धित बैंक | श्री ५ को सरकार | सामान्य | ३५ | ३० | |
| ९२. | वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ९३. | विदेशी लगानी कर ऐन, २०१९ | कर अधिकृत | राजश्व न्यायाधिकरण | सामान्य | ३५ | ३० | |
| ९४. | विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ९५. | विद्युत ऐन, २०४९ | तोकिएको अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ९६. | विद्युत चोरी नियन्त्रण गर्ने ऐन, २०५८ | जिल्ला अदालत | पुनरावेदन अदालत | संक्षिप्त | ३५ | १५ | - यसअन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी भई चल्छ। |
| ९७. | विनिमय अधिकार ऐन, २०३४ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ९८. | विफर नियन्त्रण ऐन, २०२० | स्थानीय अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ९९. | विरुवा संरक्षण ऐन, २०२१ | विरुवा संरक्षण अधिकारी | निर्देशक,<br>श्री ५ को सरकार | सामान्य | ३५ | ३० | |
| १०० | विवाह दर्ता ऐन, २०२८ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - ऐनले अनुसन्धान कसले गर्ने भनी नतोकेको। |
| १०१ | विष्फोटक पदार्थ ऐन, २०१८ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - अनुसूची १ मा समाविष्ट<br>- श्री ५ को सरकार वादी भै चल्ने। |
| १०२ | बीउबिजन ऐन, २०४३ | तोकिएको अधिकारी | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | - श्री ५ को सरकार वादी भई चल्ने। |
| १०३ | बिमा ऐन, २०४९ | बिमा समिति | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १०४ | बैंक तथा वित्तिय संस्थाको ऋण असुली ऐन, २०५८ | ऋणअसुली न्यायाधिकरण | ऋणअसुली पुनरावेदन न्यायाधिकरण | सामान्य | ३५ | ३० | - श्री ५ को सरकार वादी भै चल्ने।<br>- अनुसूची १ मा समावेश। |
| १०५ | वैदेशिक रोजगार ऐन, २०४२ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ३० | |
| १०७ | बोनस ऐन, २०३० | श्रम विभाग | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - बोनस वितरणको सम्बन्धमा श्रम अदालतमा उजुर लाग्छ। यस सम्बन्धमा श्रम अदालतबाट भएको फैसला अन्तिम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | हुन्छ । |
| १०८ | भन्सार ऐन, २०१९ | भन्सार अधिकृत | राजश्व न्यायाधिकरण | सामान्य | ३५ | ३० | |
| १०९ | भवन ऐन, २०५५ | शहरी विकास कार्यालय | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| ११० | भू. तथा जलाधार संरक्षण ऐन, २०२१ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - श्री ५ को सरकार वादी हुने ।<br>- अनुसन्धान तहकिकात जलाधार संरक्षण अधिकृतले गर्दछ । |
| १११ | भूमिसम्बन्धी ऐन, २०२१ | तोकिएको अधिकृत, जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - २६ ख, ग, घ, घ२ र २६ ङ बमोजिमको निर्णय उपर पुनरावेदन लाग्दैन । ऐनको दफा ६, ९, ११, १८, २४, ५१ र ५९ बमोजिम मुद्दाको श्री ५ को सरकार वादी भै चल्ने । |
| ११२ | भ्रष्टाचार निवारण ऐन, २०५९ | कानुनबमोजिम अधिकार प्राप्त मुद्दा हेर्ने अधिकारी | सर्वोच्च अदालत | विशेष | ३५ | १५ | - यसअन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुने । |
| ११३ | मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ | तोकिएको अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - यसअन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुने । |
| ११४ | मदिरा ऐन, २०३१ | तोकिएको अधिकारी, अन्तशुल्क अधिकारी | पुनरावेदन अदालत, राजश्व न्यायाधिकरण | सामान्य | ३५ | ३० | |
| ११५. | मध्यस्थता ऐन, २०५५ | नियुक्त भएका मध्यस्थहरू | पुनरावेदन अदालत | सामान्य | ३५ | ७ | - मध्यस्थ नियुक्तिको सम्बन्धमा पनि पुनरावेदन अदालतमा निवेदन दिन सकिन्छ । |
| ११६ | मानवशरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - अनुसूची १ मा समाविष्ट भएको मानिने ।<br>- श्री ५ को सरकार वादी हुने । |
| ११७ | मालपोत ऐन, २०३४ | मालपोतअधिकृत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - दफा ७, ८, ८ख, २८, २९ र ३० बमोजिमको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्छ । |
| ११८ | यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ | जिल्ला अदालत | पुनरावेदन अदालत | संक्षिप्त | ३५ | १५ | - सरकारी कर्मचारीको तर्फबाट सरकारी वकिलले प्रतिरक्षा गर्नुपर्ने । |
| ११९. | रकम र सरकारी ठेक्का | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बन्दोबस्त ऐन, २०२० | | | | | | |
| १२० | राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण), ऐन, २०५२ | तोकिएको मुद्दा हेर्ने अधिकारी वा विभाग | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | - श्री ५ को सरकार वादी हुने । |
| १२१ | राज्यविरुद्धको अपराध र सजाय ऐन, २०४६ | विशेष अदालत | सर्वोच्च अदालत | बिशेष | ३५ | १५ | - अनुसूची १ मा समाविष्ट ।<br>- श्री ५ को सरकार वादी भै चल्ने ।<br>- विशेष अदालतलाई तोकिएको । |
| १२२ | राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण ऐ,न २०२९ | तोकिएको अदालत वा अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - श्री ५ को सरकार वादी हुने । |
| १२३ | राष्ट्रिय प्रसारण ऐन, २०४९ | श्री ५ को सरकार वा तोकिएको अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १२४ | राष्ट्रिय बिमा संस्थान ऐन, २०२५ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १२५ | राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०४८ | निर्वाचन विशेष अदालत | सर्वोच्च अदालत | सामान्य | ३५ | ३० | |
| १२६ | राष्ट्रिय समाचार समिति ऐन, २०१९ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १२७ | राहदानी ऐन, २०१४ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - अनुसूची १ मा समावेश ।<br>- श्री ५ को सरकार वादी हुने । |
| १२८ | रेडियो ऐन, २०१४ | श्री ५ को सरकार तथा श्री ५ को सरकारले तोकेको अधिकृत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १२९ | रेल्वे ऐन, २०२० | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - मनसायपूर्वक ज्यान मारेकोमा भने ज्यानसम्बन्धी महल बमोजिम हुने । |
| १३० | लागूऔषध (नियन्त्रण) ऐन, २०३३ | तोकिएको अदालत (हाल जिल्ला अदालत) | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | |
| १३१ | लिखतको गोप्यतासम्बन्धी ऐन, २०३९ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - श्री ५ को सरकार वादी हुने ।<br>- अनुसूची १ मा समावेश । |
| १३२ | शाही नेपाल वायु सेवा | पुनरावेदन अदालत | सर्वोच्च अदालत | सामान्य | ३५ | ३० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निगम ऐन, २०१९ | | | | | | |
| १३३ | शिक्षा ऐन, २०२८ | प्रमुख जिल्ला अधिकारी,<br>जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - दफा १७ (१) र १७(१)(क) बमोजिमको मुद्दा श्री ५ को सरकारस वादी भै अनुसूची १ मा समावेश भएको मुद्दा हो। |
| १३४ | सञ्चार संस्थान ऐन, २०२८ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १३५ | सम्पत्ति कर ऐन, २०४७ | कर अधिकृत | राजश्व न्यायाधिकरण | सामान्य | ३५ | ३० | |
| १३६ | सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - दफा १६१ र १६२ अन्तर्गतको मुद्दामा अनुसूचीमा समावेश।<br>- श्री ५ को सरकार वादी हुने। |
| १३७ | सवारी साधन कर ऐन, २०३१ | कर अधिकृत | राजश्व न्यायाधिकरण | सामान्य | ३५ | ३० | |
| १३८ | सशस्त्र प्रहरी ऐन, २०५८ | सशस्त्र प्रहरी विशेष | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १३९ | सहकारी ऐन, २०४८ | रजिस्ट्रार | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १४० | साझेदारी ऐन, २०२० | सम्बन्धित विभाग | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १४१ | सामाजिक व्यवहार (सुधार) ऐन, २०३३ | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | विशेष | ३५ | १५ | - श्री ५ को सरकार वादी हुने। |
| १४२ | सार्वजनिक सडक ऐन, २०३१ | सडक विभाग वा तोकिएको अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १४३ | सार्वजनिक सुरक्षा ऐन, २०४६ | स्थानीय अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १४४ | सङ्क्रामक रोग ऐन, २०२० | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १४५ | संयुक्त आवासको स्वामित्वसम्बन्धी ऐन, २०५४ | अधिकारप्राप्त अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १४६ | संस्था दर्ता ऐन, २०३४ | स्थानीय अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १४७ | स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ | जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - श्री ५ को सरकार वादी भई चल्ने।<br>- अनुसन्धान तहकिकात निरीक्षकले गर्ने । |
| १४८ | स्थानीय प्रशासन ऐन, | प्रमुख जिल्ला | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २०२८ | अधिकारी | | | | | |
| १४९ | स्थानीय स्वायत्त शासन ऐन, २०५५ | नगरपालिका | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - स्थानीय स्वायत्त शासन ऐन, २०५५को दफा ३७(२), ७० र १६५ बमोजिमको निर्णय उपर जिल्ला अदालतमा पुनरावेदन लाग्दछ। |
| १५० | श्रम ऐन, २०४८ | श्रम विभाग,<br>श्री ५ को सरकार ,<br>श्रम अदालत | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | - श्रम अदालतको सुरु कारबाई र किनारा गरेको विषयमा मात्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्छ। |
| १५१ | श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ | तोकिएको समिति | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |
| १५२ | हवाई उडान कर ऐन, २०१८ | स्थानीय कर अधिकृत | राजश्व न्यायाधिकरण | सामान्य | ३५ | ३० | |
| १५३ | हातहतियार खर खजाना ऐन, २०१९ | प्रमुख जिल्ला अधिकारी | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - अनुसूची १ मा समावेश।<br>- श्री ५ को सरकार वादी हुने। |
| १५४ | हुलाक ऐन, २०१९ | क्षेत्रीय निर्देशक जिल्ला अदालत | पुनरावेदन अदालत | सामान्य | ७० | ६० | - श्री ५ को सरकार वादी हुने।<br>- अनुसूचीमा १ मा समावेश। |
| १५६ | होटल व्यवस्था तथा मदिरा बिक्री वितरण ( नियन्त्रण) ऐन, २०२३ | तोकिएको अधिकारी | पुनरावेदन अदालत | सामान्य | ३५ | ३० | |

\# स.मु.स. ऐनको अनुसूची १ मा समावेश भएको श्री ५ को सरकारवादी भै चल्ने मुद्दा भए पनि विशेष कार्यविधि अवलम्बन गरिने भनी ऐनमा उल्लेख भएकोमा विशेष अदालत ऐन बमोजिमकै म्याद उल्लेख गरिएको छ ।

**नोट :** उपरोक्त विभिन्न ऐनका कतिपय व्यवस्थाहरू नेपाल अधिराज्यको संविधान २०४७ एवं विभिन्न अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूसँग अमिल्दा देखिन्छन्। स्वतन्त्र न्यायपालिका स्वच्छ न्यायको पहिलो एवं आधारभूत सर्त हो। यस सम्बन्धमा सबै पक्षको गम्भीर ध्यान जानुपर्ने अवस्था स्पष्ट छ।